CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यभिज्ञाहृदयम्

The Secret of Recognition



सम्पादक

भीमप्रसाद कण्डेल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकपरिचय

प्रत्यभिज्ञाहृदय काश्मीरी शैवाद्वैतवादको सारलाई सरल र संक्षिप्त शैलीमा प्रस्तुत गरिएको अमूल्य ग्रन्थ हो । उत्पलाचार्यद्वारा प्रणीत ईश्वरप्रत्यभिज्ञा ग्रन्थ प्रत्यभिज्ञादर्शनको महोदधि मानिन्छ । यही महोदधिलाई मन्थन गरी सांसारिक विषलाई शान्त पार्ने प्रत्यभिज्ञाहृदयरूपी अमृत राजानक आचार्य क्षेमराजले निकालेका हुन् । कठिन तार्किक विवेचनलाई आत्मसात् गर्न नसक्ने कलिलो बुद्धि भएका जिज्ञासुलाई प्रत्यभिज्ञादर्शनको प्रारम्भिक ज्ञान दिलाउन यो ग्रन्थ अत्यन्त उपयोगी छ । बाह्रौं शताब्दीको पूर्वार्द्धतिर कश्मीरी भूभागमा प्रवर्तित यस ग्रन्थले तत्कालिक शैविजम्को सागरलाई गागरमै अटाएर राखिदिएको भान हुन्छ । यसमा जम्मा बीसवटा सूत्र छन् र सूत्र उपर क्षेमराजकै स्वोपज्ञ व्याख्या निबद्ध छ । सूत्रहरू साना, सरल र अर्थगांभीर्यले युक्त छन् । व्याख्याको भाषा पनि स्वच्छ र सुललित छ ।

अहिलेको प्रविधिप्रधान, अस्तव्यस्त र अशान्त मनोदशाले अत्तालिएका मानवले थोरै समयको मनोयोगबाट अधिकतम ज्ञान, शान्ति र सन्तुष्टि हासिल गर्न चाहन्छ । त्यसका निम्ति प्रत्यभिज्ञाहृदयको अनुशीलन महौषधि सिद्ध हुनेछ । चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः अर्थात् मानिसको चेतना स्वतन्त्र छ, यसैद्वारा नै संसारको सिद्धि, संसारको भुक्ति र संसारबाट उन्मुक्ति पनि सिद्ध हुन्छ भन्ने यो पहिलो सूत्र नै समग्र प्रत्यभिज्ञादर्शनको सर्वश्रेष्ठ सार हो । आफैले आफ्नै भित्तामा आफैलाई विश्वमय बनाएर रमण गर्ने र आन्तरिक रूपमा आफू विश्वोत्तीर्णको स्थितिबाट कहिल्यै विचलित नहुने परम स्वतन्त्र चेतनाको वास्तविकतालाई यसमा उजागर गरिएको छ । शिवका सृष्टि, स्थिति, लय, निग्रह र अनुग्रह अनादिकालदेखि सतत चलिरहेका छन् । जीवात्माका पनि विषयसंग सम्बन्ध हुँदा पदार्थको आभासन, आस्वादन, बाह्यपदार्थलाई आन्तरिक चेतनाको विषय बनाई प्रतिष्ठापन, पदार्थको वासना निर्माण र अनुभूत विषय अन्ततः चित् तादात्म्य भएर समाहित हुँदा अनुग्रह आदि पञ्चकृत्य भैरहने यथार्थतथ्यको विलक्षण व्याख्या यसमा प्रस्तुत गरिएको छ । चिति चेतनपदबाट अवतरण भई विषय ग्रहण गर्दा विषयमा संकुचित बन्दै चित्तस्वरूप हुन जाने वस्तुगत विश्लेषण यहाँ छर्लङ्गिएको छ । माधुर्यमय जीवनको आदर्शलाई यहाँ औंल्याइएको छ । शिवदेखि पृथिवी पर्यन्त छत्तीस तत्त्व, शिवभट्टारकदेखि अनन्तभट्टारकसम्म चार अधिष्ठाता, शिवप्रमातादेखि सकलप्रमाता तक सात प्रमाताहरू र प्रकाशमय शिवप्रमेयदेखि लिएर घट पट आदि भिन्न भिन्न वेद्य प्रथारूप सातै प्रमेयहरू यस दर्शनका मौलिक विषय हुन् । यिनको उपस्थापन र विश्लेषणलाई प्रस्तुत प्रत्यभिज्ञाहृदयले राम्ररी स्पष्टाएको छ । संकुचित चितिमा संकुचित विश्वनै उदय हुने साधनाले विस्तारै विस्तारित चिति पूर्णाहन्तामा पुग्दा पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते को स्थिति संगै नित्योदित समाधिलाभ भई जीवन्मुक्त दशा प्राप्त गर्न सकिने उपाय यसमा सुस्पष्ट पारिएको छ ।

जीवको यथार्थस्वरूप शिवदेखि व्यतिरिक्त होइन । केवल मायिक, आणविक र कार्मिक मलले आवृत हुँदा खरानी भित्रको आगो जस्तो अप्रकाशित र प्रज्वलन शक्ति लुप्त भएको भान भइरहेको छ । यस्तो कुण्ठित चेतनाको स्तरबाट माथि उठाएर चेतनाको अकुण्ठित र परिपूर्ण स्थिति एवं एउटा परिपक्व, सर्वशक्तिमान् मानव बन्ने, बनाउने, जाग्ने र जगाउने सन्देश प्रत्यभिज्ञाहृदयले दिएको छ ।

पश्चाद्वर्ती आवरण चित्र

यो चित्र तन्त्रज्ञ धनशंशेर जबराले आफ्नो पुस्तक 'बृहत् पुरश्चर्यार्णव' मा प्रस्तुत गर्नु भएको दक्षिणकालीको वास्तविक स्वरूपको हुबहु प्रतिलिपि हाल गुह्येश्वरी मन्दिरको पश्चिम तर्फ स्थित भजन पाटीमा अद्यावधि टाँगिएका तस्बिरको विद्युतीय संस्करण (electronic version) हो ।

u, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ नमः शिवाय ॥

राजानकक्षेमराजविरचितम्

प्रत्यभिज्ञाहृदयम्

THE SECRET OF RECOGNITION

प्रस्तोता

डा. जगदीश शर्मा अधिकारी

सम्पादक

भीमप्रसाद कण्डेल

अनुवादक

हरिप्रसाद सोडारी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक : प्रत्यभिज्ञाहृदयम्

संस्करण : प्रथम

प्रकाशिका : श्रीमती अरुणाशर्मा अधिकारी

सर्वाधिकार : प्रकाशकमा

प्रकाशनमिति : महाशिवरात्रि २०७०।११।१५

प्रविधिसंयोजन : गोपालजी वशिष्ठ

मूल्य : रू ३००/–

मुद्रण :

ISBN : 978-9937-2-7782-2

सूचना : सर्वथा सुरक्षित । समालोचना, समीक्षा, उद्धरणबाहेक प्रस्तुत पुस्तकको कुनै पनि भाग वा अंश प्रकाशकको स्वीकृतिबेगर ग्राफिक, इलेक्ट्रोनिक, यान्त्रिक, फोटोकपी, रेकर्डिङ टेपका माध्यमबाट व्यावसायिक पुनरुत्पादन गर्न पाइने छैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

।। समर्पणम् ।।

अज्ञानमूलाच्छिवविप्रयोगतो
भवप्रवाहे जनिमृत्युदुर्भुजा ।
ईषच्छिवानुग्रहतोऽधुना मया
सम्पाद्य चेदं शिवयोः समर्पितम् ।।

अज्ञानले भै शिवदेखि टाढा
अनन्त भोगें जनि मृत्यु बाधा ।
पाएर थोरै शिवकै कृपा जो
बनाइ अर्पे शिवशक्तिमा यो ।।

– संपादक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

--।। विषयसूची ।।--

विषय	नाम	पृष्ठ
प्रस्तुति :	डा. जगदीशशर्मा अधिकारी	५
प्रस्तावना :	सहप्रा. भीमप्रसाद कण्डेल	११
इतिहासका दृष्टिमा प्रत्यभिज्ञा :	प्रा. विद्यानाथ उपाध्याय	३१
अनुवाद गर्दाका क्षणहरू :	हरिप्रसाद सोडारी	४१
प्रत्यभिज्ञाहृदयम् : (मूलपाठ भाषान्तरसहित)		४५
प्रत्यभिज्ञा- एक विवेचना :	स्व. दुर्गाप्रसाद दवाडी	१०१
मूलसूत्रपाठ :		१८२
उद्धृतश्लोकानुक्रमणिका :		१८५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ॐ श्रीमङ्गलमूर्त्तये नमः

प्रस्तुति

डा. जगदीशशर्मा अधिकारी

नमः शिवाय सततं पञ्चकृत्यविधायिने।
चिदानन्दघनस्वात्मपरमार्थावभासिने॥

'निरन्तर पञ्चकृत्यद्वारा आफ्नै चिदानन्दघन आत्मस्वरूपलाई परमार्थको रूपमा प्रकट गर्ने शिवमा नमन' प्रत्यभिज्ञाहृदयको यो मङ्गलाचरण नै यस ग्रन्थको सारांश हो। सृष्टि, स्थिति, संहार, तिरोधान एवं अनुग्रह शिवका पञ्चकृत्य हुन्। यीमध्ये पहिला तीन सृष्टि, स्थिति, संहार, अनुग्रह अन्तर्गत पर्दछन् भने तिरोधानलाई निग्रहको रूपमा लिने गरिन्छ।

यस प्रत्यभिज्ञाहृदयम् ग्रन्थमा जम्मा बीस सूत्रद्वारा विश्वसिद्धि (सृष्टि, स्थिति, संहार) एवं तिरोधानको व्याख्या स्वयम् मै ग्रन्थकारको विलक्षण प्रतिभाको द्योतक हो । आध्यात्मिक पक्षको सूक्ष्मातिसूक्ष्म विश्लेषणद्वारा सुसज्जित हाम्रो पूर्वीय दर्शन धरोहरलाई यस दर्शनले ठोस व्यावहारिक धरातल प्रदान गरेको छ । यहाँ प्रस्तुत गरिएको ग्रन्थगत विषवस्तु सुगममात्र नभई सरल छ, वैज्ञानिक विचार धाराको साधकका लागि समेत उपयोगी छ।

शंकराचार्यद्वारा प्रवर्तित अद्वैतवेदान्त दर्शनलाई पूर्वीय दर्शनको परमोत्कर्ष मानिन्छ। यसले ब्रह्मको पारमार्थिक सत्ता मायाको परिणाम र ब्रह्मको विवर्त रूप व्यावहारिक सत्ता एवं शब्दज्ञानजन्य वस्तुशून्य प्रतीयमान पदार्थको प्रातिभासिक सत्ता सकारेर सबै सत्तामा अविरुद्ध सन्तुलनबाट दर्शनलाई उच्चतम प्रतिष्ठामा पुऱ्याएको छ। मायालाई अनिर्वचनीय मान्दा यसको पृथक् अस्तित्वले शांकर वेदान्तको अद्वैतप्रति प्रश्न उठाउने ठाउँ भने दिएको छ। यस उपर प्रत्यभिज्ञा दर्शनले एकमात्र शिवलाई अद्वैततत्त्व मानी मायालाई शिवकै अभिन्न शक्तिको रूपमा स्थापित गरेर शांकर अद्वैत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको प्रश्नलाई समुचित समाधान दिएको तथ्य छर्लङ्ग हुन्छ। शांकर अद्वैतले स्थापित गरेको अद्वैत सिद्धान्तलाई प्रत्यभिज्ञा दर्शनले विस्तार गर्दै थप परिष्कृतसमेत गरेको छ ग्राह्य, ग्राहक, संवित्तिद्वारा। शांकर अद्वैत अनुसारः—

> **दृग्दृश्यौ द्वौ पदार्थौ स्तः परस्परविलक्षणौ।**
> **दृग् ब्रह्म दृश्यं मायेति सर्ववेदान्तडिण्डिमः॥**

प्रत्यभिज्ञा शास्त्रानुसार–

> **ग्राह्यग्राहकसंवित्तिः सामान्या सर्वदेहिनाम्।**
> **योगिनां तु विशेषोऽयं सम्बन्धे सावधानता॥**

–विज्ञान भैरव श्लोक १०६

शांकर वेदान्तले विश्वोत्तीर्णतालाई प्राधान्यता दिए सरह प्रत्यभिज्ञादर्शनले विश्वमयतालाई समेट्नु यसको उल्लेखनीय पक्ष हो। पराऽपरातीत शिव आफ्नै माया शक्तिद्वारा कसरी आफ्नो सिद्ध स्वरूप संकुचित गर्दै पशुरूपमा आविर्भूत भई अविरल पञ्चकृत्यद्वारा सृष्टि, स्थिति, संहार, निग्रह, अनुग्रह एवं तिरोधान रूपी निग्रह सम्पादन गर्छन् सोको विवरण प्रत्यभिज्ञाशास्त्रले प्रस्तुत गर्छ। कलाकारले आफूभित्रकै कल्पनालाई बाह्य माध्यमद्वारा मूर्तरूपले अभिव्यक्त गरे झैं परम शिवले आफूमै अन्तर्निहित विश्व, साकार रूपमा अभिव्यक्त गर्दै आफ्नै विमर्श शक्तिद्वारा आत्मसात् गर्छन्। सोको व्याख्या योगेश्वर भगवान् श्रीकृष्णले आफू स्वयं विश्वोत्तीर्ण रहँदारहँदै पनि विश्वमय रहेको तथ्य सङ्केत गर्ने श्रीमद्भगवद्गीताका निम्न लिखित श्लोकहरूले प्रष्ट गर्न सजिलो पार्छन् –

> **मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना।**
> **मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः॥**
>
> **न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्।**
> **भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः॥ –गीता ९.४–५**

त्यसै गरी नै परमशिव आफैंमा अन्तर्निहित इच्छा क्रिया, ज्ञानशक्तिद्वारा व्यक्त रूपमा प्रकट हुने तथ्यको क्रियागत व्याख्याले शिवपुराणमा उल्लिखित निम्न श्लोकको परिपोषण गर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदैकलो न शक्नोसि रन्तुं स्वैरचर प्रभो।
तदेच्छा तवोत्पन्ना सैव शक्तिरभूत्तव
तदैव द्वित्वमापन्नः शिवशक्ति प्रभेदतः॥

परमात्माका सम्पूर्ण योगैश्वर्यलाई निषेध गर्नुको साटो इच्छा, क्रिया, ज्ञानलाई शिवकै अभिन्न शक्तिका रूपमा अंगीकार गर्दा श्वेताश्वरोपनिषद्का निम्नलिखित पंक्तिको सामञ्जस्य पक्ष स्पष्ट गर्न समेत सजिलो हुन्छ।

न तस्य कार्यं करणं च विद्यते
न तत्समश्चाभ्यधिकश्च दृश्यते।
परास्य शक्तिर्विविधैव श्रूयते
स्वाभाविकी ज्ञानबलक्रिया च।

– श्वेताश्वतरोपनिषद् ६—८

यही सत्यलाई विस्तार गर्दै प्रत्यभिज्ञाशास्त्र पशु र पतिको अभेद सम्बन्धलाई स्पष्ट गर्ने क्रममा उद्घोष गर्दछः–

स्वाङ्गरूपेषु भावेषु पत्युर्ज्ञानं क्रिया च या।
माया तृतीये ते एव पशोः सत्वं रजस्तमः॥ – प्र.हृ. पृष्ठ ६४

'विग्रहो विग्रही चैव सर्वविग्रहविग्रही' (त्रिशिरोमत) बाट शुरु गरेर **'त्रिशिरो भैरवः साक्षाद् व्याप्य विश्वं व्यवस्थितः'** जस्ता सिद्धान्तद्वारा विश्वमयता स्थापित गर्दै स्पन्दशास्त्रमा उल्लिखित **'यस्मात् सर्वमयो जीवः'** को उद्घोषपूर्वक शिव र जीवबीचको अभेद सम्बन्धलाई स्पष्ट रूपमा व्याख्या गरिएको छ।

सनातन हिन्दूधर्मका आधिकारिक स्रोतग्रन्थ वेद उपनिषद्, ब्रह्मसूत्र एवं श्रीमद्भगवद्गीता सबैले अंगीकार गरेका प्रवृत्ति र निवृत्तिपरक मार्गमध्ये निवृत्तिपरक मार्ग कालान्तरले प्रभावबाहुल्य भएको प्रतीत हुन्छ। बौद्धधर्म खण्डन गर्ने क्रममा कर्मकाण्डको आध्यात्मिक पक्षमा आएको ह्रास एवम् मठ, मठाधीशको बाहुल्य र प्राचीन ऋषिकुलको विद्यादानपरम्परा साधु सन्न्यासीहरूले समातेर समाजिक मार्गनिर्देशक गुरुका स्थानमा स्थापित भएपश्चात् यिनीहरूकै विचारको बोलवाला समाजमा अगाडि आयो। गृहस्थ धर्मको कर्मवाद गौण र शिथिल हुँदै गयो। गृहस्थहरू पनि आफ्नो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निःस्वार्थ विद्यादानको ऐतिहासिक दायित्वबाट खुम्चिदै, पन्छिदै परिवारवादमा सीमित हुँदा शास्त्राभ्यास र कर्माभ्यास पनि जोगाउन समर्थ देखिएनन्। साथै बौद्धधर्मको अहिंसाप्रधान प्रचारले हिन्दु गार्हस्थ्य तान्त्रिक साधकका पञ्चमकारसहित साधना र दर्शन ओझेलमा पर्दै गएका हुन्। बुद्धधर्मको तान्त्रिक पक्ष भने झन् झन् मौलाउँदै बज्रयान जस्ता तन्त्रमार्गद्वारा महायानको थप विकास गर्न सफल भएको तथ्य ऐतिहासिक सत्य हो। प्ररिणामतः कर्म र ज्ञानको समसमुच्चय गर्दै अगाडि बढाउने तन्त्रदर्शनको पुनरुद्धार गर्नु पर्ने आध्यात्मिक जगत्मा आजको टड्कारो आवश्यकता देखिएको छ।

गीता, उपनिषद् जस्ता मूल स्रोतको व्याख्या एवं चिन्तनद्वारा हासिल गरेको दार्शनिक परमोत्कर्षको तुलनामा ओझेलमा परे पनि पौरस्त्य प्रवृत्तिपरक मार्गको आफ्नै विशेषता रहेको तथ्य नकार्न सकिन्न। सूर्योदयदेखि सूर्यास्तसम्म मात्र नभएर अहोरात्र आठै प्रहर गरिने पूजायागलगायत जन्मदेखि मृत्युपर्यन्त विधान गरिएका संस्कारको क्रियान्वयनका लागि विहित मन्त्र, मण्डल, रेखाङ्कनविधि अद्यावधि आर्यावर्तमा जीवन्त छँदैछन्। यो सम्पूर्ण यथार्थलाई हृदयंगम गर्दै गृहस्थका लागि अत्यावश्यक प्रवृत्तिमार्गमा दत्तचित्त भएर जीवन सञ्चालन गर्न प्रत्यभिज्ञा दर्शनले सहयोग पुऱ्याउने कुरा निर्विवाद छ। सोको यथेष्ट पुष्टि श्रीरामचन्द्रजीले शिवको आराधनाबाट प्राप्त बलले समाधिको बलद्वारा पनि असाध्य कुरा पनि सिद्ध गरिदिने तथ्यलाई यसरी उद्घाटित गर्नुभएको छ –

समाधिवज्रेणाप्यन्यैरभेद्यो भेदभूधरः।
परामृष्टश्च नष्टश्च त्वद्भक्तिबलशालिभिः॥

– सूत्र नं. ११ को टीका अन्तर्गत उपलब्ध

तसर्थ यो प्रत्यभिज्ञादर्शनको अभ्यासको महत्त्व सबैका लागि फलदायी सिद्ध छ।

यस ग्रन्थको प्रारम्भदेखि अद्यावधिक प्रस्तुतिसम्मका लागि प्रेरक हुनु हुन्छ मेरा स्वाध्यायका प्रणेता एवं गुरु श्रीभीमप्रसाद कण्डेलज्यू। विद्याभ्यासमा रमाउने विद्याविनयसंपन्न भीमगुरुको कृपा स्वरूप मेरो यस प्रत्यभिज्ञाशास्त्रमा प्रवेश भएको हो। खास ग्रन्थ चाँहि पुस्तकको रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अग्रज श्रीविद्यानाथज्यूद्वारा प्राप्त भएपछि शुरु भएको स्वाध्याय एवं तत्पश्चात्को चिन्तनबाट प्राप्त अनुभूति निम्न लिखित वचनले मात्र अभिव्यक्त गर्न सक्छः–

यावन्नानुग्रहः साक्षाज्जायते परमेश्वरात्।
तावन्न सद्गुरुं कश्चित् सच्छास्त्रमपि नो लभेत्।

हितैषी विद्यानाथ दाइप्रति यसका लागि आफ्नो हृदयदेखिको कृतकृत्यता टक्र्याउँछु। उहाँको मप्रतिको वात्सल्यभाव तथा घनिष्ठता छ त उहाँकै लेखले छर्लङ्ग पारिसकेकोले यस प्रसङ्गलाई यही टुङ्ग्याउनु बुद्धिमानी ठान्दछु । विद्यानाथ दाइ एवं भीमगुरुको परामर्श अनुरूप तन्त्रविद्यामा पारंगत स्वर्गीय प्रा. डा. दुर्गानाथ दवाडीसँग टिप्पणीका लागि अनुरोध गरेको बारेको प्रसङ्ग त उहाँका सुपुत्र विश्वनाथको शुभाशंसाबाट स्पष्ट भईसकेकोले उहाँप्रति आफ्नो हार्दिक कृतज्ञता चढाउँदै उहाँको पितृप्रसाद एवम् आशीर्वादका लागि प्रार्थना गर्दछु। उहाँले यस कृति लेखको रूपमा भन्दा उहाँको लेखाइलाई जीवनकै अन्तिम आराधनाको रूपमा ग्रहण गर्नु उपयुक्त ठान्दछु ।

प्रत्यभिज्ञाहृदयम्प्रति यसरी शुरु भएको मेरो स्वाध्याय रुचिलाई अझ प्रगाढ पार्ने श्रेय जान्छ स्वामी प्रपन्नाचार्य एवं भीम गुरुका शिष्य विनयी हरिप्रसाद सोडारीज्यूलाई । सरल, सरस एवं विनयी हरिप्रसाद सोडारीको कम्प्युटर टङ्कण आदिका सीप एवं अथक लगनले प्रत्यभिज्ञाहृदयम्को यो प्रस्तुति संभव भएको हो। संस्कृतमूलको प्राथमिक संस्करणको अनेकौं पटकको प्रुफ रिडिङ् (Proof reading) एवं एडिटिङ् (Editing) पश्चात् उहाँद्वारा नेपाली भाषाको रूपान्तरण (अनुवाद) यस प्रस्तुतिको मूलाधार बन्न गएको छ यस सम्बन्धमा उहाँले व्यक्त गर्नुभएका विचारलाई उहाँको विनयशीलताको परिचायकको रूपमा ग्रहण गर्नु उचित ठान्दछु।

--॥ ❋❋❋❋ ॥--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

– सहप्रा. भीमप्रसाद कण्डेल
वाल्मीकि विद्यापीठ

१. पृष्ठभूमि

डा. जगदीश शर्मासँग मेरो परिचय पशुपतिनाथको दर्शनार्थ परिक्रमा गर्ने प्रसङ्गमा डा. स्वामी प्रपन्नाचार्यज्यूको माध्यमबाट हुन पुगेको हो । परिचयपश्चाद् दैनिक परिक्रमाको सन्दर्भमा हाम्रा बीच बाक्लो भेटघाट र भलाकुसारीले निकटता बढ्दै जाँदा एकदिन उहाँले दैनिक एक घण्टा बसेर स्वाध्याय चलाउने प्रस्ताव राख्नुभयो र दुवैको सहमतिमा ब्रह्मसूत्रको स्वाध्याय चलाउन थालियो । यसै सिलसिलामा एकदिन तन्त्रदर्शनको विषयवस्तु र सिद्धान्तको बारेमा चर्चा चलाउँदा प्रत्यभिज्ञाहृदयको नाम आयो । तन्त्रशास्त्रका विशिष्ट विद्वान् प्रा. विद्यानाथ उपाध्यायज्यूले पनि तन्त्रशास्त्र प्रवेशका निम्ति यसै पुस्तक सिफारिस गरिदिनुभएको हुँदा जगदीशले यसको स्वाध्याय गर्ने आशय राख्नुभयो । यस प्रसङ्गमा हामी दुवै जनाको आ–आफ्नै शास्त्रीय संस्कार र व्युत्पत्तिको बलमा प्रत्यभिज्ञाहृदय ग्रन्थ स्वाध्यायको विषय बनाइएको थियो । प्रत्यभिज्ञाहृदयका सूत्रको स्पष्ट, सारपूर्ण र मार्मिक भावको आनन्दले स्वाध्याय सुरुचिपूर्ण बन्यो । प्रत्यभिज्ञाहृदयका एक-एकवटा सूत्रको गागरमा ज्ञानको सागर नै भरिएको अनुभव हुनगयो । यो पुस्तकको नेपालीमा अनुवादसहित छापेर नेपाली जनमानसमा यस ज्ञानको प्रचार गर्ने सदिच्छा जगदीशमा जगायो । यसै सदिच्छा अनुरूप केही समयपछि उहाँले यस पुस्तकको नेपाली अनुवादको प्रारम्भिक प्रति मेरो हातमा थमाउँदै यसको सम्पादनसहित स्वकीय मन्तव्य लेखिदिन आग्रह गर्नुभयो । म तन्त्रशास्त्रको साधिकार व्यक्ति नभएको हुँदा शुरु शुरुमा त्यति गम्भीरतापूर्वक लिइन र ध्यान पनि दिइन । तथापि उहाँको धेरै पटकको आग्रह र लामो समयको स्वाध्यायजन्य आत्मीयभावलाई टार्न नसकी आइलागेको अभिभाराबाट पन्छिनुभन्दा प्रयत्न गर्नु नै श्रेयस्कर हुने ठानी प्रस्तुत प्रत्यभिज्ञादर्शनका सन्दर्भमा केही आफूलाई लागेका र केही पढेका विचारहरू उल्लेख गर्न अग्रसर भएको छु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. दर्शनशास्त्र र प्रत्यभिज्ञादर्शन

सृष्टिको अनादिकालदेखि हरेक जीवात्माहरू दुःखको आत्यन्तिक निवृत्ति र निरतिशय सुखको प्राप्तिमा स्वभावतः प्रवृत्त भएका देखिन्छन् । शास्त्रहरू पनि यसको मार्ग बताउन र जीवको हितसाधनार्थ आविर्भाव गरिएका हुन् । वेदशास्त्र र तन्त्रशास्त्र यी दुवैको आविर्भाव यही प्रयोजनका लागि हो । शास्त्रमा कथित मार्ग विविध देखिए तापनि सबैको उद्देश्य जीवका आकाङ्क्षा र आदर्श पूरा हुने मार्ग प्रदर्शन गर्नु नै हो । शास्त्रले कर्म र उपासनाका साथै दर्शन प्रक्रियाको प्रतिपादन गर्दै मानवलाई साधनाको मार्गमा डोऱ्याएर ज्ञानको द्वारबाट मोक्षमा पुऱ्याउने लक्ष्य लिएको हुन्छ । शास्त्रनिर्दिष्ट मार्गलाई आत्मसात् गरी अघिबढ्दा अन्तर्दृष्टि खुल्छ र जीवको यात्रा गन्तव्यमा पुग्छ।

जब जगत्प्रवाहमा बगेको मानवले आफ्नो बुद्धि र विवेकको प्रयोग गरेर सोच्न थाल्छ तब उसको मस्तिष्कमा यी प्रश्नहरू उदाउन थाल्छन्– म को हूँ ?, जीवन के हो ?, जगत् के हो ?, जीवनको शाश्वत मूल्य के हो ?, जीवनको गन्तव्य कहाँ हो ?, दुःखको आत्यन्तिक निवृत्ति र अनन्त सुखको प्राप्ति कसरी हुन्छ ?, जन्ममृत्यको चक्करबाट सदाका लागि उन्मुक्ति कसरी प्राप्त होला ? र यसका लागि उपाय एवं प्रक्रिया के कस्ता हुन सक्छन् ? इत्यादि । यिनै प्रश्नको समाधानार्थ दर्शनशास्त्रको अध्ययन र अभ्यासको आवश्यकता हुन्छ। तन्त्रदर्शनले पनि मानवका यिनै जिज्ञासालाई शान्त पार्ने प्रयत्न गरेको पाइन्छ।

वैदिक वाङ्मय जस्तै तान्त्रिक वाङ्मय पनि विपुल एवं अगाध छ। हाम्रा पूजा, उपासना, यज्ञ र संस्कार आदिमा वैदिक र तान्त्रिक पद्धतिहरूको सुमधुर सम्मिश्रण भएर परापूर्वकालदेखि नै चलिआएका छन् । जुन विषय भगवान् श्रीकृष्णले उद्धवलाई उपदेश गर्दा –

वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः ।
त्रयाणामीप्सितेनैव विधिना मां समर्चयेत् ॥

– (भागवत ११।२७।०७)

यस श्लोकद्वारा संकेत गर्नुभएको छ । ज्ञानकाण्ड अर्थात् दर्शनको प्रतिपादनमा पनि यस किसिमको प्रभाव प्रचुर मात्रामा रहेको पाइन्छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषतः तन्त्रदर्शन अन्तर्गतको शैवाद्वैतदर्शन वा प्रत्यभिज्ञादर्शन वैदिक ब्रह्माद्वैत दर्शनको आधारशिलामै उभिएर विकसित बनेको अझ वैज्ञानिक र बढि व्यावहारिक दर्शन देखिन्छ। जसअनुसार शिवशक्तिकै ख्याति वा विस्तार जगत् हो। परमचिद्रूप शिव आफ्नै स्वतन्त्र इच्छाशक्तिले आफ्नै भित्तामा जगत् उन्मीलन गर्छन्। त्यहाँ कल्पित अविद्या, माया वा भ्रमको सिद्धान्तलाई अग्रसारित गरेर रहस्यमय अमूर्त अनिर्वचनीयतत्त्व जगत्को मूलकारण मानेर चलेको पाइँदैन। चिन्मय शिवको स्पन्दनारम्भ नै कालोदय हो। कालोदय नै प्राणप्रक्रियामा आविर्भूत हुन्छ त्यसैले भनिएको छ - **प्राक् संवित् प्राणे परिणता -(तन्त्रालोक)**। यस कालले सृष्टिप्रक्रियाको क्रमलाई अभिव्यञ्जित गर्दछ। सम्पूर्ण विश्वको प्रसार एकमात्र शिवरूप चिद्बिन्दुका स्पन्दनको खेल हो। स्पन्दन नै ज्ञान इच्छा क्रिया हुँदै विश्वमयतामा देखापर्छ। यसरी प्रसारित जागतिक दशामा आफ्नो पूर्णरूपको विस्मृतिवश अपूर्णानुभूतिले पाशबद्ध बन्न पुगेको सांसारिक संकुचित चितिरूप जीवको पाशलाई स्वकीय पूर्णरूपको अनुस्मृतिले हटाएर यसलाई स्वतन्त्र, आफ्नै पारमार्थिक, अपरिच्छिन्न चिदानन्दरूप शिवपदमै विराजित हुने र आफैंले चाहँदा आफैमा विश्वविलोकन (Seeing of every thing within one self) र आफैंमा विश्वविलयको (Cessation of every thing within one self) स्थिति सहज सिद्ध गर्न खोजिएको छ। यसका निम्ति साधनाका विविध उपायहरू यसमा देखाइएका छन्। प्रत्यभिज्ञादर्शन अध्ययन र अभ्यासका दृष्टिकोणले पनि अत्यन्त समयसापेक्ष, बोधगम्य र सहज अनुशीलन योग्य देखिन्छ।

३. प्रत्यभिज्ञाशब्दको व्युत्पत्ति र अर्थ

प्रातिकूल्येन, आभिमुख्येन च ज्ञानम्-स्फुरणम् इति प्रत्यभिज्ञा यस व्युत्पत्तिमा प्रति र अभि उपसर्गपूर्वक ज्ञा अवबोधने धातुदेखि भावमा अङ् प्रत्यय विधान गरी स्त्रीत्वविवक्षित हुँदा प्रत्यभिज्ञाशब्द सिद्ध हुन्छ । प्रत्यभिज्ञाशब्दमा 'प्रति'ले प्रतिकूल, परोक्ष, विस्मृत, 'अभि'ले अभिमुख वा प्रत्यक्ष र 'ज्ञा'ले प्रकाश, स्फुरण वा पहिचान अर्थलाई अभिव्यक्त गर्दछन्। कुनै पनि जीवात्मालाई म छैन भन्ने भान हुन सक्दैन, सदैव म छु कै भान हुन्छ - There was never a time when 'I' was not. There is

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

not a space where 'I' am not. There will not be a moment when 'I' will not be. अर्थात् भूत, वर्तमान र भविष्यत् तीनै कालमा आफ्नो सत्ताको अभाव आफैले सिद्ध गर्न वा आफैलाई प्रत्यक्ष हुन संभव हुदैन । देहलाई पन्छाएर आत्मालाई मात्र लिदा यसको तीनैकालमा अमरता र सबैसँग अभिन्नता नै सिद्ध छ। यही आत्मिक अमरता र अभिन्नताको उजागर गर्दै अर्जुनप्रति योगेश्वर भगवान् श्रीकृष्ण श्रीमद्भगवद्गीतामा पनि व्यक्त गर्नुहुन्छ –

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ॥

– (श्रीमद्भगवद्गीता २, १२)

सांसारिक दशामा भइरहेको देहप्राणादिले परिच्छन्न मलावृत आत्माको संसृष्ट या सामान्यज्ञानलाई म कस्तो छु ? कुन स्वरूपको छु ? यस जिज्ञासाको अनुसन्धान गराएर देहादिरहित शुद्ध, स्वतन्त्र, परिपूर्ण चित् स्वस्वरूपको प्रत्यक्ष पहिचान गराउनु प्रत्यभिज्ञादर्शनको विषय हो। पूर्व ज्ञात भएर पनि विस्मृतवश परोक्षात्मक तत्त्वको अनुस्मरणको बलले अभिमुखीकृत प्रत्यक्षात्मक पहिचान प्रत्यभिज्ञा हो । शास्त्रादिको अध्ययनद्वारा परमशिवरूप आत्मतत्त्वको अस्तित्व र स्वरूपको विषयमा भएको परोक्षात्मक ज्ञान, साधनाद्वारा मलापसरण गर्दै आफ्नै हृदयमा स्वयंलाई नै त्यही स्वरूपको साक्षात्कार गर्नु प्रत्यभिज्ञासिद्धि हो र प्रतिभिज्ञाहृदयले पनि यिनै विषय र विधिको स्पष्ट निरूपण गरेको पाइन्छ।

४. प्रत्यभिज्ञाहृदयको स्रोत र स्थान

तन्त्रवाङ्मयमा पनि शैव, शाक्त, गाणपत र वैष्णव आदि विविध विधाहरू देखिन्छन् । त्यसअन्तर्गत शैववाङ्मयमा आगमशास्त्र, स्पन्दशास्त्र, प्रत्यभिज्ञाशास्त्र मुख्यरूपमा वर्गीकृत भएको भेटिन्छ । शैववाङ्मयको आदिम स्रोत सर्वज्ञ पञ्चवक्त्र भगवान् परमशिव नै हुनुहुन्छ। परमशिवले आफ्नै अभिन्न शक्तिस्वरूपा उमादेवीलाई शिष्यको माध्यम बनाएर पञ्चमुखबाट प्रकट गर्नुभएको हो- आम्नायशास्त्रहरू । शिवको पूर्ववक्त्र तत्पुरुषबाट उपदिष्ट शास्त्रलाई पूर्वाम्नाय, पश्चिमवक्त्र सद्योजातबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपदिष्टलाई पश्चिमाम्नाय, उत्तरवक्त्र वामदेवबाट प्रकटितलाई उत्तराम्नाय, दक्षिणमुख अघोरबाट व्यक्त शास्त्रलाई दक्षिणाम्नाय एवं ऊर्ध्वमुख ईशानबाट प्रकटित आगमलाई ऊर्ध्वाम्नाय भनिन्छ। शिवको षष्ठवक्त्र पनि प्रसिद्ध छ। जुन शिवको अधोवक्त्र हो र यसलाई कालाग्निरुद्र भनिन्छ। जसबाट अधराम्नाय प्रकाशित भएको हो जुन बौद्धतन्त्रसंग संबद्ध छ। पराशक्ति उमाद्वारा पूर्वमा पूर्णेश्वरी, पश्चिममा कुब्जेश्वरी, उत्तरमा सिद्धेश्वरी वा गुह्यकाली, दक्षिणमा वज्रेश्वरी वा दक्षिणकाली ऊर्ध्वमा कामेश्वरी वा त्रिपुरासुन्दरी अधरमा वज्रेश्वरी स्वरूपमा शिष्यभाव धारण गरी शैवाम्नायहरू ग्रहण गरिएका हुन्। यिनै शैवागमहरू नै शैवधर्म, दर्शन एवं चिन्तनको आकर स्रोतका रूपमा विराजित छन् र भगवान् वासुदेवद्वारा अनुमोदित भएर लोकमा प्रतिष्ठित भएका हुन्। त्यसैले भनिएको छ –

आगतं शिववक्त्रेभ्यो गतञ्च गिरिजामुखे।
मतञ्च वासुदेवस्य तस्मादागमुच्यते[१] ॥ इति।

–(वाराहीतन्त्र)

यी आगममा भेदप्रधान दश, भेदाभेदप्रधान अठार र अभेदप्रधान चौंसठ्ठी रहेको उल्लेख पाइन्छ। यसका अतिरिक्त नैर्ऋत्याम्नाय पनि रहेको र जुन जैनतन्त्रसङ्ग संबद्ध भएको कुरा तन्त्रशास्त्रका विचारकहरू बताउँदछन्।

प्रत्यभिज्ञाशास्त्रले यिनै आगमोक्त दार्शनिक विषयवस्तुलाई बौद्धिक विवेचनद्वारा सबल सिद्धान्तको रूपमा उपस्थापित गरेको छ। यसको मूल स्रोत शिव प्रोक्त शिवसूत्र र सोमानन्द प्रणीत शिवदृष्टि मानिन्छन्। सोमानन्दका शिष्य उत्पलदेवद्वारा विरचित ईश्वरप्रत्यभिज्ञा, प्रत्यभिज्ञा-दर्शनको आकारतुल्य ग्रन्थ गनिन्छ। यसमाथि धैरै विद्वान्हरूले कलम चलाएर विविधव्याख्या प्रणयन गरेका छन्। यही प्रत्यभिज्ञादर्शनकै सारस्वरूप प्रत्यभिज्ञाहृदय अभिनव गुप्तका शिष्य क्षेमराजले रचना गरेका हुन्। यो ग्रन्थ काश्मीरी शैवाद्वैत सिद्धान्तको सारसंग्राहकका रूपमा प्रतिष्ठित

[१] **आगतं शिववक्त्रेभ्यो गतञ्च गिरिजाश्रुतौ।**
तदाममिति प्रोक्तं शास्त्रं परमपावनम् ॥ इति पाठान्तर (शारदातिलक)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। वेदान्तदर्शनमा वेदान्तसारजस्तै तन्त्रमा महनीय स्थान प्रत्यभिज्ञाहृदयले लिएको छ।

५. प्रत्यभिज्ञाहृदयकारको समय र कृतिहरू

अभिनवगुप्तका अनेकौं शिष्यमध्ये प्रतिभासम्पन्न शिष्य थिए राजानक क्षेमराज। आचार्यवर अभिनवगुप्तको प्रतिभा असाधारण, सारस्वत एवं वहुमुखीरूपमा प्रस्फुटित भएर बगेको थियो। उनले तन्त्र, योग, दर्शन, काव्यशास्त्र, नाट्यशास्त्र आदि वाङ्मयका विविध विधामा अतुलनीय योगदान पुऱ्याएका थिए।

संस्कृतसाहित्येतिहासकार आचार्य श्रीरामचन्द्रमिश्रका अनुसार आचार्य अभिनव गुप्तको समय दशौं शताब्दीको उत्तरार्ध मानिन्छ। माधवाचार्यले शंकराचार्य र अभिनव गुप्तको शास्त्रार्थ भएको र शास्त्रार्थबाट पराजित अभिनव गुप्तले तान्त्रिक अनुष्ठानबाट अभिचारको प्रयोग गरेर शंकराचार्यलाई भगन्दर रोग लगाइदिएको विषय आफ्नो शांकरदिग्विजय ग्रन्थमा उल्लेख गरेको पाइन्छ। आद्य शंकराचार्यको समय (ई० सं० ७८८-८२०) आठौं शताब्दीको अन्त्य र नवौंको पूर्वाधभन्दा पछाडि कसैको मतमा पनि आउन सकेको पाइदैन। ई० सं० ८५५-८८३ मा विद्यमान (संस्कृतसाहित्येतिहास-पृ० १८४) तात्कालिक काश्मीरी राजा अवन्ति वर्माका सभापण्डित आनन्दवर्धनप्रणीत ध्वन्यालोकको लोचनटीका, एवं तन्त्रालोक आदि ग्रन्थका रचयिता अभिनव गुप्तसंग आद्य शंकराचार्यका पूर्वोक्तसमयको कुनै तालमेल नखाने देखिएकाले माधवाचार्यद्वारा उल्लिखित कुनै अर्कै अभिनव गुप्त मानेमा मात्रै शंकराचार्य र अभिनव गुप्तको शास्त्रार्थ सन्दर्भ सुसंगत ठहर्छ अन्यथा यसको प्रामाणिकताको बारेमा शंका गर्ने ठाउँ रहन्छ।

दशौं शताब्दीका काश्मीरनिवासी शैवदर्शनका परमाचार्य अभिनव गुप्तका चेला क्षेमराज थिए भन्ने कुरा यिनकै प्रत्यभिज्ञाहृदयका पुष्पिकावाक्यको **कृतिस्तत्रभवन्महामहेश्वराचार्यवर्यश्रीमदभिनवगुप्तपाद-पद्मोपजीविनः श्रीमतो राजानकक्षेमराजाचार्यस्य** यो भनाइबाट अवगत हुन्छ। तसर्थ क्षेमराजको समय दशौं शताब्दीको उत्तरार्धदेखि एघार शताब्दीको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वार्धसम्मको अवधि निर्धारण गर्न सकिन्छ। यसै समयको सेरोफेरोमा काश्मीरी भूभागमा नै क्षेमराजप्रणीत प्रत्यभिज्ञाहृदय ग्रन्थको उदय भएको हो। आचार्य अभिनव गुप्तले तन्त्रालोकको मंगलाचरणको प्रसङ्गमा–

जयताज्जगदुद्धृतिक्षमोऽसौ
भगवत्या सह शंभुनाथ एकः।
यदुदीरितशासनांशुभिर्मे
प्रकटोऽयं गहनोऽपि शास्त्रमार्गः॥

यसप्रकारको उल्लेख गरेकाले अभिनवगुप्तका गुरु शम्भुनाथ हुन् भन्ने विद्वान्हरूको विश्लेषण रहेको छ। यसरी शम्भुनाथ, अभिनव गुप्त र क्षेमराज गरी क्षेमराजका विद्यावंशको आगमन भएको पुष्टि हुन्छ। उनको जन्मवंश र जीवनदशाको प्रसङ्ग भने अद्यावधि अज्ञात अवस्थामै रहेको देखिन्छ।

राजानकक्षेमराजद्वारा प्रणीत रचनाहरू १० वटा उपलब्ध छन् जुन यसप्रकार छन्–

१.	**प्रत्यभिज्ञाहृदयम्**	२.	**स्पन्दसंदोह**
३.	**स्पन्दनिर्णय**	४.	**स्वच्छन्दोद्योत**
५.	**नेत्रोद्योत**	६.	**विज्ञानभैरवोद्योत**
७.	**शिवसूत्रविमर्शिनी**	८.	**स्तवचिन्तामणिटीका**
९.	**पराप्रवेशिका**	१०.	**तत्त्वसन्दोह**

(स्रोत– प्रत्यभिज्ञाहृदय उपोद्घात – जयदेव सिंह)

प्रस्तुत प्रत्यभिज्ञाहृदय ग्रन्थमा विवादित विषयलाई छाडेर ईश्वरप्रत्यभिज्ञाको कठिन तार्किक विवेचन शैलीलाई पनि न अपनाएर प्रत्यभिज्ञादर्शनका प्रमुख सिद्धान्त नछाडिकन संक्षिप्त र सरल शैलीमा प्रस्तुत गरिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

६. प्रत्यभिज्ञाहृदयमा प्रतिपादित विषय

क्षेमराजद्वारा रचना गरिएको प्रत्यभिज्ञाहृदय ग्रन्थमा जम्मा २० वटा सूत्र, सूत्रमाथि क्षेमराजको सरल र सुस्पष्ट व्याख्या निबद्ध छ। यो ग्रन्थ तर्कशास्त्र आदि अतिदुरूह ग्रन्थमा श्रम गर्न नसक्ने शिवको शक्तिपातवश परम शिवतत्त्वमा समावेश हुन उत्सुक भक्तका प्रति लक्षित गरेर रचिएको ग्रन्थकारको उपक्रम र उपसंहारको वाक्यको अध्ययनबाट अवगत हुन्छ। चिति वा परम शिवतत्त्व सदाशिवतत्त्वदेखि भूमिपर्यन्तको विश्वको सृष्टि, स्थिति, प्रलयका निम्ति स्वतन्त्र कारण छ। त्यस्तै प्रमाण, प्रमेय र प्रमाता रूप विश्वको सिद्धिमा पनि स्वतन्त्र चिति नै मूलस्रोत हो। विश्वको भोगरूप र विश्वबाट मोक्षरूप सिद्धिको कारण पनि स्वतन्त्र चिति नै बन्दछ। यही चितिलाई नै पथिकस्वरूप जीवात्माले पन्था र प्राप्तव्य बनाएर व्यष्टि चेतन समष्टि चेतन तर्फ आरोहण गर्दै शिवरूपमै समावेश वा सामरस्यरूप एकीभाव प्राप्त गर्दछ। जगत्को सृष्टि, भुक्ति र उन्मुक्ति प्रति सर्वकर्म, स्वतन्त्र, परमशिवतत्त्वरूप चिति नै हो भन्ने शैवाद्वैतसिद्धान्तको समग्रसारलाई क्षेमराजले **चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः** यो एउटै प्रथम सूत्रमा समेटिदिएका छन्। त्यही चितितत्त्वले आफ्नै इच्छाले आफ्नै भित्तिमा अर्थात् आधार भूमिमा विश्व प्रकट गर्दछ। परम चितिकै विस्तारित पदार्थतत्त्वका ग्राह्य ग्राहक भेद खडा हुँदै जान्छन्। मलावरणद्वारा चितिको संसारतर्फ अवरोहण हुन्छ र सांसारिक दशामा चितिको शक्तिसंकुचित हुन जान्छ। परम चैतन्य शिवका सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह रूप पञ्चकृत्य सतत चलिरहन्छन्। सृष्टि आदि चार कर्म विश्वको विस्तार र व्यवस्थापनका लागि हुन् भने पाचौ अनुग्रहचाँहि जीवलाई मुक्ति दिलाउनका निम्ति हो। पञ्चमहाभूतमा पनि यसको व्याप्ति देखापर्दछ। पृथिवीले सृष्टि गर्छिन्, जलले त्यसलाई सेचन गरी रसतत्त्वद्वारा पोषण र अभिवृद्धि गर्छ, भने तेजले ज्वलनबाट संहार गदर्छ। यसैगरी वायुले वेगद्वारा निवर्तन गर्दै निग्रह गर्दछ र आकाशले अवकाश दिएर अनुग्रह प्रदान गरेको देखिन्छ। परम शिवले जस्तै मलावृत संकुचित चेतनले पनि स्वग्राह्य विषयको आभासन,आस्वादन,विमर्शन (चामत्कारिक अनुभूति), बीजापस्थापन (आन्तरिक संस्कार रूप) र अन्ततः विषयको विलापनद्वारा सदैव पञ्चकृत्य सम्पादन गरि नै रहन्छ भन्ने विषय प्रत्यभिज्ञाहृदयमा प्रष्ट्याइएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चितिलाई आत्माको रूपमा परिभाषित पनि यिनै कर्मको आधारमा गरेर अन्यत्र पनि भनिएको छ–

यदाप्नोति यदादत्ते यच्चात्ति विषयानिह।
यश्चास्य सन्ततो भावस्तस्मादात्मेति कीर्त्यते ॥

–(लिङ्गपुराण १ख० ७०अ० ९६श्लो०)

आत्माको यी पञ्चकृत्यकारित्वलाई विवेक गर्दा चित्तको अन्तर्मुखीभाव बन्दै आत्मारूप चेतनपदमा दृढारूढ बनेपछि चिति रूपकै स्वरूपावस्थितिमा पूर्व संकुचित चेतन प्रतिष्ठित बन्न पुग्छ। देश, काल र वस्तुको विभेदले रहित आफ्नै अखण्डता र अनन्तताको उन्मेष हुन्छ। यसरी स्वमा प्रतिष्ठित चिति प्रज्वलित वह्निजस्तै बनी विषय स्वरूप दाउरालाई जलाउँछ र भोगमा पनि वासना र संस्कार बस्न दिँदैन जसको अभावमा चेतनको पुनर्जन्मको स्थिति आउँदैन । यसप्रकार चिदानन्दको लाभ हुँदा जीवन्मुक्तिको आनन्द प्रत्यक्षानुभूत हुन्छ । सर्वान्तरतम चितिशक्तिको विकासद्वारा चिदान्तलाभका साधनाहरू सबल बनाउँदा नित्योदित समाधिसिद्धि हुन्छ । सामाधिलाभ अवस्थामा पूर्णाहन्तामा समाविष्ट, पूर्णप्रकाश र पूर्णानन्दमा निमग्न चेतन परम शिवकै अभिन्नरूप बन्दछ।

मातृकाशक्तिअनुसार अनुत्तर 'अ' कार स्वरूप शिवसंवित्‌मा 'ह' कलास्वरूप विश्व अविभाग प्रकाश बिन्दुको साहचर्यले सुशोभित बन्दै अहम् रूपले सकल विश्व सुभासित छ। यही अह (म्) आनुपूर्वीमा सकल वर्णमातृका प्रत्याहारको रूपमा वेष्टित छन् र समग्र वाङ्मय यसैबाट प्रसारित छ । यो वर्णप्रवाह शिवविवृत्तिरूप हो। त्यसैले भनिएको छ–

तेन शब्दार्थचिन्तासु न सावस्था न यः शिवः ।
मन्त्रा वर्णात्मकाः सर्वे वर्णाः शिवात्मकाः ।

– (प्रत्यभिज्ञाहृदयका ४ र १२ सूत्रको व्याख्यामा उद्धृत)

समष्टि यो अहम् शिवशक्तिकै सामरस्यरूप आनन्दोल्लसित चरमोत्कर्ष दशाको अभिव्यक्ति हो। यिनै विविध प्रत्यभिज्ञादर्शनसँग सम्बद्ध विषयवस्तुलाई सूत्रात्मक र सरल व्याख्यात्मक शैलीमा स्पष्टसँग यस ग्रन्थमा सम्झाइएको छ । यसबाट बौद्धिक तर्कशक्ति विकास नभएका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जिज्ञासुले पनि समुचित लाभ उठाउँन सक्दछन् भन्ने कुरामा द्विविधा देखिने कुनै ठाउँ पाइँदैन । शिवको शक्तिपात रूप अनुग्रहबाट यस दर्शनको ज्ञानमा रुचि जागेका ईश्वरप्रत्यभिज्ञाको अध्ययनमा असमर्थ जिज्ञासुप्रति यो प्रत्यभिज्ञाहृदयको उपदेश गरिएको ग्रन्थकारले अन्तमा अभिव्यक्त यसरी गर्दछन्:-

येषां वृत्तः शाङ्करशक्तिपातो
येऽनभ्यासात् तीक्ष्णयुक्तिष्वयोग्याः ।
शक्ता ज्ञातुं नेश्वरप्रत्यभिज्ञा-
मुक्तस्तेषामेष तत्त्वोपदेशः ॥

– (प्रत्यभिज्ञाहृदय पुष्पिकावाक्य)

यसर्थ क्षेमराजले ईश्वरप्रत्यभिज्ञाको सारसंग्रह प्रत्यभिज्ञाहृदय रूप प्रसाद बालकलाई तयार पारिएको तात्पर्य प्रष्टिन्छ।

७. प्रत्यभिज्ञादर्शनको चितिसंकोच र सांसारिकता

प्रत्यभिज्ञादर्शनले १. शिव, २. शक्ति, ३. सदाशिव, ४. ईश्वर, ५. शुद्धविद्या, ६. माया, ७. कला, ८. विद्या, ९. राग, १०. काल, ११. नियति, १२. पुरुष, १३. प्रकृति, १४. बुद्धि, १५. अहंकार, १६. मन, १७-२१. पञ्चज्ञानेन्द्रिय- श्रोत्र, चक्षु, त्वक् ,रसना, घ्राण, २२-२६. पञ्चकर्मेन्द्रिय- वाक्,पाणि,पाद,पायु,उपस्थ, २७-३१. पञ्चतन्मात्रा- शब्द, स्पर्श, रूप, रस, गन्ध, ३२-३६ पञ्चमहाभूत- आकाश, वायु, तेज, जल, पृथिवी,यी परमशिवतत्त्वदेखि लिएर पृथिवीपर्यन्त ३६ तत्त्वको अस्तित्वलाई अङ्गीकार गरेको छ। ती सबै तत्त्वहरू परम स्वतन्त्र चिद्‌रूप शिवकै ख्यातिरूप वा शिवकै शक्त्युन्मेषरूप हुन् । जसमा नाना ग्राह्य ग्राहक भेदहरू भासित हुन्छन् । प्रत्यभिज्ञादर्शनले स्वतन्त्र, अपरिच्छिन्न, एवं पञ्चकृत्यकारी चेतन पति-शिव, संकुचित मलावृत परिच्छिन्न संसारी चेतन पशु-जीवात्मा र आणव, मायीय, कार्म मलहरूलाई जीवात्माको बन्धनकारी-पाशरूपमा प्रतिपादन गरेको छ।

आफ्नो पारमार्थिक पति स्वरूपको आकस्मिक विस्मरणले गर्दा परिच्छिन्नताको आभासयुक्त चेतन (जीवात्मा) आणव, मायीय र कार्ममलले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आबद्ध हुनपुग्छ। त्यही अपरिच्छिन्न परम चैतन्य आणव मलको कारणले वास्तविक स्वरूप ढाकिएर संकुचित, परिच्छिन्न वा अणुरूपमा भासमान हुँदा जीवात्माले आफ्नो अपूर्णता अनुभव गरिरहन्छ। आफ्नो पूर्णस्वरूपको पहिचान हुन नदिने काम यही आणवमलले गर्दछ। मायीयमलले गर्दा जीवात्मा सूक्ष्म, स्थूल शरीर प्राप्त गरी देहादिमा परिसीमित हुन पुग्दछ। अहम् इदम् इत्यादि आफू र पदार्थगत भिन्न भिन्न वेद्यवेदकप्रथा खडा हुन्छ। वेदान्तशास्त्रले मायाका आवरण र विक्षेप दुई शक्ति मानेको छ भने तन्त्रशास्त्रले मायाका कला, विद्या, राग, काल र नियति यी पञ्चकञ्चुक स्वीकारेको छ।

तन्त्रअनुसार चेतनतत्त्व मायिक मलले आच्छन्न भएपछि यी पञ्च कञ्चुकको परिधिमा अनुबन्धित बन्छ, उसको शक्ति र स्वातन्त्र्य परिसीमित हुन्छ। कलाद्वारा सर्वकर्तृत्व शक्ति परिमित भई किञ्चित् कर्तृत्वमा अवरुद्ध हुन पुग्छ। विद्याद्वारा सर्वज्ञत्व संकुचित भई अल्पज्ञत्वमा बाधिन्छ। रागद्वारा पूर्णकाम वा नित्यतृप्तत्व संकुचित बनी अपूर्णकाम र सदा भिन्न भिन्न विषयको अपेक्षाद्वारा परिमित तृप्तिमा सीमित बन्छ। कालद्वारा नित्यताको संकोच भई जन्ममरणको चक्र आइलाग्छ र नियतिद्वारा स्वातन्त्र्यशक्ति छिनिएर देह, देश, कर्म र भोगमा अनुसक्त बन्नपुग्छ। यसरी शरीरधारी शक्तिदरिद्र (Devoid of power) जीवात्मा ज्ञानेन्द्रिय र कर्मेन्द्रियद्वारा जुन कार्य र भोग सम्पादन गर्दछ त्यसको संस्कार र वासना नै कार्ममल मानिन्छ। यही कार्ममलले आत्माको पुनर्जन्मका निरन्तर शृङ्खला बन्दै जान्छन्। यसर्थ मलावरणद्वारा शक्तिसंकोची चेतनमा नै सुख, दुःख, जन्म मरणादि संसारित्वको आवेश र प्रवाह चलिरहन्छन्। यो प्रक्रिया शिवाद्वैत दर्शनले प्रतिपादन गर्दछ। यही विचार वेदान्तदर्शनमा पनि यसरी प्रतिपादन गरिएको छः—

कुर्वते कर्म भोगाय कर्मकर्तुं च भुञ्जते।
नद्यां कीट इवावर्तादावर्तान्तरमाशु ते॥
व्रजन्तो जन्मनो जन्म लभन्ते नैव निर्वृत्तिम्॥

–(पञ्चदशी १।३०।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

८. प्रत्यभिज्ञाको सौन्दर्य विश्वोत्तीर्णता र विश्वमयता

जब जीवात्माले शास्त्रमा बताएबमोजिमको साधनाद्वारा यी तीन प्रकारका मलको अपसारण गर्दछ तब परम शिवको शक्तिपात वा अनुग्रह जीवात्मामा हुन्छ र जीवात्मामा पूर्णाहन्ता एवं पूर्ण स्वातन्त्र्यको उदय हुन जान्छ। संसार दुःखमय नभएर आनन्दमय बन्न थाल्छ, बन्धनमय न बनेर क्रीडामय बन्दछ। सारा संसार आफ्नै शक्तिको विलास एवं आफ्नै वैभवको बोध नित्य उदित हुन्छ बन्धन, विभेद र विच्युतिको स्थिति आउँदैन। यस गूढाभिप्रायलाई ईश्वरप्रत्यभिज्ञादर्शनले यसरी व्यक्त गरेको छः-

सर्वो ममायं विभव इत्येवं परिजानतः।
विश्वात्मनो विकल्पानां प्रसरेऽपि महेशता॥

-(ई.प्र. ४।१।१२)

प्रत्यभिज्ञादर्शनमा स्वीकृत छत्तीस तत्त्वको सापेक्षतामा कथित विविध दर्शनहरूको पहुँच वा तहलाई केलाउँदा चार्वाक चैतन्यविशिष्ट शरीरलाई आत्मा भनेर, भूततत्त्वको पहिलो खुड्किलो मै अडिएका छन्। जैनदार्शनिकहरू परमाणुगत गुण- (सत्ताइसौँ तत्त्व)लाई नै परमार्थ मानेर त्यही रोकिन्छन्। ज्ञानादि गुणगणाश्रयलाई आत्मा मान्ने नैयायिक, अहंप्रतीतिबाट ज्ञात, सुखदुःखादि उपाधिवृत्तिले आच्छन्न आत्मा मान्ने मीमांसक, ज्ञानसंतान आत्मा स्वीकार्ने बौद्धहरू अन्तःकरण वा बुद्धि-(चौधौँ तत्त्व)कै सेरोफरोमा अल्झिएका छन्। भगवान् वासुदेव परा प्रकृति अर्थात् सबैका कारण हुन् र त्यही परा प्रकृतिकै परिणाम बन्दै आगाको फिलिङ्गो सरह जीवहरू देखापर्ने सिद्धान्तलाई अगाल्न पुगेका पञ्चरात्रानुयायीहरू प्रत्यभिज्ञाको दृष्टिमा अव्यक्त-(छैठौँ तत्त्व)मै अल्मलिएकाछन्। सांख्यहरू विज्ञानाकल भूमि-(छैठौँ मायातत्त्वदेखि माथि पाचौँ शुद्धविद्यादेखि तल दुवैको अन्तरालको प्रमाता अवस्था)मा र कतिपय वेदान्तीहरू र योगीहरू ईश्वरतत्त्व-(चौंथो तत्त्व)मै विश्राम लिन्छन्। पश्यन्तीरूप शब्दब्रह्मलाई आत्मा अँगाल्ने वैयाकरणहरू सदाशिव-(तेस्रो तत्त्व) पदसम्म पुगेका छन्। यही दर्शनगत तारतम्यलाई आगममा पनि यसरी संकेत गरिएको-

बुद्धितत्त्वे स्थिता बौद्धा गुणेष्वार्हता मताः।
स्थिता वेदविदः पुंसि अव्यक्ते पाञ्चरात्रिकाः॥

- (प्रत्यभिज्ञाहृदयसूत्र ८को व्याख्यामा उद्धृत)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसैगरी विश्वोत्तीर्ण आत्मतत्त्व नै परमार्थ कतिपय तान्त्रिकहरू मान्दछन् । यसमा वेदान्तदर्शनले पनि नित्य शुद्ध बुद्ध विश्वोत्तीर्ण आत्मानै परमार्थरूप स्वीकारेको पाइन्छ । शाक्तादि आम्नायानुयायीहरू विश्वमय आत्मा नै परमार्थ सम्झिन्छन् तर त्रिकादिदर्शन अर्थात् प्रत्यभिज्ञादर्शनका विज्ञहरू आत्मा विश्वोत्तीर्ण भई विश्वमय बन्नु नै सफल परमार्थस्थिति स्वीकार्दछन्- **विश्वोत्तीर्णमात्मतत्त्वम् - इति तान्त्रिकाः । विश्वमयमिति - कुलाद्याम्नायनिविष्टाः । विश्वोत्तीर्णं विश्वमयञ्च इति त्रिकादिदर्शनविदः ।**

- (प्रत्यभिज्ञाहृदय सूत्र ८ व्याख्या)

त्यसैले भनिएको छ -

दर्शनेषु महाराज्ञी प्रत्यभिज्ञा प्रकीर्तिता ।

दर्शनको यो तहगत तारतम्य व्याख्याताको बुद्धिमा चितिका स्वातन्त्र्यको गोपन र प्रकाशनको परिणामले स्थापित हुनपुगेको प्रत्यभिज्ञाहृदयकारको अभिप्राय रहेको छ।

वेदान्तदर्शनले विशेषतः विश्वलाई मायिक, मिथ्या, र बन्धनकारक बुझाएर यसको त्याग गराएर नै जीवलाई विश्वोत्तीर्ण स्थितिमा पुऱ्याउने लक्ष्यतर्फ विशेष आग्रह राखेको बुझिन्छ । प्रत्यभिज्ञादर्शनले भने विश्वलाई परमशिवको अभिन्न क्रियात्मक शक्तिकै विकासरूपमा व्याख्या गरेको छ। वेदान्तदर्शनको ब्रह्मजस्तै निष्क्रिय स्वरूप तन्त्रदर्शन प्रतिपादित शिवको स्वीकृत भएको भान हुदैन । शिवको सक्रिय रूप नै अपेक्षित र प्रशस्त मानिएको छ। यो विचारलाई तन्त्रालोककार अभिनव गुप्तले यसरी व्यक्त गर्दछन्-

अस्थास्यदेकरूपेण सर्वदा चेन्महेश्वरः ।
महेश्वरत्वं संवित्त्वं तदत्यक्ष्यद् घटादिवद् ॥

- (तन्त्रालोक आ०३।१००-१०१)

तन्त्रदर्शनले जीवलाई पूर्णाहन्ता र पूर्णस्वातन्त्र्यको अनुभवद्वारा विश्वोत्तीर्ण बनाई शिवस्वरूप आफ्नै ऐश्वर्य र माधुर्यको अभिव्यक्तिमय विश्वलाई आनन्दका निम्ति आफैंले ग्रहण गर्ने विश्वमयताको स्थितिमा स्थापित गर्ने लक्ष्य लिएको बुझिन्छ। यसैमा नै संसारका भोग्य पदार्थको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ख्याति वा रचनाप्रयोजनको पुष्टि देखिन आउँछ । योगपूर्वकको भोगमा बन्धन र च्युति न रहने रहस्य तन्त्रशास्त्रले खोलिदिएको छ । त्यसैले भनिएको पनि छ–

भोगो योगायते साक्षाद् दुष्कृतं सुकृतायते ।
मोक्षायते च संसारः कुलधर्मे कुलेश्वरि ॥

– (कुलार्णवतन्त्र २।२४)

सृष्टि, स्थिति, विलय, निग्रह र अनुग्रहमा परमचितिको पूर्ण स्वातन्त्र्य प्रस्तुत गर्नु दर्शनान्तरापेक्षा यस दर्शनको विलक्षण पक्ष हो । यस दर्शनमा बौद्ध अज्ञान र पौरुष अज्ञान दुई प्रकारका अज्ञान अङ्गीकृत छन् । बौद्धाज्ञान बुद्ध्याश्रित भएकाले शास्त्राध्ययनादि आफ्नै प्रयत्नले परिहार गर्न सकिन्छ। पौरुष अज्ञान स्वरूपगत मानिएकाले विनाशक्तिपात परिहार संभव छैन । जीवको शिवत्वप्राप्ति अन्ततः भगवान्कै अनुग्रहस्वरूप शक्तिपातबाटै सुलभ हुन्छ र सर्वत्र सत्यं शिवं सुन्दरं नै भासित हुन्छ । त्यसैले भनिएको पनि छ–

उपायजालं न शिवं प्रकाशयेत्
घटेन किं भाति सहस्रदीधितिः ।
विचारयनित्थमुदारदर्शनः
स्वयं प्रकाशं शिवमाविशेत् क्षणात् ॥

– (तन्त्रसार, आ० २)

यहाँ उदारदर्शन शब्दको प्रयोगले शक्तिपातरूप ईश्वरानुग्रहवशाद् उदारदृष्टि वा दिव्यदृष्टि प्राप्त गरेको विशिष्ट व्यक्ति भन्ने अर्थ अभिव्यञ्जित गरिएको छ ।

शक्तिपात वा उपायहरू पनि अनुपाय, शाम्भवोपाय, शाक्तोपाय, र आणवोपाय गरी चार प्रकारका मानिएका छन् । जुन जीवात्मा प्राक्तन साधनागत संस्कारबाटै उच्चतम अवस्थामा प्राप्त भइसकेको छ । त्यो जीवात्मा अत्यन्त थौरै उपायले तीव्र शक्तिवशाद् शिवमय वा शिवसमावेश प्राप्त गरिहाल्छ । गुरुको एकै शब्दले अथवा कहिलेकाहिँ सिद्ध पुरुष वा गुरुको दर्शनले मात्रै पनि लक्ष्य पूरा हुन्छ। यस प्रकारले सिद्धि प्राप्त गर्नुलाई अनुपाय भनिन्छ। यसलाई तन्त्रसारमा अभिनवगुप्त यसरी उल्लेख गर्दछन्–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदा खलु दृढशक्तिपातसिद्धः स्वयमेवेत्थं विवेचयति सकृदेव गुरुवचनमवधार्य तदा पुनरुपायरहितो नित्योदित अस्य समावेशः (तन्त्रसार २ अह्निक) । यहाँ अनुपाय शब्दसंयोगी नञ्बाट सादृश्य, अभाव, अन्यत्व, अल्पत्व, अप्राशस्त्य र विरोध यी ६ नञ् अर्थमध्ये[1] अल्पत्व अर्थात् ईषत् भन्ने अर्थ विवक्षित गरिएको छ।

शाम्भवोपाय पनि उन्नत साधकले अवलम्बन गर्न सक्दछ। अनवरत जागरूक एवं अभिज्ञ साधक सर्वप्रथम शिवका सतत पञ्चकृत्यको मनन निदिध्यासन गर्दै सारा विश्वप्रपञ्च चिद्विलास भएको निश्चयमा अडिग बन्छ। अन्ततः शिवको शक्तिपातबाट साधनालाई त्याग्दै शुद्ध, अकृत्रिम, अहंविमर्शतर्फ (पूर्ण अहंभावको अनुभूतितर्फ) अभिमुख बन्दछ। सम्पूर्ण विश्वप्रपञ्च मबाटै प्रकट भएको छ, ममै प्रतिबिम्बित छ र मदेखि भिन्न पनि हैन भन्ने पूर्णाहन्तारूप शिवसमावेश शाम्भवोपायबाट प्राप्त हुन्छ। अभिनव गुप्त यही कुरा अभिव्यक्त गर्दछन्–

मत्त एवोदितं सर्वं मय्येव प्रतिबिम्बितम्।
मदभिन्नमिदं चेति त्रिधोपायः स शांभवः॥

– (तन्त्रालोक ३ आ० २८०)

शाक्तोपाय जीवात्माको मानसिक साधनामा आश्रित छ। खासगरी मन्त्रशक्तिको उपयोग गरी आन्तरिक शक्तिको विकास गर्दै प्रातिभ ज्ञान साधकले प्राप्त गर्दछ। त्यही ज्ञानले क्रमशः द्वैतभाव विलय गरेर शक्तिपातबाट परासंवित् शिवमा समाविष्ट हुन्छ। यो साधना भेदाभेदमा आधृत छ। भेदबुद्धि र अभेदबुद्धि दुवैको प्रयोग गरी यसको अभ्यास गरिन्छ। अन्ततः म नै शिव हूँ, विश्व मेरै ऐश्वर्यको प्रसार हो भन्ने भावना सुदृढ बन्दछ। यसरी विशेष प्रयासविना नै कुण्डलिनी शक्ति जागरण भई मूलाधारबाट माथि उठ्दै जान्छ र सिद्धिलाभ हुन्छ।

आणयोपाय निम्नस्तरका साधकका लागि उपयुक्त मानिन्छ। यसमा इष्टदेवको पूजा, मन्त्रजाप, प्राणयाम आदि क्रियात्मक साधनको प्रयोग गरिन्छ त्यसैले यसलाई क्रियोपाय र भेदोपाय पनि भन्ने गरिन्छ। यो

[1] **तत्सादृश्यमभावश्च तदन्यत्वं तदल्पता।**
अप्राशस्त्यं विरोधश्च नञर्थाः षट् प्रकीर्तिताः॥ वैयाकरणभूषणसार, नञर्थनिर्णयमा उद्धृत।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रियाको प्राधान्य र भेदपूर्वकको साधनामा आश्रित रहन्छ । अन्ततः शक्तिपात हुँदा सुषुम्ना नाडीको मार्ग उन्मीलन अर्थात् खुल्दै परम चितिमा समावेश हुने मार्गलाभ हुन्छ । क्षेमराजले अठारौँ सूत्रमा विकल्पक्षय, (भेदप्रथाविलय) शक्तिसंकोच, (इन्द्रियप्रणालीद्वारा विषयाभिमुख चित्तलाई चिदुन्मुखीकरण) शक्तिविकास, (कुण्डलिनी जागरण) वाहच्छेद, (प्राण र अपानको हृदयमा निरोधनादि प्रक्रिया) आद्यन्तकोटिनिभालनादि (आदिकोटि हृदय, त्यसदेखि अन्तकोटि द्वादशाङ्गुल अन्तर त्यस दूरीमा प्राणको उन्मेष र विश्रान्तिका अभ्यासलाई चित्तद्वारा परिशीलन गर्नु) उपायद्वारा मध्य अर्थात् विशुद्ध अहंचेतना, शाम्भवदृष्टिमा, ज्ञानक्रिया शाक्तदृष्टिमा, मध्यनाडी (सुषुम्ना) आणवदृष्टिमा, विकास हुने र चिदानन्दलाभ सिद्ध हुने विषय उल्लेख गरेका छन् । यसमा विकल्पक्षय शाम्भवोपाय, शक्तिसंकोच र शक्तिविकास शाक्तोपाय अन्तर्गत आउँछन् भने वाहच्छेद र आद्यन्तकोटिनिभालन आणवोपाय भित्र पर्दछन् । उच्चतम अधिकारीका लागि उपयोगी अनुपायको चर्चा भने यस प्रत्यभिज्ञाहृदयमा गरेको पाइँदैन ।

ब्रह्माद्वैत दर्शनमा ब्रह्म सत्, ज्ञान र आनन्द स्वरूप छ, निष्क्रिय भएकाले स्वतन्त्र कर्तृत्व त्यसमा रहँदैन । अविद्योपहित हुँदामात्र कर्तृत्व सञ्चरित हुन्छ । प्रत्यभिज्ञादर्शनमा शिव या परासंवित् चित्, ज्ञान, आनन्द, इच्छा, र क्रिया यी पञ्च शक्तिमय छन् । यी शक्तिहरू शिवमा अविच्छिन्न र अव्यतिरेकरूपले रहेको कुरा उल्लेख गरिएको छ–

न शिवः शक्तिरहितो न शक्तिर्व्यतिरेकिणी ।
शक्तिशक्तिमतो भेदः शैवे जातु न वर्ण्यते ।

–(शिवदृष्टि ३। २,३)

परमशिवका चित्– प्रकाशनशक्ति, ज्ञान– विमर्शशक्ति, आनन्द– स्वातन्त्र्यशक्ति , इच्छा– चमत्कारिणी शक्ति र क्रिया– सर्वाकारमा स्फुरणशील शक्ति मानिएकाले शिवको स्वतन्त्रकर्तृत्व र सतत पञ्चकृत्यकारित्वयुक्त सक्रियत्वस्वरूप नै प्रत्यभिज्ञादर्शनमा विलसित छ र यही यसको गौरवमय पक्ष पनि हो । साथै ब्रह्माद्वैत दर्शनले जाग्रत् स्वप्न सुषुप्ति र तुरीय गरी चार अवस्थाको परिकल्पना गरेर जगत् र परमार्थको विवेचन प्रस्तुत गर्दछ भने शैवाद्वैत दर्शनले जाग्रत्, स्वप्न, सुषुप्ति, तुरीय र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तुर्यातीतसहित पाँचौं अवस्थाको समेत अस्तित्वलाई अङ्गीकारपूर्वक निरूपण गर्दै थप रहस्योद्घाटन गरेको छ।

९. प्रत्यभिज्ञादर्शनको प्रभाव र प्राप्ति

प्रत्यभिज्ञादर्शन व्यवहार र परमार्थमा समभाव राख्दै **कुर्वन्नपि न लिप्यते, योगः कर्मसु कौशलम्, कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते** जस्ता गीताका उदार एवं उदात्त विचारका पृष्ठभूमिमा मौलाएको छ र अभ्युदय र निःश्रेयस दुवैको कामधुक् दर्शन सिद्ध भएको छ । अद्वैतवेदान्तदर्शनका व्याख्याता भगवत्पाद शंकराचार्यले **ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः,** यस सिद्धान्तको निरूपण गर्दै मायाका अर्थात् शक्तिका अंश नाम र रूपको निषेध या बाधबाटै दुःखको आत्यन्तिक निवृत्ति साथै परमानन्दको प्राप्ति स्वीकार्नुहुन्छ । अन्ततः पुनः स्वयं सौन्दर्यलहरी जस्तो तन्त्रप्रधान शक्तितत्त्वको स्तुति र उपासनापरक ग्रन्थको प्रणयन गर्न पुग्नुहुन्छ । उहाँले **शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुम् । न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ॥ (सौन्दर्यलहरी श्लो १)** भन्दै शिवमा ज्ञान, बल र क्रियाको प्रस्फुटन वा उद्बोधन शक्तितत्त्वबाटै सञ्चरित हुने तथ्योद्घाटन गर्नुहुन्छ । शिव व्यञ्जन वर्णस्वरूप हुन् भने शक्ति स्वरवर्णस्वरूप हुन् जुन स्वरविना व्यञ्जन उच्चरित वा अभिव्यक्त हुनै सक्तैनन् तसर्थ शिव र शक्तिको अभिन्नमिलनकै गौरव शंकराचार्य गाउँनुहुन्छ र शक्तितत्त्वकै माधुर्य एवं सौन्दर्यमा निमग्न हुन पुग्नुहुन्छ । यसबाट ब्रह्माद्वैतवादका सैद्धान्तिक पक्षको सम्पुष्टि तन्त्राभ्यासको प्रयोगबाट सिद्ध गरिएको र आफ्नो दर्शनलाई अझै उँचाइमा पुऱ्याइएको महसुस हुन्छ। यद्यपि उपनिषद्भाष्य, ब्रह्मसूत्रभाष्य र गीताभाष्यजस्ता प्रस्थानत्रयीका प्रणेता आद्य जगद्गुरु शंकराचार्य हुन् तदतिरिक्त सौन्दर्यलहरी, प्रपञ्चसार, विवेकचूडामणिलगायत शंकराचार्यका नाममा प्रसिद्ध विविध स्तोत्रहरू आद्य शंकराचार्यका न भएर क्रमले शंकराचार्यपरम्पराको गद्दीमा आसीन अरु नै व्यक्तिद्वारा रचिएका हुन् भन्ने भनाइ पनि विद्वान्हरूको समाजमा सुन्नमा आएको पाइन्छ तथापि वेदान्तको अद्वैतसम्प्रदायले तन्त्रविद्याको अभ्यासलाई प्रश्रय दिएको कुरा भने शंकराचार्यपरम्परामा हाल प्रचलित श्रीविद्योपासनाले प्रामाणिकता प्रदान गर्छ । भगवान् योगेश्वर श्रीकृष्णको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनलीलामै देखिएको विश्वोत्तीर्णता र विश्वमयताभित्र तन्त्रदर्शनको जीवन्त प्रभाव पाइन्छ । भागवतको रासपञ्चाध्यायीमा वर्णित भगवान्को चिन्मयलीला त तन्त्रदर्शनकै पूर्णतम प्रयोगको नमुना मान्न सकिन्छ । शब्दाद्वैतवादका प्रतिपादक आचार्य भर्तृहरिले शक्ति र शक्तिमान् विषयमा शैविजम्कै प्रभावलाई लिएर शब्दब्रह्म तत्त्वतः शक्तिदेखि अलग छैन तर अलगको रूपमा भानमात्र भएको कुरा उल्लेख गर्दछन्–

अपृथक्त्वेऽपि शक्तिभ्यः पृथक्त्वेनेव वर्तते ।

–(वा० प० ब्र० का० श्लो० २)

निष्कर्षतः ब्रह्माद्वैतवादले जीवन र जगत्प्रति जगाएको वितृष्णा, नीरसता र अनुदार खाडललाई शैवाद्वैतंदर्शनले पुरेर विश्वोत्तीर्ण बन्दै विश्वमय जीवन जिउनुलाई आदर्श मानेको छ । व्यवहार सञ्चालन र परमार्थ साधनामा देखिएको जटिल द्वन्द्वलाई राम्रो व्यवस्थापन गर्ने काम प्रत्यभिज्ञादर्शनले गरेको छ। यस दर्शनले सैद्धान्तिक पक्षका साथै वास्तविक र व्यावहारिक पक्षलाई समेटेर निवृत्ति एवं प्रवृत्तिमार्गको समुचित संयोजन गरी लोकद्वयसाधनाको फराकिलो राजमार्ग प्रस्तुत गरेको छ । तत्त्वगत विश्लेषण र विचारको पक्षमा पनि यो प्रत्यभिज्ञादर्शन उत्कर्षको उच्चतम तहमा प्रतिष्ठित बन्नपुगेको छ।

१०. ग्रन्थसंपादनका सन्दर्भमा

यस ग्रन्थको सम्पादनको क्रममा हरिप्रसाद सोडारीद्वारा तयार पारिएको अनुवादको प्रारूपलाई नेपाली भाषा शैलीको ढाँचामा ढालेर विषयवस्तुलाई यथासम्भव सरल र सुबोध पार्ने प्रयत्न गरिएको छ। प्रस्तुत मूलपाठको सन्दर्भमा उपलब्ध प्रकाशित पुस्तकहरूमा देखिएका पाठान्तरहरूलाई केलाएर आफूलाई उपयुक्त लागेको पाठ छनोट गरी मूलपाठ प्रस्तुत गरिएको छ र फरकलाई पादटिप्पणीमा दर्शाइएको छ । प्रकाशित पुस्तकमा दृष्ट केही अपाणिनीय प्रयोगलाई पादटिप्पणीमा उल्लेख गरी त्यसलाई पाणिनीय अनुकूल बनाई मूलपाठमा सच्याएर राखिएको छ । साथै प्रकाशित पुस्तकको मूलपाठमा अदृष्ट किन्तु पादटिप्पणीमा उपलब्ध पाठलाई पनि मूलको प्रसङ्गमा नै सुसङ्गत लागेका ठाउँमा मूल पाठमा नै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाहित गरेर विषयगत सुस्पष्टता र सामञ्जस्य कायम गरिएको छ। यसमा युक्ताऽयुक्तको विवेक गरेर विज्ञ पाठकवर्गले आत्मसात् गर्नुहुने छ भन्ने विश्वास लिएको छु। तन्त्रका पारिभाषिक प्रकाश, विमर्श, शिवभट्टारक आदि शब्दहरूको नेपालीमा अर्थ प्रष्ट्याउनुका साथसाथै पादटिप्पणी पनि दिएर विषय बुझ्न सहज तुल्याइएको छ। यस ग्रन्थमा उद्धृत श्लोक र सूत्रहरूको स्रोत यथाप्राप्त पादटिप्पणी दिएर खुलाउने प्रयास पनि गरिएको छ। कतिपय विषयको गहनतालाई बुझेर प्रष्ट्याउने कोशिस गर्दागर्दै पनि जीवगत अल्पज्ञताका कारणले पहिल्याउन नसकेर छुटेका वा प्रष्ट्याउन न सकिएका होलान् त्यस विषयप्रति विज्ञ पाठकवर्गमा–

न ख्यातिलाभपूजार्थं ग्रन्थोऽस्माभिरुदीर्यते।
स्वबोधपरिशुद्ध्यर्थं तत्त्वविन्निकषाश्मसु॥

– (नैष्कर्म्यसिद्धि १, श्लो० ६.)

(लोकमा प्रसिद्धि, धनार्जन र सम्मानप्राप्तिका लागि मैले ग्रन्थ रचिएको होइन किन्तु तत्त्वलाई बुझेका महापुरुषरूपी कसीहरूमा राखी आफ्नो ज्ञानलाई माझेर अझ निर्मल र परिपक्व पार्ने उद्देश्यले ग्रन्थ उपस्थापित गरिएको हो।) यसप्रकारको सुरेश्वराचार्यप्रणीत उक्तश्लोकको भाव निवेदन गर्दै तत्त्वविद् जनबाट सुझावको अपेक्षा राख्दछु। स्वकर्तव्यप्रति सावधान हुँदाहुँदै पनि भ्रम, अल्पज्ञ र इन्द्रियदुर्बलजन्य भाषा, भाव र टङ्कणगत त्रुटिसंशोधनका भूलहरू रहेहोलान् त्यसका प्रति पनि क्षमा माग्दै सच्याएर पढिदिनुहुन विनयी पाठकवर्गमा सादर अनुरोध गर्दछु।

प्रत्यभिज्ञादर्शनको ऐतिहासिक विकासक्रमलाई केलाएर प्रस्तुत गरिदिई सोको ज्ञानार्जन गर्ने सुवर्ण अवसर प्रदान गर्नुहुने, एवं समय समयमा मेरा न्यायशास्त्रसम्बद्ध जिज्ञासाहरूलाई समाधान दिई मलाई कृतार्थ तुल्याउने आदणीय गुरु विद्यानाथ उपाध्यायप्रति आभारी बन्दै विनतभावले कृतज्ञता निवेदन गर्दछु। दर्शनान्तरका उल्लेखनीय पक्षलाई समेट्दै तिनलाई सान्दर्भिक तुल्याई यस प्रत्यभिज्ञादर्शनको विशद विवेचना प्रस्तुत गरी यसैको साङ्गता सङ्गसङ्गै शिवसायुज्य प्राप्त गर्नुभएका धर्मैकशरण, सरल, सन्तात्मा प्राध्यापक डा. दुर्गाप्रसाद दवाडी दर्शनशास्त्रका जिज्ञासुका माझ सदैव अविस्मरणीय श्रद्धाका पांत्र हुनुभएको छ। उहाँको लेख सम्पादनको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्रममा आनुपूर्वी पढ्ने र बुझ्ने मौका मलाई पनि प्राप्त भयो र यसबाट अनुगृहीत बन्दै उहाँप्रति सादर श्रद्धासुमन अर्पण गर्दछु।

यस ग्रन्थको अनुवादको प्रारूप कर्ता एवम् 'के ईश्वर छ' लगायत धेरै पुस्तकका रचयिता, जाह्नवी जस्ता अनेक पत्रिकाका सम्पादक र टङ्कणविज्ञ हरिप्रसाद सोडारीको यस ग्रन्थको सम्पादनमा भएको सहयोग प्रति कृतज्ञ बन्दै कर्मठ, विनयशील र सुशिष्य सोडारीप्रति हृदयतः धन्यवाद प्रकट गर्दछु।

अन्त्यमा प्रत्यभिज्ञादर्शनको सारात्मक प्रत्यभिज्ञाहृदयरूप प्रसादलाई नेपालीभाषामा अनुवाद गराएर प्रकाशन गरी वितरण गर्ने काम डा. जगदीश शर्माले थाल्नुभएकोमा उहाँको यस सत्कर्मको उच्च मूल्याङ्कन एवं प्रशंसा विज्ञ पाठकवर्गले भविष्यमा अवश्य नै गर्नुहुने छ। डा. जगदीशज्यूको यस प्रकारको शास्त्राध्ययन र ग्रन्थप्रकाशन गर्ने सत्कर्मप्रतिको समर्पणभावले भक्तिभावलाई बढाएर भगवत्प्राप्तिको मार्ग प्रशस्त बन्न सकोस् ईश्वरको अनुग्रह फलोस् यही शुभकामना व्यक्त गर्दछु।

मलाई प्रत्यभिज्ञाहृदयको सुसंगत भावार्थ एवं भाषिक सम्पादनसहित यस विषयमा दुई शब्द लेख्ने अवसर दिनुभएकोमा डा. जगदीश शर्माप्रति हृदयतः आभार एवं साधुवाद व्यक्त गर्दछु। **नहि कल्याणकृत् कश्चित् दुर्गतिं तात गच्छति** यही जगदीश्वरको वचनले अगाडिका दिनमा पनि जगदीशलाई यस्ता सुकर्मप्रति उत्प्रेरणा जगाइरहने विश्वास लिँदै मेरो कथनलाई यही पूर्णविराम दिन्छु।

सर्वाननशिरोग्रीवः सर्वभूतगुहाशयः।
सर्वव्यापी स भगवांस्तस्मात् सर्वगतः शिवः॥

– (श्वेताश्वतरोपनिषद् ३।१)

दिनाङ्कः—२०७०। १०। २१। वसन्तपञ्चमी

--॥ ❋❋❋❋ ॥--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासका दृष्टिमा प्रत्यभिज्ञा

प्रा. विद्यानाथ उपाध्याय

प्रत्यभिज्ञाशास्त्र वा दर्शनका नामले आज प्रख्यात रहेको प्रथमतः काश्मीरमा आविर्भूत भएर विकसित भएको शिवाद्वैत दर्शन हो । यसका प्राचीन नाम धेरै छन् तापनि तीमध्ये धेरै नै स्थानमा प्राप्त भएको नाम त्रिकशास्त्र त्रिकशासन वा त्रिक हो। यसैलाई त्रिकसार ग्रन्थमा षडध्वशास्त्र वा षडध्वविज्ञान भनिएको छ । त्रिक त्यो दर्शन हो, त्यो शास्त्र हो जसमा विषेशतः तीन तत्त्वको प्रतिपादन र तिनको विश्लेषण गरिएको हुन्छ शिव-शक्ति र अणु अथवा पति, पाश र पशु । यिनैलाई नर, शक्ति र शिव पनि भनिएको पाइन्छ। अझ यसको प्राचीन शास्त्रीय नाम त त्र्यम्बक दर्शन हो । प्राचीन शिवाद्वैत दर्शनलाई प्रत्यभिज्ञादर्शनका रूपमा ख्याति प्रदर्शन गर्ने अथवा प्रवर्तन गर्ने भने पनि हुन्छ । आचार्य सोमानन्दनाथले नै आफ्नो महनीय कृति शिवदृष्टिको सातौ आन्हिकमा समुद्घाटित गरिसकेका छन् ।

आचार्य सोमानन्द भन्छन्- शैवागमको रहस्य पहिले महात्मा ऋषिहरूका मुखमा थियो र संसारलाई अनुग्रह गर्ने क्रिया पनि उनीहरू नै गर्दथे। जब कलिकालको प्रादुर्भाव भयो, त्यो रहस्य दुर्गम विषय बन्न गयो। त्यसै ताका देवादिदेव शंकर स्वयं कैलाशको भ्रमण गर्नुहुँदै जगत्माथि अनुग्रह गर्न श्रीकण्ठका रूपमा पृथिवीमा अवतीर्ण हुनुभयो । उहाँले नै मुनि दुर्वासालाई यो शिवशास्त्र विनष्ट नहोस् भनेर रहस्य शास्त्र बताएर प्रचार गर्न आदेश दिनुभयो । भगवान् श्रीकण्ठको त्यो दैवी आदेश पाएर दुर्वासाले त्र्यम्बकादित्य नाम भएका मानस पुत्रको सिर्जना गरेर उनैमा त्यो शिवशास्त्रको रहस्य संक्रमित गराइदिए । त्र्यम्बकादित्यले पनि त्यसपछि त्र्यम्बका नामको गुफामा उनकै नामले विहित मानस पुत्रलाई उत्पन्न गरे । उनी पनि सिद्ध भए अर्को मानस पुत्र उत्पन्न गरे। ती पनि सिद्ध भए। यसै गरी चौध मानसपुत्रहरू सिद्ध हुँदै आकाशमा उड्दै गए । उनकै पन्ध्रौं पुत्र चाहिँ सम्पूर्ण शास्त्रमा विशारद थिए, ती भने लोकयात्राका निमित्त यसै लोकमा रहे । यौटी रूप यौवनले भरिभराउ भएकी ब्राह्मणीसँग भेट भयो तिनलाई आफू योग्य लक्षणयुक्त कन्या ठानेर उसका पितासँग आफ्ना निमित्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सहधर्मचारिणी बनाउने प्रयोजनका निमित्त मागेर घर ल्याए। पछि उनको ती कन्यासँग विवाह भयो तिनै पछि घुम्दै काश्मीर आएर संगमादित्यका नामले प्रसिद्ध पनि भए। तिनका पुत्र वर्षादित्य र उनका पनि पुत्र अरूणादित्य भए। अरुणादित्यका पुत्र आनन्दनाथ र तिनैका पुत्र सोमानन्दनाथ भए। त्यही सोमानन्द म हुँ र मैले त्र्यम्बका नाम गरेको शिवदृष्टिको रचना गरें। त्यही शिवदृष्टि गुरुशिष्य परम्पराले पठन–पाठनमा चल्न थाल्यो। यसपछि पनि यसको प्रचार–प्रसार, शिक्षण, प्रशिक्षणका लागि गुरुहरूको आवश्यकता पर्ने नै छ। यी शिवदृष्टिकार स्वयं सोमानन्दनाथका भनाइ हुन्।

आचार्य सोमानन्दनाथ श्रीवसुगुप्तका शिष्य हुन् भन्ने विद्वान्को मत छ तिनी नवौं शताब्दीका थिए। उनले आफ्नै ग्रन्थको स्वोपज्ञ टीका वृत्ति पनि लेखेर प्रत्यभिज्ञा दर्शनको साङ्गोपाङ्ग स्वयम् विश्वसामु उपस्थित गरे। यसको ठूलो श्रेय उनैमा छ भन्ने विद्वान् विश्लेषकहरूको मत छ। यसभन्दा पनि अगाडि शुरुदेखि नै काश्मीर शैव दर्शन, शिवाद्वैतशास्त्र त्र्यम्बकदर्शन, त्रिकशास्त्र, स्पन्दशास्त्र अथवा प्रत्यभिज्ञादर्शनको उद्भव र विकासक्रमलाई केलाउने हो भने यो प्राचीनतम वैदिक साहित्यमै जोडिन जान्छ। जसरी वेदलाई प्रमाण मानेर वेदानुमत वा वेद सम्मत अथवा वेद अविरुद्ध आस्तिक दर्शनहरूको मूल स्रोत वेद, तिनका अङ्ग, सूत्र र निबन्ध साहित्य र पुराणहरू पनि मानिन्छन्, त्यसरी नै यो शिवशास्त्र पनि पूर्ण वैदिक, वेद शासित, वेदानुमत, वेदाबद्ध नै मानिन्छ। मन्त्रद्रष्टा ऋषि महर्षिहरू मनस्वी तापस मुनिहरूले नै प्रत्यक्ष दर्शन गरेका तत्त्वहरू दार्शनिक मान्यताहरू आज विश्व विश्लेषित रूपमा लोकलाई प्राप्त भएको हो यसमा सन्देह छैन।

वेदाच्छैव ततो वामं ततो दक्षं ततः कुलम्।
ततो मतं ततश्चापि त्रिकं सर्वोत्तमं परम्॥

– तन्त्रालोक ३४ पृ.

यस वाक्यले पनि यही तथ्य समुद्घाटन गर्दछ।

वेदबाट शैव, शैवबाट वाम, वामबाट दक्ष, दक्षबाट कुल, कुलबाट मत, मतबाट पनि त्रिकशास्त्रको उत्पत्ति भएको हो र त्यो सर्वोत्तम मानिन्छ। त्रिकदर्शनको उद्भव र विकासक्रमलाई मोटामोटी रूपमा तीन खण्डमा विभक्त गर्न सकिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(१) आगमशास्त्र र यसको कालखण्ड

(२) स्पन्द शास्त्र र यसको कालखण्ड

(३) प्रत्यभिज्ञाशास्त्र र यसको कालखण्ड

१. **आगमशास्त्र** मानव रचित मानिदैन। यो स्वयं भगवान् शिवले आफूदेखि अभिन्न रहेको आफ्नै परमार्थ स्वरूप पराविद्यालाई लोककल्याणका लागि स्वयं गुरु पदमा रहेर आफ्नी पराशक्ति उमालाई शिष्यभावमा राखी आविर्भूत गर्नुभएको मानिन्छ। शिवले आफू परब्रह्मदेखि स्थावरसम्मका पशुत्व (अज्ञान) बद्ध पशुहरूको पशुत्व(अज्ञान) निवृत्त गर्न कारुण्य भावले पाँचवटा मन्त्रमय मूर्ति **ईशान, तत्पुरुष, सद्योजात, अघोर, वामदेव** स्वरूप अथवा **कालाग्निरूप** समेतका छ मूर्तिको स्वरूप धारण गरेर स्वयं गुरु भावमा आसीन भई आफ्नी पराशक्ति उमालाई पनि **कामेश्वरी, पूर्णेश्वरी, कुब्जेश्वरी, निशेश्वरी** र **सिद्धेश्वरी** पाँच शक्तिका रूपमा अथवा **वज्रेश्वरी** समेतकी ६ शक्तिका रूपमा शिष्यभावमा राखी सम्पूर्ण शिवशास्त्रको उपदेश गर्नुभएको हो। उहाँबाट भेद प्रधान दश शैव आगम, भेदाभेद प्रधान अठार रुद्र आगम र अभेद प्रधान चौसठ्ठी तत्त्वको आविर्भाव भएकाले समस्त आगम तन्त्रशास्त्रलाई शिव शास्त्र वा शिव शास्त्रको नाम दिइएको हो। यसैको अध्ययन र अनुपालनबाट लोकका पशुत्वको परिहार हुने भएकाले शिवलाई पशुपतिका रूपमा आज पनि आराधना गरिन्छ।

शिवबाट निःसृत आगम वा तन्त्रका ज्ञानराशिलाई व्यापकरूपमा प्रकाशित गर्ने धेरै तन्त्रग्रन्थहरू छन् तापनि **मालिनीविजय, स्वच्छन्द, विजय भैरव, आनन्द भैरव, मृगेन्द्र, मातङ्ग, नेत्र, विश्वास** वा **निःश्वास, स्वायम्भुव, रुद्रयामल** आदिलाई मुख्य मानिन्छ। यिनका विषयवस्तु मूल आगमबाट लिइएका र विश्लेषित गरिएका हुन्। मूल आगम १०, १८ र ६४ यिनका नाम भेद धेरै ठाउँमा दार्शनिक, तन्त्रचिन्तक विद्वान्हरूले दिएका छन्।

प्रकृतमा त्रिकशास्त्रका मूल आधार शिवसूत्रहरू नै हुन् भन्ने मान्यता छ। शिवसूत्रका वार्तिकमा **सूत्रमाह महेश्वरः 'शिवसूत्रमरीरचत्'** यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्य लेखिएका छन् । यसबाट स्पष्ट हुन्छ त्रिकशास्त्रको मूल उपर्युक्त शिवसूत्र नै हुन् । शिवसूत्र त्रिकशास्त्रमा उल्लेख भएअनुसार यी सूत्रहरूको संख्या सत्तहत्तर छन् । यी सूत्रहरू महादेव गिरिमा एउटा ठूलो ढुङ्गामा उट्टङ्कित भएर घोप्ट्याएको रूपमा आचार्य वसुगुप्तलाई उपलब्ध भएको थियो भनिन्छ । आचार्य वसुगुप्तको आठौं (ई) शताब्दीको अन्तिम भाग नवौं (ई) शताब्दीको पूर्वार्ध थियो भन्ने विद्वान् विश्लेषकहरूको मत छ । माथि सोमानन्दनाथले शिवदृष्टि ग्रन्थको अन्तिम आह्निकमा उल्लेख भएअनुसार भगवान् श्रीकण्ठका रूपमा अवतरित शिवले आचार्य वसुगुप्तलाई स्वप्नमा आदेश भएअनुसार वसुगुप्तले महादेव गिरिका शिलामा उट्टङ्कित ती शिवसूत्रहरू भेट्टाएर तिनीहरूलाई प्रकाशित गरेका हुन् भन्ने प्रसिद्धि छ ।

शिवसूत्रमाथि पछि समय-समयमा पाँचवटा टीकाहरू लेखिएका छन् । तिनैका माध्यमले शिवाद्वैतदर्शन त्रिकदर्शनका रूपमा पछि विकसित भएको हो । वृत्तिकार को थिए र कहिले भए अनिश्चित छ, यसको सन्दर्भ निर्देश क्षेमराजले आफ्नो निर्देशनी टीकामा पाइन्छ । भास्करको वार्तिकको रचना एघारौं शताब्दीमा भएको हो ।

वसुगुप्त त्र्यम्बक मठका प्रधान गुरु थिए । उनले **स्पन्दामृत, सिद्धान्त चन्द्रिका** आदि ग्रन्थको निर्माण गरेर त्रिकदर्शनका आन्तरिक विषय वस्तुको सम्प्रेषणलाई अघि बढाए । यी ग्रन्थहरूको चर्चा धेरैले गरेका छन् ।

२. **स्पन्दशास्त्र** स्पन्दसूत्र भनिने ५०-५२ कारिकाहरूमा विस्तारित रचना जसमा शिवसूत्रहरूकै आधारमा नयाँ कोणबाट व्याख्या गरिएको छ, भट्ट कल्लटले नवौं शताब्दीको मध्यमा गरे । यिनी आचार्य वसुगुप्तकै शिष्य थिए । यो तथ्य–

वसुगुप्तादवाप्येदं गुरोस्तत्त्वार्थदर्शिनः ।
रहस्यं श्लोकयामास सम्यक् श्रीभट्टकल्लटः ।

सरहस्यान्यतः सोऽपि प्रादाद् भट्टाय सूरये ।
श्रीकल्लटाय सोऽप्येवं चतुः खण्डानि तान्यथ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकरोत् त्रिकमेतेभ्यः स्पन्दसूत्रैः स्वकैस्तवैः ।
तत्त्वार्थ चित्तामव्याख्यटींकया खण्डमन्तिमम् ।

– शिवसूत्र वार्तिक १-४-५

यी पद्यहरूबाट प्रष्ट हुन्छ । तर यसमा स्पन्दकारिकालाई वसुगुप्तकै कृति र त्यसको टीकाकार मात्र भट्टकल्लटलाई मान्ने पनि मत छ।

भट्टकल्कटका अरू पनि केहीं कृति छन् । **शिवसूत्रवृत्ति, स्पन्दसर्वस्व** र **तत्त्वचिन्तामणि** आदि । यी सबै ग्रन्थहरूले त्रिकदर्शनलाई व्याख्यात्मक रूपमा अघि बढाए वा विस्तारित गरे भन्ने कुरा उक्त शिवसूत्र वार्तिकका उद्धरणबाट स्पष्ट हुन्छ । पछि गएर उपर्युक्त स्पन्दवृत्ति माथि अरू पछिका आचार्यहरूले पनि टीका लेखे। रामकण्ठ जो प्रत्यभिज्ञा कारिकाका रचनाकार उत्पलदेवका शिष्य मानिन्छन् तिनको विवृति, उत्पल वैष्णव उक्त प्रत्यभिज्ञाकारिकाका रचयिता उत्पलदेव होइनन्, तीभन्दा पछिका त अभिनवगुप्तभन्दा केही अघिको प्रदीपिका क्षेमराजको स्पन्दसन्दोह र स्पन्द निर्णय आदि ।

३. **प्रत्यभिज्ञाशास्त्रलाई** त्रिकको मनन अथवा विस्तारशास्त्र अर्थात् दर्शन भन्नु उपयुक्त मान्दछन् विचारकहरू । यसका प्रवर्तक, विश्लेषक वा प्रवक्ता आचार्य सोमानन्द हुन् । उनले सत्र आह्निकमा विस्तारित रचना शिवदृष्टि लोकलाई प्रदान गरेर प्रत्यभिज्ञा दर्शनलाई समग्र स्वरूप प्रदान गरे । सोमानन्दको शैली यस्तो थियो– आफ्नो पक्ष उपस्थापन गरेर अर्काको पक्षको प्रस्तुतिपूर्वक त्यसको तर्कपूर्ण ढङ्गले खण्डन गर्दै पुनः आफ्नो स्थापनालाई दृढता प्रदान गर्दै निष्कर्षमा पुग्न उनी निपुण थिए। उनी राम्रो तार्किक र व्याख्यातापनि थिए भन्ने समालोचकहरूको मान्यता रहेको छ।

सोमानन्दनाथको कृति शिवदृष्टिले प्रत्यभिज्ञादर्शनको जग बसालेको छ। त्यसै जगमा पश्चाद्वर्ति विद्वान्हरूले यसको भव्य भवन खडा गरेका हुन् भन्नु उपयुक्त नै हुन्छ। आलोककार अभिनवगुप्त स्वयं भन्दछन्–

श्रीसोमानन्दबोधश्रीमदुत्पलविनिःसृताः ।
जयन्ति संविदामोदसंदर्भा दिक्प्रसारिणः ॥ – तन्त्रालोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सोमानन्दनाथले आफ्नै कृतिमाथि आफैंले वृत्ति(टीका) पनि लेखेका थिए। यसको उद्धरण ठाउँ–ठाउँमा पाइन्छ तर मूल भने उपलब्ध छैन।

प्रत्यभिज्ञा दर्शनको विस्तार गर्ने क्रममा नै उत्पलदेव र स्पन्दप्रदीपिकाकार उत्पलभन्दा पहिलेका अर्कै व्यक्तित्वले अर्को कृति लोकलाई प्रदान गरे त्यो हो **'ईश्वरप्रत्यभिज्ञा'** उत्पलदेव सोमानन्दको प्रसिद्ध शिष्य थिए। यो कृति पनि श्लोकबद्ध रूपमा पाइन्छ, जसलाई सूत्र पनि भन्ने गरिन्छ। यसमा उत्पलदेवले आफ्नै गुरु सोमानन्दकै कृति शिवदृष्टिलाई संक्षेपमा विवृत गरेका छन्। यसैले यसलाई सोमानन्दका ज्ञानको प्रतिविम्ब पनि भन्ने गरिन्छ। उत्पलदेवको समय नवौं शताब्दी (ई.)को उत्तरार्ध वा दशौं शताब्दीको प्रारम्भ मान्न सकिन्छ भन्ने विद्वान्हरूको मत छ।

उत्पलदेवका अन्य कृतिहरूमा **सिद्धित्रयी, अजडप्रमासिद्धि, ईश्वरसिद्धि, संबद्धसिद्धि, स्तोत्रावली** आदि पनि र तिनमा लेखिएका वृत्तिहरू पनि छन्। साथै सोमानन्दकै शिवदृष्टिमाथि रचिएको टीका 'वृत्ति' केही अपूर्णरूपमा भेटिन्छ। आचार्य उत्पलदेवपछि शैवदर्शनका आगम प्रधान र तर्क प्रधानधाराहरू जोडिन्छन् र एउटा संगमको रूप यसले लिन्छ। यसको श्रेय शिवसूत्र वार्तिककार भास्कर एघारौं शताब्दी (ई.)का पुत्र लक्ष्म गुरुलाई जान्छ जो एघारौं शताब्दी (ई.)का मध्यतिर अवस्थित थिए।

त्यसपछि त्रिकदर्शन प्रत्यभिज्ञादर्शनको ज्ञानराशिलाई विस्तारित गरी यसलाई अझ संमृद्ध र परिपूर्ण गराउने काम महामाहेश्वर अभिनवगुप्तले गरेका हुन्। बहुमुखी प्रतिभाका धनी परममाहेश्वर महाकौल अभिनवगुप्त एघारौं शताब्दी (ई.)का प्रारम्भमा अवस्थित थिए भने विद्वान्हरूको मत छ।

उनका कृति **ईश्वरप्रत्यभिज्ञाविमर्शिनी, ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी तन्त्रालोक तन्त्रसार, परमार्थसार, परात्रिशिका विवरण, मालिनीविजयवार्तिक** आदि आदि चालीसभन्दा बढी छन्। उनका यी ग्रन्थहरू सबै प्रौढ, विद्वत्तापूर्ण, विवेचनायुक्त, गम्भीर भएकाले अभिनवगुप्तलाई शैवदर्शनका महागुरुका पदमा विद्वान्हरूले विराजमान गराएका छन्। प्रकृत विषयको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भमा अभिनवगुप्तका दुईवटा प्रौढ रचना ईश्वरप्रत्यभिज्ञाविमर्शिनी र ईश्वरप्रत्यभिज्ञाविवृत्तिविमर्शिनी प्रत्यभिज्ञाशास्त्रका आधारस्तम्भ र प्रामाणिक मानिन्छन् र तिनै माथि खडा भएका त्रिकशास्त्रका भव्य प्रासादले समस्त शिवाद्वैत ज्ञानलाई आश्रय प्रदान गरिरहेकै छ।

यसै परम्परालाई अभिनवगुप्तकै अर्का पट्टशिष्य क्षेमराजले अघि बढाएको देखिन्छ। उनको समय एघारौं शताब्दी (ई.)को प्रारम्भ हुन सक्छ भनिन्छ । उनको रचना **प्रत्यभिज्ञाहृदय, स्पन्दसन्दोह, स्पन्दनिर्णय, शिवसूत्रविमर्शिनी, तत्त्वसन्दोह** आदि ग्रन्थहरूले त्रिकदर्शन ज्ञानराशिलाई सुप्रकाशित र सुसमृद्ध बनाएका छन्।

विश्वको प्राचीनतम प्रामाणिक साहित्य वेदमा मुखरित शाश्वत मान्यतामा आधारित वेदाङ्ग, पुराणहरूद्वारा परिपुष्ट शिवाद्वैतज्ञान त्रिकदर्शन त्र्यम्बकशास्त्र अथवा प्रत्यभिज्ञाशास्त्र यद्यपि उत्तरभारत काश्मीरमा विकसित भएको भए तापनि यसले समस्त भारतवर्ष र त्यसभन्दा बाहिर पनि जहाँ जहाँ शिवशास्त्रका मान्यताको प्रभाव रहेको छ सबै विचार क्षेत्रलाई यसले आलोकित गरेको छ । विचारमा मात्र नभएर धार्मिक मान्यताहरूमा, उपासना–साधनाहरूमा जीवनयात्रामा समेत आफ्नो प्रबल प्रभाव पारेर सबैलाई अनुप्राणित गरेको छ। तन्त्र साधनामा त यसको झन् ठूलो प्रभाव छ। **'देवो भूत्वा देवं यजेत्'** भन्ने तन्त्र साधनाको निर्देशलाई विधि प्रदान गरेर परिपुष्ट बनाएको छ प्रत्यभिज्ञादर्शनले । यसले समस्त मानव जातिलाई सर्वज्ञ ईश्वरत्व मात्र होइन परिपूर्ण ब्रह्मभाव प्राप्त गर्ने मार्ग प्रदर्शन गर्दछ। साधनागत मान्यता स्थापनका साथै त्यसलाई परिपुष्ट पारी बल प्रदान गर्न समेत सहायता गर्दछ।

प्रत्यभिज्ञा दर्शनको उद्भव र विकास क्रमका साथै यसका विविध साहित्यको उल्लेख गर्ने प्रयोजनका निमित्त आलेख तयार गर्ने प्रकृत सन्दर्भ डा. जगदीश अधिकारीबाट नेपाली भाषामा अनूदित क्षेमराजको विशिष्ट कृति प्रत्यभिज्ञाहृदयको प्रकाशनसँग जोडिन्छ। परममाहेश्वर अभिनवगुप्तका शिष्य क्षेमराजको प्रसिद्ध रचना प्रत्यभिज्ञाहृदय बीसवटा सूत्रहरू र तिनीहरूमा अन्तर्गर्भित भावना र मान्यताहरूको प्रकास गर्ने टीकामा आबद्ध छ। क्षेमराजले विस्तार गरेको हृदय जुन बीस सूत्रमा आधारित छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरूमा समस्त प्रत्यभिज्ञा दर्शनका मान्यताहरू आबद्ध छन्, यसमा कुनै सन्देह छैन । क्षेमराजले प्रत्यभिज्ञाहृदय रचना गर्नको प्रयोजन टीकाको आरम्भमा रहेको मङ्गल वाक्यमा स्वयं प्रकाशित गरेका छन् । **संसार विषशान्तये** संसारको विष शान्त गर्नको लागि । संसार विषाक्त कष्टको सागर हो, त्यो विष त्यो कष्टको निवृत्ति प्रत्यभिज्ञशास्त्रमा निर्दिष्ट मार्गको अवलम्बन र त्यसमा बताइएअनुसारको साधनाबाट मात्र सम्भव छ भन्ने आशय क्षेमराजको रहेको स्पष्ट छ। फेरि प्रत्यभिज्ञाहृदयको विषयवस्तु पनि त्यसै मङ्गलवाक्यमा स्पष्ट छ **'शाङ्करोपनिषत्सार प्रत्यभिज्ञामहोदधेः'** शङ्करोपनिषद्हरूको सार हो प्रत्यभिज्ञा त्यो ज्ञानको समुद्र हो विशाल छ, सजिलै पार गर्न सकिदैन त्यसैले त्यसको सार यहाँ बताइएको छ।

ग्रन्थका अधिकारी त भक्तहरू हुन्, जो मन, बुद्धिका छन्, तीक्ष्ण तर्कशास्त्रमा परिश्रम गर्न सकेका छैनन्, गुरुबाट प्राप्त शक्तिपातबाट प्राप्त हुने परमेश्वर शिव समावेश प्राप्त गर्न चाहन्छन् । त्यस्ता अधिकारीका लागि प्रत्यभिज्ञाको उपदेश गरेको हूँ भनी स्वयं क्षेमराज प्रारम्भमा उल्लेख गर्दछन् । प्रत्यभिज्ञाशास्त्रको ज्ञानबाट हुने उपलब्धि पनि क्षेमराज स्वयं अन्तिम दुई सूत्रको व्याख्याको सन्दर्भमा उल्लेख गर्दछन् शक्तिपातबाट पारमेश्वर समावेश प्राप्त गरेपछि नित्य उदित समाधिलाभ हुन्छ, साधकलाई संविद् देवता चक्रको जो अनुपम ऐश्वर्य छ त्यो प्राप्त हुन्छ। त्यो साधक परम योगी हुन्छ, ईश्वरताको साम्राज्य परभैरवात्मता प्राप्त हुन्छ र चक्रेश्वरको पदमा अधिष्ठित हुन पाउँछ।

जुन साधकलाई शङ्करका कृपाबाट शक्तिपात हुन्छ, त्यसले शास्त्रमा धेरै अभ्यास गर्न नसकेतापनि तीक्ष्ण युक्तिहरू बुझ्न योग्य नभए पनि प्रत्यभिज्ञाको मूल तत्त्व बुझ्न र आत्मसात् गर्न नसकेतापनि यो उपदेश त्यसका लागि हो र त्यस्तो साधक पनि मुक्त हुन सक्छ यस तत्त्वोपदेशले भन्ने यस्तो उपसंहार क्षेमराजले गर्नुभएको छ।

अब अन्तमा केही प्रस्तोताका विषयमा

प्रत्यभिज्ञा दर्शनको उद्भव र विकास क्रमका साथै यसका विविध साहित्यको उल्लेख गर्ने प्रयोजनका निमित्त आलेख तयार गर्ने प्रकृत सन्दर्भ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डा. जगदीश अधिकारीबाट नेपाली भाषामा अनूदित गर्न लगाइएको क्षेमराजको विशिष्ट कृति प्रत्यभिज्ञाहृदयको प्रकाशनसँग जोडिन्छ।

प्रत्यभिज्ञाहृदयका प्रस्तोता **डा. जगदीश शर्मा अधिकारी** मेरा गुरुभाइ हुनुहुन्छ। उहाँका पिता पूर्वबडागुरुज्यू अम्बिकाप्रसाद अधिकारी मेरा गुरु हुनुहुन्थ्यो। उहाँले वि. सं. २०१४ सालतिर संस्कृत प्रधान पाठशाला रानीपोखरी काठमाडौंमा मलाई पूर्वमध्यमा स्तरमा न्यायशास्त्र पढाउनुभएको थियो। न्याय वैशेषिक र सम्पूर्ण दर्शनशास्त्रको उपकार आधारभूत ग्रन्थ न्यायसिद्धान्तमुक्तावली र नव्यन्यायशास्त्रको प्रारम्भिक ग्रन्थ व्याप्तिपञ्चक मैले उहाँबाट पढेपछि मेरो न्याय विषयक शिक्षाको जग बसेको थियो। गुरु अम्बिकाप्रसाद अधिकारी मेरो शिक्षा गुरुमात्र होइन मेरो आदरणीय अभिभावक, ममाथि अत्यन्त वात्सल्य राख्ने, मेरा व्यक्तिगत समस्याहरू पनि राम्ररी सुनेर यसको समाधान दिने, मेरा हितचिन्तक, पिता समान प्रेमपूर्वक मार्गदर्शन गर्ने व्यक्ति हुनुहुन्थ्यो। उहाँकी धर्मपत्नी गुरुआमा लोकलक्ष्मी अधिकारी पनि मलाई आफ्नै पुत्र समान अत्यन्त प्रेम गर्ने सज्जन महिला हुनुहुन्थ्यो। म गुरु, गुरुआमाका जीवनकालमा उहाँका घरमा प्रायः गइरहन्थें। म गुरु तत्कालिक संस्कृत अध्ययन संस्थानका डीन पदमा रहँदा उहाँकै आज्ञाले डीन कार्यालय दाङमा सहायक डीन पदमा पनि मैले काम गर्ने अवसर पाएँ। उहाँको व्यक्तित्वबाट म ज्यादै प्रभावित, लाभान्वित थिएँ र छु पनि। उहाँको गुण म जीवनभर बिर्सन सक्तिन।

त्यतिबेलादेखि नै म उहाँका जेठा छोरा आजका डा. जगदीश शर्मा अधिकारीसँग परिचित छु। उमेरले मभन्दा दुई वर्ष मात्र कान्छा डा. अधिकारी मेरा दौंतरी गुरुभाइ हुन्। बाल्यकालदेखि नै उनी ज्यादै प्रतिभाशाली, अध्ययनशील कुनै पनि विषयवस्तुलाई विश्लेषण गरेर मात्र मान्ने, अनुशासन मन पराउने थिए भन्ने मैले बुझेको छु। गुरुको जीवनकाल पछि मेरो उस्तो डा. अधिकारीसँग भेटघाट भएन तर समयको ठूलो अन्तरालपछि डा. जगदीश शर्मामा आफ्नो दर्शन, आफ्नो संस्कृति, आफ्नो प्राचीन परम्परालाई बुझ्ने, आधुनिक परिप्रेक्ष्यमा विश्लेषण गर्ने, त्यसको मर्मलाई आत्मसात् गर्ने प्रवृत्ति जागृत भएछ। म पनि पूर्वीय दर्शनको विद्यार्थी, विशेषतः शैव, शाक्त दर्शनहरूमा आस्था राख्ने प्रवृत्तिको भएकाले शैव अद्वैत सिद्धान्त प्रत्यभिज्ञाको महत्त्व विषयवस्तु, वैशिष्ट्य बारे मेरो चर्चा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भयो मैले केही साहित्य पनि उपलब्ध गराएँ। त्यसबारे त्यहाँ पनि अध्ययन चलेछ, उनको मनसाय प्रत्यभिज्ञादर्शनको महत्त्वपूर्ण सिद्धान्त ग्रन्थ पुनः प्रकाशन गर्ने भएछ र काम तीव्र गतिमा शुरु भै सम्पन्न पनि गरियो। मलाई त्यसका ऐतिहासिक पक्ष स्पष्ट हुने भूमिका तैयार गर्ने अभिभारा आइ पऱ्यो र काश्मीर शैविजम्, अभिनवगुप्त, शिवदृष्टि, त्रिकदर्शन आदि ग्रन्थका आधारमा मैले त्यो भूमिका यथामति तैयार गरेर प्रस्तुत गरेको छु।

नेपाली अनूदित ग्रन्थ प्रत्यभिज्ञाहृदय हेर्ने अवसर प्राप्त भयो। मेरो दृष्टिमा उक्त अनुवादको भाषा सरल र प्रवाह राम्रो छ, सुबोध छ। नेपालीभाषा मात्र जान्ने, त्यसै माध्यमले प्रत्यभिज्ञाशास्त्रको विषयवस्तु बुझ्न खोज्ने, जिज्ञासुलाई यसले लाभ पुऱ्याउने छ। यस विषयका साधकलाई पनि यसले लाभ पुऱ्याउने छ भन्ने मेरो विश्वास छ।

प्रस्तुत पुस्तक प्रत्यभिज्ञाहृदयको दर्शन पक्ष, विषयवस्तु प्रकाशित हुने भूमिका मेरा परम आदरणीय सन्तकल्प अग्रज प्राध्यापक डा. दुर्गाप्रसाद दवाडी, दर्शनाचार्य एवं आगमाचार्यले तैयार गर्नुभएको छ। उहाँले आफ्नो भूमिका मात्र प्रेमवशात् मलाई पनि देखाउनुभएको थियो। मलाई त्यो अत्यन्त राम्रो, सुस्पष्ट, सुबोध लाग्यो, जिज्ञासुले त्यसबाट पनि निकै लाभान्वित हुने अवसर पाउनेछन् भन्ने मेरो विश्वास छ।

अन्तमा, डा. जगदीशशर्मा अधिकारी, ग्रन्थका प्रस्तोता मेरा गुरुभाइलाई म धन्यवाद दिन चाहन्छु। उनको प्रेम, सद्भावनापूर्ण आग्रहले प्रत्यभिज्ञादर्शनको पुनरवलोकन, इतिहास पक्षको विश्लेषण, भूमिका लेखनमा मलाई अपूर्व अवसर प्राप्त भयो। यो मेरो स्वाध्याय भयो भन्ने मलाई लाग्छ।

परमेश्वर शङ्करको अनुपम कृपा हामी सबैलाई प्राप्त होस् यही प्रभुमा प्रार्थना छ। शुभम्॥

--॥ ❋❋❋❋ ॥--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद गर्दाका क्षणहरू

– हरिप्रसाद सोडारी

अरुकी आमालाई नमस्कार गर्ने आफ्नी आमालाई ढोग्ने, पहिले आफूलाई जान्ने अनि अरुलाई बुझ्ने, आत्मवत् सर्वभूतेषुको संस्कारमा जन्म र बढ्न पाएँ मैले । संसारकै जेष्ठ र श्रेष्ठ ग्रन्थ वेदको संकलन र अध्ययन गर्ने वैज्ञानिक ऋषिमुनिका सन्ततिका रूपमा यस धरामा तातेताते गर्दै पाइला चाल्न सिकेँ मैले । वेद मेरो पैतृक सम्पति, संस्कृत मेरो भाषा, अग्ला टाकुरा, अनन्त ज्ञानका भण्डारको मेरो सान्निध्य । जाग र जगाऊ, बाँच र बचाऊ, हिँड र हिँडाऊको दैनिकी बोकेको मेरो संस्कृतिमा मैले शैशव बिताएँ। त्यस कारण संस्कृतभाषाको गम्भीर अध्ययन, दर्शनको अनुशीलन विना नै प्रत्यभिज्ञाहृदयम्को अनुवाद गर्ने मौका पाएँ मैले । सबै समयको खेल, विधाताको तारतम्य, शिवको अनुकम्पा म तं निमित्त त हूँ । **मूकं करोति वाचालाम्, पङ्गुं लङ्घयते गिरम्** यदि उसको कृपा भयो भने के हुदैन र ? सायद यस्तै भएर होला म प्रत्यभिज्ञाको खोल ओडेर शिवको अनुकम्पालाई पर्खन पुगेँ।

अंग्रेजीभाषामा अधिकांश समय विताउनुभएका डा. जगदीश शर्मा अधिकारीज्यू र मेरा पूज्यपाद गुरुदेव डा. स्वामी प्रपन्नाचार्यको भेटमा अनेक ग्रन्थका चर्चा हुन्थे । त्यसमा गोताखोर भएर डुबुल्की मार्न नसके पनि किनारमा बसेर त्यो महासागरलाई देख्ने र क्षमता अनुसार अनुभव गर्ने सौभाग्य पाएको थिएँ। गुरुदेवका कारण म पनि शर्माज्यूसँग जोडिन पुगेछु। एक दिन डा. सा'बले मलाई उहाँको घरमा बोलाएर प्रत्यभिज्ञालाई नेपालीकरण गर्न भन्नुभयो । मलाई त *के खोज्छस् कानो आँखो* भने जस्तै भयो । शैवदर्शनको अनुवादको नाममा शिवमय हुने सौभाग्य प्राप्त हुनु मेरो लागि गर्वको विषय हो । मूलप्रति एक पटक पढेपछि यसको प्रारम्भ गर्न मेरो लेखनी कति उपयुक्त छ ? मेरो गति कति छ ? म कहाँ छु ? आफैंलाई सोध्न थालेँ । भाग्नुभन्दा पहिले प्रयास गर्नु सर्वोत्तम उपाय हो भन्ने मैले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ठानेँ। वाक्य, शब्द र अक्षरकै अर्थ गर्न पर्ने दर्शनमा मैले कसरी नाउ चलाउन सक्छु र ? त्यो विहङ्गम दृष्टिको सुगन्ध आफूमा खोजेँ, खोतलेँ, सबैतिर शून्य र मौनता। एउटा भाव र चिन्तन भएको प्रत्यभिज्ञाहृदयम् अनुवादका क्रममा अर्को भाव, चिन्तन र ज्ञानको जन्म भयो भने त **विनायकं प्रकुर्वाणो रचयामास वानरम्** भने जस्तो हुने डर अत्यधिक थियो। बालकले गरेको गल्तीमा माफ हुन्छ भन्ने विषयमा म ढुक्क थिएँ। त्यसैले अनुवाद गर्दै गएँ। तँ आँट म पुऱ्याउँछु, भन्ने भगवान्को प्रेरणामय उपदेश किन झुटो हुन्थ्यो र ? सम्पादक गुरुवर भीमप्रसाद कण्डेलज्यू भएको सुनेपछि म ढुक्क भएर भोलेनाथप्रति कृतज्ञता जाहेर गरेँ। गुरुवर कण्डेलज्यूसँग मैले मध्यसिद्धान्तकौमुदीसम्म अध्ययन गर्ने सुअवसर पाएको थिएँ। बीच बीचमा अन्य विषयका बारेमा सोध्ने कार्यलाई टुटाएको थिइँन। अनुवाद एक प्रकारले गुरुलाई गृहकार्य देखाउने मौका मिलेको जस्तो भयो मलाई। अब अनुवाद गर्न कुनै डरै भएन। विविध पाठभेदलाई केलाउदै शुद्ध पाठहरू निर्धारण ग़र्ने, केही पाठभेदहरूलाई टिप्पणीमा प्रस्तुत गर्ने एवं आवश्यक स्थलमा टिप्पणीसहित अनुवादनलाई पारिमार्जन र आधिकारिक बनाउनमा गुरुदेवको स्तुत्य श्रम खर्च भएको छ। जसका बारेमा पुस्तक आफैं बोल्ने छ। जगदीश बुबाको प्रेरणा, गुरुवर कण्डेलको स्नेह, सद्भाव र मार्गदर्शन त्यसमाथि शिवको अनुकम्पा अनि म किन पछि हट्ने? किन हात कमाउने ?

मलाई लाग्छ दर्शनशास्त्र वर्णन गर्ने विषय नै होइन, चिन्तन, मनन र निदिध्यासन गर्ने विषय हो। भाषा जान्नका लागि मात्र कखरा चिन्न आवश्यकता पर्दछ, तत्त्व जान्न, परमात्मा साक्षात्कार गर्न होइन। दर्शनको तत्त्व मौन छ, सुन्दर छ, शान्त छ, विशाल छ, जसलाई शब्दमा वर्णन गर्न सकिँदैन। हाम्रा दर्शन सडकको कोलाहलमा, भौतिक सम्पन्नताको वैभवमा होइन शिवजस्तै त्यागी बनेर जहाँ जंगल उही मङ्गल भनी चिन्तन गर्ने विषय हो। आरण्यकग्रन्थले यसलाई अझै पुष्टि गर्दछ। प्रत्यभिज्ञा भनेको पहिले कतै देखेको, सुनेको कुरालाई अहिले देख्दा, सुन्दा पहिले नै थाहा पाएको वा देखेको जस्तो गरी याद आउनु हुन्छ। जन्मजन्मान्तरको आवत-जावत, व्यावहारिक दशा र नशाले परमात्माको चिन्तन र सान्निध्य छुटेको हुन्छ। जब सुदिन आउँछ अनि शिवको महती अनुकम्पाले ढुङ्गो खोज्दा देवता मिल्छ। प्रत्यभिज्ञाका माध्यमबाट जीवात्मा शिवमार्गको पथिक हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यभिज्ञादर्शन काश्मीरी शैव दर्शन हो । क्षेमराजद्वारा रचिएको यो दर्शन काश्मीरमा हुर्कियो, बढ्यो र फैलन थाल्यो । फूलको सुगन्ध हावा बहेको दिशामा मात्र जान्छ तर विद्याको सुगन्धलाई सीमानाको बन्धनले रोक्न सक्दैन, सबैतिर फैलिन्छ । शैवदर्शनभित्र प्रत्यभिज्ञाहृदयम् लिङ्गायत सम्प्रदायको दर्शन हो। क्षेमराजले यसभित्र गागरमा सागर अटाउने अतुलनीय कार्य गरेका छन् । २० वटा सूत्रमा ज्ञानसागरलाई खुम्च्याउने तागत भएका क्षेमराजको विद्वत्ता र दिमागको वर्णन गर्न निकै मसी र कागजको खर्च गर्नु पर्छ। यसका हरेक शब्दहरू मनोयोगले गोड्ने मानव जीवात्माको उपाधिबाट मुक्त हुन्छ, तर त्यसका लागि गोड्ने, खोस्रने साधना वा औजार गतिलो हुनु पर्‍यो, गोड्न जान्नु पर्‍यो । मेरो लेखनीले यस्तो कार्य गर्न नसके पनि नेपालीकरण गर्ने सौभाग्य पाएकोमा कृतकृत्य भएको छु। यो सुवर्ण अवसर दिने डा. जगदीशशर्मा अधिकारी मुख्य पात्र हुनुहुन्छ । उहाँले प्रत्यभिज्ञाहृदयम्लाई नेपालीभाषीले सरल र सरस भाषामा बुझ्ने सुअवसर दिनुभयो । अंग्रेजी पढेपछि देश, केश र भेष भुल्नुपर्छ भन्नेहरूलाई डा. अधिकारी महौषधि हुनुहुन्छ । उहाँका दिनचर्या संस्कृतमय, दर्शनमय, अध्यात्ममय, चिन्तनमय छन् । मलाई लाग्छ उहाँको घर नै साधनाको सिद्ध मन्दिर हो जहाँ राजबडागुरु श्रीअम्बिकाप्रसाद अधिकारीका शास्त्रहरू झाँगिएका थिए। यही पैतृक सम्पत्तिलाई डा. सा'बले संरक्षण मात्र होइन फैलाउने, फूलाउने र अरुलाई पनि रसास्वादन गराउने कार्य गरिरहनुभएको छ। यो अनुकरणीय कार्य व्यवहारिक रूपमा कमैले गर्दछन् । उहाँका यी कार्यहरूले अमृतपान गरून् र शिवमय नै उहाँको दैनिकी बनोस्।

अन्तमा अनुवादका क्रममा भएका गल्तीप्रति म भोलेनाथसँग क्षमायचाना गर्दै विद्वान् र साधकहरूले यसको कमजोरी औँल्याइदिनु हुनेछ र मेरो मार्ग अझ फराकिलो बनाइदिनु हुनेछ भन्ने पूर्ण विश्वास पनि गर्दछु।

--॥ ❋❋❋❋ ॥--

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमो मङ्गलमूर्तये

अथ

प्रत्यभिज्ञाहृदयम्

मूलपाठभाषान्तरसहितम्

नमः शिवाय सततं पञ्चकृत्यविधायिने।
चिदानन्दघनस्वात्मपरमार्थावभासिने ॥१॥
शाङ्करोपनिषत्सारप्रत्यभिज्ञामहोदधेः।
क्षेमेणोद्ध्रियते सारः संसारविषशान्तये[1] ॥२॥

निरन्तर सृष्टि, स्थिति, संहार, निग्रह, अनुग्रहरूप पञ्चकृत्यमा निरत, चिदानन्दघन स्वरूप भएका, आफ्नै आत्मालाई परमार्थ रूपमा प्रकट गर्ने परम शिवतत्त्वलाई बारम्बार नमस्कार छ।

शिवसम्बन्धी रहस्यज्ञानको साररूप शाङ्करोपनिषद्सार मानिने उत्पलदेव प्रणीत ईश्वरप्रत्यभिज्ञादर्शन हो र त्यही ईश्वरप्रभिज्ञारूपी महासागरबाट शिववियोगजन्य जन्ममृत्युप्रवाहगत शोक मोहरूप सांसारिक विष शमनका लागि क्षेमराजद्वारा यो प्रत्यभिज्ञाहृदयरूपी सार अर्थात् अमृत निकालिएको छ।

---

१ उद्धराम्यमृतं सारं संसारविषशान्तिदम्। इति पाठान्तरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इह ये सुकुमारमतयोऽकृततीक्ष्णतर्कशास्त्रपरिश्रमाः शक्ति-पातोन्मिषितपारमेश्वरसमावेशाभिलाषिणः कतिचिद् भक्तिभाजः तेषामीश्वरप्रत्यभिज्ञोपदेशतत्त्वं मनागुन्मील्यते।

तत्र स्वात्मदेवताया एव सर्वत्र कारणत्वं सुखोपायप्राप्यत्वं महाफलत्वं चाभिव्यङ्क्तुमाह।

यस संसारमा केही यस्ता भक्तजनहरू छन् जसको चिन्तन, मननशक्ति विकास भएकै छैन, जसले कठिन तर्कशास्त्रमा परिश्रम गरेका छैनन् तर जो परमेश्वरमा समावेश अर्थात् एकात्मभाव हुने अभिलाषा गर्दछन् । जुन परमेश्वरमा हुने समावेश हो त्यो परमेश्वरकै शक्तिपातबाट अर्थात् शिवानुग्रहबाट सम्भव हुन्छ । त्यसप्रकारका भक्तिलाई लक्ष्य गरी ईश्वरप्रत्यभिज्ञादर्शनमा जुन तत्त्वोपदेश गरिएको छ। त्यसै तत्त्वको केही मात्रा यस प्रतिभिज्ञाहृदयम् ग्रन्थमा खोलिएको छ।

❁ चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः ॥ १॥

स्वतन्त्र चिति नै विश्व सिद्धिको हेतु हो।

विश्वस्य=सदाशिवादेर्भूम्यन्तस्य सिद्धौ=निष्पत्तौ, प्रकाशने स्थित्यात्मनि, परप्रमातृविश्रान्त्यात्मनि च संहारे, पराशक्तिरूपा चितिरेव भगवती स्वतन्त्रा अनुत्तरविमर्शमयी शिवभट्टारकाभिन्ना हेतुः, कारणम्।

विश्वको अर्थात् सदाशिव तत्त्वबाट लिएर भूमिसम्मका चौबिस तत्त्वरूप विश्वको प्रकाशन या सृष्टिमा स्थितिमा र अन्ततः परम चितिमा नै विश्रान्तिरूपी संहार क्रियामा पराशक्तिरूपा चिति जो स्वतन्त्र छ, जसभन्दा पर कुनै तत्त्व छैन र जो प्रकाशमयमात्र नभएर आफ्नै चैतन्यको पूर्णानुभूति गर्दै आत्मचेतनाकै बाह्य विश्वस्वरूपमा अभिव्यक्ति, स्थिति र संहरण गर्न समर्थ छ।[१]

---

१ इह खलु परमेश्वरः प्रकाशात्मा । प्रकाशश्च विमर्शस्वभावः । विमर्शो नाम विश्वाकारेण, विश्वप्रकाशेन, विश्वसंहरणेन अकृत्रिमाहमिति विस्फुरणं संविज्ञानं वा ॥
–पराप्रवेशिका पृ.१–२ (कश्मीरसंस्कृतग्रन्थमाला)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम भरणपोषक रूप शिवभट्टारकबाट अभिन्न[1] छ, त्यही हेतु अर्थात् कारण हो।

अस्यां हि प्रसरन्त्यां जगदुन्मिषति व्यवतिष्ठते च, निवृत्तप्रसरायां च निमिषतीति स्वानुभव एवात्र साक्षी। अन्यस्य तु मायाप्रकृत्यादेः चित्प्रकाशभिन्नस्याप्रकाशमानत्वेनासत्त्वाद् न क्वचिदपि हेतुत्वम्। प्रकाशमानत्वे तु प्रकाशैकात्म्यात् प्रकाशरूपा चितिरेव हेतुः न त्वसौ कश्चित्। अत एव देशकालाकारा एतत्सृष्टा एतदनुप्राणिताश्च नैतत्स्वरूपं भेत्तुमलमिति व्यापकनित्योदितपरिपूर्णरूपेयमित्यर्थलभ्यमेवैतत्।

यस पराचितिको प्रसारणबाट जगत्को अस्तित्त्व र स्थिति हुन्छ। यसको प्रसारण जब समाप्त हुन्छ तब जगत्को संहार हुन्छ। यसमा आफ्नो अनुभव साक्षी हुन्छ। न कि कुनै माया, प्रकृति इत्यादि जो चित्प्रकाशबाट भिन्न छ। अतः अप्रकाशित हुनाको कारण जसको अस्तित्त्व छैन कहिल्यै पनि विश्वको सिद्धिमा कारणत्व हुन सक्दैन। अतः प्रकाशरूपी चिति हेतु हो, न कि माया इत्यादि कुनै वस्तु। अत एव देश, काल अनि आकार जसको सृष्टि यही (चिति)बाट भएको छ। यही(चिति)बाट अनुप्राणित हो यसको स्वरूपको भेदन गर्नमा समर्थ छैन किनभने यो (चिति)व्यापक, नित्य उदित छ र परिपूर्ण छ। सबै सूत्रको अर्थबाट यही सम्झनुपर्छ।

ननु जगदपि चितो भिन्नं नैव किञ्चित्। अभेदे च कथं हेतुहेतुमद्भावः? उच्यते।

यहाँ शङ्का हुन सक्छ कि यदि चित् नै सबै हो भने जगत् चित्बाट भिन्न हुने कारणै छैन यदि चित् र जगत्मा अभेद मान्ने हो भने त कार्यकारणभाव कसरी बन्न सक्छ[1] ?

---

१ भट भृतौ धातुबाट तन् प्रत्यय गर्दा भट्टशब्द बन्दछ, जसको अर्थ धारणपोषण गर्ने वाला भर्ता वा स्वामी भन्ने हुन्छ। त्यसैलाई भावप्रधान मान्दा स्वामित्व अर्थ हुन्छ। भट्टं स्वामित्वमृच्छति प्राप्नोति जानाति वा यो विग्रहमा ऋ गतौ धातुबाट अण् गर्दा भट्टार, पुनः स्वार्थमा कन् गर्दा भट्टारकशब्द बन्छ। जसको अर्थ पति, प्रभु, राजा, आदि हुन्छ। शिवश्चासौ भट्टारकः शिवभट्टारकः, यसबाट शिवरूप पति वा शिवले अभिन्न पति भन्ने अर्थ बुझ्नुपर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिदेव भगवती स्वच्छस्वतन्त्ररूपा तत्तदनन्तजगदात्मना स्फुरति – इत्येतावत् परमार्थोऽयं कार्यकारणभावः ।

स्वच्छ र स्वतन्त्र हुनाले भगवती चित् नै नाना प्रकारका अनन्त जगत्को रूपमा अभिव्यक्त हुन्छिन् । कार्यकारण भाव यहाँ परमार्थमा प्रयुक्त हुन्छ र केवल यति नै उसको यहाँ तात्पर्य हो ।

यतश्च इयमेव प्रमातृप्रमाणप्रमेयमयस्य विश्वस्य सिद्धौ = प्रकाशने हेतुः, ततोऽस्याः स्वतन्त्रापरिच्छिन्नस्वप्रकाशरूपायाः सिद्धावभिनवार्थप्रकाशनरूपं न प्रमाणवराकमुपयुक्तमुपपन्नं वा । तदुक्तं त्रिकसारे–

यहाँ चित् नै प्रमातृ, प्रमाण, प्रमेयमय विश्वको सिद्धि अर्थात् प्रकाशनमा हेतु हो । अतः यस स्वतन्त्र अपरिच्छिन्न(असीम), स्वप्रकाशरूप सदा सिद्ध चित्को सिद्ध गर्नमा अपूर्व नयाँ–नयाँ अर्थको प्रकाशन गर्ने स्वभाव भएको पश्चाद्भावी प्रमाणविचरा न त उपयुक्त हुन्छ , न त पूर्वसिद्ध नै हुनसक्छ ।[2] यही विषयमा त्रिकसारमा भनिएको छ –

स्वपदा स्वशिरश्छायां यद्वल्लङ्घितुमीहते ।
पादोद्देशे[3] शिरो न स्यात् तथेयं बैन्दवी कला ॥ इति ।

जस्तै कोही आफ्नो शिरको छायाँ आफ्नो पैतालाले नाघ्न चाहन्छ तर शिर कहिल्यै पनि पैतालाको स्थानमा हुँदैन, त्यस्तै यस बैन्दवीकलाको विषयमा हुन्छ ।

---

[1] नैयायिक सिद्धान्त अनुसार कारणमा कार्य अनभिव्यक्त रूपमा विद्यमान मानिदैन, कार्यको अपूर्व उत्पत्ति, कार्यकारणमा पूर्वापर क्रम र भेद स्वीकारिन्छ । किन्तु यहाँ चित्कै प्रसार जगत् मानिएकाले चिद्देखि अभिन्न जगत् सिद्ध हुन्छ र कसरी चित् र जगत्मा कार्यकारणभाव बन्न सक्ला, यो प्रश्नको अभिप्राय हो । पारमार्थिक स्थितिमा कालको अस्तित्व नभएकाले कार्यकारणमा क्रम हुँदैन । जहाँ क्रम छैन त्यहाँ कार्य र कारणमा भेद पनि हुँदैन । चित्शक्तिको प्रसार या स्फुरण नै जगत्को उन्मीलन हो। समुद्रको प्रसारबाट समुद्रमा देखिएका छाल तरङ्ग भुमरीहरू समुद्रदेखि व्यतिरिक्त होइनन् त्यस्तै चित् प्रसारबाट चित्मा देखिएको जगत् चिद्भिन्न होइन । चिद्रूप नै हो ।

[2] **प्रमाता च प्रमाणं च प्रमेयो निश्चितिस्तथा ।**
यत्प्रसादात् प्रसिद्ध्यन्ति तत्सिद्धौ किमपेक्षते ॥ बृहदारण्यकवार्तिके १।४।८७०, सुरेश्वराचार्यः ।

[3] **पाददेशे,** इति पाठान्तरम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यतश्च इयं विश्वस्य सिद्धौ पराद्वयसामरस्यापादनात्मनि च संहारे हेतुः तत एव स्वतन्त्रा । प्रत्यभिज्ञातस्वातन्त्र्या सती भोगमोक्षस्वरूपाणां विश्वसिद्धीनां हेतुरित्यावृत्त्या व्याख्येयम् ।

यहाँ(चिति) विश्वको सिद्धिमा तथा परम अद्वय(चित्)बाट समरस गरिदिनेवाला संहारमा पनि हेतु हो । यस कारण यो स्वतन्त्र हो । (यो चिति विश्वको सृष्टि, स्थिति र संहार तीनको हेतु हों अतः त्यो स्वतन्त्र हो ।) जब यसको स्वातन्त्र्यको पहिचान हुन जान्छ । यही चित् शक्ति भोगमोक्षरूपी विश्वसिद्धिको पनि हेतु हुन्छ । दोस्रो प्रकारबाट पनि यसको व्याख्या गर्नु आवश्यक छ ।

अपि च विश्वं नीलसुखदेहप्राणादि । तस्य या सिद्धिः प्रमाणोपारोहक्रमेण विमर्शमयप्रमात्रावेशः, सैव हेतुः परिज्ञाने उपायो यस्याः । अनेन च सुखोपायत्वमुक्तम् । यदुक्तं श्रीविज्ञानभट्टारके –

विश्वको अर्थ नील इत्यादि बाह्य पदार्थ, सुख इत्यादि आन्तरिक संवेदना, देह, प्राण इत्यादि परिमित प्रमाता, यसको जो सिद्धि अर्थात् प्रमाणको आरोह क्रमबाट विमर्शमय प्रमातामा आवेश हो । उही सिद्धि त्यही चिति शक्तिको पहिचानमा हेतु अर्थात् उपाय हो । उपाय यहाँ सुखोपायको अर्थमा लिइएको छ जस्तो कि श्रीविज्ञानभट्टारक्मा भनिएको छ –

ग्राह्यग्राहकसंवित्तिः सामान्या सर्वदेहिनाम् ।
योगिनां तु विशेषोऽयं संबन्धे सावधानता[1] ॥

ज्ञेय र ज्ञाताको ज्ञान सबै देहधारीका लागि सामान्य हो । तर योगिहरूको विशेषता यो हो कि उनीहरू यस सम्बन्धको विषयमा सजग रहन्छन् अर्थात् उनीहरू यो सम्झन्छन् कि ग्राह्य वा ज्ञेय सर्वदा ग्राहक वा ज्ञातबाट सम्बद्ध रहन्छ । ज्ञाताबाट सम्बद्ध नभई कोही पनि ज्ञेय हुन सक्दैन ।

चितिरित्येकवचनं देशकालाद्यनवच्छिन्नतामभिदधत् समस्त-भेदवादानामवास्तवतां व्यनक्ति । स्वतन्त्रशब्दो ब्रह्मवादवैलक्षण्यम्

---

[1] विज्ञानभैरव श्लो. १०६ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचक्षाणश्चितो माहेश्वर्यसारतां ब्रूते । विश्व इत्यादिपदमशेषशक्तित्वं सर्वकारणत्वं सुखोपायत्वं महाफलं चाह ॥ १ ॥

चिति जो एक वचनमा छ यसले यो बताउँछ कि देश, काल इत्यादिबाट परिसीमित होइन समस्त भेदवादको अवास्तविक्ताको व्यक्त गर्दछ । स्वतन्त्र शब्द ब्रह्मवादबाट विलक्षणता बताउदै यो बताउँछ कि चित्को सार नै महान् ऐश्वर्य हो । विश्व इत्यादि पदमा यो बताइएको छ। चितिको शक्ति अपरिसीमित छ उही नै सबैको कारण हो । उही सरल उपाय हो र उही जीवनको परम फल हो ।

ननु विश्वस्य यदि चितिर्हेतुस्तदस्या उपादानाद्यपेक्षायां भेदवादापरित्यागः स्यादित्याशङ्क्याह –

यहाँ शङ्का हुन सक्दछ कि यदि चिति विश्वसिद्धिको हेतु हो भने त्यसको उपादान इत्यादिको आवश्यकता भए भेदवादको परित्याग हुन सक्दैन । यही शङ्काको उत्तरमा भनिएको छ –

स्वेच्छया स्वभित्तौ विश्वमुन्मीलयति ॥ २ ॥

त्यो चितिले आफ्नै इच्छाबाट आफ्नै भित्तामा विश्व व्यक्त गर्दछ।

स्वेच्छया न तु ब्रह्मादिवदन्येच्छया तयैव[1] च, न तु उपादानाद्यपेक्षया। एवं हि प्रागुक्तस्वातन्त्र्यहान्या चित्त्वमेव न घटेत। स्वभित्तौ न तु अन्यत्र क्वापि । प्राक् निर्णीतं विश्वं दर्पणे नगरवद् अभिन्नमपि भिन्नमिव उन्मीलयति । उन्मीलनं च अवस्थितस्यैव प्रकटीकरणम्, इत्यनेन जगतः प्रकाशैकात्म्येनावस्थानमुक्तम् ॥ २ ॥

आफ्नै इच्छाबाट ब्रह्मवादीले भने जस्तै मायाश्रित् भएर होइन, अन्य कुनै उपादान कारणको भरोसाबाट पनि होइन, आफैंले आफैंबाट विश्व प्रकट गर्दछन् । यदि उपादान कारण आदिको भरोसा गर्नाले पहिलो सूत्रमा भनिएको जस्तो स्वातन्त्र्यको अभावका कारण उसको चित्तो हुन सक्दैन । यहाँ चित् र स्वातन्त्र्य अवियोज्य हो । विश्वको उन्मीलन आफ्नै आधारमा

---

[1] तथैव, इति पाठान्तरम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ अन्यत्र कही हुँदैन । पहिलो सूत्रमा निश्चित रूपबाट बताइएको छ कि विश्वको दर्पणमा नगरको समान अभिन्न भएर पनि भिन्नको समान व्यक्त गर्दछ । सूत्रमा जो उन्मीलन शब्द आएको छ उहाँ चितिमा पहिलेबाट अव्यक्त रूपमा स्थित छ उसको प्रकटन या व्यक्त हुने अर्थमा प्रयुक्त भएको छ । यस सूत्रबाट जगत्का सृष्टिभन्दा पूर्व प्रकाश रूपमा अभिन्न स्वरूपले स्थित भएको विषय व्यक्त हुन आउँछ ।

अथ विश्वस्य स्वरूपं विभागेन प्रतिपादयितुमाह –

अब विश्वको स्वरूप विभागद्वारा स्पष्ट गर्नको लागि भनिएको छ –

तन्नाना अनुरूपग्राह्यग्राहकभेदात् ॥ ३ ॥

विश्व अनुरूप ग्राह्य(प्रमेय) र ग्राहक(प्रमाता)को भेदकै कारण विभिन्न प्रकारको भएको हो ।

तद् विश्वं नाना = अनेकप्रकारम् । कथम् ? अनुरूपाणां परस्परौचित्यावस्थितीनां ग्राह्याणां ग्राहकाणां च भेदाद् = वैचित्र्यात् । तथा च सदाशिवतत्त्वेऽहन्ताच्छादितास्फुटेदन्तामयं यादृशं परापररूपं विश्वं ग्राह्यं तादृगेव श्रीसदाशिवभट्टारकाधिष्ठितो मन्त्रमहेश्वराख्यः प्रमातृवर्गः परमेश्वरेच्छावकल्पिततथावस्थानः ।

त्यो विश्व अनेक प्रकारको छ र पारस्परिक औचित्यले युक्त ग्राह्य प्रमेय र ग्राहक परमाता अर्थात् वैचित्र्यबाट नाना रूपमा भासित छ । सदाशिवतत्त्वमा जस्तो कि परापररूप विश्वमा जो 'म' भाव अर्थात् अहम् भाव आच्छादित छ र जसमा 'इदन्तारूप इदम्' भाव अस्फुट ग्राह्य (प्रमेय या विषय) छ । उसको अनुरूप मन्त्र महेश्वर नामको प्रमाता पनि छ । जसको अधिष्ठाता पूज्य सदाशिव छ र जसको उस दशामा स्थित परमेश्वरको इच्छबाट हुने गर्दछ ।

ईश्वरतत्त्वे स्फुटेदन्ताहन्तासामानाधिकरण्यात्मयादृक् विश्वं ग्राह्यं तथाविध एव ईश्वरभट्टारकाधिष्ठितो मन्त्रेश्वरवर्गः । विद्यापदे श्रीमदनन्तभट्टारकाधिष्ठिता बहुशाखावान्तरभेदभिन्ना यथाभूता

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्राः प्रमातारः, तथाभूतमेव भेदैकसारं विश्वमपि प्रमेयम् । मायोर्ध्वे यादृशा विज्ञानाकलाः कर्तृताशून्यशुद्धबोधात्मानः, तादृगेव तदभेदसारं सकल- प्रलयाकलात्मकपूर्वावस्थापरिचितमेषां प्रमेयम् ।

ईश्वरतत्त्वमा जस प्रकार विश्व ग्राह्य वा विषय छ। जसमा म(अहन्ता) अथवा यो (इदन्ता) समानरूपबाट स्फुट या स्पष्ट हुन्छ उसै प्रकार उसमा मन्त्रेश्वर वर्ग ग्राहक या प्रमाता छ (जस्तै म र यो एक साथ समानरूपमा स्पष्ट हुन्छ)। मन्त्रेश्वर वर्गका अधिष्ठाता पूज्य ईश्वर हो। विद्या अर्थात् शुद्ध विद्या पदमा जसरी भिन्न-भिन्न मन्त्र प्रमाता(ज्ञाता) हुन्छ उसै गरी उनैको द्वारा प्रमेय (ज्ञेय) विश्व पनि यस्तै हो। जसको भेद नै एक सार हो। यस मन्त्रको धेरै शाखा छन् र अन्यान्य भेदको कारण परस्पर भिन्न छ। उनका अधिष्ठाता अनन्त भट्टारक हुन्। मायामाथि (शुद्ध विद्याको तल) विज्ञानाकल प्रमाताहरू छन् जो कर्तृताभन्दा शून्य छ अथवा शुद्ध बोध रूप छ त्यस्तै प्रकार त्योभन्दा अभिन्न अथवा पूर्व अवस्थामा परिचित सकल अथवा प्रलयाकल उनको प्रमेय छ।

मायायां शून्यप्रमातृणां प्रलयकेवलिनां स्वोचितं प्रलीनकल्पं प्रमेयम् । क्षितिपर्यन्तावस्थितानां तु सकलानां सर्वतो भिन्नानां परिमितानां तथाभूतमेव प्रमेयम् । तदुत्तीर्णशिवभट्टारकस्य प्रकाशैकवपुषः प्रकाशैकरूपा एवं भावाः । श्रीमत्परमशिवस्य पुनः विश्वोत्तीर्णविश्वात्मकपरमान्दमयप्रकाशैकघनस्य एवंविधमेव शिवादिधरण्यन्तमखिलमभेदेनैव स्फुरति । न तु वस्तुतोऽन्यत् किञ्चिद् ग्राह्यं ग्राहकं वा । अपि तु श्रीपरमशिवभट्टारक एव इत्थं नानावैचित्र्यसहस्रैः स्फुरतीत्यभिहितप्रायम् ॥ ३ ॥

मायाको स्तरमा शून्य प्रमाता या प्रलयकेवली हुन्छ। जसको प्रमेय अर्थात् ज्ञेय विषय शून्यप्रायः हुन्छ जो उस दशाको लागि उचित हुन्छ। प्रलयाकल अनन्त मायालाई लिएर पृथ्वीसम्म सबै अवस्थित छ जो परिमित हुन्छ अथवा अरू सबैभन्दा भिन्न हुन्छ। जसरी यो परिमित र भिन्न हुन्छ उसै गरी (तथाभूतम्) यिनका प्रमेय पनि परिमित र भिन्न हुन्छन्। यी सबैबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(अर्थात् मन्त्र महेश्वरदेखि लिएर सबैसम्म जो प्रमाता हो) पर शिव भट्टारक (पूज्य, आदरणीय शिव) हुनुहुन्छ जो केवल प्रकाश रूप हो र जसको सबै अवस्थामा प्रकाश रूप नै छ। श्रीमत्परमशिवको अवस्थामा जो विश्व रहन्छ अथवा विश्वमय छ, जो परमानन्दरूप छ, जो सघन प्रकाश छ, सबै शिवबाट पृथ्वीसम्म अभेदरूपमा प्रकाशित भइरहन्छ। वस्तुतः अन्य कुनै ग्राह्य र ग्राहक होइन। (भट्टारक) परमशिव नै यस प्रकार हजारौं भिन्न रूपमा प्रकट हुन्छ। यही नै यो सूत्रको तात्पर्य हो।

यथा च भगवान् विश्वशरीरस्तथा –

जसरी भगवान्को समस्त विश्वशरीर रूप हो त्यसरी नै।

❀ चितिसंकोचात्मा[1] चेतनोऽपि संकुचितविश्वमयः ॥४॥

त्यो चेतन जसमा चिति संकुचित भयो, त्यो संकुचित रूप विश्वमय शिव नै हो।

श्रीपरमशिवः स्वात्मैक्येन स्थितं विश्वं सदाशिवाद्युचितेन रूपेण अवबिभासयिषुः पूर्वं चिदैक्याख्यातिमयानाश्रितशिवपर्याय-शून्यातिशून्यात्मतया प्रकाशाभेदेन प्रकाशमानतया स्फुरति । ततश्चिद्रसाश्यानतारूपाशेषतत्त्वभुवनभावतत्तत्प्रमात्राद्यात्मतयापि प्रथते । यथा च एवं भगवान् विश्वशरीरस्तथा चितिसंकोचात्मा संकुचितचिद्रूपश्चेतनो ग्राहकोऽपि वटधानिकावत् संकुचिताशेष-विश्वरूपः । तथा च सिद्धान्तवचनम् –

श्रीपरमशिव, जो विश्वको तादात्म्यरूपमा उनैमा स्थित छ। सदाशिव शुरुमै उपयुक्त रूपमा प्रकाशित गर्ने इच्छा राख्दै पहिले प्रकाशबाट अभिन्नरूपमा अर्थात् प्रकाशको रूपमा प्रकाशित हुन्छ। यस अवस्थामा चिदैक्यको (चिदेक्ताको त्यो अवस्था जसमा चित् र विश्वको एक रूप हुन्छ) अख्याति (बोधबाट हटाउनु) हुन्छ। यस अवस्थाको अनाश्रित शिव पर्याय (दोस्रो नाम) हो जसमा शून्यभन्दा अधिक शून्य रहन्छ (अर्थात् विश्वको

---

[1] **चितिः संकोचात्मना**, इति पाठान्तरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभाव शून्यजस्तै हुन जान्छ, केवल प्रकाश नै प्रकाश रहन जान्छ) यसको अनन्तर त्यो सब तत्त्व, भुवन, भाव(पदार्थ) अथवा यसको प्रमाता(ज्ञाता)को रूपमा प्रकाशित हुन्छ। यो सब चिद्रसको धनीभूत रूप हो । यस प्रकार भगवान्‌को सम्पूर्ण विश्व शरीर हो, त्यस्तै त्यस चेतना अर्थात् ग्राहक या प्रमाता जसको चित् संकुचित हुन जान्छ। संकुचितरूपमा समस्त विश्व शरीर रहन्छ जस्तै वटवृक्ष (संकुचित रूपमा) आफ्नो बीजमा रहन्छ। यो शास्त्रको सिद्धान्त वचन हो।

विग्रहो विग्रही चैव सर्वविग्रहविग्रही ।

एक शरीर अथवा शरीरीमा सब शरीर अथवा शरीरीको अन्तर्भाव हुन्छ।

इति । त्रिशिरोमतेऽपि –

त्रिशिरोमतमा –

सर्वदेवमयः कायस्तं चेदानीं श्रृणु प्रिये ।
पृथिवी कठिनत्वेन द्रवत्वेऽम्भः प्रकीर्तितम् ॥

यो सम्पूर्ण शरीर देवतारूप हो, हे प्रिये ! यसको विषयमा सुन । काठिन्यको कारण यो पृथ्वी कहलाएको हो र द्रवत्वको कारण जल।

इत्युपक्रम्य,

त्रिशिरोभैरवः साक्षाद्व्याप्य विश्वं व्यवस्थितः ।

इत्यन्तेन ग्रन्थेन ग्राहकस्य संकुचितविश्वमयत्वमेव व्याहरति ।

परा, परापरा, एवं अपरा यी त्रिशक्ति रूप तीन शिरवाला भैरव विश्वमा व्याप्त भएर साक्षात् व्यवस्थित हुन्छन्। परा शक्तियुक्तको स्थितिमा शिव र शक्तिको अभिन्नता हुन्छ। परापरा शक्तियुक्त अवस्थामा भेदमा पनि अभेद नै स्फुरित हुन्छ । अपरास्थितिमा ग्राह्य र ग्राहकमा पूर्णभेद भासित हुन्छ। यस ग्रन्थ सन्दर्भले बताएको छ, संकुचित ग्राहक या प्रमाता संकुचित रूपमा विश्वमयी बनेको हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अयं चात्राशयः- ग्राहकोऽपि अयं प्रकाशैकात्म्येन उक्तागमयुक्त्या च विश्वशरीरशिवैकरूप एव केवलं तन्मायाशक्त्या अनभिव्यक्तस्वरूपत्वात् संकुचित इवाभाति । संकोचोऽपि विचार्यमाणश्चिदैकात्म्येन प्रथमानत्वातच्चिन्मय एव । अन्यथा तु न किञ्चिद् इति सर्वो ग्राहको विश्वशरीरः शिवभट्टारक एव । तदुक्तं मयैव -

यसको यही अभिप्राय हो- ग्राहक अर्थात् व्यष्टि प्रमाता रूप यो संकुतित चिति पनि प्रकाशस्वरूप नै भएकाले र पूर्वोक्त आगमको युक्तिबाट समष्टिविश्व नै शरीर भएका परम प्रमाता शिवदेखि अभिन्न नै छ। केवल उसका (शिवका) मायाशक्तिगत कञ्चुकका कारणले गर्दा आफ्नो स्वतत्र र व्यापक स्वरूपको अभिव्यक्ति वा भान नहुनाले संकुचित जस्तो लाग्दछ। विचार गर्नाले यो स्पष्ट हुन्छ कि संकोच पनि चिन्मय अर्थात् चिद्रूप हुनाले त्यो प्रथमान अर्थात् प्रकाशित हुन्छ नत्र त त्यो संकोच केही पनि रहँदैन। यस प्रकार सबै ग्राहकहरू विश्वशरीरमय शिवभट्टारक नै हुन्। यही विषय मद्वारा अन्यत्र ग्रन्थमा यसरी व्यक्त गरिएको छ।

अख्यातिर्यदि न ख्याति ख्यातिरेवावशिष्यते ।
ख्याति चेत् ख्यातिरूपत्वात् ख्यातिरेवावशिष्यते ॥

इति । अनेनैवाशयेन श्रीस्पन्दशास्त्रेषु—

यस्मात् सर्वमयो जीवः...............।

इत्युपक्रम्य -

तेन शब्दार्थचिन्तासु न सावस्था न यः शिवः[1]।

इत्यादिना शिवजीवयोरभेद एवोक्तः । एतत्तत्त्वपरिज्ञानमेव मुक्तिः । एतत्तत्त्वापरिज्ञानमेव च बन्ध इति भविष्यति, एवैतत् ॥ ४ ॥

---

[1] तस्मात् सर्वसमुद्भवः ।
तत्त्ववेदनरूपेण तादात्म्यप्रतिपत्तितः । तत्त्वं शब्दार्थचिन्तासु सावस्थानतया शिवः । इति पाठान्तरम् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदि अख्याति–अज्ञान भन्ने वस्तु प्रकाशित हुँदैन भने ख्यातिरूप प्रकाश नै बाँकी रहन्छ अर्थात् जो प्रकाशित हुँदैन त्यसको सत्ता नै छैन। यदि अज्ञान प्रकाशित हुन्छ भने त्यो पनि प्रकाश रूप नै सर्वत्र शेष रहन्छ। यसैले जो चिद्रूप छ त्यही सब कुरा हो। यही आशयले स्पन्दशास्त्रहरूमा यस कारणले जीव विश्वमय हो' भन्ने शुरुवात गरेर यसकारणले चाहे शब्द हो, चाहे अर्थ हो, चाहे चिन्तन हो, कुनै पनि अवस्था छैन जसमा शिव छैन, यसबाट उपसंहार गर्दै शिव र जीवको अभेद प्रतिपादन गरिएको छ। यही तत्त्वको ज्ञान मुक्ति हो, यही तत्त्वको अज्ञान बन्धन हो। यही कुरा अगाडि स्पष्ट हुने छ।

ननु ग्राहकोऽयं विकल्पमयः, विकल्पनञ्च चित्तहेतुकम्, सति च चित्ते कथमस्य शिवात्मकत्वम् ? इति शङ्कित्वा चित्तमेव निर्णेतुमाह –

ग्राहक (ज्ञाता) विकल्पमय हो, विकल्पको क्रिया चित्तको कारण हुन्छ। चित्त रहेको हुनाले ज्ञाता शिवरूप कसरी हुन सक्छ यस्तो शङ्का आउन सक्दछ। चित्तको निश्चित रूप बताउनको लागि भनिएको छ।

❀ चितिरेव चेतनपदादवरूढा चेत्यसंकोचिनी[1] चित्तम् ॥ ५ ॥

परा संविद् चिति नै चेतन पदबाट ओर्लंदा चित्त बन्न पुग्छ, किन कि चेत्यमा अनुकूल वा अनुस्यूत चिति संकुचित हुन जान्छ।

न चित्तं नाम अन्यत् किञ्चिद्; अपि तु सैव भगवती तत्। तथाहि सा स्वं स्वरूपं गोपयित्वा यदा संकोचं गृह्णाति तदा द्वयी गतिः। कदाचिदुल्लसितमपि संकोचं गुणीकृत्य चित्प्राधान्येन स्फुरति। कदाचित् संकोचप्रधानतया। चित्प्राधान्यपक्षे सहजं प्रकाशमात्रप्रधानत्वे[2] विज्ञानाकलता। प्रकाशपरामर्शप्रधानत्वे तु

---

[1] चेतनपदाधिरूढा चैत्ये संकोचेन, इति पाठान्तरम्।

[2] चित्प्रधानपक्षे सहजे, प्रकाशमात्रप्रधानत्वे, इति पाठान्तरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विद्याप्रमातृता । तत्रापि क्रमेण संकोचस्य तनुतायामीशसदा-शिवानाश्रितरूपता ।

चित्त भनेको अरू कुनै चिज होइन चिति भगवती नै चित्त हो ।[1] जब त्यो आफ्नो स्वरूपलाई लुकाइ संकोच ग्रहण गर्दछ त्यसका दुई गति हुन्छन् । जब संकोच प्रारम्भ हुन जान्छ त्यसलाई गौण गरेर चित्को प्रधानताको रूपमा प्रकाशित हुन्छ । कहिले संकोचको प्रधानताको रूपमा प्रकाशित हुन्छ। जब चित्को प्रधानता स्वाभाविक रूपमा प्रकट हुन्छ त्यो प्रकाशमात्र प्रधान हुँदा विमर्श न हुँदा विज्ञानाकलको अवस्था[2] हुन्छ र विमर्शसहित प्रकाशको प्रधान हुँदा विद्या प्रमाताको[3] अवस्था हुन्छ। यस स्थितिमा अर्थात् विमर्शसहित प्रकाशको अवस्थामा क्रमशः संकोच कम हुँदै गएर ईश्वर, सदाशिव तथा अनाश्रित (विश्वरूपमा प्रसाराभाव) शिवको अवस्था प्राप्त हुन्छ।

समाधिप्रयत्नोपार्जिते तु चित्प्रधानत्वे शुद्धाध्वप्रमातृता क्रमात् क्रमं प्रकर्षवती । संकोचप्राधान्ये तु शून्यादिप्रमातृता । एवमवस्थिते सति चितिरेव संकुचितग्राहकरूपा चेतनपदाद् अवरूढा अर्थग्रहणोन्मुखी सती चेत्येन नीलसुखादिना संकोचिनी उभयसंकोचसंकुचितैव चित्तम् । तथा च –

समाधिको प्रयत्नबाट प्राप्त भएको चित्को प्रधानत्वमा शुद्धाध्वको प्रमाता क्रमशः सर्वोच्च स्थितिमा पुग्दछ। संकोचको प्रधानता हुनाले नै शून्य आदि प्रमाता हुन्छन्। यस प्रकारले स्थित हुनाले चिति नै संकुचित प्रमाताको रूपमा चेतन पदबाट उत्रिएर विषयलाई ग्रहण गर्नको लागि प्रवृत्त हुने चेत्य अर्थात् ग्राह्य या प्रमेय- जस्तै नील(बाह्य प्रमेय) सुख (अन्तर प्रमेय)

---

[1] चित्तं चिदिति विजानीयात् तकाररहितं यथा। तकारो विषयाध्यासो जपारागो मणौ यथा ॥

–सदाचारानुसंधानम्, श्लो० ३७, शङ्कराचार्य:

[2] मायादेखि माथि शुद्धविद्यादेखि तलको अवस्था, जसमा प्रकाश वा ज्ञान रहन्छ, स्वतन्त्र कर्तृत्वादिको अनुभूति रहदैन, किन कि यस स्थितिमा पुग्दा कार्म र मायिक मल हटे पनि आणव मल हटेको हुदैन ।

[3] अहं र इदंको भेदानुभूतिसहितको प्रकाशित अवस्था।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिबाट संकुचित भएर बाह्याभ्यान्तर दुवै संकोचबाट संकुचित हुँदै चित्त बन्न पुग्दछ। चिति नै समष्टि चेतना हो संकोचको कारण परिच्छिन्न भएर चित्त अर्थात् व्यष्टिचेतना बन्दछ।

स्वाङ्गरूपेषु भावेषु पत्युर्ज्ञानं क्रिया च या ।
मायातृतीये ते एव पशोः सत्त्वं रजस्तमः ॥

पति(शिव)को जुन ज्ञान, क्रिया र तेस्रो माया शक्ति हो त्यो नै आफ्नो अङ्गरूप पदार्थको विषयमा पशुको दशामा क्रमशः सत्व, रजः र तमः बन्दछ।

इत्यादिना स्वातन्त्र्यात्मा चितिशक्तिरेव ज्ञानक्रियामाया-शक्तिरूपा पशुदशायां संकोचप्रकर्षात् सत्त्वरजस्तमःस्वभाव-चित्तात्मतया स्फुरतीति श्रीप्रत्यभिज्ञायामुक्तम् । अत एव श्रीतत्त्वगर्भस्तोत्रे विकल्पदशायामपि तात्त्विकस्वरूपसद्भावात् तदनुसरणाभिप्रायेणोक्तम् –

यस प्रकारको अन्य उक्तिबाट यो स्पष्ट हुन्छ कि चिति शक्ति नै जसको स्वातन्त्र्य स्वरूप हो, जो ज्ञान क्रिया र मायाशक्तिरूप हो पशुको दशामा संकोच बढाउनुको कारण सत्त्व, रज र तमको स्वभाववाला चित्तको रूपमा प्रकट हुन्छ। विकल्पदशामा पनि जीव अर्थात् व्यष्टिको अन्तश्चेतना तात्त्विक स्वरूपमा नै रहन्छ। श्रीगर्भस्तोत्रमा भनिएको छ –

अत एव तु ये केचित् परमार्थानुसारिणः ।
तेषां तत्र स्वरूपस्य स्वज्योतिष्ट्वं न लुप्यते ॥ इति ॥ ५ ॥

यस कारण उसको(तात्त्विक स्वरूपको) अनुसरणको माध्यमले जो कोही परमार्थको अनुसरण गर्छ उसको लागि स्वरूपको स्वप्रकाशत्वको विलोप हुँदैन।

चित्तमेव तु मायाप्रमातुः स्वरूपमित्याह –

चित्त नै मायाप्रमाताको स्वरूप हो यसैले भनिएको छ –

तन्मयो मायाप्रमाता ॥ ६ ॥

त्यो मायाप्रमाता चित्तमय हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देहप्राणपदं तावच्चित्तप्रधानमेव । शून्यभूमिरपि चित्तसंस्कारवत्येव । अन्यथा ततो व्युत्थितस्य स्वकर्तव्यानुधावनाभावः स्यादिति चित्तमय एव मायीयः प्रमाता । अमुनैवाशयेन शिवसूत्रेषु वस्तुवृत्तानुसारेण "चैतन्यमात्मा[1]" इत्यभिधाय मायाप्रमातृलक्षणावसरे पुनः "चित्तमात्मा[2]" इत्युक्तम् ॥ ६ ॥

देह र प्राणको क्षेत्रमा चित्त नै प्रधान हो । शून्य भूमिमा उसमा चित्तको संस्कार रहन्छ । नत्र शून्यको अनुभव पछि व्युत्थानदशामा आउँदामा आफ्नो कर्तव्यका अनुसरण सम्भव हुँदैन । (अर्थात् शून्यको अनुभवको अवस्थामा यदि चित्तको संस्कार बनाउन सक्दैन, त्यस दशामा चित्तको कार्यकारिता निर्मूल हुन जान्छ, त्यसपछि शून्यको अनुभवबाट उठेर फेरि आफ्नो कर्तव्यको जानकारी हुन्छ । शून्य दशामा चित्त क्रियाशील हुँदैन तथापि उसको प्राक्तन संस्कार विद्यमान नै हुन्छ । त्यही संस्कारको कारण नै हामी शून्यको अनुभवको अवस्थाबाट फेरि व्यवहार दशामा आउन आफ्नो कार्यको सूत्रलाई समाउँछौं) यसको लागि मायायुक्त प्रमाता चित्तमय नै हो । यस आशयबाट शिव सूत्रमा वस्तुस्थितिको बताउने प्रसङ्गमा चैतन्यात्मा भनेर माया प्रमाताको लक्षणलाई बताउने क्रममा चित्तात्मा भनिएको छ ।

अस्यैव सम्यक् स्वरूपज्ञानाद् यतो मुक्तिः, असम्यक् तु संसारः, ततः तिलश एतत्स्वरूपं निर्भङ्क्तुमाह –

अतः यस(आत्मा)को स्वरूपको सम्यक् ज्ञानबाट मुक्ति हुन्छ र असम्यक् ज्ञानबाट संसरण हुन्छ । चिदात्माका स्वरूपको एक एक गरेर विश्लेषण गर्ने अभिप्रायबाट भनिएको छ –

❁ स चैको द्विरूपस्त्रिमयश्चतुरात्मा सप्तपञ्चकस्वभावः ।। ७ ।।

यद्यपि त्यो आत्मा एक हो तथापि द्विरूप, त्रिमय, चतुर्मय अथवा सात, पाँच स्वभाववाला हुन्छ ।

---

[1] शिवसूत्र १–१

[2] शिवसूत्र ३–१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निर्णीतदृशा चिदात्मा शिवभट्टारक एव। एक आत्मा न तु अन्यः कश्चित् प्रकाशस्य देशकालादिभिः भेदायोगात्। जडस्य तु ग्राहकत्वानुपपत्तेः। प्रकाश एव यतः स्वातन्त्र्याद् गृहीतप्राणादि-संकोचः संकुचितार्थग्राहकतामश्नुते ततोऽसौ प्रकाशरूपत्व-संकोचावभासवत्त्वाभ्यां द्विरूपः। आणवमायीयकार्ममलावृतत्वात् त्रिमयः। शून्यप्राणपुर्यष्टकशरीरस्वभावत्वात्, चतुरात्मा। सप्त-पञ्चकानि शिवादिपृथिव्यन्तानि पञ्चत्रिंशत्तत्त्वानि, तत्स्वभावः। तथा शिवादिसकलान्तप्रमातृसप्तकस्वरूपः। चिदानन्देच्छाज्ञान-क्रियाशक्तिरूपत्वेऽपि अख्यातिवशात् कलाविद्यारागकाल-नियतिकञ्चुकवलितत्त्वात् पञ्चकस्वरूपः। एवं च शिवैकरूपत्वेन पञ्चत्रिंशत्तत्त्वमयत्वेन प्रमातृसप्तकस्वभावत्वेन चिदादिशक्ति-पञ्चकात्मकत्वेन चायं प्रत्यभिज्ञायमानो मुक्तिदः। अन्यथा तु संसारहेतुः॥ ७॥

जसरी पहिले निर्णय गरियो त्यो दृष्टिबाट चित्‌रूपी भगवान् शिव एक आत्मा हो दोस्रो केही होइन। किनभने प्रकाश(आत्मा)को देश, काल आदि भेद गर्न सकिँदैन जडको त ग्राहकत्व नै सिद्ध हुन सक्दैन। यसैले प्रकाश नै आफ्नो स्वातन्त्र्यबाट प्राण इत्यादि संकोचको धारण गर्दछ र संकुचित अर्थ (विषय)को ग्राहक (ज्ञाता) बन्दछ अतः त्यो प्रकाश रूप र संकुचित अवभास रूपको कारणले द्विरूपवाला बन्न जान्छ। आणव, मायीय र कार्ममलबाट आवृत अर्थात् आच्छादित हुनाले त्यो त्रिमय तीन प्रकारको कहलाउँछ। त्यो शून्य, प्राण, पुर्यष्टक र स्थूल शरीरको स्वभाव ग्रहण गर्दछ। यसले गर्दा त्यो चतुरात्मा कहलाउँछ।

सप्त पञ्चक यो शब्द सूत्रमा आएको छ, त्यसलाई दुईप्रकारबाट सम्भन सकिन्छ। आत्माको सप्तपञ्चकवाला स्वभाव हुन्छ। अर्थात् शक्तितत्त्वदेखि लिएर पृथ्वीतत्त्वसम्म ७ को ५ गुना = ३५ तत्त्वको स्वभाववाला हुन्छ। शिवदेखि लिएर सकलतक सात प्रमाताको स्वरूपवाला हो[1]। यद्यपि शिव चित्, आनन्द, इच्छा, ज्ञान, क्रिया स्वरूपवाला हो तथापि

---

[1] १. शिवप्रमाता, २. मन्त्रमहेश्वर, ३. मन्त्रेश्वर, ४. मन्त्र, ५. विज्ञानाकल, ६. प्रलयाकल, ७. सकल।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अख्याति(अज्ञान) कला, विद्या, राग, काल, नियति कञ्चुकको आवरणबाट परिसीमित हुनाले पाँच स्वरूपवाला (जीव) हुन्छ। यस प्रकार पैतीस तत्त्वमयको रूपमा सात प्रमाताको स्वभावमा चित् इत्यादि पाँच शक्तिको रूपमा जब त्यो एक शिव नै हो भनेर भलीभाँती जानिन्छ तब यो ज्ञान मुक्तिदायक हुन्छ। नत्र त्यो विभिन्न स्वभाव संसरणको कारण हुन्छ।

एवञ्च –

तद्भूमिकाः सर्वदर्शनस्थितयः ॥ ८ ॥

सबै दर्शनको स्थिति उसको(आत्माको) भिन्न भिन्न भूमिका हो।

सर्वेषां चार्वाकादिदर्शनानां स्थितयः सिद्धान्ताः, तस्य एतस्य आत्मनो नटस्येव स्वेच्छावगृहीताः कृत्रिमा भूमिकाः। तथा च "चैतन्यविशिष्टं शरीरमात्मा" इति चार्वाकाः।

नैयायिकादयो ज्ञानादिगुणगणाश्रयं बुद्धितत्त्वप्रायमेव आत्मानं संसृतौ मन्यन्ते। अपवर्गे तु तदुच्छेदे शून्यप्रायम्।

सर्व दर्शनको सिद्धान्त आत्माको नट समान आफ्नो इच्छाबाट गृहीत कृत्रिम भूमिका हुन्छ। चार्वाक मतानुयायीले भन्ने गरेका छन् चैतन्य विशिष्ट शरीर नै आत्मा हो। नैयायिक दर्शनको सिद्धान्त मान्नेले संसार दशामा ज्ञान इच्छादि गुणगणाश्रय बुद्धितत्त्वलाई (अन्तःकरणलाई) नै प्रायः आत्मा मान्दछन्। अपवर्ग अर्थात् मोक्षमा जब बुद्धिको उच्छेद हुन जान्छ तब त्यो आत्मालाई प्रायः शून्य नै सम्झन्छन्।

अहंप्रतीतिप्रत्येयः सुखदुःखाद्युपाधिभिस्तिरस्कृत आत्मेति मन्वाना मीमांसका अपि बुद्धावेव निविष्टाः। ज्ञानसन्तान एव तत्त्वं इति सौगता बुद्धिवृत्तिष्वेव पर्यवसिताः। प्राण एवात्मेति केचित्, श्रुत्यन्तविदः। 'असदेवेदमासीत्' इत्यभावब्रह्मवादिनः शून्यभुवमवगाह्य स्थिताः। माध्यमिका अपि एवमेव।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जो मको प्रतीतिबाट जानिन्छ र सुखदुःख आदि उपाधिहरूबाट ढाकिएको हुन्छ उही आत्मा हो । यस्तो मान्ने मीमांसकहरू बुद्धिलाई नै आत्मा सम्झन्छन् । सुगतका अनुयायी ज्ञानसंततित(ज्ञानको सतत प्रवाह) नै तत्त्व मान्दछन् । यसकारण उनीहरूको दर्शन बुद्धि व्यापार मै पर्यवसान छ। उपनिषद्मा भनिएको छ कि यो सबै असत् थियो[1] । जो अभावको ब्रह्म भनिन्छ त्यो शून्यवादमा नै प्रवेश गरेर वसेको छ । माध्यामिक धाराको मानिसहरू पनि यसैलाई मान्दछन् ।

परा प्रकृतिर्भगवान् वासुदेवः तद्विस्फुलिङ्गप्राया एव जीव इति पाञ्चरात्राः परस्य प्रकृतेः परिणामाभ्युपगमाद् अव्यक्ते एवाभिनिविष्टाः । सांख्यादयस्तु विज्ञानाकलाप्रायां भूमिमवलम्बन्ते ।

'सदेव इदमग्र आसीत्'

इति ईश्वरतत्त्वपदमाश्रिता अपरे श्रुत्यन्तविदः । शब्दब्रह्ममयं पश्यन्तीरूपमात्मातत्त्वमिति वैयाकरणाः श्रीसदाशिवपदमध्यासिताः । एवमन्यदप्यनुमन्तव्यम् ।

पाञ्चरात्र आगमको सिद्धान्त मान्नेहरू भगवान् वासुदेव नै सबैभन्दा उत्कृष्ट प्रकृति हो । जीव उनैको फिलिङ्गो सरह हो । अतः जीवको परा (सर्वोत्कृष्ट प्रकृतिको परिणाम मान्नुको कारण त्यो अव्यक्तलाई आत्मा सम्झन्छन् । सांख्य इत्यादि प्रायः विज्ञानाकल भूमिकाको आश्रय लिन्छन् । पहिले यो सत् नै थियो भन्ने दोस्रा थरी वेदान्तीहरू ईश्वरतत्त्व पदमा आश्रित रहन्छन् । वैयाकरणहरू पश्यन्ती वाक् रूपलाई शब्दब्रह्म मान्दै सदाशिव पदमै अल्झिन्छन् । यस प्रकार अन्य दर्शनको विषयमाथि पनि अनुमान गर्नु आवश्यक छ, यही विषयलाई आगममा पनि भनिएको छ –

एतच्च आगमेषु –

बुद्धितत्त्वे स्थिता बौद्धा गुणेष्वेवार्हताः स्थिताः ।
स्थिता वेदविदः पुंसि अव्यक्ते पाञ्चरात्रिकाः ।

इत्यादिना निरूपितम् ।

---

[1] तद्धैक आहुरसदेवेदमग्र आसीद् , छान्दोग्योपनिषद् ६ अध्याय खण्ड २ मन्त्र १ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बौद्धहरू बुद्धितत्त्वमा स्थित छन्, आर्हत-जैन गुणमा, वेदान्तिहरू पुरुषमा तथा पाँचरात्रिकहरू अव्यक्तमा स्थित छन्।

विश्वोत्तीर्णमात्मतत्त्वमिति तान्त्रिकाः । विश्वमयमिति कुलाद्याम्नायनिविष्टाः । विश्वोत्तीर्णं विश्वमयं च इति त्रिकादिदर्शनविदः ।

तान्त्रिकले भन्दछन् कि आत्मतत्त्व विश्वबाट पर छ। कुल आदि आम्नाय (आध्यात्मिक शास्त्र)मा जसको अनुराग छ तिनीहरू आत्मतत्त्वलाई विश्वमय मान्दछन्। त्रिकादिदर्शनमा आत्मतत्त्व विश्वोत्तीर्ण छ र विश्वमय पनि छ।

एवमेकस्यैव चिदात्मनो भगवतः स्वातन्त्र्यावभासिताः सर्वा इमा भूमिकाः स्वातन्त्र्यप्रच्छादनोन्मीलनतारतम्यभेदिताः । अत एक एव एतावद्व्याप्तिक आत्मा। मितदृष्टयस्तु अंशांशिकासु तदिच्छयैव अभिमानं गृहीतवन्तो[1] येन देहादिषु भूमिषु पूर्वपूर्वप्रमातृ-व्याप्तिसारताप्रथायामपि उक्तरूपां महाव्याप्तिं परशक्तिपातं विना न लभन्ते। यथोक्तम् –

यस प्रकार यहाँ जति पनि दर्शनका स्थितिहरू प्रदर्शित गरिए ती सबैतर्फ चित् रूपी भगवान्को विभिन्न भूमिका हुन् जसमा भगवान् आफ्नो स्वातन्त्र्य प्रदर्शित गर्नु हुन्छ। यी भूमिकाहरूको भेद हुनुमा उसै स्वातन्त्र्यको आत्मगोपन र आत्मप्रकाशनको तारतम्यको कारण हो । अतः एक आत्मा यहाँसम्म(उपर्युक्त शास्त्रको भूमिकामा) व्याप्त छ। जसको परिमित दृष्टि छ त्यो एक एक अंशमा उही परमात्माको इच्छाबाट भिन्न-भिन्न भूमिकाबाट तादात्म्य स्थापित गरेर बसेको छ, जब कि यहाँ स्पष्ट गरिदिएको छ कि पहिले प्रमाताको व्याप्तिका सार देह इत्यादिसम्म सीमित छ तापनि माथि भनिए झैं महाव्याप्ति शक्तिपात विना प्राप्त गर्न सक्दैन। जसरी भनिएको छ –

---

[1] ग्राहिताः, इति पाठः सर्वत्र पुस्तकेषु।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वैष्णवाद्यास्तु ये केचिद् विद्यारागेण रञ्जिताः ।
न विदन्ति परं देवं सर्वज्ञ ज्ञानशालिनम् ॥ इति ।

वैष्णव इत्यादि सम्प्रदायमा दीक्षित व्यक्तिहरू जो विद्याको रङ्गबाट रङ्गिएका छन् तिनीहरूले परमदेव जो सर्वज्ञ ज्ञानस्वभाववाला छ त्यसलाई चिन्दैनन्।

तथा –

भ्रमयत्येव तान् माया ह्यमोक्षे मोक्षलिप्सया । इति,

त्यस्तै यो मायाले मानिसलाई चक्करमा पार्दछ र अमोक्षमा मोक्ष प्राप्त गर्नको इच्छा राख्दछ ।

त आत्मोपासकाः शैवं न गच्छन्ति परं पदम् ।

जसले परिच्छिन्न आत्मा सम्झिएर त्यसैमा अनुराग राख्दछन्, त्यो शिवरूपी परम पदमा पुग्न सक्दैनन्।

अपि च सर्वेषां दर्शनानां समस्तानां नीलसुदखादिज्ञानानां याः स्थितयः, अन्तर्मुखरूपा विश्रान्तयस्ताः तद्भूमिकाश्चिदानन्दघन-स्वात्मस्वरूपाभिव्यक्त्युपायाः । तथा हि – यदा यदा बहिर्मुखं रूपं स्वरूपे विश्राम्यति तदा बाह्यवस्तूपसंहारः, अन्तःप्रशान्तपदावस्थितिः तत्तदुदेष्यत्संवित्सन्तत्यासूत्रणमिति सृष्टिस्थितिसंहारमेलनरूपेयं तुरीया संविद्भट्टारिका तत्तत्सृष्ट्यादिभेदान् उद्वमन्ती संहरन्ती च, सदा पूर्णा च कृशा चोभयरूपा चानुभयात्मा चाक्रममेव स्फुरन्ती स्थिता । उक्तञ्च श्रीप्रत्यभिज्ञाटीकायाम् –

सबै दर्शनहरूको र नील सुख इत्यादि ज्ञानका स्थितिहरू वा अन्तर्मुख रूप विश्रान्ति उसै चिदानन्दघन रूपी आत्मा स्वरूपको भूमिका अर्थात् अभिव्यक्तिको उपाय हो। जब जब बहिर्मुख रूप स्वस्वरूपमा अर्थात् ज्ञाताको वास्तविक स्वभावमा विश्रान्ति प्राप्त गर्दछ तब तब बाह्य वस्तुको उपसंहार अर्थात् समाप्ति या निराकरण हुन्छ र एक आन्तरिक शान्त पदमा स्थिर हुन्छ। भिन्न भिन्न रूपमा उदय हुनेवाला ज्ञान क्रमको प्रारम्भ यहीबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। यस प्रकार पूज्य तुरीया संवित् जसको स्वभाव हो सृष्टि, स्थिति र संहारको एकमा धारण गर्ने जुन सृष्टि आदि भेदको बाहिर प्रकट गर्दछ पुनः आफ्नो भित्र उपसंहार गर्दछ सदा कृश भएर पूर्ण हुँदै दुई रूपमा (कृश र पूर्ण) वस्तुतः यी दुईमा कुनै रूपमा नरहँदै विना क्रमको स्फुरण गर्दै रहन्छ। श्रीप्रत्यभिज्ञा टीकामा भनिएको छ –

"तावदर्थावलेहेन उत्तिष्ठति पूर्णा च भवति" इति। एषा च भट्टारिका क्रमात् क्रममधिकमनुशील्यमाना स्वात्मसात्करोत्येव भक्तजनम्॥

अर्थ(पदार्थ र सबै प्रमेय)लाई चाट्नाले त्यो उठ्छ अर्थात् आफ्नो स्वरूपमा स्फुरण गर्दछ यस प्रकार पूर्ण हुन्छ। जसले यो पूज्य चेतनाको अधिक अनुशीलन गर्दछ त्यो भक्त क्रमशः आफैंमा आफूलाई आत्मसात् गर्दछ।

यदि एवंभूतस्य आत्मनो विभूतिः, तत्कथमयं मलावृतोऽणुः कलादिवलितः संसारी अभिधीयते ? इत्याह –

यदि यस प्रकारको आत्माको विभूति हो भने त्यो कसरी मलबाट ढाकिन्छ कलारागादि कञ्चुकबाट घेरिएको अणु र संसारीले कहिन्छ। यस प्रश्नको उत्तरमा यहाँ भनिएको छ –

चिद्वत्तच्छक्तिसंकोचाद् मलावृतः संसारी ॥ ९ ॥

जो चित्स्वरूप छ त्यो शक्तिको संकोचबाट मलले ढाकिएको संसारी बन्न जान्छ।

यदा चिदात्मा परमेश्वरः स्वातन्त्र्याद् अभेदव्याप्तिं निमज्ज्य भेदव्याप्तिमवलम्बते तदा तदीया इच्छादिशक्तयः, असंकुचिता अपि संकोचवत्यो भान्ति। तदानीमेव च अयं मलावृतः संसारी भवति। तथा चाप्रतिहतस्वातन्त्र्यरूपा, इच्छाशक्तिः संकुचिता सती, अपूर्णंमन्यतारूपमाणवं मलम्। ज्ञानशक्तिः क्रमेण संकोचाद् भेदे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वज्ञत्वस्य किञ्चिज्ज्ञत्वाप्तेः, अन्तःकरणबुद्धीन्द्रियतापत्तिपूर्वम् अत्यन्तं संकोचग्रहणेन भिन्नवेद्यप्रथारूपं मायीयं मलम् । क्रियाशक्तिः क्रमेण भेदे सर्वकर्तृत्वस्य किञ्चित्कर्तृत्वाप्तेः कर्मेन्द्रियरूपसंकोचग्रहणपूर्वमत्यन्तं परिमितताम् प्राप्ता शुभाशुभानुष्ठानमयं कार्मं मलम् । तथा सर्वकर्तृत्वसर्वज्ञत्वपूर्णत्वनित्यत्वव्यापकत्वशक्तयः संकोचं गृह्णाना यथाक्रमं कलाविद्यारागकालनियतिरूपतया भान्ति । तथाविधश्चायं शक्तिदरिद्रः संसारी, उच्यते । स्वशक्तिविकासे तु शिव एव ॥ ९ ॥

परमेश्वर जुन चित्स्वरूप हो आफ्नो स्वातन्त्र्यबाट अभेदलाई लीन गरेर भेद अवलम्बन गर्दछ। तब उसको इच्छा तथा अन्य शक्ति स्वभावतः असंकुचित भएर पनि संकुचित जस्तो लाग्न थाल्दछ। तब यो जीव मलबाट ढाकेर संसारी बन्न पुग्दछ । यस प्रकार परमेश्वरको स्वातन्त्र्य रूप इच्छा शक्ति जो स्वरूपतः अबाध छ संकुचित भएर आणव मल बन्दछ। जसद्वारा जीवन आफ्नो अपूर्ण मनाउन लाग्दछ। क्रमबाट संकोचको कारण भेदको अवस्थामा ज्ञान शक्तिको सर्वज्ञत्व किञ्चिज्ज्ञत्वको पहुँच हुन्छ र अत्यन्त संकोच ग्रहण गर्नाले त्यो अन्तः करण र ज्ञानेन्द्रियको अवस्था प्राप्त गरेर मायीयमलको धारण गर्दछ जसको स्वभाव हो, सब वस्तुलाई भिन्न रूपमा जान्नु । क्रमशः भेदको अवस्थामा क्रियाशक्तिका सर्वकर्तृत्व किञ्चित्कर्तृत्वको दशामा पुग्छ । क्रियाशक्ति कर्मेन्द्रिय रूप संकोचको ग्रहण गरेर अत्यन्त परिमित अवस्थाको प्राप्त भएर कार्ममलको धारण गर्दछ, जसको स्वभाव हो शुभ र अशुभ कर्म गर्नु। यस प्रकार सर्वर्त्तृत्व, सर्वज्ञत्व, पूर्णत्व, नित्यत्व, व्यापकत्व शक्तिको संकोच ग्रहण गरेर यथाक्रम कला, विद्या, राग, काल र नियति रूपको भान हुन्छ। यस रूपमा यो जीव शक्तिमा दरिद्र भएर संसारीवाला हुन्छ। आफ्नो शक्तिको विकास हुँदा त्यो उही शिव हो।

ननु संसार्यवस्थायामस्य किञ्चिंच्छिवतोचितमभिज्ञानमस्ति येन शिव एव तथावस्थित इत्युद्घोष्यते ? अस्तीत्याह –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब अणु संसारीको अवस्थामा रहन्छ, त्यो के उस अवस्थामा शिवतत्त्वको अनुरूप कोही यस्तो पहिचान छ जसबाट यो जान्न सकिन्छ कि शिव नै यस प्रकारबाट अवस्थित छ। शास्त्रले यो घोषणा गरेको छ कि? छ हो। अगाडिको सूत्रले भन्दछ –

तथापि तद्वत् पञ्चकृत्यानि करोति ॥ १० ॥

यस दशामा पनि उसको समान जीव पाँच कृत्य गर्दछ।

इह ईश्वराद्वयदर्शनस्य ब्रह्मवादिभ्यः अयमेव विशेषः, यत् –

यहाँ ईश्वराद्वय दर्शनको ब्रह्मवादि दर्शनबाट यो पञ्चकृत्यविलक्षण देखिन्छ।

सृष्टिसंहारकर्तारं विलयस्थितिकारकम्।
अनुग्रहकरं देवं प्रणतार्तिविनाशनम्[1] ॥

म सृष्टि र संहार गर्ने वाला, विलय र स्थिति गर्नेवाला, अनुग्रह गर्नेवाला र आफ्नो सम्मुख भक्तका दुःखको नाश गर्नेवाला देवको प्रमाण गर्दछु।

इति श्रीमत्स्वच्छन्दादिशासनोक्तनीत्या सदा पञ्चविधकृत्यकारित्वं चिदात्मनो भगवतः। यथा च भगवान् शुद्धेतराध्वस्फारणक्रमेण स्वरूपविकासरूपाणि सृष्ट्यादीनि करोति तथा संकुचितचिच्छक्तितया संसारभूमिकायामपि पञ्चकृत्यानि विधत्ते। तथा हि –

श्रीमत् स्वच्छन्द इत्यादि शास्त्रमा भनिएको ढङ्गको अनुसार सदा पाँच प्रकारका कृत्य चल्दछ। जस प्रकार भगवान् अशुद्ध अध्वमा विस्तार क्रमबाट आफ्नो स्वरूपको विकास रूप सृष्टि इत्यादि गर्दछ। त्यस्तै नै संकुचित चित् शक्तिबाट संसार दशामा पनि उही पञ्चकृत्य गर्दछ। भनिएको छ –

---

१ स्वच्छन्दतन्त्रप्रथमपटलः, श्लो. ३।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदेवं व्यवहारेऽपि प्रभुर्देहादिमाविशन् ।
भान्तमेवान्तरर्थौघमिच्छया भासयेद्बहिः[1] ॥

यस प्रकार व्यवहार दशामा पनि प्रभु देह इत्यादिमा प्रवेश गरेर आफ्नो भित्र प्रकाशमान अर्थ समूहको आफ्नो इच्छबाट बाहिर व्यक्त गर्दछ।

इति प्रत्यभिज्ञाकारिकोक्तार्थदृष्ट्या देहप्राणादिपदमाविशन् चिद्रूपो महेश्वरो बहिर्मुखीभावावसरे नीलादिकमर्थं नियतदेशकालादितया यदा आभासयति तदा नियतदेशकालाद्याभासांशेऽस्य स्रष्टृता । अन्यदेशकालाद्याभासांशेऽस्य संहर्तृता । नीलाद्याभासांशे स्थापकता । भेदेन आभासांशे विलयकारिता । प्रकाशैक्येन प्रकाशनेऽनुग्रहीतृता । यथा च सदा पञ्चविधकृत्यकारित्वं भगवतस्तथा मया वितत्य स्पन्दसन्दोहे निर्णीतम् । एवमिदं पञ्चविधकृत्य- कारित्वमात्मीयं सदा दृढप्रतिपत्त्या परिशील्यमानं माहेश्वर्यमुन्मीलयत्येव भक्तिभाजाम् । अत एव ये सदा एतत् परिशीलयन्ति ते स्वरूपविकासमयं विश्वं जानाना जीवन्मुक्ता इत्याम्नाताः । ये तु न तथा ते सर्वतो विभिन्नं मेयजातं पश्यन्तो बद्धात्मानः ॥ १० ॥

यस प्रकार प्रत्यभिज्ञा कारिकामा भनिएको अर्थको दृष्टिबाट चिद्रूप महेश्वर देहप्राण इत्यादिमा प्रवेश गरेर बहिर्मुखीभावको अवसरमा जब नील इत्यादि विषयको नियत देश, काल इत्यादिमा आभासित हुन्छ तब नियत देश, काल इत्यादिमा जो आभासित भइरहेको छ यो उनको सृष्टिक्रिया हो। विषयका अन्य देश, कालमा आभासित हुनु उनको संहार क्रिया हो । नील इत्यादि आभासको बनाइरहन उनको स्थापकता अथवा स्थितिक्रिया हो । भेदबाट आभास हुनु उनको विलय क्रिया हो र विषयका चित्प्रकाशको ऐक्यबाट प्रकाशित हुनु उनको अनुग्रह क्रिया हो । भगवान् जस प्रकार सदा पाँच प्रकारको कृत्य गर्दछन् उनको मैले विस्तारपूर्वक स्पन्द संदोहमा स्पष्ट गरिदिएको छु। यस प्रकार आफूभित्र जो पाँच प्रकारको कृत्य चलाइरहेको छ यदि राम्रो तरिकाले सम्झिए, परिशीलन गरे त्यस्ता भक्तजनको निकट प्रभु महान् ऐश्वर्य व्यक्त गरिदिन्छन् । अत एव जो सदा यसको परिशीलन गर्दछ उही विश्वको चित्का विकास सम्झेर जीवमुक्त हुन्छ। यस्तो आम्नाय

---

[1] ईश्वरप्रत्यभिज्ञा, श्लो. ६-७।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(परम्परागत शास्त्र)को भनाइ छ। त्यो सब ज्ञेय विषयलाई भिन्न सम्झेर बन्धनमा नै परिरहन्छ।

न चायमेव प्रकारः पञ्चविधकृत्यकारित्वे यावदन्योऽपि कश्चिद् रहस्यरूपोऽस्तीत्याह –

पाँच प्रकारको कृत्य गर्नका लागि केवल यही एक प्रकार होइन दोस्रो रहस्य पनि छ। यसको लागि सूत्रकार अगाडि भन्नुहुन्छ –

❀ आभासनरक्तिविमर्शनबीजावस्थापनविलापनतस्तानि ॥ ११ ॥

प्रकाशन, आस्वादन, आत्मबोध, बीजको अवस्थापन, विलापनबाट पाँच कृत्य गर्दछ।

पञ्चविधकृत्यानि करोतीति पूर्वतः संबध्यते । श्रीमन्महार्थदृष्ट्या दृगादिदेवीप्रसरणक्रमेण यद् यद् आभाति तत्तत् सृज्यते। तथा सृष्टे पदे तत्र यदा प्रशान्तनिमेषं कञ्चित् कालं रज्यति तदा स्थितिदेव्या तत् स्थाप्यते। चमत्कारापरपर्यायविमर्शनसमये तु संह्रियते। यथोक्तं श्रीरामेण –

यी पाँच कृत्यका पूर्वसूत्रबाट सम्बन्ध छ। महार्थ दृष्टिबाट नेत्र इन्द्रिय इत्यादि देवीको प्रसरण क्रमबाट जो प्रकाशित हुन्छ त्यही सृष्टि हो। सृष्टि पश्चात् आँखा बन्द गरेर नै केही समय जब जीव त्यसमा आस्वादन वा आनन्द लिन्छ तब स्थिति देवीद्वारा त्यो स्थापित हुन्छ। विमर्शनको दोस्रो संज्ञा चमत्कार हो। त्यस समय त्यो पदार्थको संहार हुन्छ। जस्तो कि श्रीरामले भन्नुभएको छः–

समाधिवज्रेणाप्यन्यैरभेद्यो भेदभूधरः।
परामृष्टश्च नष्टश्च त्वद्भक्तिबलशालिभिः ॥ इति।

'त्यो भेदको पर्वत जसलाई मानिस समाधिवज्रबाट पनि भेदन गर्न सक्दैनन् ती मानिसले तिम्रो भक्तिको बल प्राप्त गर्दछन् र तिनलाई यो आत्मचेतनावत् प्रतीत हुन्छ र यसै प्रकारले त्यो भेद पर्वत नष्ट गर्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यदा तु संह्रियमाणमप्येतदन्तर्विचित्राशंकादिसंस्कारमाधत्ते, तदा तत्पुनरुद्भविष्यत् संसारबीजभावमापन्नं विलयपदमध्यारोपितम् । यदा पुनः तत्तथान्तःस्थापितमन्यद्वानुभूयमानमेव हठपाकक्रमेणा-लंग्रासयुक्त्या चिदग्निसाद्भावमापद्यते तदा पूर्णतापादनेनानुगृह्यत एव । ईदृशं च पञ्चविधकृत्यकारित्वं सर्वस्य सदा सन्निहितमपि सद्गुरूपदेशं विना न प्रकाशत इति सद्गुरुसपर्यैव, एतत्प्रथार्थमनुसर्तव्या ॥ ११ ॥

जब ज्ञान रूपमा समेटिए तापनि भित्र भित्रै विचित्रका शंका इत्यादिका संस्कार खडा हुन्छन् । त्यो फेरि हुनेवाला संसारको बीज भावमा पुगेर विलयको अध्यारोप हुन्छ । तब फेरि त्यो (संसार बीज) अथवा भित्र स्थापित र केही जसको अनुभव भइरहेको हठपाक क्रमसँग अलंग्रासयुक्तिबाट चिदग्निसद्भावको प्राप्त हुन्छ । त्यो पूर्णता प्राप्त हुनाको कारण त्यस साधकले अनुग्रहको अनुभव गर्दछ । यस प्रकारको पञ्चकृत्यको कर्तृता सबैको लागि सदा निकट हुनाले पनि सद्गुरुको उपदेशको विना हुन सक्दैन । यसकारण यसको स्पष्ट हुनको लागि सद्गुरु सेवाको अनुसरण गर्न आवश्यक छ ।

यस्य पुनः सद्गुरूपदेशं विना एतत्परिज्ञानं नास्ति तस्यावच्छादितस्वस्वरूपाभिर्निजाभिः शक्तिभिर्व्यामोहितत्त्वं भवतीत्याह –

सद्गुरुको उपदेश विना जसको यो ज्ञान(पञ्चकृत्यको ज्ञान) हुँदैन ऊ आफैं त्यो शक्तिबाट मोह हुन्छ र त्यसको वास्तविक स्वरूप ढाकिएको हुन्छ । आगमी सूत्रमा बताउँछन् ।

❀ तदपरिज्ञाने स्वशक्तिभिर्व्यामोहितता संसारित्वम् ॥ १२ ॥

सधैं भइरहने उसका पञ्चकृत्यको ज्ञान नभएमा आफ्नै शक्तिबाट मोहित हुन जान्छ र उसमा संसारित्व आउछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तस्यैतस्य सदा सम्भवतः पञ्चविधकृत्यकारित्वस्यापरिज्ञाने शक्तिपातहेतुकस्वबलोन्मीलनाभावाद् अप्रकाशने स्वाभिः शक्तिभिः, व्यामोहितत्त्वं विविधलौकिकशास्त्रीयशङ्काशङ्कुकीलितत्त्वं यदिदमेव संसारित्वम्। तदुक्तं श्रीसर्ववीरभट्टारके –

सूत्रमा जो तत् शब्द आएको छ त्यसको अर्थ हो 'सधैं हुने र रहनेवाला पाँच प्रकारको कृत्य गर्ने'। अज्ञानको अर्थ हो शक्तिपातका कारण आफ्नो बलको जो प्राकट्य हुन्छ उसको अभावको कारण अप्रकाशन हुनु। आफ्नो शक्तिबाट मोहित हुनुको अर्थ हो नाना प्रकारको लौकिक तथा शास्त्रीय शंकारूपी किलामा बाँधिनु यही नै संसारको दशा हो। श्रीसर्ववीरभट्टारकमा भनिएको छ –

अज्ञानाच्छङ्कते लोकस्ततः सृष्टिश्च संहृतिः।

अज्ञानबाट नै मनुष्यले शंका गर्दछ र त्यसबाट जन्ममरण हुन्छ।

मन्त्रा वर्णात्मकाः सर्वे सर्वे वर्णाः शिवात्मकाः॥

सबै मन्त्र वर्णरूप(अक्षररूप) हो र सबै वर्ण शिवरूप हो।

इति च। तथा हि – चित्प्रकाशाद् अव्यतिरिक्ता नित्योदितमहामन्त्ररूपा पूर्णाहंविमर्शमयी येयं परा वाक्छक्तिः, आदिक्षान्तरूपाशेषशक्तिचक्रगर्भिणी सा तावत् पश्यन्तीमध्यमादिक्रमेण ग्राहकभूमिकां भासयति। तत्र च परारूपत्वेन स्वरूपमप्रथयन्ती मायाप्रमातुः, अस्फुटसाधारणार्थावभासरूपां प्रतिक्षणं नवनवां विकल्पक्रियामुल्लासयति। शुद्धामपि चाविकल्पभूमिं तदाच्छादितामेव दर्शयति। तत्र च ब्राह्मयादिदेवताधिष्ठितककारादि विचित्रशक्तिभिर्व्यामोहितो देहप्राणादिमेव परिमितमवशमात्मानं मन्यते मूढजनः। ब्राह्मयादिदेव्यः पशुदशायां भेदविषये सृष्टिस्थिती, अभेदविषये च संहारं प्रथयन्त्यः परिमितविकल्पपात्रतामेव सम्पादयन्ति। पतिदशायां तु भेदे संहारमभेदे च सर्गस्थिती

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकटयन्त्यः क्रमात् क्रमं विकल्पनिर्ह्रासनेन श्रीमद्भैरवमुद्रानुप्रवेशमयीं महतीमविकल्पभूमिमेवोन्मीलयन्ति ।

सर्वो ममायं विभव इत्येवं परिजानतः ।
विश्वात्मनो विकल्पानां प्रसरेऽपि महेशता[1] ॥

इत्यादिरूपां चिदानन्दावेशमग्नां शुद्धविकल्पशक्तिम् उल्लासयन्ति तत उक्तनीत्या स्वशक्तिव्यामोहिततैव संसारित्वम् ।

त्यस्तै यो चित्प्रकाशबाट अभिन्न परावाक् शक्ति हो जो नित्योदित महामन्त्र रूप हो जो पूर्ण 'अहम्' ज्ञानरूपी हो जो 'अ'बाट लिएर 'क्ष'सम्म समस्त शक्ति समूहको आफ्नो गर्भमा धारण गर्दै उनी पश्यन्ती, मध्यमा इत्यादि क्रमबाट ग्राहक(ज्ञाता) अवस्थाको अवगत गराउँछ । यसमा त्यो शक्ति आफ्नो परारूप जो कि उसको वास्तविक स्वरूप हो उसको गोपन गरेर मायाप्रमातामा प्रतिक्षण नयाँ–नयाँ विकल्प क्रियाको उद्भासित गर्दछ। जसको क्रियाद्वारा अस्फुट र विशेष पदार्थको अवभास हुन्छ र अविकल्प भूमिको जो आफ्नो स्वरूपमा शुद्ध छ उसैबाट आच्छादित रूपमा प्रस्तुत गर्दछ । यस्तो अवस्थामा मूढजन ब्राह्मी इत्यादि देवीहरूबाट अधिष्ठित ककार इत्यादि विचित्र शक्तिबाट व्यामोहित भएर परिसीमित देह, प्राण इत्यादिलाई विवश भएर आत्मा मान्दछन् । ब्राह्मी आदि देवीहरू पशुदशामा भेदको सृष्टि र स्थिति तथा अभेदको संहार अभिव्यक्त गर्दै पशुमा केवल परिमित विकल्पको पात्रता उत्पन्न गर्दछ । पतिदशामा यो भेदको संहार र अभेदको सृष्टि स्थिति प्रकट गर्दै क्रमशः विकल्पलाई हटाउँदै महती अविकल्पभूमिलाई अभिव्यक्त गर्दछ । जसद्वारा जीव भैरव मुद्रामा प्रवेश गर्दछ र यस भूमिमा शुद्ध विकल्प शक्तिको अवतारण गर्दछ जो चिदानन्दको आवेशमा मग्न रहन्छ, जसले विस्तारित भासमान विश्व मेरो वैभव हो भन्ने अनुभव गर्दछ समस्त विश्व मेरो आत्मा नै हो यसमा विश्व रूप विकल्पको प्रकट भए तापनि महेश्वरत्वको कत्ति पनि क्षति हुँदैन । यसप्रकार चिदानन्दको आवेशमा मग्न शुद्ध विकल्प शक्तिलाई ब्राह्मयादि देवीहरूले अभिव्यक्त गर्दछन् । तर आफ्नो शक्तिद्वारा कथञ्चित् आफैं मोहित हुन गएमा संसारिक दशा आइलाग्दछ।

---

[1] ईश्वरप्रत्यभिज्ञा ४।१।१२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किञ्च चितिशक्तिरेव भगवती विश्ववमनात् संसारवामाचारत्वाच्च वामेश्वर्याख्या सती खेचरीगोचरीदिक्चरी-भूचरीरूपैरशेषैः प्रमात्रन्तःकरणबहिष्करणभावस्वभावैः परिस्फुरन्ती पशुभूमिकायां शून्यपदविश्रान्ता किञ्चित्कर्तृत्वाद्यात्मककलादि-शक्त्यात्मना खेचरी चक्रेण गोपितपारमार्थिकचिद्गगनचरीत्वरूपेण चकास्ति । भेदनिश्चयाभिमानविकल्पनप्रधानान्तःकरणदेवीरूपेण गोचरीचक्रेण गोपिताभेदनिश्चयाद्यात्मकपारमार्थिकस्वरूपेण प्रकाशते । भेदालोचनादिप्रधानबहिष्करणदेवतात्मना च दिक्चरीचक्रेण गोपिताभेदप्रथात्मकपारमार्थिकस्वरूपेण स्फुरति । सर्वतो व्यवच्छिन्नाभासस्वभावप्रमेयात्मना च भूचरीचक्रेण गोपितासार्वात्म्यस्वरूपेण पशुहृदयव्यामोहिना भाति । पतिभूमिकायां तु सर्वकर्तृत्वादिशक्त्यात्मकचिद्गगनचरीत्वेनाभेदनिश्चयाद्यात्मना गोचरीत्वेनाभेदालोचनाद्यात्मना दिक्चरीत्वेन स्वाङ्गकल्पाद्वयप्रथा सारप्रमेयात्मना च भूचरीत्वेन पतिहृदयविकासिना स्फुरति । तथा चोक्तं सहजचमत्कारपरिजनिताकृतकादरेण भट्टदामोदरेण विमुक्तकेषु –

भगवती चितिशक्ति नै संसारको वमन (सृष्टि) गर्नाको कारण र संसाररूपी वाम(विपरीत) आचरणको कारण वामेश्वरी नामले प्रसिद्ध छिन् । आफ्नो खेचरी रूपबाट सबै प्रमाताहरूको रूपमा, गोचरी रूपद्वारा सारा अन्तः करणको रूपमा, दिक्चरी रूपबाट सब बाह्य इन्द्रियको रूपमा, भूचरी रूपद्वारा सारा पदार्थको रूपमा, प्रकट भएर पशुदशामा शून्यपदमा विश्राम गरेर खेचरी चक्रद्वारा आफ्नो पारमार्थिक चिद्गगन स्वरूपलाई लुकाएर किञ्चित्कर्तृत्व कला आदि शक्तिको रूपमा अवभासित हुन्छिन् । गोचरी चक्रद्वारा अभेद निश्चयात्मक जो आफ्नो पारमार्थिक स्वरूप छ त्यसबाट अलग्गिएर अन्तःकरण देवीको रूपमा प्रकाशित हुन्छिन् । जुन अन्तःकरणको प्रधान व्यापार छ– भेदको निश्चय र भेदको अभिमान अर्थात् भेदसँग तादात्म्य स्थापित गर्नु, एवम् भेद विकल्पन अर्थात् पदार्थको भिन्न-भिन्न रूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण गर्नु । दिक्चरी चक्रद्वारा आफ्नो अभेदको प्रकाश गर्नेवाला पारमार्थिक स्वरूपलाई लुकाएर बहिष्करण देवतारूपमा प्रकट हुन्छ । जसको प्रधान व्यापार हो- भेद देख्नु इत्यादि । भूचरी चक्रद्वारा आफ्नो सार्वात्म्य स्वरूप- सबै पदार्थ म नै हूँ भन्ने भावलाई लुकाएर अथवा पशुको हृदय व्यामोहित गरेर सबैतिर प्रमेयको रूपमा भान हुन्छ जुन प्रमेयको स्वभाव हो परस्पर पृथक्-पृथक् रूपमा देखिनु । किन्तु पतिदशामा शक्तिले सबै गर्नेवाला चिद्गगनचरीको रूपमा, अभेदको निश्चय इत्यादि गर्नेवाला गोचरीको रूपमा अभेदको प्रत्यक्ष इत्यादि सम्पन्न गर्नेवाला दिक्चरीको रूपमा, प्रमेयको आफ्नो अङ्गको समान अभिन्न प्रकार गर्नु जसको सार हो, यस्तो सामर्थ्यवाला भूचरीको रूपमा मुक्तदशामा जीवको हृदयलाई विकसित गर्दै प्रकाशित हुन्छ।

पूर्णावच्छिन्नमात्रान्तर्बहिष्करणभावगाः ।
वामेशाद्याः परिज्ञानाज्ञानात् स्युर्मुक्तिबन्धदाः ।। इति।

वामेश्वरी आदि शक्तिहरू खेचरी रूपमा प्रमातामा अवस्थित भएर, गोचरीको रूपमा अन्तःकरणमा अवस्थित भएर, दिक्चरीको रूपमा बहिष्करणमा अवस्थित भएर, भूचरीको रूपमा पदार्थमा अवस्थित भएर परिज्ञानद्वारा पूर्ण बनाउँदै मुक्ति दिन्छन् । अज्ञानद्वारा त्यही चेतनलाई परिच्छिन्न वा परिमित बनाउँदै बन्धनमा हाल्छन् ।

एवं च निजशक्तिव्यामोहिततैव संसारित्वम् । अपि च चिदात्मनः परमेश्वरस्य स्वानपायिनी एकैव स्फुरत्तासारकर्तृतात्मा, ऐश्वर्यशक्तिः । सा यदा स्वरूपं गोपायित्वा[1] पाशवे पदे प्राणापानसमानशक्तिदशाभिर्जाग्रत्स्वप्नसुषुप्तभूमिभिर्देहप्राण- पुर्यष्टककलाभिश्च व्यामोहयति, तदा तद्व्यामोहितता संसारित्वम् । यदा तु मध्यधामोल्लासामुदानशक्तिं विश्वव्याप्तिसारां च व्यानशक्तिञ्च तुर्यदशारूपां तुर्यातीतदशारूपाञ्च चिदानन्दघनाम् उन्मीलयति तदा देहाद्यवस्थायामपि पतिदशात्मा जीवन्मुक्तिर्भवति ।

[1] गोपयित्वा, इति पाठः सर्वत्र पुस्तकेषु ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एवं त्रिधा स्वशक्तिव्यामोहितता व्याख्याता । 'चिद्वद्' इति सूत्रे चित्प्रकाशे गृहीतसंकोचः संसारी, इत्युक्तम् । इह तु स्वशक्तिव्यामोहितत्त्वेन अस्य संसारित्वं भवतीति भङ्ग्यन्तरेणोक्तम् । एवं संकुचितशक्तिः प्राणादिमानपि यदा स्वशक्तिव्यामोहितो न भवति तदा अयम् ...... शरीरी परमेश्वरः । इत्याम्नायस्थित्या शिवभट्टारक एवेति भङ्ग्या निरूपितं भवति । यदागमः – मनुष्यदेहमास्थाय छन्नास्ते परमेश्वराः । इति । उक्तं च प्रत्यभिज्ञाटीकायाम्—"शरीरमेव घटाद्यपि वा ये षट्त्रिंशत्तत्त्वमयं शिवरूपतया पश्यन्ति तेऽपि सिध्यन्ति" इति ॥ १२॥

यस प्रकार आफ्नो शक्तिहरूबाट व्यामोहित भएर जानु नै संसार दशा हो । चित्स्वरूप परमेश्वरको आफ्नो ऐश्वर्यशक्ति हुन्छ जो नाशरहित छ, अनुपम छ, जसको सार स्फुरत्ता छ र जो कर्तृतारूप छ। त्यो ऐश्वर्यशक्ति जब आफ्नो स्वरूपलाई लुकाएर पशुको अवस्थामा प्राण, अपान र समान शक्तिको दशाबाट जाग्रत्, स्वप्न र सुषुप्तिको भूमिबाट देह, प्राण र पुर्यष्टकको कलाबाट व्यामोह उत्पन्न गर्छ त्यो यही व्यामोह संसारको दशा जन्म–जन्मान्तरमा संसरण गर्दै रहन्छ। जब त्यो ऐश्वर्यशक्ति चिदानन्दघनमय उदानशक्ति अर्थात् प्राण र अपानको समबल अवस्था प्राप्त हुदै मध्यधाममा सुषुम्ना नाडीमा विलसित हुन्छ र जो तुर्यदशायुक्त हुन्छ र चिदानन्दघनमय व्यानशक्तिको जो समस्त विश्वमा व्याप्त हुन जान्छ र जो तुर्यातीत दशावाला हुन्छ उन्मीलित गर्दछ, तब देश आदिको भएर पनि जीव पति दशामा पुग्छ र उसको जीवनमा मुक्ति हुन्छ। यस प्रकार आफ्नो शक्तिबाट व्यामोहित हुन पुग्नु यसको तीन प्रकारबाट व्याख्या गरिएको छ। चिद्वत् सूत्रमा यो भनिएको छ कि चित्प्रकाश नै संकोच ग्रहण गरेर संसारी बन्छ । यहाँ दोस्रो दृष्टिकोणबाट यो भनिएको छ कि आफ्नो शक्तिद्वारा व्यामोहित हुनबाट नै जीवको संसार दशा हुन्छ। यस प्रकार जसको शक्ति संकुचित हुन गयो त्यही जब आफ्नो शक्तिबाट व्यामोहित हुँदैन तब यो शरीरधारी परमेश्वर नै हो यस प्रकारको आम्नायको दृष्टिले पूजनीय शिव नै हो । यो प्रकारान्तरद्वारा निरूपित हुन्छ। जस्तो कि आगममा भनिएको छ – मनुष्यको देहमा रहेर पनि ती लुकेका परमेश्वर हुन् । त्यस्तै ईश्वरप्रत्यभिज्ञाको टीकामा पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिएको छ – जसले छत्तीस तत्त्वमय शरीर अथवा घट इत्यादिलाई शिवरूपले देख्छन् तिनीहरू सिद्धि प्राप्त गर्दछन्।

उक्तसूत्रार्थप्रातिपक्ष्येण तत्त्वदृष्टिं दर्शयितुमाह—

उपर्युक्त सूत्रको अर्थविपर्ययद्वारा तत्त्वदृष्टिलाई बताउनको लागि भनिन्छ –

❀ **तत्परिज्ञाने चित्तमेवान्तर्मुखीभावेन चेतनपदाध्यारोहाच्चितिः ।। १३ ।।**

त्यो पञ्चकृत्यकारित्वको पूर्ण ज्ञान हुंदा चित्तकै अन्तर्मुखी भावबाट चेतनपदमा आरूढ भई चिति हुन्छ।

पूर्वसूत्रव्याख्याप्रसङ्गेन प्रमेयदृष्ट्या वितत्य व्याख्यात प्रायमेतत्सूत्रम्। शब्दसंगत्या त्वधुना व्याख्यायते। तस्य आत्मीयस्य पञ्चकृत्यकारित्वस्य परिज्ञाने सति, अपरिज्ञानलक्षणकारणापगमात् स्वशक्तिव्यामोहिततानिवृत्तौ स्वातन्त्र्यलाभात् प्राक् व्याख्यातं यच्चित्तं तदेव संकोचिनीं बहिर्मुखतां जहद् अन्तर्मुखीभावेन चेतनपदाध्यारोहाद् ग्राहकभूमिकाक्रमणक्रमेण संकोचकलाया अपि विगलनेन स्वरूपापत्त्या चितिर्भवति । स्वां चिन्मयीं परां भूमिमाविशतीत्यर्थः ॥१३॥

ज्ञेयको दृष्टिबाट पूर्व सूत्रको व्याख्या प्रसङ्गमा यस सूत्रको पनि विस्तृत रूपबाट प्रायः व्याख्या भइसकेको छ। शब्द संगतिबाट यस सूत्रको अब व्याख्या गरिन्छ। सूत्रमा जो तत् शब्द आयो उसको अर्थ हो आत्माको पञ्चकृत्यकारिता । 'परिज्ञाने'को अर्थ हो त्यसको पूर्णज्ञान भएपछि अज्ञानरूपी कारण हट्छ र आफ्नै शक्तिद्वारा व्यामोहित हुने स्वभाव छुट्नाले पर स्वातन्त्र्य लाभबाट पहिले जुन चित्तको (सूत्र ५ मा) व्याख्या भइसकेको छ त्यो संकोच स्वभाववाला बहिर्मुखता छोडेर अन्तर्मुखी भावबाट चेतनपदमा चढेर अर्थात् क्रमसँग ज्ञाता(आत्मा)को भूमिसम्म उठाएर

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

संकोचको विगलित हुनाले आफ्नो(वास्तविक) स्वरूपको प्राप्तिबाट चिति हुन जान्छ। अर्थात् चित्त आफ्नो चिन्मयी परा भूमिमा प्रवेश हुन जान्छ।

ननु यदि पारमार्थिकं चिच्छक्तिपदं सकलभेदकवलनस्वभावं तदस्य मायापदेऽपि तथारूपेण भवितव्यं यथा जलदाच्छादितस्यापि भानोः भावावभासकत्वमित्याशङ्क्याह –

यहाँ शंका हुन्छ कि यदि पारमार्थिक चित्शक्तिको सब भेद कवलित गरेर लिने यस्तो स्वभाव हो भने त्यो मायावस्थामा पनि आफ्नो स्वभावलाई न छोड्नु पर्ने जस्तो मेघबाट आच्छादित रहँदा पनि सूर्य पदार्थ प्रकाशित गरिरहन्छ। यस शंकालाई उठाएर ग्रन्थकारले भन्नु हुन्छ –

❁ **चितिवह्निरवरोहपदे छन्नोऽपि मात्रया मेयेन्धनं प्लुष्यति ।।१४ ।।**

चिति रूपी अग्नि अवरोह पदमा आच्छादित हुँदा पनि अंशले प्रमेय(ज्ञेय, पदार्थ) रूपी इन्धनको जलाई दिन्छ।

चितिरेव विश्वग्रसनशीलत्वाद् वह्निः, असावेवावरोहपदे मायाप्रमातृतायां छन्नोऽपि स्वातन्त्र्याद् आच्छादितस्वभावोऽपि भूरि- भूतिच्छन्नाग्निवद् मात्रया= अंशेन नीलपीतादिप्रमेयेन्धनं प्लुष्यति = स्वात्मसात्करोति । मात्रापदस्येदम्, आकूतं यत्कवलयन्नपि सार्वात्म्येन न ग्रसते, अपि त्वंशेन संस्कारात्मना उत्थापयति । ग्रासकत्वं च सर्वप्रमातृणां स्वानुभवत एव सिद्धम् । यदुक्तं श्रीमदुत्पलदेवपादैर्निजस्तोत्रेषु –

चितिलाई यहाँ अग्नि यसकारण भनिएको हो कि उसको विश्वलाई खाने स्वभाव छ। यहाँ अवरोह पदमा, मायाप्रमाताको अवस्थामा ढाकिएता पनि आफ्नो स्वातन्त्र्यबाट आफ्नो स्वभावको आच्छादित हुन्छ जस्तो आगोलाई धेरै खरानीले ढाके झैं चिति मायाबाट ढाकिएको हुन्छ र पनि केही अंशले नीलो, पहेलो इत्यादि प्रमेय रूपीं इन्धनलाई जलाइ दिन्छ अर्थात् आत्मसात् गरेर लिन्छ। मात्रा शब्दको यहाँ यही भाव हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चितिले ज्ञेयको कवलित गरे पनि उसलाई पूर्णरूपबाट ग्रसित गर्दैन किन्तु अंशमा ग्रसित गर्दछ। अर्थात् ज्ञेय पूर्णरूपबाट ज्ञानमा परिणत हुन जादैन। त्यो संस्कार रूपमा चित्तमा रहेर उपयुक्त अवसरमा पुनः ज्ञेयको रूपमा प्रकट हुन्छ। सबै प्रमाताहरूमा ग्रसन गर्ने शक्ति हुन्छ। यहाँ प्रत्येकको आफ्नो अनुभवबाट सिद्ध हुन्छ। जस्तो कि श्रीमदुत्पलदेवले आफ्नो स्तोत्रमा भनेका छन् कि–

वर्तन्ते जन्तवोऽशेषा अपि ब्रह्मेन्द्रविष्णवः ।
ग्रसमानास्ततो वन्दे देवं[1] विश्वं भवन्मयम्[2] ॥ इति ॥ १४ ॥

सबै जीव ब्रह्मा, विष्णु, इन्द्र विश्वको ग्रसित गर्दै रहन्छन् । यसकारण हे देव ! म तपाईको रूपवाला विश्वको वन्दना गर्दछु। यसको आशय हो सम्पूर्ण जीवहरू विषयको आहार गर्दछन् हे देव तपाईं पनि विश्वलाई नै आहार गराउनु हुन्छ। सबै जीवहरू हजुरमय नै छन्।

यदा पुनः करणेश्वरीप्रसरसंकोचं सम्पाद्य सर्गसंहारक्रम-परिशीलनयुक्तिमाविशति तदा,

जब साधक इन्द्रिय देवीको प्रसार सम्पादन गरेर क्रमसँग सर्गको अभ्यास एवं उपायको आलम्बन गर्दछ र संकोचको सम्पादन गरेर संहार भाव वा पदार्थ वा ज्ञेयको ज्ञानमा प्रतिसंहार गर्ने अभ्यासको उपायलाई आलम्बन गर्दछ तब–

✿ बललाभे विश्वमात्मसात्करोति ॥ १५ ॥

चितिशक्तिरूप बलको प्राप्त गरेपछि उसले विश्वको आत्मसात् गर्दछ।

चितिरेव देहप्राणाद्याच्छादननिमज्जनेन स्वरूपमुन्मग्नत्वेन स्फारयन्ती बलम्। यथोक्तम् –

तदाक्रम्य बलं मन्त्राः[3] सर्वज्ञबलशालिनः ।
प्रवर्तन्तेऽधिकाराय करहिनाम्[1] ॥ इति।

---

[1] देव !, इति पाठान्तरम्।

[2] शिवस्तोत्रम्, २०।१७।

[3] तदाक्रम्य बलं मन्त्राः . . ., इति पाठमात्रं सर्वत्र पुस्तकेषु उद्धृतम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चित्‌शक्तिले नै देह, प्राण इत्यादि कोशलाई दबाएर आफ्नो स्वरूपको उजागर गर्दै बल प्राप्त गर्दछ। जस्तो कि जब त्यो (चिति)को बललाई प्राप्त गरेर मन्त्र सर्वज्ञको बलबाट सम्पन्न हुन जान्छ । जस्तै भनिएको छ –

चितिशक्तिको उन्मेषरूप बललाई प्राप्त गरेर सर्वज्ञ शिवको बलले सम्पन्न विद्यातत्त्वमा आसीन मन्त्ररूप प्रमाताहरू त्यसरी आफ्नो अधिकृत कार्यमा प्रवृत्त हुन्छन् जसरी देही आत्माको शक्ति पाएर इन्द्रियहरू आफ्ना अधिकृत कार्यमा प्रवृत्त हुन्छन् ।

एवञ्च बललाभे उन्मग्नस्वरूपाश्रयणे क्षित्यादिसदाशिवान्तं विश्वमात्मसात्करोति स्वस्वरूपाभेदेन निर्भासयति। तदुक्तं पूर्वगुरुभिः स्वभाषामयेषु क्रमसूत्रेषु–"यथा वह्निरुद्‌बोधितो दाह्यं दहति तथा विषयपाशान् भक्षयेत्" इति ।

यस प्रकार जब उन्मीलित स्वरूपाश्रयरूप बल ज़ो प्राप्त गर्दछ तब त्यो पृथ्वीबाट निक्लेर सदाशिवसम्म सारा विश्वको आत्मसात् गर्दछ अर्थात् विश्वको आफ्नो स्वरूपबाट अभिन्न रूपमा भासित गर्दछ। यही विषयलाई पूर्व आचार्यहरूले क्रमसूत्रमा आफ्नो सहज ढंगबाट भनेका छन् कि – 'जस्तो प्रज्वलित आगोले दाह्य वस्तुलाई जलाई दिन्छ, त्यसै गरी साधकले पनि विषय बन्धनको आत्मसात् गर्दै भस्मसात् गर्नु पर्दछ।'

न चैवं वक्तव्यम् विश्वात्मसात्काररूपा समावेशभूः कादाचित्की । कथमुपादेया इयं स्यादिति? यतो देहाद्युन्मज्जन निमज्जनवशेन 'इदम्' अस्याः कादाचित्कत्वमिवाभाति । वस्तुतस्तु चितिस्वातन्त्र्यावभासितदेहाद्युन्मज्जनादेव कादाचित्कत्वम् । एषा तु सदैव प्रकाशमाना । अन्यथा तद् देहाद्यपि न प्रकाशेत । अत एव देहादिप्रमातृताभिमाननिमज्जनाय, अभ्यासः, न तु सदा प्रथमानता-सारप्रमातृताप्राप्त्यर्थमिति श्रीप्रत्यभिज्ञाकाराः ॥ १५ ॥

---

१ स्पन्दकारिका, २।१०, वसुगुप्तः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो कहिल्यै नभन्नु कि – त्यो समावेश भूमि, जसमा विश्वको आत्मसात् रूप समावेश अवस्था कहिलेकाहि हुन्छ। फेरि यो कसरी ग्रहण गर्न योग्य होला? किन कि देह इत्यादिको आविर्भाव र तिरोभावको कारण नै चितिको यो दशा कहिले कहिले हुने जस्तो लाग्दछ । वस्तुतः समावेशभूमिका कहिले कहिले हुनेवाला अवस्था देह इत्यादिको आविर्भावको कारणले नै हो । सत्य कुरा यो हो कि समावेशभूमि सदा प्रकाशमान हुन्छ। यदि यस्तो नहुने हो भने, त्यो देह इत्यादिको पनि प्रकाश हुँदैनथ्यो होला । त्यसैले प्रमातामा देहादिका साथ जुन मिथ्या तादात्म्य भएको छ त्यसलाई क्रमशः हटाउनको लागि साधनाको अभ्यास हो, त्यो प्रमातृभावको प्राप्त गर्नको लागि होइन । जसको स्वभाव नै सदा प्रकाशमानता हुन्छ जो वस्तुतः सदैव प्राप्त नै छ। यही श्रीप्रत्यभिज्ञाकारको यो भनाइ रहेको छ।

एवञ्च –

यस प्रकार

❁ **चिदानन्दलाभे देहादिषु चेत्यमानेष्वपि**
चिदैकात्म्यप्रतिपत्तिदार्ढ्यं जीवन्मुक्तिः ॥ १६ ॥

चिदानन्द लाभ भएपछि देहादिको अनुभव भएता पनि चित्सङ्ग एकात्मताको बोध दृढ हुन जान्छ र यही अवस्था नै जीवन्मुक्ति कहलाउँछ।

विश्वात्मसात्कारात्मनि समावेशरूपे चिदानन्दे लब्धे व्युत्थानदशायां दलकल्पतया देहप्राणनीलसुखादिष्वाभासमानेष्वपि यत्समावेशसंस्कारबलात् प्रतिपादयिष्यमाणयुक्तिक्रमोपबृंहिता-च्चिदैकात्म्यप्रतिपत्तिदार्ढ्यम् । अविचला चिदेकत्वप्रथा सैव जीवन्मुक्तिर्जीवतः प्राणानपि धारयतो मुक्तिः प्रत्यभिज्ञात-निजस्वरूपद्राविताशेषपाशराशित्वात्। यथोक्तं स्पन्दशास्त्रे –

समावेश रूप चिदानन्द प्राप्त भएपछि जसमा समस्त विश्वसङ्ग एकात्मताको बोध हुन्छ, व्युत्थानदशामा कमलिनी दलको जल समान देह, प्राण, नील, सुख इत्यादिको भान हुँदा पनि समावेशको संस्कार बलले र आगामी प्रसङ्गमा प्रतिपादन गरिने युक्ति क्रमबाट पनि पुष्टि हुनाले चित्को

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथ तादात्म्यको बोध दृढता हुन जान्छ यही जीवन्मुक्ति हो। दृढताको अर्थ हो – चित्को साथ एकात्मता बोध अविचल हुन जानु। जीवन्मुक्तिको अर्थ हो जिउँदै अर्थात् प्राणको धारण गर्दै मुक्ति। किनभने त्यो समय आफ्नो स्वरूपको पहिचानद्वारा सबै बन्धनको समूह छिन्न हुन पुग्दछ। जस्तो स्पन्दशास्त्रमा भनिएको छ –

इति वा यस्य संवित्तिः क्रीडात्वेनाखिलं जगत्।
स पश्यन् सततं युक्तो जीवन्मुक्तो न संशयः[1] ॥ इति ॥ १६ ॥

जसमा यसप्रकारको सम्यक् ज्ञान हुन जान्छ, त्यसले सबै जगत् शिव क्रीडाको रूपमा हेर्दै शिवसंयुक्त भएकाले जीवित अवस्थामै सदा पनि मुक्त रहन्छ यसमा सन्देह छैन।

अथ कथं चिदानन्दलाभो भवति ? इत्याह –

चिदानन्दको लाभ कस्तो प्रकारले हुन्छ ? यस विषयमा अगाडिको सूत्रमा बताइन्छ –

मध्यविकासाच्चिदानन्दलाभः ॥ १७ ॥

मध्यको विकासबाट चिदानन्दको लाभ हुन्छ।

सर्वान्तरतमत्वेन वर्तमानत्वात् तद्भित्तिलग्नतां विना च कस्यचिदपि स्वरूपानुपपत्तेः संविदेव भगवती मध्यम्। सा तु मायादशायां तथाभूतापि स्वरूपं गूहयित्वा[2] "प्राक् संवित् प्राणे परिणता" इति नीत्या प्राणशक्तिभूमिं स्वीकृत्य, अवरोहक्रमेण बुद्धिदेहादि-भुवमधिशयाना नाडीसहस्रसरणिमनुसृता। तत्रापि च पलाशपर्णमध्यशाखान्यायेन आब्रह्मरन्ध्राद् अधोवक्त्रपर्यन्तं प्राणशक्तिब्रह्माश्रयमध्यमनाडीरूपतया प्राधान्येन स्थिता। तत एव सर्ववृत्तीनामुदयात् तत्रैव च विश्रमात्। एवंभूताप्येषा पशूनां निमीलितस्वरूपैव स्थिता। यदा त्वुक्तयुक्तिक्रमेण सर्वान्तरतमत्वे

---

[1] स्पन्दकारिकानिश्वासः, २।५। वसुगुप्तः।
[2] गूहीत्वा, इति पाठान्तरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यभूता संविद्भगवती विकसति यदि वा वक्ष्यमाणक्रमेण मध्यभूता ब्रह्मनाडी विकसति तदा तद्विकासाच्चिदानन्दस्योक्तरूपस्य लाभः = प्राप्तिर्भवति। ततश्च प्रागुक्ता जीवन्मुक्तिः ॥ १७ ॥

भगवती चितिशक्ति नै मध्यमा नाडी (सुषुम्ना) अन्तर्गत सबैको केन्द्रभूतसत्ता छिन् जुन अन्तरतम रूपमा विद्यमान छिन् जो विना कसैको पनि अस्तित्व या स्वरूपको सिद्धि सम्भव छैन जबसम्म त्यो संवित् रूप भगवतीको अधिष्ठान प्राप्त हुदैन । संवित् नै यस प्रकारको भएर पनि मायादशामा आफ्नो वास्तविक स्वरूपलाई लुकाउँदै सर्वप्रथम प्राणमा परिणत हुँदै यस नीतिअनुसार प्राणशक्ति भूमिलाई स्वीकार्दै अवरोह क्रमबाट बुद्धि देह इत्यादि भूमिमा अवतीर्ण गर्दै सहस्रनाडी मार्गको अवलम्बन गर्दछिन् । व्यष्टि चेतनमा यो मुख्यतः ब्रह्मरन्ध्रबाट अधोवक्त्रसम्म पलाशपत्रको मध्य तन्तुको समान मुख्यतः मध्यम नाडीको रूपमा स्थित हुन्छ जसको आश्रय प्राणशक्ति रूपी ब्रह्म नै हो। किनभने सबै चित्तवृत्तिको उहीबाट उदय हुन्छ र उसैमा लय हुन्छ। यस प्रकारको भएर पनि त्यो पशुको लागि आफ्नो स्वरूप लुकाएको स्थिति हो। जब कि सबैको अन्तरतममा मध्यरूपबाट रहनेवाली भगवती संवित्को पहिले भनिएका युक्तिको क्रमबाट विकास हुन्छ अथवा अगाडि बताउँदै जानेवाला क्रमबाट जब मध्यरूपी ब्रह्मनाडीको विकास हुन्छ तब उसको विकासबाट उक्त रूप चिदानन्दको प्राप्ति हुन्छ र तत्काल पूर्व वर्णित जीवनमुक्ति सिद्ध हुन्छ।

मध्यविकासे युक्तिमाह –

मध्यको विकासमा उपाय बताइएको छ –

❀ विकल्पक्षयशक्तिसंकोचविकासवाहच्छेदाद्यन्त-कोटिनिभालनादय इह उपायाः ॥ १८ ॥

विकल्पक्षय, शक्तिको संकोच र विकास, प्राण अपानको छेद, आदि र अन्त कोटिहरूको अभ्यास इत्यादि यहाँ मध्यशक्ति विकासमा उपाय छन्।

इह मध्यशक्तिविकासे विकल्पक्षयादय उपायाः । प्रागुपदिष्टपञ्चविधकृत्यकारित्वाद्यनुसरणेन सर्वमध्यभूतायाः संविदो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकासो जायत इत्यभिहितप्रायम् । उपायान्तरमपि तु उच्यते–प्राणायाममुद्राबन्धादिसमस्तयन्त्रणातन्त्रत्रोटनेन सुखोपायमेव हृदये निहितचित्त उक्तयुक्त्या स्वस्थितिप्रतिबन्धकं विकल्पम्, अकिञ्चिच्चिन्तकत्वेन प्रशमयन् अविकल्पपरामर्शेन देहाद्यकलुष-स्वचित्प्रमातृतानिभालनप्रवणोऽचिरादेव उन्मिषद्विकासां तुर्य-तुर्यातीतसमावेशदशामासादयति । यथोक्तम् –

यहाँ मध्यशक्तिको विकासमा विकल्पक्षय आदि उपाय छन् । यहाँ पहिले भनिएको छ कि संविद् जो कि सबैको केन्द्र हो यसको विकास पहिले बताइएका आभासन, रक्ति, विमर्शन, बीजावस्थापन, विलापनादि पञ्चकृत्यकारित्वको अनुसरणबाट हुन्छ । अब दोस्रो उपाय बताइन्छ जुन सरल उपाय छ । जसद्वारा प्राणायाम, मुद्रा, बन्ध इत्यादि कष्टकर साधनाहरूबाट छुट्कारा पाउन सकिन्छ।

जब साधक आफ्नो चित्तको हृदय(संवित)मा स्थापित अर्थात् एकाग्र पार्दै बताइएको उपायबाट आफ्नो वास्तविक दशाको बाधकभूत विकल्पको अन्य कुनै प्रकारको चिन्तनलाई रोक्दै अविकल्पको आश्रयद्वारा जो देह इत्यादिबाट दूषित नभएको यस्तो आफ्नो पारमार्थिक प्रमाता (वास्तविक पूर्णचेतना)लाई सम्झने अभ्यास गर्दछ। तब त्यो शीघ्र नै विकास उन्मुख भई तुर्य तथा तुर्यातीत समावेश दशामा प्राप्त गर्दछ । जस्तो ईश्वरप्रत्यभिज्ञामा बताइएको छ –

विकल्पहानेनैकाग्र्यात् क्रमेणेश्वरतापदम्[१] । इति प्रत्यभिज्ञायाम् ।

साधकले विकल्पको त्यागबाट तथा एकाग्रताबाट क्रमशः ईश्वरीयपदको प्राप्ति गर्दछ।

श्रीस्पन्देऽपि –

श्रीस्पन्दमा पनि भनिएको छ –

यदा क्षोभः प्रलीयेत तदा स्यात् परमं पदम्[१] । इति ।

---

[१] ईश्वरप्रत्यभिज्ञा, ४।१।११ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जब (मानसिक) क्षोभ लीन हुन जान्छ तब परम पदको प्राप्ति हुन्छ।

श्रीज्ञानगर्भेऽपि –

श्रीज्ञानगर्भमा भनिएको छ कि–

> विहाय सकलाः क्रिया जननि मानसीः सर्वतो
> विमुक्तकरणक्रियानुसृतिपारतन्त्र्योज्ज्वलम् ।
> स्थितैस्त्वदनुभावतः सपदि वेद्यते सा परा
> दशा नृभिरतन्द्रितासमसुखामृतस्यन्दिनी[2] ॥ इति ।

हे जननी ! जब सबै मानिसहरू मानसिक क्रियाहरूलाई छोडेर इन्द्रियहरूको क्रियाको अनुसरण रूपी परतन्त्रताबाट मुक्त भई शुद्ध भावमा स्थित हुन्छन् तब तिम्रो अनुग्रहबाट तत्काल त्यो उत्कृष्ट दशाको अनुभूति हुन्छ। जो अक्षुण्ण निरुपम सुख रूपी अमृतको वर्षा गर्दछ।

अयञ्चोपायो मूर्धन्यत्वात् प्रत्यभिज्ञायां प्रतिपादितत्वाद् आदावुक्तः। शक्तिसंकोचादयस्तु यद्यपि प्रत्यभिज्ञायां न प्रतिपादिताः, तथापि आम्नायिकत्वाद् अस्माभिः प्रसङ्गात् प्रदर्श्यन्ते । बहुषु हि प्रदर्शितेषु कश्चित् केनचित् प्रवेक्ष्यतीति। शक्तेः संकोच इन्द्रियद्वारेण प्रसरन्त्या एवाकुञ्चनक्रमेणोन्मुखीकरणम् । यथोक्तम् आथर्वणिकोपनिषत्सु कठवल्ल्यां चतुर्थवल्लीप्रथममन्त्रे –

यो उपाय सर्वप्रथम भनिएको छ, किनभने यो सर्वश्रेष्ठ हो र प्रत्यभिज्ञाशास्त्रमा प्रतिपादित भएको छ। शक्तिको संकोच इत्यादि उपाय यद्यपि प्रत्यभिज्ञाशास्त्रमा प्रतिपादित भएको छैन तथापि त्यो आगमको परम्पराद्वारा विहित छ यसकारण प्रसङ्गवश यहाँ पनि बताइन्छ। धेरै उपाय बताउनाले कोही कुनै एक उपायबाट समावेश दशामा प्रवेश गर्न सक्छ।

शक्ति संकोच – यसको भाव हो इन्द्रियहरूद्वारा विषय तर्फ फैलिएको शक्तिको आकुञ्चन क्रमबाट अर्थात् विषयबाट खिचेर प्रत्यगात्मा

---

[1] स्पन्दकारिकानिश्वासः, १।९।

[2] विज्ञानगर्भः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तर्फ उन्मुख गर्नु । जस्तो कि अथर्ववेदको कठवल्ली उपनिषद्को चतुर्थवल्लीको प्रथम मन्त्रमा भनिएको छ –

पराञ्चि खानि व्यतृणत् स्वयंभूः
तस्मात् पराङ् पश्यति नान्तरात्मन् ।
कश्चिद्धीरः प्रत्यगात्मानमैक्षद्
आवृत्तचक्षुरमृतत्वमश्नन् ॥ इति ।

स्वयम्भूले इन्द्रियहरूलाई बहिर्मुखी बनाइ दिए। यसकारण जीवले बाहिरको मात्रै देख्यो, अन्तरात्मालाई देखेन । कोही बुद्धिमान् व्यक्ति अमृततत्त्वको अनुभवको इच्छा गर्दै इन्द्रियहरूलाई विषयबाट फर्काएर आनन्दस्वरूप अन्तरात्माको साक्षात्कार गर्दछन्।

प्रसृताया अपि वा कूर्माङ्गसंकोचवत् त्राससमये हृत्प्रवेशवच्च सर्वतो निवर्तनम्। यथोक्तम् – "तदपोद्धृते नित्योदितस्थितिः" इति।

इन्द्रियहरूलाई बाहिर फैलाएर शक्तिको चारैतर्फबाट बटुलेर भित्र फर्काउनु जस्तै कछुवाले डर भएको समयमा आफ्नो अङ्गलाई समेटेर भित्र लुकाउँछ त्यस्तै गरी । जस्तो भनिएको पनि छ – त्यहाँ फर्काए पछि नित्योदित स्थिति हुन्छ।

शक्तेर्विकासोऽन्तर्निगूढाया अक्रममेव सकलकरणचक्रविस्फारणेन 'अन्तर्लक्ष्यो बहिर्दृष्टिर्निमेषोन्मेषवर्जितः'। इति भैरवीयमुद्रानुप्रवेश-युक्त्या बहिःसरणम् इत्यादि।

एकाग्रोऽहि बहिर्वृत्तिनिवृतस्तत्त्वमीक्षते ।
दृष्टतत्त्वस्तु न पुनः कर्मजालेन बध्यते ॥[1]

यथोक्तं कक्ष्यास्तोत्रे –

सर्वाः शक्तीः चेतसा दर्शनाद्याः स्वे स्वे वेद्ये यौगपद्येन विष्वक्।
क्षिप्त्वा मध्ये हाटकस्तम्भभूतस्तिष्ठन् विश्वाधार एकोऽवभासि ॥[1]
इति।

---

[1] पादटिप्पण्यामुल्लिखितम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिको विकास भन्नु भित्र लुकेको शक्तिको एक साथ नै सबै इन्द्रियको प्रसार गर्दै लक्ष्यभित्र भएको, निमेष र उन्मेषरहित दृष्टिबाहिर भएको स्थिति हो । यसप्रकार चित्तको भित्र अनुप्रवेशको साथ इन्द्रियको बाहिर फैलिएको यही भैरवी मुद्रा हो ।

बाह्य व्यापारबाट निवृत्त एकाग्र साधकले निश्चय नै तत्त्वको साक्षात्कार गर्दछ र तत्त्वदर्शीले फेरि कर्मको बन्धनले बाँधिनु पर्दैन अर्थात् कर्म गरेता पनि कार्ममलले लेपिनु पर्दैन ।

त्यस स्थितिलाई कक्ष्यास्तोत्रमा यसरी प्रतिपादन गरिएको छ –

दृष्टि आदि समग्र शक्तिहरूलाई आफ्नै चेतनाद्वारा आफ्नो–आफ्नो विषयमा एक साथ चारैतिर फ्याँकेर भित्र सुवर्ण स्तम्भको समान विद्यमान तिमी एक विश्वको आधार प्रतीत हुन्छौ ।

श्रीभट्टकल्लटेनापि उक्तम् – "रूपादिषु परिणामात् तत्सिद्धिः" इति । शक्तेश्च संकोचविकासौ नासापुटस्पन्दन-क्रमोन्मिषत्सूक्ष्मप्राणशक्त्या भ्रूभेदनेन क्रमासादितोर्ध्वकुण्डलिनीपदे प्रसरविश्रान्तिदशापरिशीलनम् । अधःकुण्डलिन्यां च षष्ठवक्त्र-रूपायां प्रगुणीकृत्य शक्तिं तन्मूलतदग्रतन्मध्यभूमिस्पर्शावेशः । यथोक्तं विज्ञानभट्टारके –

वह्नेर्विषस्य मध्ये तु चित्तं सुखमयं क्षिपेत् ।
केवलं वायुपूर्णं वा स्मरानन्देन युज्यते[२] ॥ इति

भट्टकल्लटले भन्नुभएको छ कि रूपादिमा रहेर पनि परिणामद्वारा उसको शक्ति विकास सिद्ध हुन्छ । शक्तिको संकोच – विकास यस प्रकार सम्पन्न हुन्छ – ऊर्ध्वकुण्डलिनी (जब प्राण र अपान सुषुम्ना नाडीमा प्रवेश गरी मूलाधारस्थ कुण्डलिनी माथि उठ्दै जानु) मा प्रसार र विश्रान्ति अर्थात् फैलावट र रोकावट दशाको अभ्यास शक्तिविकास हो । जुन दशामा सूक्ष्म

---

१ तिष्ठन् विश्वाकार एको विभाति । पाठान्तरम् । तस्मिन् विश्वाकार एकोविभाति । इति च पाठान्तरम् ।

२ विज्ञानभैरवः, श्लो ६० ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणशक्तिद्वारा भ्रूभेद अर्थात् आँखीभौंका बीचमा प्राणको निरोधबाट क्रमशः प्राप्त हुन्छ। जसमा सूक्ष्मप्राणशक्ति नासिकाको भित्री भागमा स्पन्दनक्रमको अनुशीलनबाट शक्तिविकास सिद्ध हुन्छ। शक्तिसंकोचचाँहि षष्ठवक्त्र[1] मेढ्रकन्दमा स्थित अधःकुण्डलिनीमा प्राण शक्तिको पुष्टि गरेर उसको (अधःकुण्डलिनीको) मूल, मध्य र अग्रभागमा समावेशबाट हुन्छ। यस विषयलाई विज्ञान भैरवमा यसरी भनिएको छ – विषय चिन्तनरहित रूप सुखमय केवल वायुभरित चित्तको आगो अर्थात् अधःकुण्डलिनी विष अर्थात् ऊर्ध्वकुण्डलिनी को बीचमा प्रवेश गराउनु पर्छ। जसबाट स्मरानन्द अर्थात् कामानन्द प्राप्त हुन्छ।

अत्र वह्निः अनुप्रवेशक्रमेण संकोचभूः । विषस्थानं प्रसरयुक्त्या विकासपदं "विष्लृ व्याप्तौ" इत्यर्थानुगमात् । वाहयोः वामदक्षिणगत्योः प्राणापानयोः छेदो हृदयविश्रान्तिपुरःसरम् अन्तःककारहकारादिप्रायानच्कवर्णोच्चारेण विच्छेदनम्[2] । यथोक्तं ज्ञानगर्भे –

यहाँ प्रवेशको प्रक्रियामा आगो संकोचभूमि हो, विषस्थान प्रसारयुक्त विकासपद हो। किनभने यहाँ विषशब्द विष्लृ धातुबाट बनेको हो जसको अर्थ व्याप्त हुनु हो। दुई बाहु अर्थात् प्राण वा अपान जहाँ अपान वामगत छ र प्राण दक्षिणगत छ। ती दुवैलाई हृदयदेशमा अनच्क ककार, हकार इत्यादि वर्णहरूको उच्चारणबाट विच्छेद हुन्छ र मध्यविकास लाभ हुन्छ। यस विषयलाई ज्ञानगर्भमा यसरी प्रष्ट्याइएको छ –

अनच्ककककृतायतिप्रसृतपार्श्वनाडीद्वय-
च्छिदो विधृतचेतसो हृदयपङ्कजस्योदरे ।
उदेति तव दारितान्धतमसः स विद्याङ्कुरो
य एष परमेशतां जनयितुं पशोरप्यलम् ॥ इति।

---

1 नाक, कान, आँखा, मुख, पायु यी पञ्चवक्त्र हुन्। मेढ्रकन्द जुन गुदा मूलमा अवस्थित छ त्यसलाई षष्ठवक्त्र भनिन्छ।

2 **अन्तःककारहकारादिप्रायानच्कवर्णोच्चारेण विच्छेदनम्,** इति पाठः, क्वचित् पुस्तके नोपलब्धः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयकमलको भित्र चित्तस्थिर हुन गयो। दुवै नाडी फैलिएर विना स्वरको उच्चारित ककारको नियन्त्रणद्वारा रोकियो र अन्धकारकारक तम विदारित हुन गयो भने तिम्रो ज्ञानले त्यो अङ्कुरलाई उब्जाउँछ जो कि पशुमा पनि परमेशत्व उत्पन्न गराउनको लागि क्षमता राख्दछ।

आदिकोटिः हृदयम्, अन्तकोटिः द्वादशान्तः, तयोः प्राणोल्लास-विश्रान्त्यवसरे निभालनम् = चित्तनिवेशनेन परिशीलनम्। यथोक्तं विज्ञानभैरवे –

आदिकोटि हृदय। अन्तकोटि– बाह्र अङ्गुलको अन्तर। निभालन– यी दुवैमा प्राणलाई उमार्ने र समाप्त हुन जाने अवसरमा चित्त लगाउने अभ्यास। जस्तो कि विज्ञान भैरवमा भनिएको छ –

हृद्याकाशे निलीनाक्षः पद्मसंपुटमध्यगः।
अनन्यचेताः सुभगे त्व परं सौभाग्यमाप्नुयात्[1] ॥ इति।

तथा –

यथा तथा यत्र तत्र द्वादशान्ते मनः क्षिपेत्।
प्रतिक्षणं क्षीणवृत्तेर्वैलक्षण्यं दिनैर्भवेत्[2] ॥ इति।

हे सुन्दरी ! जसका इन्द्रियहरू हृदयाकाशमा लीन भए। जसको चित्त हृदयकमलको भित्र प्रविष्ट भयो जसले केही चिन्तन गर्दैन त्यो परम सौभाग्यलाई प्राप्त गर्दछ।

जसरी तसरी जहाँ, कहीं पनि यदि जो कोहीले आफ्नो चित्तलाई द्वादशान्तमा (षट्चक्रमा हरेक चक्रको उठानबाट अर्को चक्रको प्राप्तिसम्म बाह्र अंगुल) लगाउनु पर्दछ। यसबाट प्रतिक्षण उसको चित्तवृत्ति क्षीण हुँदै जान्छ र थोरै दिनमा त्यो साधक अरु सामान्य जनले भन्दा विलक्षणगुण प्राप्त गर्दछ।

---

[1] विज्ञानभैरवः, श्लो. ४९।

[2] विज्ञानभैरवः, श्लो. ५१।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिपदाद् उन्मेषदशानिषेवणम् । यथोक्तम् – उन्मेषः स तु विज्ञेयः स्वयं तमुपलक्षयेत्[1]। इति स्पन्दे । तथा रमणीय–विषयचर्वणादयश्च संगृहीताः । यथोक्तं श्रीविज्ञानभैरवे, एव –

आदि शब्दबाट उन्मेषदशाको अभ्यासलाई ग्रहण गर्नुपर्छ । आफूले आफैंलाई हेर्नु अर्थात् आफूले आफ्नै अनुभव गर्नुलाई उन्मेष भनिन्छ। यसै प्रकार रमणीय विषयको आस्वादन इत्यादि पनि आदि पदमा संगृहीत हुन्छन् जस्तै श्रीविज्ञानभैरवमा भनिएको छ –

जग्धिपानकृतोल्लासरसानन्दविजृम्भणात् ।
भावयेद् भरितावस्थां महानन्दमयो भवेत् ॥

गीतादिविषयास्वादासमसौख्यैकतात्मनः ।
योगिनस्तन्मयत्वेन मनोरूढेस्तदात्मता ॥

यत्र यत्र मनस्तुष्टिर्मनस्तत्रैव धारयेत् ।
तत्र तत्र परानन्दस्वरूपं संप्रकाशते[2] ॥ इति

खानपानको आस्वादबाट भएका आनन्दको अनुभवलाई विस्तार गर्दै आनन्दको परिपूर्णावस्थाको भावना गर्नु पर्दछ। यस्तो अभ्यास गर्दै जानाले त्यो व्यक्ति महान् आनन्दमै निमग्न हुन्छ। जब गीत सङ्गीत आदि विषयको अनुपम आनन्दबाट कोही योगी एकात्मक हुन जान्छ तब यस्तो एकाग्र चित्त योगी तन्मय हुनाकै कारण त्यो आनन्दमै तादात्म्य वा एकीभाव प्राप्त गर्दछ। जुन कुनै वस्तुबाट मनको प्रसन्नताको प्राप्ति हुन्छ। साधकले उसैमाथि अटूट ध्यान लगाउनु आवश्यक छ । उसलाई त्यसैमा परमानन्द स्वरूपको भान हुन्छ।

एवमन्यदपि, आनन्दपूर्णस्वात्मभावनादिकमनुमन्तव्यम् । इत्येवमादयः, अत्र मध्यविकासे उपायाः ॥ १८ ॥

---

१ स्पन्दकारिकानिश्वासः, ३ श्लो. ९ ।
२ विज्ञानभैरवः, श्लो. ७२, ७३, ७४ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै अरु पनि आनन्दपूर्ण स्वात्मभावनाहरूको अनुमान गर्न सक्छ। सूत्रमा जो आदि शब्द आएको छ त्यो मध्यको विकासका लागि यस प्रकारका उपायहरूलाई इङ्गित गर्दछ।

मध्यविकासाच्चिदानन्दलाभः । स एव च परमयोगिनः समावेशसमापत्त्यादिपर्यायः समाधिः। तस्य नित्योदितत्वे युक्तिमाह-

मध्यको विकासबाट चिदानन्दको लाभ हुन्छ। यही परमयोगीको समाधि हो जसका समावेश, समापत्ति इत्यादि समानार्थवाची शब्द हुन्। त्यो समाधिको नित्य प्रकट गराउनलाई निम्नलिखित उपाय बताउँछन् -

❀ **समाधिसंस्कारवति व्युत्थाने भूयो भूयश्चिदैक्यामर्शान्नित्योदितसमाधिलाभः ।। १९ ।।**

समाधिको संस्कारयुक्त व्युत्थानमा पनि बार बार चित्तका साथ आफ्नो ऐक्यको चिन्तन गर्दै रहनाले शाश्वत समाधिको लाभ हुन्छ।

आसादितसमावेशो योगिवरो व्युत्थानेऽपि समाधिरससंस्कारेण क्षीब इव सानन्दं घूर्णमानो भावराशिं शरदभ्रलवमिव चिद्गगन एव लीयमानं पश्यन् भूयो भूयोऽन्तर्मुखतामेव समवलम्बमानो निमीलनसमाधिक्रमेण चिदैक्यमेव विमृशन् व्युत्थानाभिमतावसरेऽपि समाध्येकरस एव भवति । यथोक्तं क्रमसूत्रेषु - "क्रममुद्रया अन्तः स्वरूपया बहिर्मुखः समाविष्टो भवति साधकः । तत्रादौ बाह्यादन्तःप्रवेश आभ्यन्तराद् बाह्यस्वरूपे प्रवेश आवेशवशाज्जायते, इति स बाह्याभ्यन्तरोऽयं मुद्राक्रमः" इति

श्रेष्ठ योगी जसले समाधिलाई प्राप्त गरेको छ, समाधिको आनन्द संस्कारबाट मतवालाको समान आनन्दबाट झुम्छ। चिद्गगनमा पदार्थको समूहमा शरद् ऋतुमा बादलको टुक्रा समान लीयमान देखिन्छ र बारबार अन्तर्मुखताको अवलम्बन गर्दै निमीलन समाधिको प्रक्रियाद्वारा चिद्बाट आफ्नो ऐक्यको चिन्तन गर्दै जो व्युत्थान सम्भिन्छ त्यो अवसरमा पनि समाधिरसबाट अभिन्न रहन्छ जस्तो कि क्रमसूत्रमा भनिएको छ -

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधक अन्तः स्वरूप क्रममुद्राद्वारा बाहिरतिर देख्दै पनि समावेशको दशामा बनिरहन्छ। यसमा आवेशको प्रभावबाट पहिले चेतनाको बाहिरबाट भित्र प्रवेश हुन्छ र फेरि भित्रबाट बाहिरको प्रवेश हुन्छ। यस प्रकार मुद्राक्रम बाह्य र भित्र दुई रूपको हुन्छ।

अत्रायमर्थः- सृष्टिस्थितिसंहतिसंविच्चक्रात्मकं क्रमं मुद्रयति स्वाधिष्ठितमात्मसात्करोति येयं तुरीया चितिशक्तिस्तया क्रममुद्रया अन्तरिति = पूर्णाहन्तास्वरूपया बहिर्मुख इति = विषयेषु व्यापृतोऽपि समाविष्टः=साक्षात्कृतपरशक्ति स्फारः साधकः = परमयोगी भवति। तत्र च बाह्याद् =ग्रस्यमानाद् विषयग्रामाद् अन्तः = परस्यां चितिभूमौ ग्रसनक्रमेणैव प्रवेशः=समावेशो भवति । आभ्यन्तराद् = चितिशक्तिस्वरूपाच्च साक्षात्कृताद् आवेशवशात् = समावेशसामर्थ्यादेव बाह्यस्वरूपे = इदन्तानिर्भासे विषयग्रामे वमनयुक्तया प्रवेशः = चिद्रसाश्यानताप्रथनात्मा समावेशो जायते इति सबाह्याभ्यन्तरः, अयं नित्योदितसमावेशात्मा मुदो हर्षस्य वितरणात् परमानन्दस्वरूपत्वात् पाशद्रावणाद् विश्वस्य अन्तःतुरीयसत्तायां मुद्रणाच्च मुद्रात्मा क्रमोऽपि सृष्ट्यादिक्रमाभासकत्वात् तत्क्रमाभासरूपत्वाच्च क्रम इत्यभिधीयत इति ॥ १९ ॥

यस क्रमसूत्रको अर्थ हो - क्रम = सृष्टि, स्थिति, संहार रूपी चक्र अर्थात् निरन्तर गतिशील, जो तुरीया चित्शक्ति आफूमा स्थित सृष्टि, स्थिति, संहाररूपी क्रमलाई आत्मसात् वा मुद्रित गर्दछ। त्यही आन्तरिक पूर्ण अहन्तारूप चितिशक्तिको उद्घाटनले बहिर्मुख अर्थात् विषयमा लागि रहने व्यक्ति भएर पनि परमशक्तिको विकासलाई साक्षात्कार गर्ने वाला भएकाले साधक परमयोगी नै भएर रहन्छ । त्यो योगी विषयभोगमा बाहिरी विषयपुञ्जबाट भित्र अर्थात् परमचितिभूमिमा ग्रसन क्रमबाटै प्रवेश अर्थात् समावेश हुन्छ र भित्रबाट साक्षात्काररूप चिति शक्तिस्वरूपको आवेशवश वा समावेशको प्रभावबाटै बाह्यविषयपुञ्जमा वमनयुक्तिबाट अर्थात् बाहरी प्रक्षेपणको प्रक्रियाबाट प्रवेश अर्थात् चित् रसमा घनीभूत रूपी समावेश

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। यस प्रकार यो मुद्राक्रम अथवा क्रममुद्रा हुन्छ। स बाह्यान्तरको तात्पर्य यो हुन्छ कि त्यो नित्योदितसमावेश रूपी मुद्राक्रम बन्दछ। मुद्राशब्दको व्युत्पत्ति तीन प्रकारले वर्णन गर्न सकिन्छ।

१) मुदं राति वितरतीति मुद्रा, परमानन्द स्वरूप मोदलाई वितरण गर्ने।

२) मुम्- बन्धं द्रावयति विलयतीति मुद्रा, पाश या बन्धनलाई विलयन गर्ने।

३) मुद्रयति चिह्नयति या सा मुद्रा, भित्री तुरीय सत्तामा विश्वको मुद्रण अर्थात् छाप लगाउने।

यसरी मुद्राशब्दको अर्थ लिइएको छ। सृष्टि इत्यादि क्रमको प्रदर्शक हो किनभने यी सृष्टि इत्यादि क्रममा भासित हुन्छन्।

इदानीमस्य समाधिलाभस्य फलमाह –

अब त्यो समाधिलाभका फलहरू बताइन्छन्–

तदा प्रकाशानन्दसारमहामन्त्रवीर्यात्मकपूर्णाहन्तावेशात् सदा सर्वसर्गसंहारकारिनिज संविद्देवता चक्रेश्वरताप्राप्तिर्भवतीति शिवम्[1] **॥ २० ॥**

नित्योदित समाधिलाभ भएपछि प्रकाश र आनन्दको सार, महामन्त्र वीर्यरूप पूर्ण अहन्तामा समावेश हुनाले आफ्नो त्यो संवित् देवताको समूहमा प्रभुत्व प्राप्ति हुन्छ। जुन समूह सारा विश्वको सृष्टि र संहार गरिरहन्छ। यो सबै शिवको स्वभाव हो।

नित्योदिते समाधौ लब्धे सति प्रकाशानन्दसारा= चिदाह्लादैकघना, महती मन्त्रवीर्यात्मिका=सर्वमन्त्रजीवितभूता, पूर्णा=पराभट्टारिकारूपा या; इयम् अहन्ता=अकृत्रिमः स्वात्म-चमत्कारः, तत्रावेशात् सदा कालाग्न्यादेश्चरम कलापर्यन्तस्य विश्वस्य यौ सर्गसंहारौ= विचित्रौ सृष्टिप्रलयौ तत्कारि यद् निजं संविद्देवताचक्रं तदैश्वर्यस्य प्राप्तिः= आसादनं भवति। प्राकरणिकस्य

---

[1] भवति शिवम्, इति पाठान्तरम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परमयोगिन इत्यर्थः । इति एतत् सर्वं शिवस्वरूपमेवेत्युपसंहार इति संगतिः । तत्र यावद् इदं किञ्चित् संवेद्यते तस्य संवेदनमेव स्वरूपम् । तस्यापि अन्तर्मुखविमर्शमयाः प्रमातारस्तत्त्वम् । तेषामपि विगलितदेहाद्युपाधिसंकोचाभिमाना अशेषशरीरा सदाशिवेश्वरतैव सारम् । अस्या अपि प्रकाशैकसद्भावापादिताशेषविश्वचमत्कारमयः श्रीमान् महेश्वर एव परमार्थ न घटते । स च परमेश्वरः स्वातन्त्र्यसारत्वाद् आदिक्षान्तामायीयशब्दराशिपरामर्शमयत्वेनैव एतत्स्वीकृतसमस्तवाच्यवाचकमयाशेषजगदानन्दसद्भावापादानात् परं परिपूर्णत्वात् सर्वाकाङ्क्षाशून्यतया, आनन्दप्रसरनिर्भरः । अत एव अनुत्तराकुलस्वरूपाद् अकाराद् आरभ्य शक्तिस्फाररूपहकलापर्यन्तं यद् विश्वं प्रसृतं क्षकारस्य प्रसरशमनरूपत्वात् तद् अकारहकाराभ्यामेव संपुटीकारयुक्त्या प्रत्याहारन्यायेन अन्तः स्वीकृतं सद् अविभागवेदनात्मकबिन्दुरूपतया स्फुरितमनुत्तर एव विश्राम्यति । इति शब्दराशिस्वरूप एव अयमकृतको विमर्शः ।

नित्योदित समाधिको प्राप्त हुनाले जो यहाँ पूर्ण परमोत्कृष्ट विर्मश रूपी अहन्ता अर्थात् स्वाभाविक स्वात्मरूपी चमत्कार या आनन्द हो जो प्रकाशानन्द सार हो अर्थात् जो सघन चिदानन्दको सार हो । जो महामन्त्रवीर्यात्मक हो अर्थात् जो सबै मन्त्रको जीवन स्वरूप हो । उसमा समावेश हुनाले कालाग्निदेखि लिएर अन्तिम कलासम्म विश्वका जो सर्गसंहार अर्थात् विचित्र सृष्टिप्रलय हो । त्यो गराउनेवाला जुन आफ्नै संविद्देवता समूह हो उसमा ऐश्वर्य या प्रभुत्वको प्राप्ति हुन्छ। यो ऐश्वर्य र प्रभुत्व नित्योदित समाधिसिद्ध योगीलाई मात्र प्राप्त हुन्छ । सूत्रमा 'इति शिवम्' भनाइको यो सबै शिवरूप नै हो भन्ने तात्पर्य व्यक्त गर्नु । इति यो शब्द उपसंहारमा संगतिको सूचक हो । अन्ततः यो शिवकै प्रसाररूप संवेद्य या प्रमेय छ यसको स्वरूप संवेदन अर्थात् प्रमाण हो र प्रमाणको पनि तात्त्विक स्वरूप अन्तर्मुखी आत्मचेतनायुक्त प्रमाताहरू हुन् । ती प्रमाताहरूको पनि सदाशिवेश्वरता सार हो जसमा देह इत्यादि संकुचित अनुबन्धद्वारा एकात्मभाव विगलित हुन गएर जसको शरीर नै समस्त विश्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हो । त्यो सदाशिवेश्वरताको पनि परम सार महेश्वर हो त्यो महेश्वर समस्त विश्वको चमत्कारबाट परिपूर्ण छ जुन प्रकाशका साथ एकात्मभावद्वारा घटित वा सिद्ध हुन्छ । पारमार्थिक प्रकाशको सञ्चारविना कोही पनि वस्तु प्रकाशमा आउनै सक्दैन[१] । त्यो परमेश्वर आनन्दको प्रसारद्वारा भरिएको छ किनभने त्यो स्वातन्त्र्यको सार हो किनभने 'अ'देखि लिएर 'क्ष'सम्म अमायीय शब्दराशिको परामर्शको कारण बन्दै समस्त वाच्यवाचकमय सम्पूर्ण जगत्‌रूपी आनन्दको तादात्म्यद्वारा सम्पन्न हुनाले त्यो सर्वथा परिपूर्ण हो र सबै आकांक्षाहरूद्वारा रहित छ। यसकारण 'अ'देखि लिएर जो अनुत्तर वा परम अकुल अर्थात् शिव स्वरूप छ[२], शक्तिको प्राचुर्य र फैलावट स्वरूप 'ह' कलासम्म जुन विश्वमा फैलिएको छ । 'क्ष' त फैलावटको समाप्तिको द्योतक मात्र हो। यहाँ विश्व 'अ' र 'ह'को संयोजनद्वारा प्रत्याहारको तरहभित्र स्वीकार्दै एकाकार द्योतक बिन्दुको रूपमा स्थित अनुत्तरमा अर्थात् परमशिवमा अडिन्छ। यस प्रकार यो स्वाभाविक विमर्श अहंको आन्तरिक अनुभव, समस्त शब्दपुञ्ज रूप हो।

यथोक्तम्-

जस्तै भनिएको छ -

> **प्रकाशस्यात्मविश्रान्तिरहंभावो हि कीर्तितः ।**
> **उक्ता च सैव विश्रान्तिः सर्वापेक्षनिरोधतः ॥**
> **स्वातन्त्र्यमथ कर्तृत्वं मुख्यमीश्वरतापि च[३] ॥ इति ।**

समस्त घटसुखादि वेद्यभूत प्रकाशको आफ्नै भित्र विश्रान्तिलाई नै अहंभाव भनिन्छ। यही विश्रान्तिलाई नै समस्त अपेक्षाहरूको निरसन हुनाले स्वातन्त्र्य, मुख्यकर्तृत्व र ईश्वरता पनि भनिन्छ।

---

१ तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति। मुण्डकोपनिषद् २, २, १०।

२ कुलं शक्तिरिति प्रोक्तमकुलं शिव उच्यते। स्वच्छन्दतन्त्रम्।

३ अजडप्रमातृसिद्धिः, श्लो. २२, २३, उत्पलदेवः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

एषैव च अहन्ता सर्वमन्त्राणामुदयविश्रान्तिस्थानत्वाद् एतद्बलेनैव च तत्तदर्थक्रियाकारित्वाद् महती वीर्यभूमिः ॥ तदुक्तम्–

तदाक्रम्य बलं मन्त्राः..........।

इत्यादि,

त एते शिवधर्मिणः । इत्यन्तं श्रीस्पन्दे शिवसूत्रेष्वपि

यही अहन्ता ठूलो शक्तिभूमि हो । यही सबै मन्त्रहरूको उदय र विश्रान्तिको स्थान हो । यसको बलबाट नै सारा क्रिया हुन्छ । यसैद्वारा सब उद्देश्यको सिद्धि हुन्छ । श्रीस्पन्दकारिका भनिएको छ – 'यही बलको पहुँचमा पुगेर' यहाँबाट लिएर 'ती सबै शिवस्वरूप हुन्' यहाँसम्म । त्यस्तै शिवसूत्रमा पनि भनिएको छ –

"महाह्रदानुसंधानाद् मन्त्रवीर्यानुभवः" इति ।

यही त्यो महासरोवर हो जसमा अनुयोग अर्थात् तादात्म्यस्थापित गर्नाले मन्त्रशक्तिको अनुभव हुन्छ ।

तदत्र महामन्त्रवीर्यात्मिकायां पूर्णाहन्तायामावेशो देहप्राणादिनिमज्जनात् तत्पदावाप्त्यवष्टम्भेन देहादीनां नीलादीनामपि तद्रसाप्लावनेन तन्मयीकरणम् । तथाहि– देहसुखनीलादि यत् किञ्चित् प्रथते अध्यवसीयते स्मर्यते संकल्प्यते वा तत्र सर्वत्रैव भगवती चितिशक्तिमयी प्रथा भित्तिभूतैव स्फुरति । "तदस्फुरणे कस्याप्यस्फुरणात्" इति उक्तत्वात् । केवलं तथा स्फुरन्त्यपि सा तन्मायाशक्त्या अवभासितदेहनीलाद्युपरागदत्ताभिमानवशाद् भिन्नभिन्नस्वभावा इव भान्ती ज्ञानसंकल्पाध्यवसायादिरूपतया मायाप्रमातृभिरभिमन्यते । वस्तुतस्तु एकैवासौ चितिशक्तिः ।

महामन्त्र शक्तिरूपी पूर्ण अहन्तामा आवेश भन्नुको तात्पर्य हो 'देहप्राण इत्यादिको उसमा निमज्जनबाट अर्थात् उस पदप्राप्तिको स्थिरताबाट

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

देह नील इत्यादि वेद्य (ज्ञेय)लाई पूर्णाहन्ता रूपी रसमा निमग्न गरेर तन्मय गरिदिनु।' देह, सुख नील इत्यादि जो कुनै प्रकाशमा आइरहेका छन् अथवा जो निश्चित गरिरहेको छ यो सबै भगवती चितिशक्तिको प्रकाश पृष्ठभूमि या आश्रय पाएर नै स्फुरित भएकाछन्। भनिएको छ विना उसको स्फुरण केही पनि प्रकाशमा आउन सक्दैन। केवल यस प्रकारबाट स्फुरित हुँदै त्यो आफ्नो मायाशक्तिद्वारा देह, नील इत्यादि भासित हुन्छ। उनको प्रभावबाट देह नीलादि नै अभिमान बस्ने भएको कारणले भिन्न-भिन्न स्वभाववाला झैं प्रकाशित हुन्छन् र मायाप्रमाताहरूद्वारा ज्ञान, संकल्प, निश्चय इत्यादि रूपमा सम्झन पुगिन्छ। वस्तुतः यो चितिशक्ति एक नै हो।

यथोक्तम्-

जस्तो भनिएको छ -

या चैषा प्रतिभा तत्तत्पदार्थक्रमरूषिता।
अक्रमानन्तचिद्रूपः प्रमाता स महेश्वरः ॥ इति

तथा,

मायाशक्त्या विभोः सैव भिन्नसंवेद्यगोचरा।
कथिता ज्ञानसंकल्पाध्यवसायादिनामभिः ॥ इति।

यहाँ जो संविद् भिन्न-भिन्न पदार्थहरूको क्रमबाट रहित छ उही क्रमरहित अनन्त चित् रूप श्रेष्ठ प्रमाता महेश्वर हो। यस्तै प्रभुको मायाशक्तिद्वारा उही (चित् शक्ति) जसको भिन्न-भिन्न ज्ञेय विषयलाई ज्ञान, संकल्प, अध्यवसाय इत्यादि नामबाट पुकारिन्छ।

एवमेषा सर्वदशासु एकैव चितिशक्तिर्विजृम्भमाणा यदि तदनुप्रवेशतदवष्टम्भयुक्तया समासाद्यते तत् तदावेशात् पूर्वोक्तयुक्त्या करणोन्मीलननिमीलनक्रमेण सर्वस्य सर्वमयत्वात् तत्तत्संहारादावपि सदा सर्वसर्गसंहारकारि यत् सहजसंवित्तिदेवताचक्रम्, अमायीयान्तर्बहिष्करणमरीचिपुञ्जस्तत्रेश्वरतासाम्राज्यं परभैरवात्मता, तत्प्राप्तिर्भवति परमयोगिनः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार सबै दशामा उही एक चित्‌शक्ति छ जो प्रकट भएर अनुप्रवेश र स्थिरताको युक्तिबाट उपलब्ध हुन्छ। तब उसमा प्रवेश हुनभन्दा पूर्वकथित युक्तिबाट इन्द्रियहरूको खोल्ने र बन्द गर्ने क्रमद्वारा सबै कुरा सर्वमय हुनाको कारण सबैको संहार इत्यादिमा पनि सदा सृष्टि र संहार गर्नेवाला जो स्वाभाविक ज्ञानरूपी देवताको समूह हो अर्थात् जो कुनै पनि अमायीय अन्तर र बाह्य इन्द्रियको प्रभापुञ्ज हो त्यो सबैबाट पनि परम योगीको ईश्वरता अर्थात् साम्राज्य या परभैरवात्मता प्राप्त हुन जान्छ।

यथोक्तम् –

जस्तो भनिएको छ –

यदा त्वेकत्र संरूढस्तदा तस्य लयोद्भवौ ।
नियच्छन् भोक्तृतामेति ततश्चक्रेश्वरो भवेत्[1] । इति ।

जब कोही एकै स्थानमा समाविष्ट हुन जान्छ तब उसको लय र उद्भवलाई वशमा गर्दै भोक्तृताको प्राप्ति हुन्छ र चक्रको अधिपति हुन जान्छ।

अत्र एकत्र इति – एकत्रारोपयेत् सर्वं[2]............। इति । चित्सामान्यस्पन्दभूरुन्मेषात्मा व्याख्यातव्या । तस्य इत्यनेन "पुर्यष्टकेन संरुद्ध....." । इति । उपक्रान्तं पुर्यष्टकमेव परामृष्टव्यम् । न तु यथा विवरणकृतः 'एकत्र सूक्ष्मे स्थूले शरीरे वा' इति व्याकृतवन्तः । स्तुतं च मया –

यहाँ एकत्र निम्नलिखित कारिकामा सम्झाएको छ। एउटै स्थानमा सबै कुरा स्थापित गर्न आवश्यक छ । यसबाट चित्‌को सामान्यस्पन्द उन्मेषस्वरूपमा भन्ने यो अर्थ एकत्र पदबाट ग्रहण गर्नुपर्छ। कारिकाको तस्य यस पदबाट पुर्यष्टकको अर्थ नै सम्झन आवश्यक छ किनभने पूर्व प्रसङ्गमा यस पुर्यष्टकद्वारा आबद्ध छ यसको उपक्रम गर्दै वर्णन गरिएको हुनाले । विवरणकार कल्लटाचार्यले एकत्र अर्थात् सूक्ष्म या स्थूल शरीरमा यस्तो अर्थ व्याख्या गर्नुभएको छ त्यो सान्दर्भिक छैन ।

[1] स्पन्दकारिकानिश्वासः, ३, श्लो. १९ ।
[2] स्पन्दकारिकानिश्वासः, ३, श्लो. १२ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मैले एक स्तुतिमा पनि भनिएको छ –

स्वतन्त्रश्चितिचक्राणां चक्रवर्ती महेश्वरः ।
संवित्तिदेवताचक्रजुष्टः कोऽपि जयत्यसौ ॥ इति ।

जो चितिचक्रको स्वतन्त्र चक्रवर्ती सम्राट् र महेश्वर बनेको अन्तः र बाह्य इन्द्रियहरूको अधिशासक संवित्, शक्तिको समूहबाट सेवित भएको यस प्रकारको कुनै विरल व्यक्तिले जय अर्थात् सर्वोत्कृष्टता प्राप्त गर्दछ।

इतिशब्द उपसंहारे । यद् एतावद् उक्तप्रकरणशरीरं तत्सर्वं शिवं शिवप्राप्तिहेतुत्वात् । शिवात् प्रसृतत्त्वात् शिवस्वरूपाभिन्नत्वाच्च शिवमयमेवेति शिवम् ।

सूत्रमा 'इति शिवम्' कथन आएको छ उसमा इति शब्द उपसंहारको अर्थमा प्रयुक्त भएको छ। शिव शब्दको भाव यो हो कि यस छोटो ग्रन्थको जो शरीर छ, अर्थात् यसमा प्रतिपादित जुन विषय छ त्यो शिवको प्राप्तिको साधन हो। यो सब व्याख्याको विषय शिवस्वरूपद्वारा नै विस्तार गरिएकाले यो शिवस्वरूपबाट अभिन्न हो र शिव नै हों।

देहप्राणसुखादिभिः प्रतिकलं संरुध्यमानो जनः
पूर्णानन्दघनामिमां न चिनुते माहेश्वरीं स्वां चितिम् ।
मध्ये बोधसुधाब्धिविश्वमभितस्तत्फेनपिण्डोपमं
यः पश्येदुपदेशतस्तु कथितः साक्षात्स एकः शिवः ॥

येषां वृत्तश्शाक्तरश्शक्तिपातो
येऽनभ्यासात् तीक्ष्णयुक्तिष्वयोग्याः ।
शक्ता ज्ञातुं नेश्वप्रत्यभिज्ञा-
मुक्तस्तेषामेष तत्त्वोपदेशः ॥

॥ समाप्तमिदं प्रत्यभिज्ञाहृदयम् ॥

कृतिस्तत्रभवन्महामाहेश्वराचार्यवर्यश्रीमदभिनवगुप्तपादपद्मोपजीविनः श्रीमतो राजानकक्षेम राजाचार्यस्य ॥

॥ शुभमस्तु ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मनुष्य देह, प्राण, सुख इत्यादिबाट प्रतिक्षण घेरिएको हुन्छ। आफ्नो चिति जुन महेश्वर स्वरूप हो जुन पूर्ण आनन्दघन हो त्यसलाई चिन्दैन। किन्तु जो यस उपदेशद्वारा ज्ञानरूपी अमृत समुद्रमा विश्वको चारैतिर उसकै फेनपिण्डको समान देख्दछ, उसैलाई साक्षात् शिव भनिएको छ।

जसमा शंकरको शक्तिपात हुन गयो किन्तु जो अभ्यास नहुनाका कारणले प्रखर तार्किक चिन्तनमा असमर्थ छन्, त्यसकारण ईश्वर प्रत्यभिज्ञाशास्त्र सम्झन सक्दैनन् उनका लागि यो तत्त्वको उपदेश गरिएको हो।

॥ यो प्रत्यभिज्ञाहृदयम् ग्रन्थ समाप्त भयो॥

यो पूज्य महामाहेश्वराचार्यवर्य श्रीमान् अभिनवगुप्तको चरणकमलमा आश्रित श्रीमान् राजानक क्षेमराजाचार्यकृत ग्रन्थ हो।

सबैको कल्याण होस्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तन्नमामि गजाननम् ॥

प्रत्यभिज्ञा- एक विवेचना

स्व. दुर्गाप्रसाद दवाडी

कथञ्चिदासाद्य महेश्वरस्य
दास्यं जनस्य ह्युपकारमिच्छन् ।
समस्तसम्पत्समवाप्तिहेतुं
तत्प्रत्यभिज्ञामुपपादयामि ॥ -ईश्वरप्रत्यभिज्ञा १

[१]प्रत्यभिज्ञाशास्त्र प्रतिपादन गर्नु पर्ने हो । त्यसमा प्रत्यभिज्ञा के हो ? शास्त्र के हो ? यो प्रथम विचारणीय विषय हुन जान्छ । ईश्वरप्रत्यभिज्ञा

---

[१] शुभाशंसा

शैवदर्शन वाङ्मयभित्रका तीन मुख्य शास्त्र आगम, स्पन्द र प्रत्यभिज्ञामध्ये प्रत्यभिज्ञाशास्त्रको प्रवेश बिन्दु रहेको क्षेमराजद्वारा रचित प्रत्यभिज्ञाहृदयमा त्यसको मूलसार प्रस्तुत गरिएको छ। अन्य भाषामा यसको थुप्रै टीकाग्रन्थ भएपनि नेपालीभाषी जिज्ञासुलाई त्यो दुरूह नै थियो । त्यसलाई नेपालीभाषामा प्रकाशमा ल्याउने विद्वान् डा. जगदीश अधिकारी धन्यवादका पात्र हुनुहुन्छ । साथै यसको भूमिका (प्रत्यभिज्ञाको विवेचना) लेख्ने कार्य मेरा पितृपादलाई सुम्पनुभएकोमा म उहाँप्रति कृतज्ञता प्रकट गर्दछु । यसको लेखनीका क्रममा पितृपादलाई छिट्ये-छिट्ये भनेर घच्घच्याएपछि ल त अब पुग्यो भन्दै पाण्डुलिपि उहाँलाई दिनुभयो। त्यसपछि कार्य विशेषले उहाँ अमेरिका लागेपछि यसलाई निरन्तरता दिने कार्य फेरि अघि बढ्यो। उहाँ फर्केर आएपछि खोइ गुरुलाई पाउँभन्दा अलिकति बाँकी छ भन्दै थप्ने कार्य जारी राख्नुभयो। मैले पितृपादलाई प्रश्न गर्दा पुत्र ! 'यो ईश्वर अनुशीलनको कार्य हो जति भए पनि अपुग हुन्छ, यही निहुँले ईश्वरको चिन्तन, मनन हुन्छ भन्नु हुन्थ्यो ।' पितृपादले डा. सा'वप्रति साह्रै कृतज्ञता प्रकट गर्नु हुन्थ्यो। उहाँले नै यस कार्यमा लगाई दिएकाले नै ईश्वरको गुणगान यस माध्यमबाट गर्न पाइयो भनेर । अन्तिम अवस्थामा पितृपादले संस्कृतका श्लोक उच्चारण गर्नुभयो । मैले, 'के भनिरहनु भएको छ ?' भनेर जिज्ञासा राख्दा 'पुत्र ! म ईश्वर प्रत्यभिज्ञाको पाठ गर्दैछु' भन्नुभयो । मलाई लाग्छ यसको विवेचना गर्दा नगर्दै उहाँ शिवमय नै बन्न पुग्नुभयो । यस्तो सुअवसर प्रदान गर्ने डा. जगदीशप्रति पुनः कृतज्ञता प्रकट गर्दै यस्ता ग्रन्थ प्रकाशन कार्य उहाँबाट अरु पनि हुँदै जाऊन् र कर्तृत्व शक्ति बढ्दै जाओस् भन्ने कामनासहित लेखनीलाई विश्रान्ति दिन्छु।

- विश्वनाथ दवाडी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थको टिप्पणीमा **'प्रतीपमात्माभिमुख्येन ज्ञानं प्रकाशः प्रत्यभिज्ञा'** भनिएको छ। ईश्वरप्रत्यभिज्ञाशास्त्रले ईश्वरको आत्माभिमुखी ज्ञान गराउँछ भन्ने आशय बुझिन्छ। ईश्वरप्रत्यभिज्ञा ग्रन्थको निर्माण श्रीउत्पलाचार्यले गरेका हुन्। यो ग्रन्थ शिवदृष्टि ग्रन्थको आधारमा बनेको हो। शिवदृष्टि ग्रन्थ सोमानन्दनाथ नामका महान् आचार्यले बनाएका हुन् इत्यादि विषय प्रत्यभिज्ञाशास्त्रको इतिहास प्राध्यापक विद्यानाथ उपाध्यायले गर्नुभएको छ। यस विषयतिर जान आवश्यक नभएकोले केवल प्रत्यभिज्ञाको मात्र यत् किञ्चिद् विवेचना यहाँ गरिन्छ। प्रत्यभिज्ञा प्रत्यक्ष ज्ञान गराउनु हो अथवा पूर्वज्ञातको नै कुनै कारणवश अज्ञात जस्तो भएकालाई जस्ताको त्यस्तै ज्ञान गराउनु नै प्रत्यभिज्ञा हो। प्रत्यभिज्ञा शब्दमा प्रति र अभि यी दुई उपसर्ग छन् ज्ञा धातु हो प्रतिको प्रतिसन्धान अर्थ र अभिमुख अर्थ गर्न सकिन्छ । अर्थात् प्रतिसन्धानद्वारा पूर्वज्ञानको उपस्थितिद्वारा अभिमुखको आफ्नो सम्मुख उपस्थित ज्ञानलाई संयुक्त गरेर गरिने यथार्थ ज्ञान प्रत्यभिज्ञा भनिन्छ।

उदाहरण – पहिले पोखरामा देखेको जानेको देवदत्त नामक व्यक्तिलाई पछि काठमाडौंमा देखेर यो त उनै देवदत्त हो **'सोऽयम् देवदत्तः'** यस ज्ञानलाई प्रत्यभिज्ञा भनिन्छ । त्यस्तै यस ईश्वरप्रत्यभिज्ञाशास्त्रमा पनि महेश्वर (ईश्वर)को प्रत्यभिज्ञा सम्मुख प्रत्यक्ष नै ज्ञान गराइन्छ। परमेश्वरको सत्ता छ भन्ने कुरा पुराण, आगम, अनुमान आदि (आदि पदले परमेश्वरको प्रत्यक्ष गरेका योगीहरूको कथनद्वारा पनि) सिद्ध भएको ईश्वरको आफ्नो आत्मामा प्रत्यभिज्ञा साक्षात्कार गर्छौं। यो नै यस दर्शनको प्रत्यभिज्ञा दर्शन नाम हुनुको कारण हो। वेदले पनि **'सोऽहम्'** त्यो ईश्वर म नै हूँ, भनेर ईश्वरको साक्षात्कार आफूमा नै गर्नुपर्छ भनेको छ।

संसारमा अत्यन्त सुकुमार बुद्धि भएका यस्ता भक्तजन छन्, जसले कठिन तर्कशास्त्र पढ्न सकेका छैनन् किन्तु परमेश्वरको तादात्म्य (ईश्वरलाई जान्ने इच्छा) राख्दछन्। तिनीहरूमा ईश्वरको प्रत्यभिज्ञा, त्यो ईश्वर तिमी नै हौ भन्ने ज्ञान प्राप्त गराउने शास्त्र प्रत्यभिज्ञाशास्त्र हो। यस प्रत्यभिज्ञाशास्त्रलाई त्रिकशास्त्र पनि भनिन्छ। त्रिक भन्नाले परम शिव पराशक्ति, अपराशक्ति, परापरशक्तिलाई बुझ्नु पर्छ। यो त्रिक नर, शिव, शक्तिको रूपमा मानिन्छ तथा इच्छा ज्ञान, क्रिया यी तीन शक्तिको रूपमा पनि लिन सकिन्छ। यस दर्शनमा यी तीन त्रिकको पनि विचार गर्नु पर्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यभिज्ञा दर्शनको परिचय

हाम्रा प्राच्य दर्शनहरूमा आस्तिक दर्शन मानिएका छन् – वैशेषिकदर्शन, न्यायदर्शन, सांख्यदर्शन, योगदर्शन, मीमांसादर्शन र वेदान्तदर्शन । वैशेषिकदर्शनले ७ पदार्थ मानेको छ – द्रव्य, गुण, कर्म, सामान्य, विशेष, समवाय र अभाव । न्यायदर्शनले १६ पदार्थ मानेको छ – प्रमाण, प्रमेय, संशय, प्रयोजन, दृष्टान्त, सिद्धान्त, अवयव, तर्क, निर्णय, वाद, जल्प, वितण्डा, हेत्वाभास, छल, जाति, निग्रहस्थान यी पदार्थको तत्त्वज्ञानद्वारा निःश्रेयस प्राप्ति हुन्छ भन्ने कुरा न्यायदर्शनको छ । सांख्यले २५ तत्त्व मानेको छ – मूल प्रकृति अविकृति, महादादि (महत्तत्व, अहंकार, पञ्चतन्मात्रा) प्रकृति विकृति, एकादशेन्द्रिय र पञ्चमहाभूत केवल विकृति, पुरुष न प्रकृति न विकृति हुन् । २५ तत्त्वको ज्ञानले प्रकृतिभन्दा आफूलाई भिन्न जानेर पुरुष मोक्ष प्राप्त गर्दछ भन्ने सांख्य दर्शनको आशय हो । योग दर्शनले यी पचीस तत्त्वदेखि पृथक् ईश्वरतत्त्व जोडेर २६ तत्त्व मानेको छ । प्रकृतिदेखि पृथक् आफैंलाई आफूले बोध गरे अथवा ईश्वरमै विधान गरेर मोक्ष प्राप्त हुन्छ भनेर मानेको छ । यी दर्शनहरूभन्दा पृथक् रूपमा रहेको शैव प्रत्यभिज्ञा दर्शनले आफैंलाई आत्माले आफू ईश्वरको रूपमा प्रत्यभिज्ञान गरेर मोक्ष प्राप्त गर्छ भनेकोले यस दर्शनअनुसार योगदर्शनका २६ तत्त्व स्वीकार गरिएका छन् । त्यस अतिरिक्त १० तत्त्व अरु पनि मानिएका छन् ती तत्त्वहरू शिव, शक्ति, सदाशिव, ईश्वर, शुद्धविद्या अथवा सद्‌विद्या, माया, मायाका पाँच कञ्चुक, विद्या, राग, काल, कला, नियति, पुरुष, प्रकृति, महत्तत्व (बुद्धितत्त्व), अहङ्कार पञ्चतन्मात्रा (शब्दतन्मात्रा, रूपतन्मात्रा, स्पर्शतन्मात्रा), गन्ध, पञ्चमहाभूत शब्दतन्मात्राबाट तन्मात्रा आकाश, स्पर्शतन्मात्राबाट वायु, रूपतन्मात्रबाट तेज, गन्धतन्मात्राबाट पृथ्वी यी पञ्चमहाभूत साथै अहङ्कारबाट ११ इन्द्रिय पाँच ज्ञानेन्द्रिय – शब्द ग्रहण गर्ने श्रोत्रेन्द्रिय (कान), स्पर्शग्रहण गर्ने वा छोएर ज्ञान गराउने त्वगिन्द्रिय (छाला), रूप ग्रहण गराउने चक्षुरिन्द्रिय, रस ग्रहणको ज्ञान गराउने रसनेन्द्रिय (जिब्रो), गन्ध ग्रहणको ज्ञान गराउने नासिका (नाक) तथा पाँच कर्म गराउने कर्मेन्द्रिय – पाद गमन गर्ने (हिड्ने क्रिया), हस्तेन्द्रिय (हात), मुख, पायु(गुदेन्द्रिय) मुत्र त्याग गराउने, सुन्ने इन्द्रिय यी पाँच र मन जुन कर्मेन्द्रिय ज्ञानेन्द्रिय दुवै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मानिन्छ। सुख दुःखको ज्ञान गराउने हुनाले मन ज्ञानेन्द्रिय हो भने चिन्तन विचार गर्ने हुनाले कर्मेन्द्रिय पनि । यस रीति ३६ तत्व शैवदर्शन (प्रत्यभिज्ञादर्शन)मा मानिएका छन् । यी ३६ तत्त्वको उपदेश कथन र विवेचन नै प्रत्यभिज्ञाहृदय ग्रन्थमा संक्षिप्त रूपमा गरिएको छ।

हाम्रो प्राच्य दर्शन मुख्यतः दुई विभागमा देखाउन सकिन्छ वैदिक दर्शन, अवैदिक दर्शन प्रसिद्ध वैशेषिक आदि वैदिक दर्शन मानिन्छ भने चार्वाक, बौद्ध, जैन अवैदिक दर्शन मानिन्छन् । यस अतिरिक्त सर्वदर्शन संग्रहमा उल्लेख गरिएको दक्षिण भारतका प्राचीन शैवदर्शन, रसेश्वर दर्शन, नकुलीशपाशुपतदर्शन, ब्रह्मसूत्रको श्रीकण्ठभाष्यको शिवार्कमणिदीपिका टीकामा यस रीतिले उल्लेख गरेको पाइन्छ –

सूक्ष्मचिदचिद्रूपापन्नचिच्छक्तिविशिष्टः सकलतत्त्वातीतशिव एक एव सर्गाद्यसमयेऽवतिष्ठते । सिसृक्षोस्ततः प्रथमं शिवतत्त्वपरबिन्दुः परमायामहामायाकुटिलाकुण्डलिबिन्द्वादिशब्दावलम्बत्वेन प्रसिद्धा शुद्धाध्वगतसकल तनुभुवनभोगस्थानभोगोपकरणानामुपादानभूता पराशक्तिरुत्पद्यते । ततश्शक्तिः सदाशिवो महेश्वरः शुद्धविद्यादीनि चत्वारि तत्वान्युत्पन्द्यन्ते । तदनन्तरमपरमाया मिश्राध्वगतसकलतनुभुवनाद्युपादानभूता जायते। ततः कालो नियतिः कला विद्या रागः पुरुष इति षट्तत्त्वानि जायन्ते। तदनन्तरमशुद्धाध्वगत तनुभुवनाद्युपादानभूतमव्यक्तमाविर्भवति । ततो बुद्धिरहङ्कारो मनः पञ्चज्ञानेन्द्रियाणि पञ्चकर्मेन्द्रियाणि पञ्चशब्दादीनि तन्मात्राणि पञ्च वियदादीनि भूतानीति त्रयोविंशतितत्त्वान्याविर्भवन्ति । एवमेतानि परशक्त्यादीनि पृथिव्यन्तानि जडानि षट्त्रिंशत्तत्त्वानि शिवशास्त्रेषु प्रसिद्धानि तत्र तत्र श्रुतिन्यायैर्व्यवस्थापितानि

– (ब्रह्मसूत्रश्रीकण्ठभाष्ये शिवार्कमणिदीपिका—अ.२।२।३८ पशुपत्यधिकरण)

यसको आशय हो – शास्त्रको विचारमा तीन विभाग गर्नु– (१) उद्देश्य (तत्त्व कथन) (२) लक्षण (तत्त्वको स्वरूप कथन) (३) स्वरूप परीक्षा (त्यो स्वरूप कथनको व्याख्या ।) अर्थात् त्यो लक्षण ठीक हो कि होइन यसको विचार। यस रीति यो उद्देश्य अर्थात् तत्त्व कथन भयो। अब यी छत्तीसौं तत्त्वको स्वरूप व्याख्या लक्षण के हो त्यो विचारको साथै त्यो स्वरूप कथन ठीक हो कि हैन यो विचार गर्नु आवश्यक छ। प्रत्यभिज्ञा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयमा यो नै कार्य गरिएको छ। त्यसमा प्रथम सूत्र हो – **चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः।** परमशिवचितिः– चित्स्वरूप छन्, चैतन्य रूप हुन्, ज्ञान स्वरूप तथा स्वतन्त्र छन्। उनी कुनैको अधीनमा छैनन्। चैतन्यका आश्रय हैनन्, चैतन्य नै हुन्। उनै चित् स्वरूप परमशिव विश्वको सिद्धिका कारण हुन्। विश्व भनेको सम्पूर्ण यो यावत् सत् छ अथवा कुनै असत् मान्छ भने त्यस असत्को पनि सिद्धिको हेतु चित् शिव नै हुन्। शिवबाट नै सम्पूर्ण सत् भनेर मानिने असत् भनेर खण्डन गरिनेको हेतु कारण चित् (परमशिव) नै हुन्। असत्को खण्डन गर्न पनि चित् (ज्ञान) नै चाहिन्छ। यहाँ विश्वसिद्धि हेतुः शब्दको विचार आवश्यक देखिन्छ।

परम शिव संसार (विश्व)को उपादान कारण हुन् अर्थात् शिव नै विश्वरूपमा परिणत हुन्छन्, सम्पूर्ण विश्व नै शिवमय छ तथापि उनै शिवको निष्कलम् (कलारहित) निष्क्रियम् (क्रियारहित) भनेर श्रुतिले निर्विकार वर्णन गरेको छ तापनि तदात्मानं स्वयं कुरुते त्यस शिवले आफ्नो आत्माको आफैं निर्माण गऱ्यो। **बहु स्याम प्रजायेय** म एकमा छु तापनि म स्वयं बहु (धेरै) बनौ र उत्पन्न होऊँ इत्यादि श्रुतिले सफल सक्रियताको पनि वर्णन गरेको छ। त्यो परमशिवबाट सर्वप्रथम उत्पन्न भएको तत्त्व शक्ति हो –

शक्तिः प्रथमसंभूता शान्त्यतीतपदोत्तरा।
ततो माया ततोऽव्यक्त शिवाच्छक्तिमतः प्रभोः॥
शान्तातीतं पदं शक्तेस्तत शान्तिपदं क्रमात्।
ततो विद्यापदं तस्मात् प्रतिष्ठापदसम्भवः॥
निवृत्तिपदमुत्पन्नं प्रतिष्ठापदतः क्रमात्।
एवमुक्ता समासेन सृष्टिरीश्वरचोदिता॥ – शिवपुराण ७।१।९।३

शिवबाट प्रथम उत्पन्न तत्त्व शक्तितत्त्व हो, त्यो सबै भन्दा माथि मानिएको छ शिव सर्वप्रथम शक्तितत्त्व उत्पत्ति भयो, त्यो तत्त्व कलाको शान्तातीत पदमा स्थित रहन्छ। वास्तव कला पाँच प्रकारको मानिएको छ।

सबैभन्दा माथि शान्तातीत कला रहन्छ, त्यस कलामा नै शिव र पराशक्तिको निवास हुन्छ। त्यसपछिको शान्तिकला हो, त्यसमा तीनतत्त्वको स्थिति रहन्छ। बुद्ध, विद्या, ईश्वर (सदाशिव) यसमा १८ भुवनको प्रतिष्ठा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । त्यसमुनिको कला विद्याकला हो । यसमा पुरुषतत्त्वदेखि मायातत्त्वसम्मका सात तत्त्वको प्रतिष्ठा हुन्छ र त्यसमा २८ भुवनको स्थिति हुन्छ त्यो प्रतिष्ठा कला हो यसमा जलतत्त्वदेखि प्रकृतितत्त्वसम्मको स्थिति हुन्छ । त्यसपछिको निवृत्तिकला हो यसमा पृथिवीतत्त्वको प्रतिष्ठा हुन्छ र यसमा १६(१४) भुवनको प्रतिष्ठा हुन्छ । वास्तवमा शक्तितत्त्वदेखि पृथिवी पर्यन्त सबै तत्त्व शिवतत्त्वबाट नै उत्पन्न हुन्छ । जस्तो घैंटो, दियो, पालो, इँट्टा आदि वास्तवमा माटा नै हुन्, त्यसै गरी शिवबाट उत्पन्न शक्ति सदाशिव, शिव, ईश्वर, माया आदि शिव स्वरूप नै हुन् । शिवबाट नै उत्पन्न छन् –

शक्त्यादि च पृथिव्यन्ते शिवतत्त्वमुदाहृतम् ।
तेनैकेन तु तद् व्याप्तं मृदा कुम्भादिके यथा ॥

शक्तिदेखि पृथिवी पर्यन्त सबै शिवतत्त्व नै हुन् जस्तै घैंटो, दियो इत्यादि माटो नै हुन् यो कुरा नै ईश्वरप्रत्यभिज्ञामा पनि भनिएको छ –

चिदात्मैव हि देवोऽन्तःस्थितमिच्छावशाद् ।
योगीव निरूपादानमर्थजातं प्रकाशयेत् ॥

यद्यपि प्रत्यभिज्ञाहृदयको प्रथमसूत्रले नै विश्वको बीजरूप शिवतत्त्वको पूर्ण व्याख्या गरिसकेको छ तथापि ईश्वरप्रत्यभिज्ञाप्रस्थानमा त्यसको अझ स्फुट व्याख्या गरिएको छ –

निराशंसात् पूर्णादहमिति पुरा भासयति यद्
द्विशाखामाशास्ते तदनु च विभक्तुं निजकलाम् ।
स्वरूपादुन्मेषप्रसरणनिमेषस्थितिजुषस्
तदद्वैतं वन्दे परमशिवशक्त्यात्मनिखिलम् ॥

यसको आशय हो चिन्मात्र केवल चैतन्य स्वरूप परमशिवमात्रै हरेक रीतिले पूर्ण हुनाले उनलाई केही चाहिएको छैन । निराशंस छन्, कुनै इच्छा उनमा छँदै छैन । इच्छा न्यूनतामा हुन्छ, जुन सर्वतः परिपूर्ण छ, त्यसमा कुनै इच्छा हुने कुरा हुँदै भएन । यस्तो भए तापनि आफ्नो स्वतन्त्रताको माहात्म्यले आफैंमा बाहिर अभिव्यक्त हुने इच्छाले गर्दा आनन्द परिपूर्णताको चमत्कारले पूर्वकालमा शिवतत्त्व अरु कुनै तत्त्व नभएको बेला पूर्णतम शिवतत्त्वमात्रै भएको बेलामा 'अहम्' (म) यस्तो परामर्श (आफैंलाई आफैंले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्ने) स्थितिमा स्फुरित हुन्छ यो अरु कुनै तत्त्व (वस्तु) नभएको बेलामा शिवको 'अहम्' (म) यस्तो अभिव्यक्ति परमशिवको स्वरूपोपस्थिति हो यो नै प्रकाश स्वरूप हो त्यसपछि 'अहम्' 'इदम्' (म यो हुँ) यस्तो त्यस प्रकाश स्वरूप शिवको विमर्श (चिन्तन) हुन्छ। अहमिदम् (यो त म नै हुँ) यो दशा शक्ति दशा हो यस अवस्थामा शक्तितत्त्वको अभिव्यक्ति हुन्छ, प्राकट्य हुन्छ। यस अवस्थामा 'अहम्'को प्राधान्य छ 'इदम्'को अप्राधान्य छ। त्यसपछि 'इदम्' 'अहम्' (यो शक्तितत्त्व म नै हुँ) यस्तो अवभासन अवस्थामा सदाशिवतत्त्वको अभिव्यक्ति हुन्छ ती सदाशिवतत्त्व इच्छाप्रधान हुन्छन्। त्यस पछि पुनः 'अहम्' 'इदम्' म नै यो भएको हुँ भन्ने भावराशि आएको खण्डमा 'अहम्' 'इदम्' यस स्पष्ट भाव राशिमा इदं अंश 'अहम्' अंशको निषेचन हुन्छ शिवदेखि पृथक् 'इदम्' 'अहम्' यस शिवतत्त्वको प्रतिष्ठापन गरिन्छ तब ज्ञान शक्तिप्रधान ईश्वरतत्त्वको प्राकट्य हुन्छ यो त म नै हुँ भन्ने ईश्वरतत्त्वको अभिव्यक्ति हो।

यस अवस्था 'अहम्' 'म' यस अंशमा कुनै परिवर्तन हुँदैन किन्तु 'इदम्' यो अंश सदाशिव दशामा अस्पष्टता रहन्छ ईश्वरदशामा 'इदम्' अंश स्पष्ट भएर आत्मा व्यक्त हुन्छ। यस अवस्था 'इदम्' अंशको प्राधान्य 'अहम्' अंश अप्राधान्य जस्तो हुन्छ। यस स्थितिबाट पनि उक्लेर जब 'अहम्' र 'इदम्'का तराजुका दुवै पाटा समानरीति रहेको जस्तो भएर 'अहम्' 'इदम्' दुवै प्रधान र अप्रधान भएर समान हुन्छन् त्यसबेलामा शुद्धविद्या अथवा सद्विद्या तत्त्वको प्रादुर्भाव हुन्छ। परमशिव प्रकाश स्वरूप हुन् भने शक्ति विमर्श स्वरूप हुन्। शिवदशामा 'अहम्' अभिव्यक्त हुँदैन शक्तिदशामा 'अहम्'को अभिव्यक्ति हुन्छ किन्तु अस्फुट हुन्छ सदाशिव दशा 'अहम्'को स्फुट अभिव्यक्ति हुन्छ ईश्वर दशामा 'इदम्'को अभिव्यक्ति हुन्छ सद्विद्या दशामा 'इदम्'को 'अहम्'को समधृततुलापुट र तराजुका दुवै पाटा समान भए जस्तो 'अहम्' 'इदम्' तुल्य समान अभिव्यक्ति हुन्छ। सद्विद्या अथवा शुद्ध विद्यालाई महामायातत्त्व पनि भनिन्छ। यस अवस्थाको ईश्वरप्रत्यभिज्ञा ग्रन्थमा यसरीतिले स्पष्ट विवेचन गरिएको छ –

किन्त्वान्तरदशोद्रेकात्सादाख्यं तत्त्वमादितः
बहिर्भावपरत्वे तु परतः पारमेश्वरम्॥ – ई. प्र. ३।१।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यपि शिवतत्त्व वास्तवमा एकै हो शक्ति भन्नु सदाशिव भन्नु सद्विद्या यी सबै शिवका नै अभिव्यक्ति हुन् भिन्न हैनन् किन्तु ती शिव स्वतन्त्र हुन्, स्वतन्त्रता तिनको अत्यन्त स्वाभाविक हो त्यसो हुनाले उनी सदैव एक रूपमा रही रहे उनको स्वतन्त्रता महत्त्व प्रकट हुने थिएन। स्वरूपको विचित्रता प्रकट गरेर ती शिव शक्ति सदाशिव ईश्वर र सद्विद्या (शुद्ध विद्या) महामायाको रूपमा अभिव्यक्त हुन्छन् । ती परमशिव भित्रमात्रै अभिव्यक्त हुने ज्ञानमात्रको अभिव्यक्ति सदाशिवतत्त्व हो । त्यो शक्ति बाहिर प्रकट भएर क्रियाशक्तिको रूपमा परिणत भएमा ईश्वरतत्त्वको अभिव्यक्ति ज्ञानशक्ति र क्रियाशक्ति समानता भएर सद्विद्याको अभिव्यक्ति हुन्छ। यसैलाई सादाख्यतत्त्व पनि भनिन्छ।

ईश्वरो बहिरुन्मेषो निमेषोऽन्तः सदाशिवः।
सामानाधिकरण्यं च सद्विद्याहमिदंधियोः। – ई.प्र.३।१।३

अन्तः उन्मेष सदाशिवतत्त्व, बहिरुन्मेष ईश्वरतत्त्व यी दुवै सामान्याधिकरण्य (तुलना) सद्विद्या हो । उही मायालाई सद्विद्या किन भन्ने यसको उत्तरमा भनिएको छ –

इदं भावोपपन्नानां वेद्यभूमिमुपेयुषाम्।
भावानां बोधसारत्वाद् यथावस्त्ववलोकनात्॥ –ई. प्र. ३।१।४

'अहम्' भावबाट 'इदम्' भावमा पुग्नु वस्तुको महत्त्व न्यून हुनु हो, तापनि 'अहम्' भाव (ज्ञान स्वरूप)बाट 'इदम्' भावमा पुगे पनि वस्तुको यथावत् जस्ताको तस्तै स्वरूप जान्नाले त्यसलाई सद्भाव भनिएको हो। यो पूर्वोक्त कथनलाई स्पष्ट पार्नको निमित्त केही अरु कथन पनि आवश्यक छ। प्रत्यभिज्ञाशास्त्रले प्रतिपादन गर्ने मुख्य विषय परमशिवतत्त्व हो। त्यसलाई नै **चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः** भनेर उल्लेख गरिएको हो । चिति भनेको चैतन्य हो, प्रकाश हो । प्रत्यभिज्ञा दर्शनको मुख्य सिद्धान्त 'परम शिव स्वतन्त्र छन्' भन्नु हो। तदनुसार केवल परमशिव नै एकमात्र परमसत्य हुन् ती प्रकाश स्वरूप छन् । त्यस परमशिव (चिति) देखि भिन्न जो विश्व प्रपञ्चमा भासित छ त्यो सर्वथा मिथ्या न भएर उसै परमशिवको स्वातन्त्र्यको विलास हो, उसैको स्वातन्त्र्यको अभिव्यक्ति हो । विश्व नै शिवमय भए पछि विश्वलाई मिथ्या भन्नु शिवलाई नै मिथ्या भन्नु जस्तो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । सबै तत्त्व रूपमा परमशिवतत्त्व नै छन् भन्ने कुरा उत्पलाचार्यले शिवदृष्टि ग्रन्थमा निरूपण गरेका छन् –

तदेवं प्रसृतो देवः कदाचिच्छक्तिमात्रतः ।२९।

बिभर्त्ति रूपमिच्छातः कदाचिज्ज्ञानशक्तितः ।
सदाशिवत्वमुद्रेकात् कदाचिदैश्वरीं स्थितिम् ॥३०॥

क्रियाशक्तिसमाभोगात् कदाचित् स्थूलवेदनात् ।
विद्यात्वविद्येशानत्वमन्त्रमन्त्रेश्वरात्मताम् ॥३१॥

आत्मप्रच्छादनक्रीडां कुर्वतो वा कथञ्चन ।
मायारूपमितीत्यादि षट्त्रिंशत्तत्त्वरूपताम् ॥३२॥ – शिवदृष्टि

यस रीतिले परमशिव स्वयं प्रसृत (विस्तृत) हुँदै कहिले केवलशक्ति (पराशक्ति)को रूपमा अभिव्यक्त हुन्छन् । इच्छाशक्तिले त्यस्तो स्थिति हुन्छ । ज्ञानशक्तिको 'अहम्' 'इदम्' म यो हुँ यस प्रकारको स्थितिमा सदाशिवदशाको अभिव्यक्ति हुन्छ । यस अवस्था 'अहम्' म अंशको प्राधान्य हुन्छ । पुनः क्रियाशक्तिको अभिव्यक्ति दशामा ईश्वर दशा (ईश्वरतत्त्व)को अभिव्यक्ति हुन्छ 'अहम्' र 'इदम्' (म यो हुँ) यस अवस्थामा 'इदम्' यो अंशको प्राधान्य हुन्छ 'अहम्' र 'इदम्' दुवैको समान अभिव्यक्तिदशा सद्विद्या अथवा शुद्ध विद्यातत्त्वको अभिव्यक्ति । विद्यातत्त्वमा आश्रय लिएका प्रमाताहरू विद्येश मन्त्रेश, मन्त्र महेश्वर आदि प्रमातृगणको (प्रमाताहरू मुक्तिदशामा पुगेका जीवात्माहरूको) त्यो सद्विद्या आश्रम स्थान हो । यस रीतिले परमशिव आत्मप्रच्छादन क्रीडा (आफूलाई लुकाउने खेल गर्दै मायारूप इत्यादि छत्तीस तत्त्वको रूपमा अभिव्यक्त हुन्छन् ।

परमशिव शुद्ध प्रकाशस्वरूप हुन् । प्रकाशको अर्थ चैतन्यको ज्ञान हुनु हो । चेतना जहाँ रहन्छ त्यहाँ स्वयं नै प्रकाशित हुन्छ । एउटा तुच्छ कीट पनि 'म हुँ **अहमस्मि** यसको अनुभव गर्छ । जाग्रत तथा स्वप्न दशामा म को प्रकाश हुन्छ । यो सर्वानुभूत विषय हो । जाग्रत् अवस्थामा म छैन भनेर त कुनैले अनुभव गर्दैनन् स्वप्न दशामा पनि म को अनुभूति हुन्छ । सुषुप्ति दशामा सबै बाह्येन्द्रिय र अन्तःकरण गाढनिद्रामा लीन भए पनि सुख दुःख आदिले युक्त 'अहम्'को प्रकाश भै राख्छ त्यसै हुँदा **'सुखमहमस्वाप्सम्'** म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सुखसित सुतें यस प्रकारको अनुभव हुन्छ । यस अनुभवले गाढनिद्रा अवस्थामा पनि कुनै तत्त्व ब्यूभ्फेफैं थियो भन्ने कुरा बुभ्फाउँछ। त्यसो हुँदा आत्मा सदैव प्रकाश रूप नै रही रहन्छ, अप्रकाशको यहाँ कुनै स्थान छैन भन्ने कुरा सिद्ध हुन्छ। यो प्रकाशको स्वभाव विमर्श हो । कुनैलाई पनि आफ्नो 'अहम्' म को प्रकाश (आभास)को सँग 'अहमस्मि' म छु यस्तो प्रतीत पनि हुन्छ, यो विमर्श पनि हुन्छ। त्यसो हुनाले प्रकाश रूप आभास र विमर्श रूप प्रतीति (ज्ञान) यी दुवै परस्पर सम्बद्ध नै ज्ञान हुन्छ –

'प्रकाशः स्वात्मविश्रान्तिर्ह्यहंभावो हि कीर्तितः'

परमशिव शुद्ध प्रकाश रूप भए पनि शुद्धविमर्श रूप पनि हो । विमर्श प्रकाशदेखि भिन्न छैन, त्यो प्रकाशको स्वाभाविक (नैसर्गिक) रूप हो। विमर्शात्मक हुनाले नै प्रकाशलाई प्रकाश भनिन्छ। प्रकाशको प्रकाशता विमर्श हो, यसै गरी विमर्शको विमर्शतापनि प्रंकाश नै हो । यी दुईमा भेदको आभास हुँदैन।

स्वभावमवभासस्य विमर्शं विदुरन्यथा ।
प्रकाशोऽर्थोपरक्तोऽपि स्फटिकादिजडोपमः ॥

–ईश्वरप्रत्यभिज्ञा १।५।११

प्रकाशको विमर्श न हुने हो भने प्रकाश स्फटिक जस्तै आत्मा (शिव) पनि जडजस्तो हुने छ। प्रकाशको विमर्श नभएमा स्वच्छता मात्र रहन्छ, चैतन्य रहँदैन, त्यो स्फटिक जस्तो हुन्छ । वस्तुतः परमतत्त्व शुद्ध प्रकाश र विमर्शको सामञ्जस्य रूप छ –

प्रागिवार्थोऽप्रकाशः स्यात् प्रकाशात्मतया विना ।
न च प्रकाशो भिन्नः स्यादात्मार्थस्य प्रकाशता ॥

– ईश्वरप्रत्यभिज्ञा १।५।२

प्रकाशको ज्ञान भएन (प्रकाशको विमर्श नभएमा) प्रकाश अप्रकाश नै हुन जान्छ । वस्तुतः आत्मा अर्थको प्रकाश हो, त्यसो हुँदा प्रकाश आत्मादेखि भिन्न हुँदैन।

वस्तुतः स्वतन्त्रता नै सुखको मूल हो, कारण हो, परतन्त्रता दुःखको कारण हो । परमशिव स्वतन्त्र छन् । सबैका आत्मा हुन् र उनी स्वतः सिद्ध

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छन्, आत्मा (आफू)लाई कुनैले सिद्ध गर्नु पर्दैन । त्यो आत्मा कर्ता (क्रियाशक्तिले युक्त) तथा ज्ञाता (ज्ञान शक्तिले युक्त) छ । आत्मस्वरूप (आफू नै आत्मा) भएकोले स्वतः सिद्ध छ, अनादि सिद्ध छ, त्यसलाई सिद्ध गर्न चाहने व्यक्ति नै आत्मा हुनाले (चैतन्यस्वरूप हुनाले, ज्ञान स्वरूप हुनाले) आत्माको सिद्धि के गर्ला र ? –

कर्तरि ज्ञातरि स्वात्मन्यादिसिद्धे महेश्वरे।
अजडात्मा निषेधं वा सिद्धिं वा विदधीत कः ॥

– ईश्वरप्रत्यभिज्ञा ११।२

यस्तो भए तापनि मोहको वशले मोह गर्नेवालालाई मोही भनिन्छ। मोह त ईश्वरले नै गर्छन्, त्यो मोहको (मायाशक्ति, आद्याशक्ति वशले) सामर्थ्यले त्यो ईश्वर (परम शिव) भए पनि जानिएकै भए पनि शिव परमशक्तिको माया (मोहमा पार्ने शक्ति) छन् तिनैका वशमा परेर प्रकाश रूपले ती शिव निरन्तर भासमान नै छन् तापनि (प्रकाशको विमर्श न भएकोले) अप्रकाशनले गर्न नदेखिएका जस्ता भएकाले (सर्वथा हृदयङ्गम, नभएकोले) ती शिवको पूर्ण प्रकाश गर्नको निमित्त प्रत्यभिज्ञाशास्त्र प्रतिपादन गरिएको हो –

किन्तु मोहवशादस्मिन् दृष्टेऽप्यनुपलक्षिते।
शक्त्याविष्करणेनेयं प्रत्यभिज्ञोपदर्श्यते ॥ –ई.प्र.१।१।३

पूर्वमा ३६ तत्त्वको नाम निर्देश गरिएको छ । ती छत्तीस तत्त्वको परिचय उपस्थापित गर्नु आवश्यक छ।

१) शिवतत्त्वः –

परमशिव स्वतन्त्र छन्। स्वातन्त्र्य र प्रकाश रूपता नै उनको परिचय हो। प्रकाश रूप शिवको हो। अप्रकाश पनि शिवको रूप हो। मलाई ज्ञान छैन भन्नु अज्ञानको प्रकाश हो । यस रीतिले शिव प्रकाश रूप छन् । परमशिव स्वतन्त्र छन् सबैका आत्मा हुन् र स्वतः सिद्ध छन् । प्रत्यभिज्ञाशास्त्रले मोहको निवृत्ति (अज्ञानको अपसारण)मात्र गर्छ संसारमा जे जति ज्ञान छ, त्यसमा प्रकाशको नै माहात्म्य हो । त्यसो हुँदा परमशिव आफ्नो महिमाले नै सिद्ध छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२) शक्तितत्त्वः-

परमशिव प्रकाश रूप छन्, त्यसको प्रकाशको विमर्श हुन पर्‍यो। त्यसको ज्ञान पर्‍यो 'अहम्' (म) यस्तो ज्ञान हुनु पर्‍यो । त्यो प्रकाश म इत्याकार जो आभास हुन्छ त्यो विमर्श भनिन्छ त्यो विमर्श नै आद्याशक्ति (पराशक्ति) हुन् । वास्तवमा प्रकाश र विमर्शमा कुनै भेद छैन केवल शब्द मात्रको भेद हो। परमशिव शक्तिले युक्त भएर नै प्रकाशित हुन्छन् विमर्शको अभावमा परमशिवको सत्ता नै सिद्ध हुँदैन।

शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुम्।
न चेदेवं देवो न खलु कुशलः स्पन्दितुमपि ॥
अतस्त्वामाराध्यां हरिहरविरिञ्च्यादिभिरपि।
प्रणन्तुं वा स्तोतुं कथमकृतपुण्यः प्रभवति ॥

३, ४) सदाशिवतत्त्व र ईश्वरतत्त्वः-

परमेश्वरको (परमशिवको) अन्तःस्पन्दन शिव भनिन्छ भने बहिस्पन्दन शक्ति भनिन्छ। शिव विश्वोत्तीर्ण (विश्वभन्दा बाहिर) छन् भने उनैको विश्वमय रूप शक्ति हो भन्न सकिन्छ। परमशिवदेखि अभिन्न भए पनि उनै शिवको परमेश्वरी शक्ति आफ्नो स्वतन्त्रताको अभिव्यक्ति गर्न ज्ञानशक्ति र क्रियाशक्ति रूपमा अभिव्यक्त हुन्छिन् । ज्ञान भनेको प्रमेय (ज्ञेय) तत्त्वको अन्तः अवभासन (भित्र नै भासमान हुनु) हो, त्यो प्रज्ञातामा रहन्छ भने क्रिया भनेको प्रमेय (ज्ञेय) वस्तुको अवभासन अर्थात् भेदको उन्मेष (उत्पत्ति) हो । यस रीति ज्ञानशक्ति र क्रियाशक्ति उन्मेष अर्थात् प्राकट्य नै सदाशिवतत्त्व र ईश्वरतत्त्व हुन्।

जस्तो पूर्वमा भनिएको छ - सदाशिवतत्त्वमा शुद्ध र अपरिमित प्रमातृतत्त्वको अत्यन्त अस्फुट (नजानिदो) प्रमेय (ज्ञेय) वस्तुको अवभासन हुन्छ। **अहमिदम्** (म यो हुँ) यस प्रकारको ईश्वरतत्त्वमा **अहमिदम्** यसको विपरीत **'इदमहम्'** यो म, यस प्रकारको आभास हुन्छ । सदाशिव तत्त्वमा प्रमातृ अंशको 'अहम्' 'म' को प्राधान्य हुन्छ भने ईश्वरतत्त्वमा 'इदम्' यो अंशको प्राधान्य हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५) शुद्धविद्यातत्त्वः-

पूर्वमा पनि उल्लेख गरिएको हो 'अहम्' 'इदम्' 'म, यो' यी दुई अंशको **'समधृततुलापुटन्यायेन'** तराजुका दुई पाटा जस्तो कुनै पनि प्रधान र अप्रधानको अवभास न भएर दुवै अंशको समान अवभासन हुन्छ त्यस दशाको प्राकट्यलाई शुद्धविद्यातत्त्वको अभिव्यक्ति भनिन्छ। यहाँ विशेष बुझ्नु पर्ने कुरो शिव र शक्ति (परमशिव पराशक्ति) दशामा परिपूर्ण 'अहम्' केवल 'म' प्रमाता (ज्ञाता)को मात्रै अवभास हुन्छ। सदाशिव, ईश्वर, सद्विद्यातत्त्व तीनतत्त्व भेदाभेदात्मक हुन् भने भेद पनि रहन्छ अभेद पनि रहन्छ। शुद्ध विद्या दुई प्रकारको मान्नुपर्छ – सदाशिवतत्त्वमा **'अहमिदम्'** म यो यस्तो 'अहम्' अंशको प्रधानता, ईश्वरतत्त्वमा इदमहम् यो 'म' अंशको प्रधानता हुन्छ।

६) अपरमायाः-

त्यसपछि शुद्ध विद्यातत्त्वबाट अपरमाया तत्त्वको अभिव्यक्ति हुन्छ भन्ने ब्रह्मसूत्र श्रीकण्ठभाष्यका व्याख्याता शिवार्कमणिदीपिकाकार अप्पय दीक्षितको मत छ। अपरामाया मिश्राध्वका सम्पूर्ण शरीर र भुवन आदिका उपादान कारण हुन्।

'तत् शक्तिः सदाशिवो महेश्वरः शुद्धविद्येति चत्वारि तत्त्वान्युत्पद्यन्ते।' तदन्तरमपरमाया मिश्राध्वगतसकलतनुभुवनाद्युपादानभूता जायते।

– (ब्रह्मसूत्र शिवार्कमतिदीपिका २।३८)।

मायातत्त्व अथवा मायाशक्ति अथवा अपरामाया शक्तिले शिवतत्त्वको अभेद भूमिका पछि भेदकको अवभासन भूमिका हुन जान्छ। यस मायातत्त्वको अभिव्यक्तिले शिवको स्वात्मावरण कार्य हुन जान्छ। त्यसै गर्दा सर्वत्र व्याप्त परमशिव हामीजस्ता किञ्चित्ज्ञले विश्वको प्रत्येक तत्त्वलाई आफूदेखि भिन्न ठान्दछौं। वस्तुतः हामी परमशिव स्वरूप नै हौं। विश्व हामीदेखि भिन्न छैन किन्तु हामी भिन्न देख्छौ यसैलाई मायाशक्ति अथवा अपरामाया भनिन्छ। तिनै मायाशक्ति (अपरामाया)ले गर्दा देहादिलाई हामी आफू (म) भन्छौ र आफ्नो संवित् (ज्ञानस्वरूप) प्रकाश स्वरूपलाई बुझ्दैनौं। अपरामायाबाट काल नियति कला विद्या राग पुरुष यी छ को अभिव्यक्ति हुन्छ भन्ने कथन अप्पय दीक्षितको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदनन्तरं परमाया मिश्राध्वगतसकलतनुभुवनाद्युपादानभूता जायते । ततः कालो नियतिः, कलाविद्या, रागः, पुरुष इति षट्तत्त्वानि जायन्ते'
(शिवार्कमणिदीपिका, अप्पयदीक्षित २।२।३८)।

यस कथनअनुसार रागतत्त्व पछि पुरुषको अभिव्यक्ति भएको देखिन्छ भने माया र कालतत्त्व एउटै हुन् भन्छन् । मायाको स्वरूप विवेचन गर्दा जसमा यो विश्व जान्छ, (लीन हुन्छ) अथवा आउँछ (अभिव्यक्त) हुन्छ, त्यो माया हो । यो जगत् प्रलयमा जसमा समाहित हुन्छ, सृष्टिमा जसबाट यो विश्व अभिव्यक्त हुन्छ त्यो माया हो भनेर भनिन्छ।

७) कालतत्त्वः-

मायाबाट उत्पन्न तत्त्व काल हो। कालतत्त्व क्रम स्वरूप हो 'यसपछि यो' यसप्रकारको क्रम बुझाउने कालतत्त्व हो । यो पछि यो यस प्रकारको ज्ञान गराउने कालतत्त्व क्रियाले क्रमलाई बुझाउँछ । कुनै पनि क्रिया क्रमरूप हुन्छ । वास्तव परमशिव क्रिया अक्रमरूप हुन्छ भने सांसारिक जनहरूको क्रिया सक्रम हुन्छ –

परमेश्वरे परमार्थतोऽक्रमक्रिया परिमितसांसारिकप्रमातृगत-क्रमावभासनयोगात् सक्रमाऽपि । (ईश्वरप्रत्यभिज्ञा विमर्शिनी २।१।१) । क्रमिकत्वमेव क्रियायाः स्वरूपं क्रमश्च कालकलनाहीने चिन्मये भगवति नास्ति कथमस्य सा भवेत्।

क्रिया क्रमिक हुन्छ, त्यो क्रम कालको कल्पना भएका चिन्मय भगवान् परमशिवमा अक्रम स्वरूप परमेश्वरमा क्रमिक क्रिया कसरी हुन सक्छ ? यसको उत्तरमा भनिएको छ –

सक्रमत्वञ्च लौकिक्याः क्रियायाः कालशक्तितः ।
घटते न तु शाश्वत्याः प्राभव्याः स्यात्प्रभोरिव ।
– ईश्वरप्रत्यभिज्ञा २।१।२

भगवान्को क्रिया परमशिव नित्य हुनाले उहाँमा अनित्य क्रिया अथवा क्रमरूपा क्रिया हुँदैन, लौकिकक्रियामा मात्रै क्रम हुन्छ । कालतत्त्वको स्वरूप ईश्वर प्रत्यभिज्ञामा विवेचन गरिएको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालः, सूर्यादिसञ्चालस्तत्तत्पुष्पादि जन्म वा।
शीतोष्णे वा तल्लक्ष्यः क्रम एव स तत्त्वतः ॥

– ईश्वर प्रत्यभिज्ञा २।१।३

सूर्यको सञ्चार (गति) काल हो। सूर्योदय सूर्यास्तले काल बुझाउँछ। अथवा पुष्प फल आदिको जन्म (उत्पत्ति)ले पनि काललाई बुझाउँछ। शीत उष्ण (जाडो गर्मी) इत्यादि व्यवहारले अथवा ती सबैमा लक्षणद्वारा उपस्थित हुने काल हो। वास्तवमा काल क्रमरूप हो। हाम्रो जड देहमा क्रमरूपता रहन्छ।

८) नियतितत्त्वः-

जीव (पुरुष)को यो वस्तु यस रीतिले नै यस प्रकारको विधानले नै गर्न सकिन्छ। यसरीतिले जान्न सकिन्छ भनेर परमशिवको स्वातत्र्यको नियति भनिन्छ। यसले गदा परमशिव देश काल कर्तव्य अकर्तव्यमा बाधिन्छन्। शिवको स्वतन्त्रतालाई निरोध गर्ने नियति शक्ति हो। यसैलाई नै भाग्य पनि भनिन्छ।

९) कलातत्त्वः-

परमशिवमा सर्वकर्तृत्व शक्ति छ। त्यस सर्वकर्तृत्व शक्तिलाई नियमन गरेर (त्यसलाई निरोध गरेर) केही मात्र गर्न सक्छु भन्ने भाव उत्पन्न गर्ने तत्त्व कलातत्त्व हो। कोही कुनै कलामा प्रवीण हुन्छ कुनै अन्यकलामा। कुनै मूर्तिकलामा प्रवीण हुन्छ, कुनै सङ्गीतकला वा चित्रकलामा। सबै कलामा पूर्ण नहुने तत्त्व नै कलातत्त्व हो।

१०) विद्यातत्त्वः-

परमशिवको सर्वज्ञत्वलाई नियमन गर्ने तत्त्व विद्यातत्त्व हो। विद्यातत्त्वले गर्दा म यो विद्या (ज्ञान) मात्रै जान्छु यो जान्दिन भन्ने सर्वज्ञको सर्वज्ञातालाई नियन्त्रण गर्ने तत्त्व विद्यातत्त्व हो।

११) रागतत्त्व :-

परमशिवको सदा तृप्त स्थितिलाई संकोचन गर्दै किञ्चित् किञ्चित् विषयको इच्छा गराइरहने तत्त्व रागतत्त्व हो। जसले गदा पुरुष साना विषयको प्राप्तिमा दगुरिरहन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१२) पुरुषतत्त्वः-

नियतितत्त्वले सङ्कुचित परेर अनेक योनिमा जन्म लिने पुरुष (ज्ञ) सुख र दुःखको भोग गर्ने स्वर्ग नरक आदिमा जाने, मर्त्यलोकमा जन्म लिने पुरुषतत्त्व हो । वस्तुतः परमात्मा परमशिव एकमात्र छन् तापनि मन्त्र विद्यातत्त्वको भूमिकामा उनै मन्त्रेश्वर महेश्वर बन्दछन् शक्तिको भूमिकामा अकल प्रमाता बन्दछन् र सर्वत्र स्वात्मालाई विमर्श गर्दा पति (पशुपति) भनिन्छन् ।

१३) अव्यक्त (प्रकृति) तत्त्वः-

पुरुषतत्त्व पछि अशुद्ध अध्वको अन्तर्गत शरीर भुवन आदिको उपादान कारण भूत प्रकृति (अव्यक्त) तत्त्वको आविर्भाव हुन्छ । सांख्य दर्शनले मानेका महत्तत्त्व अहङ्कार आदिको कारणभूत प्रकृतितत्त्व प्रधानतत्त्व पनि भनिन्छ। प्रकृति त्रिगुणात्मिका मानिएको छ। त्रिगुण भनेको सत्त्वगुण, रजोगुण, तमोगुण हुन्। सत्त्वगुण लघु (हलुङ्गो) तथा प्रकाशक मानिएको छ भने रजोगुण प्रवृत्तिशील (चञ्चल) र उत्तेजक (प्रवृत्ति गर्ने) तमोगुण गरुङ्गो आवरक (अवरोधक) मानिएका छन्। एउटा प्रयोजनको सिद्धिको निमित्त यी तीन गुण प्रदीप (दियो)को जस्ता मिलेर कार्य गर्छन् । सत्त्व र तमोगुण स्वरूप अक्रिय (क्रियारहित, प्रवृत्तिरहित रजोगुणको अपेक्षा राख्दछन् । रजोगुणद्वारा उत्तेजित गरिन्छन् र शिथिलता त्यागेर आ-आफ्नो कार्यमा प्रवृत्त हुन्छन् । यसै गरी रजोगुण पनि चञ्चल हुनाले सक्रिय हुनाले निरन्तर कार्य गरी राख्ने थियो यदि गरुङ्गो निरोधक तमोगुणले त्यसलाई निरोध न गरेका भए । मूल प्रकृतिबाट नै यो सम्पूर्ण विश्व ब्रह्माण्डको उत्पत्ति मानिन्छ। सत्त्वगुण सुखात्मक अर्थात् सुखको हेतु हो, दुःखको हेतु हुनाले रजोगुण दुःखात्मक हो, मोहको हेतु हुनाले रजोगुण मोहात्मक हो ।

१४) महत्तत्त्व (बुद्धि):-

प्रकृतितत्त्वबाट महत्तत्त्वको प्राकट्य हुन्छ । प्रकृति अचेतन (जड) तत्त्व हो पुरुष चेतन स्वरूप हो । पुरुष चेतन भए पनि (सांख्यदर्शनानुसार अकर्ता हो) प्रकृति जड, भए पनि कर्त्री (क्रिया गर्ने) हुन् प्रकृतिबाट अभिव्यक्त (प्रकट) हुने महत्तत्त्व (बुद्धितत्त्व) प्रकृतितत्त्व र पुरुष चेतनको संयोगले चेतनजस्ता हुन्छन् । तथा प्रकृतिका गुणले रहित भए पनि पुरुष

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अकर्ता (क्रियारहित) भए पनि उदासीन भए पनि निरन्तर कार्य गर्ने प्रकृतिको संयोग सम्बन्धले गर्दा कर्ताजस्तो प्रतीत हुन्छ। यो प्रकृति महत्तत्त्व आदिको परिचय सांख्य दर्शनानुसार हो। पुरुष र प्रकृतिको संयोगले नै यो चराचर विश्वको सृष्टि हुन्छ। सबैका कारणभूत प्रकृतिको दर्शनको निमित्त पुरुषको प्रकृतिसँग सम्बन्ध हुन्छ तथा पुरुषको कैवल्य (मोक्षको) निमित्त प्रकृति चाहिन्छ त्यसो हुँदा यी प्रकृति पुरुष संयोग हुन्छ त्यस संयोगले नै सृष्टिकर्म हुन्छ। त्यस प्रकृतिबाट महत्तत्त्व अर्थात् बुद्धिको उत्पत्ति हुन्छ। बुद्धितत्त्व निश्चयात्मक (निश्चय गर्ने) हो। बुद्धिमा दुई रूप छन्, सात्त्विक र तामसिक, सात्त्विक रूप धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य तथा त्यसै बुद्धिका तमोगुणले युक्त भएमा अधर्म, अज्ञान, अवैराग्य, अनैश्वर्य तामस रूप हुन्।

बुद्धिका अवान्तर आठभेद

१४.१) धर्म :-

धर्म ऐहलौकिक, पारलौकिक अभ्युदय (उन्नति)को कारण भएको यस संसारमा र परलोकमा पनि उन्नति गराउने सत्वगुणयुक्त बुद्धि धर्म भनिन्छ। यस संसारमा उन्नति गराउने धर्म, यज्ञ, दान, तपस्या आदि हुन्। परलोकमा उन्नति गराउने (मोक्ष प्राप्त गराउने) धर्म अष्टाङ्ग योग साधना आदि हुन्। योगका आठ भेद योग सूत्रमा बताइएका छन्। यम, नियम, आसन, प्राणयाम, प्रत्याहार, ध्यान, धारणा, समाधि मानिएका छन्।

यमनियमासनप्राणायामप्रत्याहारधारणाध्यानसमाधयोऽष्टावङ्गानि

– (पातञ्जल योगसूत्र २।२९)

१४.१.१ यम :-

त्यसमा पनि यमका अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यी पाँच भेद छन्।

अहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहाः यमाः – (पातञ्जल योग सूत्र २।३०)

पाँच प्रकारका यममा सर्वप्रथम अहिंसाको छ अहिंसा भनेको सर्वथा सर्वदा **सर्वप्राणिनामनभिद्रोहः (यो. सू. २।३० व्यासभाष्य)** पाँच प्रकारको यममा सबै प्रकरणले सबैकालमा सबै प्राणीहरू (प्राणी मात्रको) अनभिद्रोह=द्रोह न

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु, द्वेष न गर्नु, दुःख न दिनु अहिंसा हो। अर्थात् मनले अरूको अनिष्ट चिन्तन नगर्नु वचनले अरूलाई कठोर भाषण नगर्नु यो अहिंसा हो। सत्य अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य आदि अहिंसाको सिद्धि गर्ने, अहिंसाको व्याख्या स्वरूप हुन्। सत्य भनेको वचन र मन जस्तो छ, कर्म पनि त्यस्तै हुनु हो। जस्तो प्रमाणद्वारा जानिएको छ, जस्तो तर्कद्वारा अनुमान गरिएकोछ, जस्तो आगम(शास्त्र)द्वारा जानिएको छ, त्यस्तै मन र वाणी (वचन) पनि भयो भने त्यो सत्य हो। आफ्नो मनमा आर्कै छ अरूलाई आर्कै भनियो, आर्कै चिताइयो भने त्यो सत्य हुँदैन। स्तेय (चोरी) भनेको विधि (कानून)को उल्लङ्घन गरेर अर्काको वस्तु लिनु हो। त्यो आर्काको द्रव्य अविधिपूर्वक, न्यायको उल्लङ्घन गरेर नलिनु अस्तेय हो। ब्रह्मचर्य भनेको गुप्तेन्द्रियको संयम हो। परस्त्री परपुरुषतिर मन नलाउनु स्वस्त्री, स्वपतिमा पनि बलात्कार न गर्नु ब्रह्मचर्य हो। अपरिग्रहको अर्थ दान न लिनु हो। सकेसम्म अति आपत्ति नपरेसम्म अरुले दिएको वस्तु पनि ग्रहण नगर्नु अपरिग्रह हो।

१४.१.२) नियम :-

शौचसन्तोषतपःस्वाध्यायेश्वरप्रणिधानानि नियमाः – (पा. यो. सूत्र २।३२)

शौच (पवित्र) सन्तोष तपस्या, स्वाध्याय र ईश्वर प्रणिधानको भेदले पाँच प्रकारका नियम छन्। माटो, जल इत्यादिले शरीरको शुद्धि र बाह्य शरीरको शुद्धि तथा पवित्र भोजनले पनि बाह्य शरीरको शुद्धि, सबैको मैत्रीको भावना दयाको भावना, प्रसन्नताको भावना दुष्टका प्रति उपेक्षाको भावना शरीरभित्रको शुद्धि यो जम्मै शौच (पवित्रता) भित्र पर्छन्। सन्तोष भनेको आफूसित जति छ र जति आफूले न्यायपूर्व प्राप्त गरिएको छ, त्यतिले निर्वाह गर्नु सन्तोष हो। तप (तपस्या) भनेको द्वन्द्व (जाडो, गर्मी इत्यादि) सहन गर्नु दुःख परेमा न आत्तिनु सुख परेमा न मात्तिनु यो तपस्या हो अथवा व्रत उपवास आदि गर्नु तपस्या हो। स्वाध्याय भनेको आफ्नो सम्प्रदायअनुसारको शास्त्रको अध्ययन गर्नु हो। ईश्वर प्रणिधान भनेको ईश्वरको प्रति भक्ति राख्नु, ईश्वरका प्रति श्रद्धा राख्नु हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४ .१.३) आसन :-

स्थिरसुखमासनम् । -(पा.यो.सू.२।४६)

जसमा स्थिरता र सुख प्राप्त हुन्छ जसरी सुखपूर्वक बस्न सक्छ, त्यही आसन हो । आसन शब्दले यहाँ योगासन बुझ्नु पर्छ योगासनले शरीरको स्थिरता पनि हुन्छ, रोग इत्यादि हुँदैन, सुख पनि प्राप्त हुन्छ। योगका चार भेद मानिएका छन् । चित्तवृत्तिको निरोध गर्दै भगवत् प्राप्तिको निमित्त अनेक साधन (प्रणाली)हरू हाम्रा महर्षिहरूले चार भागमा विभक्त गरेका छन्। ती योग हुन् – मन्त्रयोग, हठयोग, लययोग र राजयोग।

१४ .१.३.१) मन्त्रयोग :-

यो विश्व नाम र रूपात्मक छ, त्यसो हुँदा नाम र रूपको आश्रय लिएर जुन साधना गरिन्छ त्यो मन्त्रयोग हो –

नामरूपात्मिका सृष्टिर्यस्मात् तदवलम्बनात्।
बन्धनान्मुच्यमानोऽयं मुक्तिमाप्नोति साधकः ॥

यसमा मन्त्र जपको विशेषविधान हुनाले मन्त्रयोग भनिएको हो । यसमा पनि यम नियम आसन इत्यादिको आवश्यकता हुन्छ।

१४ .१. ३.२) हठयोग :-

हठयोगमा सात अङ्ग छन् –

षट्कर्मासनमुद्राः प्रत्याहारश्च प्राणसंयामः
ध्यानं समाधिः सप्तैवाङ्गानि स्युर्हठयोगस्य।

षट्कर्म, (धौति, वस्ति नेति लौलिकी, त्राटक कपालभाती) यी आसन (योग), मुद्रा, प्राणायाम, ध्यान र समाधि यी हठयोगका छ अङ्ग मानिएका छन्।

१४ .१. ३.३) लययोग :-

प्रकृति र पुरुषको संयोगद्वारा ब्रह्माण्ड र पिण्डको उत्पत्ति हुन्छ । ऋषि, देवता, पितृगण, ग्रह, नक्षत्र, राशि, पुरुष सबै ब्रह्माण्ड र पिण्ड नै छन्। पिण्डज्ञानले ब्रह्माण्डको ज्ञान हुन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पिण्डज्ञानेन ब्रह्माण्डज्ञानं भवति निश्चितम् ।
गुरूपदेशतः पिण्डज्ञानमाप्त्वा यथायथम् ॥
ततो निपुणतया युक्त्या पुरुषे प्रकृतेर्लयः ।
लययोगाभिधेयः स्यात् प्रोक्तमेतन् महर्षिभिः ॥

– लययोग संहिता ३।४

निपुणयुक्त युक्तिद्वारा पुरुषमा प्रकृतिको लय नै लययोग हो।

१४ .१. ३.४) राजयोग :–

सृष्टिस्थितिविनाशान्ता हेतुता मनसि स्थिता ।
तत्साहाय्यात् साध्यते योगो राजयोग इति स्मृतिः ।

राम्रो अन्तःकरण (मन) नै हाम्रो सृष्टि स्थिति लयको काल हो। **'मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः'** बन्धन र मोक्षको कारण मन नै हो। त्यस मनको (अन्तःकरणको) सहायताले जो साधन अहिंसा, सत्य, यम, नियम, आसन इत्यादिको साधन गरिन्छ त्यो राजयोग हो । आजको युगमा योग क्रियाको प्रदर्शन आत्मख्यातिको निमित्त हुन थालेको छ।

मन्त्रयोगमा मन्त्रजप र इष्टदेवताको ध्यानको प्रधानता छ, हठयोगमा ज्योति ध्वनि र शारीरिक क्रियाको प्रधानता छ, लययोगमा बिन्दु ध्यान एवं सूक्ष्म क्रियाको प्रधानता छ, राजयोगमा सूक्ष्म क्रियाको साथै विचार र भाव शुद्धिको प्रधानता छ, राजयोगको वेदान्तसित पनि सम्बन्ध छ । यी सबै योगमा आसनको विवेचन पाइन्छ । आसन सिद्धिले सुखदुःखादि द्वन्द्वको पीडा हुँदैन।

१४ .१. ४) प्राणायामः–

'तस्मिन् सति श्वासप्रश्वासयोर्गतिविच्छेदः प्राणायामः' आसनको सिद्धि भएपछि श्वास र प्रश्वासको स्वाभाविक गतिको विच्छेद (श्वास प्रश्वासको गति रोकिनु) प्राणायाम हो। बाह्य वायुको भित्र प्रवेश गराउनु (श्वास तान्नु) श्वास हो, कोष्ठको वायु (भित्रको वायु)लाई बाहिर निकाल्नु प्रश्वास हो। यी दुवै क्रिया गरेर वायुको गतिलाई रोकिदिनु प्राणायाम हो। प्राणायामका बाह्य, आभ्यान्तर आदि भेद छन्। प्राणायाम दीर्घ र सूक्ष्म पनि हुन्छ। प्राणायाम जस्तो ठूलो तपस्या छैन प्राणायामले पापको नाश हुन्छ। प्राणयामले मलको शुद्धि हुन्छ ज्ञानको दीप्ति हुन्छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'प्राणायामात्ततो विशुद्धिर्मलानां दीप्तिश्च ज्ञानस्य'

प्राणायामको अभ्यासले धारणामा योग्यता प्राप्त हुन्छ।

१४.१.५) प्रत्याहारः-

स्वविषयासंप्रयोगे चित्तस्य स्वरूपानुकार इवेन्द्रियाणां प्रत्याहारः
-(पा. यो. सू. २।५४)

इन्द्रियहरूको आफ्नो विषयसित सन्निकर्ष (संयोग) नभएर चित्तको जस्तो समानरूप हुनु प्रत्याहार हो। इन्द्रियहरूको (आँखा, नाक, कान इत्यादिको) व्यापार (अर्थ) काम, चित्त(मन)को व्यापारको अधीनमा हुन्छ। प्राणायामद्वारा चित्तको व्यापार (कार्य) रोकिएपछि प्रत्याहार नामक कार्य हुन्छ। त्यसबेलामा इन्द्रियहरू चित्तको जस्तो स्वरूप हो त्यस्तै बन्न जान्छन्। चित्तको जस्तै नै बन्छन्, चित्त नै बन्न सक्दैनन्। चित्त इन्द्रियहरू भिन्न हुन्। प्रत्याहारद्वारा इन्द्रियहरूलाई विषयतिर जान नदिएपछि उनीहरू मनले चिताएको कुरोतिर लाग्छन्, विषयतिर जाँदैनन्। धारणाद्वारा इन्द्रियहरू योगीका वशमा हुन जान्छन् -

'ततः परमावश्यतेन्द्रियाणाम्' -(पा.योग. सू. २।५५)

चित्तको एकाग्रताले त्यस चित्तका अधीन इन्द्रियहरूको विषयका प्रति प्रवृत्ति सर्वथा नहुनु इन्द्रियहरूको परमावश्यता हो।

१४.१.६) धारणा :-

देशबन्धश्चित्तस्य धारणा। -(पा.यो. सू ३।१)

यम, नियम, आसन, प्राणायाम, प्रत्याहार यी पाँच योगका बहिरङ्ग (बाहिरी) साधन हुन्। धारणा, ध्यान, सामाधि, अन्तरङ्ग साधन हुन्। त्यसमा धारणा भनेको नाभि प्रदेशमा हृदय कमलमा मस्तिष्कमा स्थित ज्योतिमा, जिह्वाको अग्रभागमा नासिका (नाक)को अग्रभागमा जिह्वा (जिब्रो)को अग्रभागमा इत्यादि स्थान विशेष अथवा कुनै बाह्य विषयमा नै चित्तको वृत्ति बन्ध हुनु धारणा हो। धारणा भनेको मन इन्द्रियहरूको विषयमा न गएर इन्द्रियहरू नै चित्तले धारणा गरेको विषयमा गए भने त्यसलाई धारणा भनिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१४ .१. ७) ध्यानः—

तत्र प्रत्ययैकतानता ध्यानम्। –(पा.यो.सू.३।२)

त्यस धारणामा भनिएका नाभि, हृदयकमल, मस्तिष्कज्योति, जिह्वाग्रभाग, नासिकाभाग आदिमा चित्त लगाएर त्यो वृत्तिमा (यस स्थान) चित्तवृत्तिको एकाग्रता प्राप्त हुनुलाई ध्यान भनिन्छ। यद्यपि यहाँ कुनै स्थान विशेषमा चित्तको एकाग्रतालाई ध्यान भनिएको छ, किन्तु स्थान विशेष जडको एकाग्रता हैन किन्तु तत्तत् (त्यस त्यस) स्थान विशेषमा ध्येय (ईश्वर, शिव, पशुपति, विष्णु, गणेश, सूर्य, देवी इत्यादि)को एकाग्रतापूर्वक चिन्तन ध्यान हो भन्ने जान्नु पर्छ।

१४ .१. ८) समाधि :-

तदेवार्थमात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः। –(पा.यो.सू ३।३)

पूर्वोक्तध्यान नै जब ध्येय स्वरूपको मात्र प्रकाश गर्ने (म ध्यान गर्दै छु भन्ने) भावना पनि नरहने गरी केवल ध्यान गरिने ध्येयको स्वरूपमात्र प्रकाश गर्छ। ध्याताको ध्यान रहदैन त्यसलाई समाधि भनिन्छ। जस्तै पानीमा राखेको नून पानीमा विद्यमान भए पनि पानीको रूपमा नै प्रतिभासित हुन्छ, नूनको डल्लोको रूपमा ज्ञात हुँदैन त्यसै गरी समाधिकालमा ध्यान रहे पनि ध्येय रूपमा परिणत भएकोले ध्यान रूपमा भासित नभएर केवल ध्येय रूपमा नै भासित हुन्छ। यो नै समाधि हो।

सांख्यका तमोगुण, रजोगुण, सत्त्वगुण र योगको चित्त

हाम्रो चित्त काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि भावले आक्रान्त भएर हाम्रो सहज सामान्य भावमा अवरोध उत्पन्न हुन्छ। त्यस अवस्थामा म के गरौं ? कसो गरौं ? यस अवस्थामा के गर्ने भन्ने भावनाले आक्रान्त भएर केही पनि गर्नै न सक्ने स्थितिमा पुग्छ। यस अवस्थालाई तमोगुणको प्राबल्यावस्था मान्न सकिन्छ। यसै रीत हाम्रो मन अत्यन्त चञ्चल अवस्थामा पुग्छ, चित्तमा अनेक भाव उत्पन्न हुन्छ तब हामी क्षुब्ध र दुःखी हुन्छौं। यो अवस्था रजोगुणको हो। जब हाम्रो मन गतिशीलता, स्तब्धतालाई छोडेर विश्रान्त तथा शान्त अवस्थामा पुग्छ, चित्तको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थालाई तथा त्यसबाट उत्पन्न सुखलाई सत्त्वगुण भन्न सकिन्छ। सत्त्वगुणको उद्रेकको अर्थ धारणा ध्यान समाधितिर मनको गति हुनु हो भन्न सकिन्छ।

यो प्रकृत विषयतिर लागौं। सांख्यले बुद्धिको सात्विकरूप धर्म, ज्ञान, वैराग्य र ऐश्वर्य हुन् भने त्यसको विपरीत अधर्म, अज्ञान, अवैराग्य, अनैश्वर्य, धर्मका तामस (तमोगुणयुक्त) रूप हुन्। प्रकृतिबाट महत्तत्त्वको उत्पत्ति सांख्यले मानेको छ भने शैवदर्शन (प्रत्यभिज्ञादर्शन)ले पनि अव्यक्त (प्रकृति)बाट महत्तत्त्वको उत्पत्ति मानेको छ। बुद्धितत्त्वबाट अहङ्कारतत्त्व अभिव्यक्ति हुन्छ, अहङ्कारबाट मन, पाँच ज्ञानेन्द्रिय, चक्षु(आँखा), कर्ण(कान), त्वक्(छाला) जिह्वा, नासिका तथा पाँच कर्मेन्द्रिय (काम गर्ने इन्द्रिय) गमन कर्म गर्ने पादेन्द्रिय(पाद), ग्रहण गर्ने इन्द्रिय (हात), वचन(बोल्ने)काम गर्ने वाक् इन्द्रिय, मलमूत्रको त्याग गर्ने पायु(गुदा) इन्द्रिय आनन्द (विषयको भोग गर्ने शिश्नेन्द्रिय, भगेन्द्रिय)को उत्पत्ति हुन्छ। यी दश ज्ञानेन्द्रिय पाँच र कर्मेन्द्रिय पाँचको सँग ज्ञान (बोध) र कर्म दुवै गर्ने मन नामक एकादश इन्द्रियको उत्पत्ति (अभिव्यक्ति) पनि अहङ्कारबाट नै उत्पत्ति हुन्छ। त्यसै अहङ्कारबाट पञ्चतन्मात्रा आकाश, वायु, तेज, पृथ्वीका सूक्ष्म रूप (परमाणु) शब्दतन्मात्र स्पर्शतन्मात्रा, रूपतन्मात्रा, रसतन्मात्रा, गन्धतन्मात्राको उत्पत्ति (अभिव्यक्ति) हुन्छ –

प्रकृतेर्महांस्ततोऽहङ्कारस्तस्माद् गणश्च षोडशकः।
तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्चभूतानि॥

– सांख्याकारिका २२

प्रकृतिबाट महत्तत्त्व महत्तत्त्वबाट अहङ्कार (तत्त्व) त्यसबाट सोह्रको गण पाँच ज्ञानेन्द्रिय, पाँचकर्मेन्द्रिय, पाँच तन्मात्रा मन यी एघारौं इन्द्रियको उत्पत्ति अहङ्कारबाट हुन्छ। त्यसमा पञ्चतन्मात्राबाट पञ्चभूत आकाश, वायु, तेज जल, पृथिवीको अभिव्यक्ति हुन्छ।

परमशिवतत्त्वदेखि माया पाँच अथवा ६ कञ्चुकसम्म माता (मेय वस्तुका ज्ञाता) हुन्। त्यो माता पनि काल, नियति, कला, विद्या, राग यी पाँच कञ्चुकले बेरिएपछि प्रमेय बन्न पुग्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिदेखि प्रारम्भ गरेर पृथिवीसम्म सबैतत्त्व प्रमेय हुन्। ती कार्य र कारण (उपादान कारण) पनि हुन् जस्तै बुद्धि कारण हो त्यसले अहङ्कारलाई उत्पन्न गर्छ, कार्य पनि हो। बुद्धि प्रकृतिबाट उत्पन्न हुन्छ, त्यसो हुनाले यो कार्य पनि हो। सांख्यदर्शनले भनेको छ, त्यसै कुरालाई प्रत्यभिज्ञानदर्शनले पनि भनेको छ –

त्रयोविंशतिधा मेयं यत्कार्यकारणात्मकम्।
तस्य विभागरूप्येकं प्रधानं मूलकारणम्॥

– ईश्वरप्रत्यभिज्ञा ३।१।१०

बुद्धितत्त्वदेखि गन्दै जाँदा पृथ्वीतत्त्वसम्म 'त्रयोविंशतिधा' २३ प्रकारका मेयतत्त्व हुन्छन् र ती कार्य र कारण स्वरूप छन्। ती २३ मूलमा त्यसको विभाग न भएको प्रधान (प्रकृति), अव्यक्त मूलकारण हो। त्यसै गरी बहिरिन्द्रिय अन्तरिन्द्रिय गरेर तेह्र इन्द्रिय छन् र कार्य वर्ग पाँच सूक्ष्म भूत (पञ्चतन्मात्रा) पाँच स्थूल भूत आकाश, वायु, तेज, जल, पृथ्वी यी दश कार्य वर्ग हुन् भन्ने कुरा पनि प्रत्यभिज्ञाले नै बताएको छ –

त्रयोदशविधा चात्र बाह्यान्तःकरणावली।
कार्यवर्गश्च दशधा स्थूलसूक्ष्मत्वभेदतः॥ – ई. प्र. ३।११।११

शैव दर्शनमा शुद्ध विद्याको अभिव्यक्ति ईश्वरतत्त्वबाट मानिएको छ साथै पञ्च कञ्चुक, काल, नियति, कला, विद्या, रागमा पनि विद्याको उल्लेख भएकोले प्रथम विद्यालाई शुद्धविद्या अथवा सद्विद्या भनिएको छ भने दोस्रो विद्यालाई अशुद्ध विद्या अथवा किञ्चिज्ज्ञाता मान्नु पर्छ।

छत्तीस (३६) तत्त्वहरूको प्रकारान्तरले वर्गीकरण

यी छत्तीस तत्त्व दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ। पहिलो कलात्मक र दोस्रो अण्डात्मक। कलातत्त्व शुद्धविद्याबाट उत्पन्न कला, विद्या, काल, राग, नियति कञ्चुक (आवरकतत्त्व) हुन्।

१. यी आवरण गर्ने आवरकतत्त्वमध्ये कलातत्त्वले परमशिवको सर्वकर्तृत्वलाई यत्किञ्चत्कर्तृत्व (केही मात्र) गर्न सक्नेमा परिणत गरिदिन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. विद्यातत्त्व नामको दोस्रो आवरणले परमशिवको ज्ञानशक्ति सर्वज्ञत्वलाई छोपेर यत्किञ्चिज्ज्ञत्व (केही मात्रै जान्ने बनाइदिन्छ)।

३. रागतत्त्वले **सर्वथा तृप्तः-** कुनै पनि विषयमा राग इच्छा न भएको परमशिवलाई कलत्र (पत्नी) पुत्र (सन्तति) आदिमा रागवान् (माया भएको) बनाइदिन्छ । हुनलाई त सन्न्यासीहरूलाई पत्नीपुत्रादिमा राग हुँदैन किन्तु उनीहरूको वैराग्यमा नै राग हुन्छ । वैराग्य राग राखिको नित्यमुक्त 'छोरा नाति' इत्यादिको राग छोडेर वैराग्य रसिक भएर नित्यमुक्त बन भन्ने उपदेश सन्न्यासीहरूलाई गरिन्छ।

४. काल रूप आवरकतत्त्वले गर्दा परमशिव सबैकालमा (भूत वर्तमान भविष्यमा) रही रहने भएका पनि **अहमिदानीमत्र जानन्नस्मि,** म यस बेला जान्दैछु भन्ने आभास हुन्छ। कुनै समयमा मात्र आफ्नो अस्तित्व स्वीकार गर्नु कालतत्त्वले गर्दा हुन्छ। यसरीतिले भगवान् परमशिवका ज्ञानशक्ति, इच्छाशक्ति, क्रियाशक्ति छन् भन्ने कुरा यहाँ स्वतः प्रकट हुन्छ। यस कुरालाई श्रीनेत्रतन्त्रले पनि प्रकट गरेको छ। भगवान् शिव पार्वतीलाई आफ्नो शक्तिको विवेचन गर्दै भन्नुभएको छ –

तदोजश्चोजसा सर्वं शाश्वतं यदलं ध्रुवम्।
सा ममेच्छा पराशक्तिः शक्तियुक्ता स्वभावजा॥
वह्नेरुष्मेव विज्ञेया रश्मिरूपा रवेरिव।
सर्वस्य जगतो वाऽपि स्वा शक्तिः कारणात्मिका॥
सर्वज्ञादिगणस्तत्र व्यक्ताव्यक्तश्च संस्थितः।
सर्वेच्छा ज्ञानरूपा च क्रियादिगुणविस्तृता॥

– नेत्रतन्त्र १।२५–२६–२७

भगवान्को इच्छा पराशक्ति हो, त्यो सबै ओजको पनि ओज हो । अग्निको उष्णता अग्निदेखि पृथक् हैन । सूर्यको किरण सूर्यदेखि पृथक् हैन, त्यसै गरी शिवको शक्ति शिवदेखि पृथक् छैन । त्यो शिवको शक्ति इच्छा ज्ञान क्रियाको रूपमा विस्तृत छ।

५. नियतितत्त्वको आवरणले परमशिव जन्म मृत्युको चक्कर स्वर्ग नरको भोग गर्ने अवस्थामा सीमित बन्दछन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चकला– शैवदर्शन (प्रत्यभिज्ञादर्शन)मा छत्तीस तत्त्वको वर्गीकरण पञ्चकला रूपमा पनि गरिन्छ तथा अण्डचतुष्टय रूपमा पनि गरिन्छ। तत्त्वको सूक्ष्म रूपलाई कला भनिन्छ भन्ने स्थूल रूपलाई भुवन भनिन्छ। पृथिवीतत्त्वलाई व्याप्त गर्ने कला निवृत्ति कला हो। पृथिवीमा गए शिवको कर्तृत्व निवृत्त हुन्छ रोकिन्छ आकाश, वायु, तेज, जल, पृथिवी यी पञ्चभूतमा पृथिवी अन्तिमभूत हो, त्योभन्दा पर कुनै भूत छैन, त्यसो हुँदा पृथिवीमा निवृत्तिकला रहन्छ भने जलतत्त्वदेखि प्रकृतितत्त्वसम्मको प्रपञ्चलाई व्याप्त गर्ने कलाको नाम प्रतिष्ठा कला हो। यस कलामा नै सम्पूर्ण स्थूल र सूक्ष्म सृष्टि प्रतिष्ठा रहन्छ। प्रतिष्ठित कला त्यसको आधार हो।

प्रधान अर्थात् प्रकृतितत्त्वसम्म सम्पूर्णस्थूल सूक्ष्म सृष्टि स्थित छ। पुरुषतत्त्वदेखि मायातत्त्वसम्म रहने कलाको विद्यातत्त्व हो। यहाँ वेद्य (ज्ञेय) भाव तिरोहित जस्तो लुकेको जस्तो हुन्छ वेदको भाव ज्ञाभाव (ज्ञानकर्ता भाव) नै प्रकाशित रहन्छ। यस कलामा सबैतत्त्वको सम्बन्ध विशेष रूपले पुरुषसित नै हुन्छ जीवसित नै हुन्छ। शुद्ध विद्यादेखि शक्तितत्त्वसम्म व्याप्त कलालाई शान्तिकला अथवा शान्तकला भनिन्छ। यस कलासम्म पुगेर माया आदि पाँच कञ्चुकको आभास गर्ने प्रभाव शान्त हुन्छ। शान्तिकलादेखि पनि पार गरेर रहेको कलालाई शान्त्यतीता कला भनिन्छ। त्यो कला शिवतत्त्व रूपा कला हो।

यी पाँच कलाहरूमा नै निवृत्तिकलालाई पार्थिवाण्ड, जलदेखि प्रकृतिसम्मलाई प्राकृताण्ड पुरुषदेखि मायान्त विश्व कलालाई मायीयाण्ड, शुद्धविद्यादेखि शक्तितत्त्वान्त शान्ताकलालाई शाक्ताण्ड भनिन्छ। शिवतत्त्व भने अण्डकल्पनाको माथिको तत्त्व हो। परमशिव तत्त्वलाई अण्डभित्र पार्न हुन्न। शिवतत्त्वभन्दा पनि माथिको परमशिवतत्त्व सैतीसौं तत्त्व भन्ने हो भने कलाहरूको कल्पनाबाट पनि पर हो अत त्यो कलातीत हो।

यी छत्तीसतत्त्व शुद्धविद्यादेखि पछिका पञ्चकञ्चुकादिको निर्माणमा भगवान् परमशिवको अनुग्रहले ब्रह्मा, विष्णु, रुद्र इत्यादि देवताले सृष्टि, स्थिति, संहार इत्यादि गर्छन्। ब्रह्माको कार्य सृष्टि विष्णुको कार्य पालन, रुद्रको कार्य संहार हो। त्यसमा कश्यपादि ऋषिहरू सृष्टिमा सहायक बन्दछन्। मूल प्रकृतितत्त्वदेखि तल पृथ्वीतत्त्वसम्म तथा त्यसभित्र सूर्यचन्द्र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदि लोक र सूक्ष्म स्थूल शरीर दिव्य र सांसारिक भोग यो सबै सृष्टिलाई गुणमयी सृष्टि भनिन्छ। माथि माथिका स्रष्टा ईश्वर सदाशिव शक्ति आदि हुन्। ऊर्ध्व भूलोक सात अधोलोकका रचयिता ब्रह्माजी र उनका सहायक हुन्।

परमशिवका शक्तिहरूको विवेचन

हामी ईश्वरको उपासना गर्छौं, त्यो वास्तवमा ईश्वरको शक्तिको उपासना हो। परमशिव निराशंस छन्, उनलाई केही चाँहिदैन। पूर्ण छ अपूर्णलाई नै केही चाहिन्छ जो सर्वथा पूर्ण छ, त्यसलाई के चाहियो ? त्यसै हुनाले उपनिषद्ले **'पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते'** ब्रह्म पूर्ण छ, ब्रह्मभिन्न ब्रह्मस्वरूप नै भएको यो प्रपञ्च (माया) पनि पूर्ण नै छ। पूर्णब्रह्मबाट माया (शक्ति) लिएर पनि अवशिष्ट रहेको पनि पूर्ण नै हो। त्यो परमशिवको शक्तितत्त्वको विवेचन गर्दा शिवमा अनन्त शक्ति भए पनि मुख्य पाँच शक्ति मान्न सकिन्छ– चित्शक्ति, आनन्दशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति, क्रियाशक्ति। **'चिदानन्देच्छाज्ञानक्रियाशक्तयः'** चित्शक्ति शिवको प्रकाश शक्ति हो। शिवचित्(चैतन्य) स्वरूप हो, जड हैन। आनन्द शिवको स्वातन्त्र्य शक्ति हो। शिव स्वतन्त्र नहुने हो भने त्यो जडवत् पराधीन हुन जान्छ। इच्छाशक्ति शिवको चमत्कार शक्ति हो, स्फुरण शक्ति हो, शिव स्फुरित भएर विश्वरूपमा भासित हुन्छ। ज्ञानशक्ति शिवको विमर्श शक्ति हो। प्रकाशको विमर्श हुनु पर्छ, प्रकाशको अनुभव हुनुपर्छ। स्फटिक पनि प्रकाश छ किन्तु त्यस स्फटिक त्यसको विमर्श गर्दैन, त्यस्तै शिवले प्रकाशको विमर्श नगरे स्फटिक जस्तै हुन जाला। त्यसो हुँदा ज्ञानशक्ति शिवको विमर्श शक्ति भनिन्छ। क्रिया शक्ति शिवादि क्षित्यन्त (परमशिवदेखि पृथिवीतत्त्व पर्यन्त) स्फुटित हुन्छ, आभासित हुन्छ।

शिवका पञ्चविधकृत्य

परमशिवको पाँचौ शक्ति क्रियाशक्ति हो। यस क्रियाशक्तिद्वारा शिवका पाँच प्रकारका कार्य हुन्छन्– सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह। संहार दशामा सम्पूर्ण विश्व प्रपञ्चलाई आफैंमा लीन गरेर बस्ने हुनाले प्रमेय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(ज्ञेय)वस्तुको आफैंलीन गराउने हुनाले रुद्र रूपमा शिवको स्थिति हुन्छ भने प्रमेय (विश्व प्रपञ्च)को उत्पत्ति दशामा परमशिवको ब्रह्मरूपमा स्थिति हुन्छ र प्रपञ्चको पालन गर्ने स्थितिमा विष्णु रूपमा स्थिति हुन्छ।

तत्रैतन्मातृतामात्रस्थितौ रुद्रोऽधिदैवतम् ।
भिन्नप्रमेयप्रसरे ब्रह्मविष्णू व्यवस्थितौ ॥ – ईश्वरप्रत्यभिज्ञा ३।२।१

केवल प्रमातामात्रको स्थितिमा रुद्र रूपमा शिवको स्थिति हुन्छ। प्रमेयको उत्पत्ति स्थितिमा ब्रह्मा रूपमा शिवको स्थिति हुन्छ भने प्रमेयको पालनको विष्णु रूपमा शिवको स्थिति हुन्छ । यो प्रमाता परमशिव स्वात्मप्रच्छादन क्रीडा गर्दै (आफूलाई) लुकाउने खेल गर्दै, मायापाशले बाँधिएर (मायाले अन्धो) संसारी (जीव) बन्छ । कर्मबन्धनले बाँधिएको हुन्छ। त्यसबेलामा त्यो दुःख समुद्रमा परेको जीव परमशिव निग्रह शक्तिले (दण्ड दिने शक्तिले) यस्तो भएको हुन्छ । किन्तु त्यही जीव 'म प्रकाश स्वरूप शिव हुँ' यस्तो विद्या (ज्ञान शक्तिले) विमर्श गर्छ त्यसबेलामा त्यसमाथि शिवको अनुग्रह शक्तिको पात भएको मान्नु पर्छ । त्यो मुक्त भनिन्छ।

एष प्रमाता मायान्धः संसारी कर्मबन्धनः ।
विद्याभिज्ञापितैश्वर्यश्चिद्घनो मुक्त उच्यते ॥

– ईश्वरप्रत्यभिज्ञा ३।२।२

शिवका पञ्चकृत्यको संक्षिप्त विवेचन हो।

दुःखत्रयको विवेचन र त्यसको कारणको विवेचन

शैवशास्त्रले पनि दुःखत्रय (तीन प्रकारको दुःखको विवेचना गरेको छ। पाशुपत सूत्रमा भनिएको छ –

अप्रमादी गच्छेद् दुःखानामन्तं प्रसादात् –पाशुपतसूत्र ५।४०

अप्रमादी (प्रमाद नगर्ने सावधान रहने) दुःखको अन्तमा पुग्छ, त्यसमा ईश (परमशिव)को प्रसाद (अनुग्रह) रूप चौथो परमशिवको कार्य (क्रिया)ले हुन्छ। दुःखको व्याख्या त्यस सूत्रको भाष्यमा भनिएको छ–

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दुःखानामित्यत्र प्रसिद्धानि दुःखान्याध्यात्मिकाधिभौतिकाधिदैविकानि। तत्राध्यात्मिकं द्विविधम् दुःखं शारीरं मानसञ्च तत्र मनसि भवं मानसं क्रोधलोभमोहभयविषादेर्ष्यासूयाद्वेषमदमानमात्सर्यारत्याद्यविशेषदर्शनादि-निमित्तं तद् दुःखम् । तथा शरीरमपि शिरोरोगदन्तरोगाक्षिरोग-ज्वरप्रतिमत्स्यातिसारकासश्वासोदरामयादिनिमित्तोपन्नं दुःखम्।

दुःख तीन प्रकार छन् आध्यात्मिक, आधिभौतिक, आधिदैविक । आध्यात्मिक दुई प्रकारको हुन्छ। मानस (मनमा हुने) दुःख र शारीरिक (शरीरमा हुने) दुःख। मानस दुःख क्रोध, लोभ, मोह, भय,र विषाद आदि हुन् भने शारीरिक दुःख शिरोरोग (कपाल दुख्ने), दाँतको रोग, आँखाको रोग, आदि हुन्। आधिभौतिक दुःख यस संसारमा भएका भूत (प्राणीहरू)बाट हुने दुःख आधिभौतिक दुःख हो । मनुष्य, पशु, सर्प आदिबाट हुने दुःख आधिभौतिक हो भने देवता, राक्षस, ग्रह (अतिवृष्टि, अनावृष्टि) आदि दुःख आधिदैविक हुन्। यी दुःखबाट छुट्नको निमित्त शैवदर्शनको अध्ययन गरेर ज्ञानशक्तिबाट आफूलाई शिवमय बनाउनु पर्छ । यद्यपि शिवसूत्रले **'चैतन्यमात्मा'** (शिवसूत्र १।१)ले चैतन्य अर्थात् चितिक्रिया सम्पूर्ण ज्ञान क्रियामा स्वतन्त्र जो छ, त्यो चेतन हो। ज्ञान्नु रूप क्रियामा आत्मा स्वतन्त्र छ, त्यो आत्मा नै परम शिव हो, परिपूर्ण स्वतन्त्रता परमशिवमा नै छ। शिवसूत्रको प्रथमसूत्र **चैतन्यमात्माले** चैतन्य शब्दले सर्वज्ञान क्रियासम्बन्धमा पूर्ण स्वतन्त्रताले युक्तलाई बुझाउँछ र त्यस्ता पर शिव नै छन्। त्यसपछिको सूत्र **'ज्ञानं बन्धः'** ले ज्ञान बन्ध हो भनेको छ। ज्ञानबन्ध न हुन पर्ने त्यसको वास्तविक अर्थ प्रथम सूत्र नै चैतन्यमात्मा र दोस्रो सूत्र 'ज्ञानं बन्धः' यी दुईको संहिता पाठ गर्न **'चैतन्यमात्माऽज्ञानं बन्धः'** चैतन्य अर्थात् ज्ञान नै आत्मा हो अज्ञान बन्ध हो भन्ने बुझ्नु पर्छ। अज्ञान भनेर ज्ञानको सर्वथा अभाव लिनु हुँदैन किनभने माटोको डल्लो आदिमा ज्ञानको अभाव छ, त्यसमा ज्ञान हुँदैन किन्तु त्यसलाई बन्धन (संसार) हुँदैन। अज्ञान शब्दले सम्पूर्णरूपले ज्ञान (सम्पूर्ण प्रकाशको) अभाव नै अज्ञान हो, त्यस अज्ञानलाई नै प्रत्यभिज्ञादर्शनमा मल भनिन्छ। आत्मा (पशु, जीव) चार प्रकारको मानिएको छ –

आत्मा चतुर्विधो ज्ञेयः तत्र विज्ञानकेवलः।

– मालिनीबिजमोत्तरतन्त्र १।२२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मलैकयुक्तस्तत्कर्मयुक्तप्रलयकेवलः ।
मलमज्ञानमिच्छन्ति संसाराङ्कुरकारणम् ।
– मालिनीविजयोत्तरतन्त्र १।२३

प्रलयाकल, विज्ञानाकल, सकल र निष्कल । त्यसमा प्रलयाकल ती प्रमाता (पशुजीव) हुन् जुन शून्यतत्त्वलाई नै आत्मा मानेर त्यसैको उपासना गर्दछन् । शून्यवादी माध्यमिक बौद्धहरूलाई प्रलयाकल पशु (जीव) माने हुन्छ। त्यस्ता शून्योपासकहरू पनि मुक्तिजस्तो अनुभव गर्दछन्।

सृष्टि प्रकरण

प्रत्यभिज्ञा दर्शनअनुसार परमशिवलाई समस्त प्रपञ्च (विश्वरूपी वृक्ष)को बीज भने हुन्छ। बीजात्मक परमशिवमा उसैको स्वभावभूत क्रीडा (खेल)ले जब स्पन्द किञ्चिच्चलन (क्रिया, कार्य) हुन्छ तब उत्तर गतिले शिवशक्तितत्त्वको प्रादुर्भाव हुन्छ । परमशिव परम स्वतन्त्र छन् र पाँच प्रकारका शक्तिले परिपूर्ण छन्। ती पाँच प्रकारका शक्तिचित् शक्ति, आनन्द शक्ति, इच्छा शक्ति, ज्ञान शक्ति, क्रियांशक्ति हुन् । जब शिवमा चित् शक्तिको प्रधानता हुन्छ तब शिवबाट शक्ति(प्रत्यभिज्ञादर्शनमा भनिएको शक्तितत्त्व)को प्रादुर्भाव हुन्छ इच्छाशक्तिको प्रधानता भएमा सदाशिवतत्त्वको प्रादुर्भाव हुन्छ । ज्ञानशक्तिको प्राधान्यमा ईश्वरतत्वको प्रादुर्भाव हुन्छ । क्रियाशक्तिको प्राधान्यमा विद्यातत्त्व (शुद्धविद्यातत्त्व)को प्रादुर्भाव हुन्छ।

इच्छशक्तिलाई ज्ञान र क्रियाशक्तिको समता रूप मानेका छन् अभिनव गुप्तले। सोमानन्द (शिवदृष्टि ग्रन्थकार)ले भने परमशिवतत्त्व (शैव दर्शनानुसार छत्तीसौं अन्तिम तत्त्व), सबै (३५) तत्त्व आश्रय हो, शिवतत्त्व सबै तत्त्वमय हो र त्यो शिव नै आफ्नो स्वरूपको स्फार (विस्तार) गरेर ३६ तत्त्वको रूपमा आफूलाई नै अभिव्यक्त गर्छ त्यसै गर्दा शिव, शक्ति, सदाशिव, ईश्वर, सादाख्यतत्त्व (शुद्धविद्या)सम्मको सृष्टि शुद्ध सृष्टि भनिन्छ । यस शुद्धसृष्टिमा शिवका पाँच शक्तिको अभिव्यक्ति हुन्छ भन्ने आशय अभिनव गुप्तको देखिन्छ। यस प्रकारले तत्त्वहरूको अभिव्यक्तिमा प्रत्येक तत्त्वको प्राकट्यमा केही विशेषता पनि अभिव्यक्त हुन्छ। परमशिव प्रकाश रूप छन् त्यहाँ विशुद्ध प्रकाश रूपतामा तम (अन्धकार)को लेश पनि छैन,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

किन्तु त्यस प्रकाश रूपताको ज्ञान पनि हुनुपर्‍यो परामर्श पनि हुनुपर्‍यो। त्यो परामर्श रूप शक्तितत्त्वको प्रादुर्भाव भएमा हुन्छ अहम्को विमर्श हुन्छ आफ्नो अस्तित्वको विमर्श हुन्छ। त्यसपछि सदाशिवतत्त्वको अभिव्यक्ति हुन्छ। त्यस अवस्थामा 'अहम्' 'इदम्' यस्तो विमर्श बोध हुन्छ। अर्थात् सदाशिवतत्त्वको अभिव्यक्ति 'अहम्' 'इदम्' (म यो हुँ) यस्तो विमर्श हुन्छ। यस विमर्शमा अहन्ता (म)को प्राधान्य इदन्ता(यो)को अप्राधान्य हुन्छ। भन्नाको आशय हो परमशिव र शक्तितत्त्वको दशामा अहन्ता (म)को नै विमर्श स्पष्ट हुन्छ। सदाशिव दशामा 'इदम्'(यो)का अस्पष्ट (धमिलो) अनुभूति हुन्छ 'अहम्' (म)को स्पष्ट विमर्श हुन्छ। ईश्वरदशामा 'इदम्'(यो) अंशको प्रधानता(स्पष्टता) 'अहम्' दशाको अप्रधानता हुन्छ। शुद्धविद्या अथवा सद्विद्यामा 'अहम्' (म) र 'इदम्' (यो) समान रूपले स्पष्टता (विमर्श) हुन्छ। क्रियाशक्ति प्रधान भएमा सद्विद्यातत्त्वको प्राकट्य हुन्छ।

तत्र परमेश्वरः पञ्चभिः शक्तिभिर्निर्भर इत्युक्तम् तत्र स्वातन्त्र्यात् शक्तितो मुख्यतया प्रकटयन् पञ्चधा तिष्ठति । चित्प्राधान्ये शिवतत्त्वं आनन्दप्राधान्ये शक्तितत्त्वम् इच्छाप्राधान्ये सदाशिवतत्त्वम् (इच्छया हि ज्ञानक्रिययोः साम्यरूपाभ्युपगमात्मकत्वाद् ज्ञानशक्तिप्राधान्ये ईश्वरतत्त्वं क्रियाशक्तिप्राधान्ये विद्यातत्त्वमिति । – तन्त्रसार अष्टम आन्हिक

शिवः स्वतन्त्रदृग्रूपः पञ्चशक्तिसुनिर्भरः ॥४९॥
स्वातन्त्र्यभासितभिदा पञ्चधा प्रविभज्यते
चिदानन्दैषणाज्ञानक्रियाणां सुस्फुटत्वतः ॥५०॥

– तन्त्रालोक ९ (नवम आन्हिक ४९,५०)

शिव स्वतन्त्र ज्ञान रूप र पाँच शक्तिले परिपूर्ण परमेश्वर हुन्। त्यस स्वतन्त्रताले नै शिवमा भेदको आभास (प्राकट्य) हुन्छ। ती पाँच प्रकारका भेद चित्शक्ति, आनन्दशक्ति, इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्ति हुन्। यी पाँच तत्त्व अधिष्ठाता (स्वामी) पनि पाँच नै छन् शिव, शक्ति, सदाशिव, ईश्वर र अनन्तनाथ। शुद्धविद्यातत्त्वका अधिष्ठाता अनन्त मानिएका छन्। जस्तै ब्रह्म निवृत्तिकला (पृथिवी)का अधिष्ठाता हुन्। यी सामान्य तत्त्वेश्वर (तत्त्व)का स्वामी हुन्। यी तत्त्वमा पुगेका विशेष प्रमाता, शिवतत्त्वका शाम्भव, शक्तितत्त्वका शाक्त, सदाशिवतत्त्वका मन्त्रमहेश्वर, ईश्वरतत्त्व

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रेश्वर र सद्विद्यातत्त्वका मन्त्र नामका अधिष्ठाता मानिएका छन्। यो शुद्ध अध्वा अथवा शुद्धसृष्टि भनिन्छ किनभने यी पाँचका कर्ता साक्षात् शिव नै हुन्।

तत्र तत्त्वेश्वराः शिवशक्तिसदाशिवेश्वरानन्ता ब्रह्मेव निवृत्तौ, एषां सामान्यरूपाणां विशेषानुगतिविषयाः पञ्च, तद्यथा शाम्भवाः शाक्ता मन्त्रमहेश्वरा मन्त्रेश्वरा मन्त्रा इति शुद्धोऽध्वा इयति साक्षात् शिवः कर्ता।

– तन्त्रसार (अष्टम आन्हिक)

भन्नाको आशय परमशिवतत्त्वदेखि शुद्धविद्यासम्मका तत्त्व ज्ञेय (जान्नपर्ने) हुन् भने त्यसका ज्ञाता शाम्भव, शाक्त, मन्त्रमहेश्वर, मन्त्रेश्वर र मन्त्र यी पाँच प्रमाता (ज्ञाता) हुन्। यी तत्त्वहरूको कर्ता साक्षात् शिव नै हुनाले यो शुद्ध सृष्टि भनिन्छ।

यहाँ विसर्जन न हुने परमशिव प्रकाश रूप हुन्। प्रकाश न भएमा सर्वत्र अन्धकार नै हुन्छ, किन्तु प्रकाश मात्रै भएर पनि पुग्दैन त्यस प्रकाशको विमर्श (ज्ञान, अनुभव) पनि हुनुपर्छ। प्रकाशको विमर्श नै शक्तितत्त्व हो। प्रकाशले आफूलाई मात्रै जान्नु 'अहम्' (म) हो। 'अहम्' मात्रै भएर पनि पुग्दैन त्यसले अरूलाई पनि जान्न पर्‍यो त्यो अरूलाई जान्ने भाव नै 'इदम्' हो। 'इदम्' भावको प्रकाश नै सदाशिव तत्त्व हो। सदाशिव तत्त्वमा 'इदम्' भावको प्रकाश हुन्छ किन्तु त्यो अस्फुट अर्थात् गौण हुन्छ मुख्यता 'अहम्' को नै रहन्छ। ईश्वर तत्त्वमा 'इदम्' भावको गौणता हटेर त्यसमा 'अहम्' अंशको विमर्श हुन्छ त्यसलाई ईश्वरतत्त्वको प्राकट्य भनिन्छ।

प्रकाशस्य यदात्ममात्रविश्रमणमनन्योन्मुखस्वात्मप्रकाशताविश्रान्तिलक्षणो विमर्शः सोऽहमित्युच्यते यस्त्वन्योन्मुखः स 'इदम्' इति स च स्वप्रकाशमात्रे पुनरनन्योन्मुखरूपे विश्राम्यति परमार्थतः। तत्राद्ये विमर्शेऽपि शिवतत्त्वम्, द्वितीये विद्येशता, मध्यमे तु रूपे अहमिदमिति समधृततुलपुटन्यायेन यो विमर्शः। – (ई. प्र. ३।१।३ अभिनवगुप्तविमर्शिनी)

अर्थात् सदाशिवतत्त्व 'अहम्'को स्पष्टता 'इदम्' अंशको धूमिलता हुन्छ भने ईश्वरतत्त्वमा 'इदम्' भावको धूमिलता (अस्पष्टता) हटेर स्पष्टता आउँछ। जब यी दुई 'अहम्' र 'इदम्' हुन्। बुद्धि मायाको प्रमाता शिवमा बेग्लै बेग्लै अधिकरण (आश्रय)मा 'अहम्' ग्राहक प्रमाता (ज्ञाता शिव) र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

'इदम्' यो अंश ज्ञेय (ग्राह्य विषय)मा हुन्छ त्यसलाई हटाएर (पन्छाएर) एउटै अधिकरणमा एउटै तत्त्वमा प्राकट्य हुन्छ भने त्यो शुद्धविद्या भनिन्छ। त्यो शुद्ध विद्या अशुद्धविद्या, मायाबाट अभिव्यक्त हुने विद्याबाट भिन्न हो।

'अहम्' अंश पनि स्फुट (स्पष्ट) भएकोमा जब 'इदम्' अंशको निषेचनं (प्राकट्य) हुन्छ तब ईश्वरतत्त्वको अभिव्यक्ति हुन्छ।

ईश्वरतत्त्व पछिको शुद्ध सृष्टिमा सद्विद्यातत्त्व हो । पूर्वमा नै भनिसकिएको छ- 'इदम्' अंशको 'अहम्' अंशको जब समधृततुलापुटन्यायले (जोख्ने तराजुका दुवै पाटा सरह) तुल्य रूपले भास हुन्छ तव सद्विद्यातत्त्वको अभिव्यक्ति हुन्छ। यस कुरालाई नै उत्पलाचार्यले ईश्वर प्रत्याभिज्ञामा भनेका छन् -

ईश्वरो बहिरुन्मेषो निमेषोन्तः सदाशिवः।
सामानाधिकरण्यञ्च सद्विद्याहमिदंधियोः ॥

प्रकाश स्वरूप शिवको स्वयं आफूमा नै विश्राम (आफूलाई नै) 'अहम्' म यस प्रकारले विश्राम गर्नु जान्नु, आफूलाई आफूभित्र भान गर्नु सदाशिव हो 'अहम्' यसको आभास हो । आफ्नो 'अहम्' म को बाहिर विश्राम यो सब म नै हुँ यस्तो विश्राम, विमर्श आभास ईश्वरतत्त्वको अहमिदम्को एकसाथ कुनै एकको प्रधानता नभैकन दुवैको समानाधिकरण्यले (समान रूपले) आभांस भएमा सद्विद्या भनिन्छ । यसतत्त्वलाई शुद्धविद्या तथा सद्विद्या पनि भनिन्छ।

विद्या भनेको अवलोकन (देख्नु) प्रथन (विस्तार हुनु) वेदन (जान्नु) नै विद्या हो यथावत् (जस्ताको त्यस्तै, जस्तो वस्तु छ, त्यस्तै) जान्नु नै विद्या हो। वेदभूमि (जान्नेवाला ज्ञान कर्ताको अवस्था)बाट वेद्यभूमि (ज्ञेय वस्तुको अवस्था) मा पुगेको तत्त्व ज्ञानस्वरूपमात्रै जान्नु, वस्तुको यथार्थ ज्ञान गर्नु (सिपीलाई सिपी नै जान्नु, चाँदी नजान्नु) लाई नै सद्विद्या भनिन्छ । वास्तवमा सम्पूर्ण विश्वप्रपञ्च शिव स्वरूप नै हो, शिवमय नै हो । सद्विद्यासम्म विशुद्ध सृष्टि भएकोले सबैलाई शिवमय नै ज्ञान गराउने हुनाले शुद्धविद्या सद्विद्या भनिएको हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँसम्मको सृष्टि शुद्ध सृष्टि भनिन्छ। यस शुद्धसृष्टिमा सबै तत्त्व शक्तिमान् नै हुन्छन्, सबैका शक्तिको वर्णन पूर्व नै गरी सकिएको छ। यसको उल्लेख मालिनीविजयोत्तरतन्त्रमा पनि गरिएको छ –

शिवादिसकलात्मान्ताः शक्तिमन्तः प्रकीर्तिताः।
तच्छक्तयश्च विज्ञेयास्तद्वदेव विचक्षणैः ॥

– (मालिनीविजयोत्तरतन्त्र २।३)

शुद्धसृष्टिको प्रकाशरूपता र शक्तिरूपताको ईश्वरप्रत्यभिज्ञा-विमर्शिनीमा पनि उल्लेख गरिएको छ। ईश्वर कर्ता हुन् (सम्पूर्ण प्रपञ्च) ईश्वरकर्तृक नै मानिन्छ, **विश्वस्य कर्ता भुवनश्च गोप्ता** भनेर वेदले पनि ईश्वरको कर्तृत्व र गोप्तृत्व प्रतिपादन गरेको छ। कर्तृत्व, ज्ञातृत्वविना हुन सक्दैन। कुमालले घैंटो जानेको हुन्छ र घैंटो बनाउँछ , कुमालेको मनमा घैंटोको आकृति हुन्छ। ईश्वर सर्वकर्ता भएपछि सर्वज्ञता स्वतः सिद्ध हुन्छ। ईश्वर सिद्धिकर्ता, चित्स्वरूप, आत्मस्वरूप नै ईश्वर भएकोले ईश्वर सिद्धि गर्नु भनेको आफूलाई सिद्ध गर्नु हो। त्यस हुँदा ईश्वरसिद्धि गर्नै पर्दैन भनेर पूर्वपक्ष उपस्थापित गरेर त्यसको उत्तरमा भनिएको छ– त्यो ईश्वर स्वभाव आत्म प्रकाशित नै छ किन्तु मोहवश दृष्ट भए पनि अदृष्ट जस्तो भएको हुनाले ईश्वर (शिवतत्त्व)को शक्तिको प्रकाश गरेर ईश्वरको प्रत्यभिज्ञा देखाइन्छ। विमर्शिनीकारको भनाइ छ –

स ईश्वर स्वभाव आत्मा प्रकाशते तावत् तत्र च अस्य स्वातन्त्र्यमिति न केन चिद्वपुषा काशते, तत्राप्रकाशनात्मनापि प्रकाशते। प्रकाशनात्मनापि तत्राप्रकाशात्मनि सर्वात्मना प्रकाशो भागशो वा भागशः प्रकाशने सर्वस्य व्यतिरेकेण अव्यतिरेकेण वा कतिपयस्यातिरेकेणाव्यतिरेकेण उक्तप्रकाशपूर्णतया वा तदमी सप्त प्रकाराः।

ईश्वर स्वभाव आत्मा (परमशिव) प्रकाश रूप नै छ। यो मान्नै पर्छ प्रकाशलाई न मान्ने हो संसार नै अन्धो मान्न पर्ने हुन्छ। त्यस्तो शिवरूप आत्मा प्रकाश स्वरूप छ, स्वात्म प्रकाशनमा त्यो स्वतन्त्र छ। त्यस्तो हुँदा त्यो (आत्मा, शिव) कुनै रूपले प्रकाशित छैन भन्न मिल्दैन, आत्मा अप्रकाशात्मा छ भन्नाको अर्थ जड छ भन्नु हो, त्यो जड अर्थात् शून्य भन्नु पनि शिव जड रूपले अथवा शून्य रूपले प्रकाश रूपता मान्नु हो। सर्वथा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशनात्मा रूपले मान्नुको आशय परमशिवरूपले मान्नु हो। शिवलाई प्रकाशात्मा मानेको खण्डमा केही भागले प्रकाशनात्मा छ अथवा सम्पूर्ण रूपले प्रकाशात्मा छ। भागले प्रकाशित अर्थात् केही भाग प्रकाशित छ। केही भाग अप्रकाशित छ। जस्तै दीपले भित्ताको अगाडिको भाग प्रकाशित गर्छ, दियाको परको भागलाई प्रकाशित गर्दैन, त्यसो मान्ने हो पशु प्रमाता (जीवात्मा)को रूपमा शिवसिद्ध हुन्छ। वस्तुतः सर्वत्र भगवान् परमशिवको नै प्रकाश छ, भेदको प्रकाश पनि शिवको नै प्रकाश हो। अभेदको प्रकाश पनि परमशिवको नै प्रकाश हो, अप्रकाश भनेको प्रकाशरहित हो, जड हो। जड रूपमा पनि शिव नै प्रकाशित हुन्छन्। सात रूपले शिवको प्रकाश रूपलाई ईश्वर प्रत्यभिज्ञामा प्रतिपादन गरिएको छ –

१. अप्रकाशरूपले शिवको प्रकाशरूपता जड रूपले (सांख्यहरूको) प्रकृतिरूपले अथवा बौद्धहरूको शून्यवाद रूपले।
२. सर्वथा प्रकाशरूपले शिवरूपले
३. सबैदेखि भिन्न रूपले (पशु प्रमाताको रूपले)
४. सबैदेखि अभिन्नरूपले मन्त्र, महेश्वरादि रूपले
५. केहीलाई छोडेर केहीलाई लिएर, विद्येश रूपले। विद्येश प्रमाताहरू आफूमा (स्वाल्प संवेदनमा) विपरीत ज्ञान राख्दैनन् किन्तु वेद्य (ज्ञेय, प्रमेय)लाई आफूदेखि भिन्न देख्दछन्।
६. केहीलाई (कुनैलाई) न छोडेर विज्ञानाकल प्रमाताको रूपमा। ती विज्ञानाकलमा परस्परमा (अन्योन्यमा) भेद हुन्छ, किन्तु वेद्य (ज्ञेय, प्रमेय)लाई ती विज्ञानाकल प्रमाताहरू आफूदेखि अभिन्न (स्व स्वरूप) देख्छन्।
७. पूर्णतया- परम शिवरूपमा (परमशिवदेखि भिन्न) कुनै तत्त्व नै छैन, त्यसो हुंदा परमशिवले सम्पूर्ण तत्त्व मेरै स्वरूपले देख्नु हुन्छ। ग्रहीता (अर्थात् ज्ञाता) यी सात यसप्रकारले ग्रहीताको भेद भए पनि परमेश्वर (परमशिव) प्रकाश रूप नै छन् र आफ्नो मायाशक्ति जुन अत्यन्त दुर्घट (कठिन, गमन) सकिने आफ्नो स्वतन्त्रता रूप शक्तिद्वारा अनाच्छादितलाई पनि (न छोपिएको) प्रकाश रूप नै भएकालाई पनि आच्छादित (छोपिएको) जस्तो (प्रकाशितलाई अप्रकाशितजस्तो) प्रकाशलाई पनि अप्रकाशजस्तो अवभासित गराउनु हुन्छ। अनाच्छादित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भागको सदाशिवेश्वर रूपता हुन्छ भने आच्छादिभाग (छोपिएको अंश) रूपमा सदाशिवेश्वर रूपता रूप समावेश दशा हुन्छ। आच्छादन भागदशा (लुकाउने छोपिको दशामा) भने मायाको क्रीडा मायाको बलवत्ता संसारिक दशा हुन्छ र नील संसार अनेक भेदको ज्ञान हुन्छ। संसारका अनेक नील, पीत इत्यादि भेदहरू बुद्धि, प्राण, शरीर इत्यादि भेदले युक्त ज्ञाताको भेदले विस्तृत हुन्छ। यस (पाँचतत्त्वसम्मको यस) शुद्धि सृष्टिमा मायाको कुनै प्रभाव हुँदैन। यहाँसम्मको सृष्टिमा प्राणी जनन मरण आदि सङ्कटले रहित नै हुन्छन्। त्यसै हुनाले सद्विद्या अथवा शुद्धविद्यातत्त्वसम्मको सृष्टिलाई शुद्ध अध्वा पनि भनिन्छ। यससृष्टिका अधिष्ठाता (कर्ता) परम शिव नै मान्नु पर्छ।

अशुद्ध सृष्टि

वस्तुतस्तु शिव नै सर्वत्र कर्ता हुन् तर पनि हामी जीवात्मा पनि आफ्नो इच्छानुसार केही गर्छौं नै। तापनि शिवको इच्छाले वा प्रेरणाले र शिवको नियति (भाग्य) शक्तिको प्रेरणाले गर्छौं। अत जीवभावमा पनि शिव नै कर्ता हुन् तथाऽपि शिवले आफ्नो स्वतन्त्र कर्तृत्वको केही अंश आफ्नो जीव भावमा स्थित स्वरूपलाई पनि दिएका छन्। यसै गरी समस्ततत्त्वको सृष्टि पनि यद्यपि शिवैले गरेको मान्नु पर्छ तथाऽपि उनै शिवले आफ्नो अधिकारी शरीरहरूलाई परमेश्वर केही अंश दिएका छन् र उनीहरू पनि सृष्टि स्थिति संहारकर्ता हुन्छन्। ब्रह्मा, विष्णु, रुद्र, इन्द्र इत्यादि यस्तै ईश्वर हुन्। वास्तवमा भगवान् ईश्वर र भगवान् सदाशिव पनि परमशिवद्वारा प्रदत्त ऐश्वर्यद्वारा नै ईश्वर बनेका हुन्। महामायाको (आद्याशक्तिको) अधिकार भिन्न परेका मन्त्र मन्त्रेश्वर महेश्वर तथा त्यो भन्दा पनि माथिको ईश्वर, सदाशिव, आदि परमेश्वर परमशिवद्वारा दिइएको ऐश्वर्यको अंशले नै ईश्वर बनेका हुन् –

संभवन्ति हि मायागर्भाधिकारिणो विष्णुविरिञ्च्याद्यास्तदुत्तीर्णा अपि महामायाधिकृताः शुद्धाशुद्धा मन्त्रतदीशा मंन्त्रमहेशात्मानः शुद्धा अपि श्रीसदाशिवप्रभृतयस्ते तु यदीयैश्वर्यविप्रुड्भिरीश्वरीभूताः स भगवान् अनवच्छिन्नप्रकाशानन्दस्वातन्त्र्यपरमार्थो महेश्वरः।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

– (ईश्वरप्रत्यभिज्ञा, विमर्शिनी १।१।१४ पृष्ठ)

मायाा(शिवको शक्ति विशेष) गर्भाधिकारी (शिवको म रूप शक्तिको अधिकार भित्र रहेका) विष्णु ब्रह्मा आदि र त्यसमाथिका महामाया शक्तिको अधिकारमा रहेका शुद्ध र अशुद्ध (सृष्टि) अन्तर्गत भएका मन्त्र, मन्त्रका ईश (मन्त्रेश्वर) र मन्त्रमहेश्वरजस्ता र शुद्ध सृष्टिका सदाशिव आदि हुन् । तिनीहरू जसको ऐश्वर्य बिन्दुमात्र प्राप्त गरेर ईश्वर बनेका हुन्। ती भगवान् अखण्ड(अनन्त) प्रकाश र आनन्द रूप स्वतन्त्रता युक्त महेश्वर (परमशिव) छन्।

अशुद्ध अध्वा (अशुद्धसृष्टि) भगवान् अनन्तनाथ जसको दोस्रो नाम अघोरेश पनि हो, उनैले गर्छन् अशुद्धसृष्टि ईश्वर (परमशिव)को इच्छाको वशमा भएर क्षुब्ध (स्पन्दक्रियायुक्त) आणवमलयुक्त प्राणीहरूको भोगसिद्धिको निमित्ति यो सृष्टि हुन्छ । आणवमल भनेको ईश्वर (परमशिव)को आफूलाई अपूर्ण सम्झने स्पन्द (क्रिया) हो। वास्तवमा त्यो अकर्म नै हो। ईश्वरको इच्छा मात्रै हो, इच्छामा कर्म हुँदैन। ज्ञान पछि इच्छा हुन्छ, इच्छा पछि क्रिया हुन्छ (**जानाति इच्छति ततो यतते ततः करोति**) जाने पछि इच्छा हुन्छ, इच्छा पछि प्रयत्न (किञ्चित् चलन स्पन्द) हुन्छ, त्यसपछि क्रिया हुन्छ, यो स्वाभाविक प्रक्रिया (क्रम) हो। यो नै मल हो, मल भनेको अभिलाषा मात्र हो भविष्यमा कर्म गराउने योग्यता हो, अतः मल पुरुषको तत्त्वान्तर (भिन्नतत्त्व) हैन।

यो मल नै अशुद्ध सृष्टिको कारण हो, त्यसैलाई अज्ञान पनि भनिन्छ। त्यो मल संसाररूपी वृक्षको अङ्कुर (बीजको अङ्कुर) हो।

मलमज्ञानमिच्छन्ति संसाराङ्कुरकारणम्। – मालिनी विजयोत्तरतन्त्र ॥१।२३

मल (अज्ञान)ले यो सृष्टि चलेको छ, अज्ञान संसारको कारण हो । ज्ञान मोक्षको कारण हो । **'ज्ञानं मोक्षैककारणम्'** भनिन्छ । त्यो अज्ञानका अनेक भेद छन् । त्यो पछि विवेचन गरिने छ। अघोरेश (अनन्तनाथ) यस अशुद्ध सृष्टिका कर्ता हुन्।

अशुद्ध अध्वा अशुद्ध सृष्टि, सद्विद्या अर्थात् शुद्धविद्याबाट अभिव्यक्त हुने षट्कञ्चुक कला, विद्या, राग, काल, नियतिमध्ये कला

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कञ्चुकदेखि धरा (पृथिवी) तत्त्व(निवृत्तिकला)सम्म मानिन्छ। आणव मल युक्त प्राणीको भोगसिद्धिको निमित्त नै अशुद्ध सृष्टि भगवान् परमशिव नै अघोरेश (अनन्तनाथको) भूमिकामा ओर्लेर गर्नु हुन्छ भनियो। त्यसो हुँदा यहाँ आणवमल भनेको के हो, मल कति प्रकारको हुन्छ यो विचार आवश्यक छ।

मल स्वरूप विवेचन

मल तीन प्रकारको मानिएको छ - आणवमल, मायीय मल, कार्ममल। भगवान् शिव पशुपति मानिनु हुन्छ। पशुहरूका पति हुनाले भगवान् शिवलाई पशुपति भनिएको हो पशु भनेका आफ्नो प्रकाशरूपता त्याग गरी सर्वथा प्रकाशता रूपता र सर्वज्ञता रूपलाई सङ्कुचित गरेर यत् किञ्चिज्ज्ञ (केही मात्रै) जान्नु र सर्वथा प्रकाशमयता त्याग गरेर केही मात्रै प्रकाशरूपता स्वीकार गर्ने स्वात्मप्रच्छादन क्रीडा (आफू लुकाउने खेल) गर्ने शिव (सांसारिक प्राणी) पशु हुन् र ती सांसारिक प्राणीका स्वामी हुनाले शिव नै पशुपति हुन्। आफ्नै सर्वकर्तापन र सर्वथा प्रकाशरूपता त्याग गरे आफ्नो स्वरूपलाई गुप्त गर्ने क्रियाद्वारा शिव पशुरूपमा अभिव्यक्त हुनुहुन्छ र त्यस पशुको पतिरूपमा पनि रहिरहनु हुन्छ। त्यो पशुरूपता प्रकट गर्ने मल नै आणव मल हो।

भाव (तत्त्वहरू) वस्तुतः शिवका नै अङ्ग हुन् ती भावहरूको ज्ञान गर्ने प्रमाता पति हुन् र मायाले गर्दा क्लेश, कर्म, विपाक, आशय (अविद्या, अज्ञान) अस्मिता (अहङ्कार), राग (सुखको आकाङ्क्षा), द्वेष (दुःखको अनाकाङ्क्ष), कुशल र अकुशल (पुण्य र दान) रूप कर्म, विपाक पुण्य र पापको फल, जाति (जन्म), आयु, भोग अर्थात् (सुख र दुःख) विपाक भनिन्छन्। सुख दुःख भोग जन्म वासनालाई आशय भनिन्छ। यी जम्मैद्वारा पाशित बाँधिएको हुनाले संसारी प्राणी पशु प्रमाता भनिन्छ -

एष प्रमाता मायान्धः संसारी कर्मबन्धनः।
विद्याभिज्ञापितैश्वर्यश्चिद्घनो मुक्त उच्यते॥

स्वाङ्गरूपेषु भावेषु प्रमाता कथ्यते पतिः।
मायातो भेदिषु क्लेशकर्मादिकलुषः पशुः॥ - ई.प्र. ३।२।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो प्रमाता माया (शिवको आत्मप्रच्छादन) शक्तिद्वारा अन्धो भएर (बन्धनमा परेर) संसारी बन्छ, पशु बन्छ र विद्या (आत्मप्रकाश गर्ने शक्ति)द्वारा ऐश्वर्य भावलाई प्राप्त गरेर चित्स्वरूप भएपछि मुक्त भनिन्छ।

आफ्ना अङ्गरूप भएका भाव (तत्त्व)हरूको विद्या (ज्ञान शक्ति)द्वारा (आफ्नो स्वरूप प्रकाशन शक्तिद्वारा) प्रत्यभिज्ञालाई प्राप्त गरे चित् (ज्ञान स्वरूप, प्रकाश) स्वरूपलाई प्राप्त गरे मुक्त भनिन्छ। मायाशक्तिले गरिएका भेदहरूलाई आफूदेखि भिन्न नै ज्ञान गरेको खण्डमा ती भेदहरू नै त्यसका पाश बन्छन्, त्यो पशु भनिन्छ।

यो पशुरूपता नै आगम (प्रत्यभिज्ञा) शास्त्रमा तीन प्रकारको मल भनिन्छ । आणवमल, मायीयमल र कार्ममल । त्यसमा पनि चित्तत्त्व (परमशिवतत्त्व)को स्वरूपलाई अपहरण गर्ने आणव मल हो । परमशिवमा सर्वज्ञत्व, सर्वकर्तृत्व रूप शक्ति सदैव रही रहन्छ, त्यस सर्वज्ञत्व अपहरण गरे किञ्चिज्ज्ञत्व (केही मात्रै जान्ने) हुनु नै आणव मल हो, किनभने **महतो महीयान्**, अणु (सानो) बन्यो, आफ्नो स्वरूप निमीलन गऱ्यो, आच्छादन गऱ्यो, छोप्यो । बोधको (ज्ञानको) स्वतन्त्रताको हानि भयो क्षति भयो यो प्रथम आणव मल हो। दोस्रो आणव मल परमशिव परम स्वतन्त्र हुन्। किन्तु परम शिव द्वितीय आणव मलको प्रभावले ज्ञानको स्वतन्त्रता मात्रै हैन, 'म कुनैको अधीनमा छैन, स्वतन्त्र हुँ, सर्वतन्त्र स्वतन्त्र हुँ' यस भावको पनि हानि भएर नियति (भाग्य)को अधीन मान्नु आफ्नो स्वतन्त्रताको हानि यो दोस्रो प्रकारको आणव मल हो । दुई प्रकारको आणवमलको ईश्वरप्रत्यभिज्ञामा विवेचन गरिएको छ –

स्वातन्त्र्यहानिर्बोधस्य स्वातन्त्र्यस्याप्यबोधता।
द्विधाणवमलमिदं स्वरूपस्यापहानितः ॥

– ईश्वरप्रत्यभिज्ञा ३।२।४

बोध (ज्ञान)को स्वतन्त्रता (अनन्त ज्ञान, सम्पन्नता, सर्वज्ञाता)को हानि (सर्वज्ञ परमशिवले आफूलाई यत्किञ्चिज्ज्ञको रूपमा परिणत गर्नु) र स्वतन्त्र (सर्वशक्ति सम्पन्न) शिवले आफूलाई स्वल्प शक्ति (यत्किञ्चित, थोरै शक्ति) सम्पन्न मान्नु यो दुई प्रकारको आणव मल हो, यस मलले शिवको स्वरूपको हानि गर्छ । संकुचित गरेर यत्किञ्चिज्ज्ञता र

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्किञ्चित्कर्तृतालाई अभिव्यक्त गर्छ। चित्तत्त्वको स्वरूप ज्ञाता र कर्ता हो, सर्वज्ञता र सर्वकर्तृता हो। त्यो सर्वज्ञताको सङ्कोच प्रथम आणव मल हो भने सर्वकर्तृत्वको सङ्कोच द्वितीय आणव मल हो । यस अवस्थामा शिवको आफ्नो स्वरूपको निमील (संकुचन) हुन्छ।

यसै आणवमलमा स्वस्वरूपको सङ्कोच भएपछि स्वदेखि भिन्न वेद्य पशुप्रमाताको प्रथा (विस्तार) अभिव्यक्ति जुन मलले हुन्छ त्यो मायीय मल हो। यस मायीय मलले नै पशु (प्रमाता)को जन्म र भोग गराउँछ। जब कर्ताको अबोधता किञ्चिज्ज्ञता देह (शरीर) आदि शिवदेखि भिन्न ज्ञेयको प्रथन भएपछि धर्म र अधर्म रूप कार्ममलको अभिव्यक्ति हुन्छ। धर्म र अधर्मले जन्म र भोग हुन्छ। पशु प्रमाताको जन्म र भोग गराउने मल कार्ममल हो –

भिन्नवेद्यप्रथात्रैव मायाख्यं जन्मभोगदम्।
कर्तर्यबोधे कार्मन्तु मायाशक्त्यैव तत् त्रयम्॥

– ईश्वरप्रत्यभिज्ञा ३।३।५

वस्तुतस्तु मायीय मल भन्नु संज्ञामात्र हो, यी तीनै मल मायाले स्वरूप सङ्कोचन शक्ति अथवा स्वरूप स्फार शक्ति जसलाई माया भन्न सकिन्छ त्यसले गर्दा भएकोले यी तीन प्रकारका मल मायाले नै गर्दा हुन्छन् भन्न सकिन्छ – **'मायाशक्त्यैव तत् त्रयम्'** को भाव हो।

प्रमातृवर्ग

प्रमेयलाई जान्ने प्रमाता हो। यी पृथिवी, जल, तेज, वायु आदि जति छन् यिनीहरूको सिद्धि हामी प्रमाताहरू छौं र यिनीहरूको सिद्धि हुन्छ। परमशिवको सत्ताले पृथिवी आदि जड मानिएका पदार्थ (तत्त्व)को सिद्धि हुन्छ। चित्तत्त्व (चेतन प्राणी)द्वारा जडतत्त्वको सत्ता सिद्ध हुन्छ र प्रत्यभिज्ञादर्शनअनुसार अरु दर्शनले जड मानिएको तत्त्वहरूमा पनि चैतन्य छ। मानव ज्ञानी हो ज्ञानशक्तिले युक्त छ, यसमा सन्देह छैन किन्तु मानवमात्रै ज्ञानी हो भन्नु उचित हुँदैन किनभने पशुपक्षी मृगादि पनि चैतन्यले युक्त हुन्छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञानिनो मनुजाः सत्यं किन्तु ते नहि केवलम् ।
यतो हि ज्ञानिनः सर्वे पशुपक्षिमृगादयः ॥
ज्ञानञ्च तन्मनुष्याणां यत्तेषां मृगपक्षिणाम् ।
मनुष्याणां च यत्तेषां तुल्यमन्यत्तथोभयोः ॥
ज्ञानेऽपि सति पश्यैतान् पतङ्गाञ्छवचञ्चुषु ।
कणमोक्षादृतान् मोहात् पीड्यमानानपि क्षुधा ।
मानुषा मनुजव्याघ्र साभिलाषाः सुतान् प्रति ॥

– सप्तशती प्रथम अध्याय

मानवको चैतन्य र पशुपक्षीहरूको चैतन्य समान नै हुन्छ । पक्षीहरूमा ज्ञान (चैतन्य) आदिको दुःख, सुखलाई जान्न सक्ने शक्ति भएकोले स्वयं भोकै भए पनि आफ्ना शिशुहरूको ममताले आफ्नो चुच्चोमा खाद्यवस्तु ल्याएर बचराको चुच्चोमा ख्वाई दिन्छन् । उपनिषद्ले वृक्षहरूमा चैतन्य छ भन्ने कुरा अभिव्यक्त गरेका छन् ।

अस्य सोम्य महतो वृक्षस्य यो मूलेऽभ्याहन्याज्जीवन् स्रवेद्यो मध्येऽभ्याहन्याज्जीवन्स्रवेद्योऽग्रेऽभ्याहन्याज्जीवन्स्रवेत्स एष जीवेनात्मनानुप्रभूतः पेपीयमानो मोदमानस्तिष्ठति । – (छन्दोग्योपनिषद् ६।११।१)

हे सोम्य (सुशील, शिष्ट) ! अगिल्तिरको वृक्ष (बोट)लाई देखाउँदै आचार्य भन्दछन्– यो महान् (ठूलो अनेक हाँगा इत्यादिले युक्त भएको) वृक्षको मूलमा (जरामा) कुनै बञ्चरो आदिले हान्यो भने त्यो एउटै आघात (चोट)ले मर्दैन, किन्तु जीवित रहन्छ र (त्यो चोटले) त्यसको बोटको केही रस चुहुन्छ । तथा त्यस वृक्षको मध्यमा (बीचमा) हाने त्यो बोट जीवित रहँदै केही रस चुहाइदिन्छ, त्यसै गरी त्यस बोटको अग्रभाग (टुप्पा)मा हाने पनि जीवित रहेर रस चुहाउँछ । त्यस बेलामा त्यो वृक्षजीव आत्माले पूर्णतः व्याप्त रहन्छ र अत्यन्त जलपान गर्दै तथा आफ्ना जराहरूद्वारा पृथिवीको रसलाई ग्रहण गर्दै मोदमान (हर्ष प्राप्त गर्दै) स्थित रहन्छ ।

चित् शक्तिको व्यापकता आधुनिकयुगका भारतका प्रख्यात वैज्ञानिक जगदीशचन्द्र वोसले क्रेस्कोग्राफ यन्त्रको आविष्कार गरेर त्यस

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यन्त्रको प्रयोग वनस्पति (बोट बिरुवा)मा मात्रै हैन सर्वथा जड (अचेतन) मानिएका टिन धातुमा पनि चैतन्य छ भनेर सिद्ध गरेका हुन्।

भारतीय वैज्ञानिकले आफूले बनाएको यन्त्रद्वारा धातुहरूले बनेका वस्तुहरू कैंची, मेसिनहरू पनि श्रान्ति (थकाई)को अनुभव गर्छन् केही कालको विश्रामपछि उनको काम गर्ने शक्ति फर्किन्छ। धातुहरूको जीवन चिह्न विद्युत्प्रवाह अथवा उच्च भारले (अठाई)ले नष्ट हुन्छ भन्ने कुरा वैज्ञानिक प्रयोगले सिद्ध गरेका हुन् । यसरीतिले आजको विज्ञान ईश्वरप्रत्यभिज्ञा दर्शनको सिद्धान्तलाई स्वीकार गरेको देखिन्छ।

जुन वस्तुतत्त्वमा ज्ञान छ, त्यो प्रमाता हो, ज्ञानको सत्ताले ज्ञेयको सत्ता पनि सिद्ध हुन्छ, साथै अज्ञानको सत्ता पनि सिद्ध हुन्छ, किनभने म यो कुरा जान्दछु भन्दा अरू जान्दिन भन्ने कुरा स्वतः सिद्ध हुन्छ। अज्ञान नै मल हो त्यो नै संसारको कारण हो यो पूर्व प्रसङ्गमा आइसकेको छ। हाम्रो सांसारिक दशामा अज्ञान भने ज्ञानको सर्वथा अभाव (अत्यन्तभाव) मान्न सकिदैन, किनभने सांसारिक दृष्टिले विचार गर्दा ज्ञानको अत्यन्ताभाव माटाको डल्लामा छ किन्तु त्यसको संसृति (सांसारिकता) छैन।

विचारको गम्भीरतामा जाँदा सम्पूर्ण दर्शनशास्त्रमा अज्ञान संसार (बन्धन)को कारण हो र ज्ञान नै मोक्षको कारण हो भनिएको बुझिन्छ - **मलमज्ञानमिच्छन्ति संसाराङ्कुरकारणम्** । भनिएकाले मललाई नै अज्ञान भनिन्छ र त्यो अज्ञानले संसारको उत्पत्ति हुन्छ यो मालिनी विजयोत्तरतन्त्रमा भनिएको छ।

अज्ञान अन्धकार हो, त्यसले परमेश्वर परमशिवको (परमस्वतन्त्रताले प्रकाशित परमप्रकाश रूप शिवको) स्वरूपको गोपन गर्छ, आच्छदन गर्छ, छोपी दिन्छ, आत्मा र अनात्माको उल्झनमा (व्यर्थको कुरामा) फसाइदिन्छ र यो नै आणवमल हो -

अज्ञानं तिमिरं परमेश्वरस्वातन्त्र्यसमुल्लासितस्वरूपगोपनासतत्त्वमात्मानात्मनोरन्यथाभिमानस्वभावपूर्णं ज्ञानं तदेव चाणवं मलम्।

- तन्त्रालोक१।२३ (श्लोकमा अभिगुप्तको टिप्पणी)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्य अभिनव गुप्तले ज्ञेय (प्रमेय) तत्त्वको पूर्णरूपले प्रकाशन नभएर यत्किञ्चित् अंशको मात्रै प्रकाश हुनु नै अज्ञान हो यो कुरा शिवसूत्रमा पनि भनिएको छ –

अतो ज्ञेयस्य तत्त्वस्य सामस्त्येनाप्रथात्मकम् ।
ज्ञानमेव तदज्ञानं शिवसूत्रेषु भाषितम् ॥ – तन्त्रालोक १।२६

यी आणव, मायीय र कार्ममलले नै संसार चक्र चलेको छ । अज्ञान नै बन्ध हो भन्ने शिवसूत्रले पनि मानेको छ र मल परमेश्वरको स्वात्मप्रच्छान (आफूलाई लुकाउने) इच्छादेखि अन्य कुरो हैन, भन्ने कुरा भनिरहन पर्दैन **'सोऽयं मलः स्वात्मप्रच्छादनेच्छातो नान्यत् किञ्चिद् वस्त्वपि च तद् परमेश्वरेच्छात्मनैव धरादेरपि वस्तुत्वात् ॥'** र वस्तु पनि (पृथिवी, जल, तेज आदि पञ्चभूत पनि) परमेश्वर (परमशिवको) इच्छाले नै वस्तु हुन् । त्यस्तो वस्तु निर्मेय हुन्, बनाइने हुन् बनाउँदा क्रिया (शक्ति) चाहिन्छ र भगवान् परमशिव क्रियाशक्तिले यी जड मानिने वस्तुहरूको सृष्टि गर्नु हुन्छ किनभने परमशिव अनन्त शक्तिले सम्पन्न हुनुहुन्छ ।

परमेश्वर (शिव) आफ्नो प्रकाशरूपता विस्मृत गरेर कहिले शून्यलाई कहिले प्राणलाई कहिले बुद्धिलाई, कहिले शरीरलाई नै 'अहम्' म बुझ्न थाल्छ । असीमित (अनन्त) शिव सीमित बन्न जान्छ । अणु भन्नु सानु हो । त्यसै हुनाले दर्शनमा 'शून्यवाद' (बौद्ध) प्राणात्मवाद बुद्धिवाद (ज्ञानात्मवाद, योगाचार बौद्धमत) शरीरवाद (शरीरात्मवाद) चार्वाकमत आदि मत उपस्थित भएका छन् । यी सबै आणवमलले अभिव्यक्त भएका हुन् । अणु संकुचितलाई भनिन्छ । यी आत्मालाई (सर्वत्र सर्वरूप शिवलाई) सङ्कुचित गर्ने हुनाले आणवमलले मुक्त छन् भन्ने मान्न पर्छ । आणव मल दुई प्रकारको हुन्छ यो पूर्वमा भनिसकिएको छ ।

ज्ञानको स्वतन्त्रताको हानि यी दुई आणवमलले गर्दा शिव जीव प्राणीको रूपमा परिणत हुन्छ । आणवमलले ज्ञानको स्वतन्त्रतालाई न्यून गर्छ, सर्वज्ञ किञ्चिज्ज्ञ बन्छ । कार्ममल सर्वकर्ता शिव किञ्चित् कर्ता बन्छ । मायीय मलले मायादेखि ब्रह्माण्डान्त जगत्को सृष्टि हुन्छ । यी मलले परमशिवको स्वरूपको सङ्कोच हुन्छ । कुमालेले घट बनाउँछ, वास्तवमा त्यहाँ शिवको कर्तृता छ । कुमालेले घट बनाउँने कार्यमा सर्वप्रथम केही

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउने इच्छा गर्दछ, यहाँ शिवको इच्छाशक्तिको उदय हुन्छ। के बनाउँ भन्दा घैंटो बनाउन भन्ने घैंटो ज्ञान उदाउँछ, यो ज्ञानशक्तिको उदय हो, अनि माटोले आफ्नो मनमा रचना संकल्पले रचना गरेको घटलाई मूर्त्त रूप दियो क्रिया शक्तिको उदय हो। यसरी सर्वत्र शिवको शक्तिको नै उदय हो। यस रीति सर्वत्र शिवशक्तिको विस्फार (विस्तृतता) छ। वस्तुतः जीव कुनै कर्मको कर्ता हैन, शिव नै कर्ता हुन्। यहाँ एउटा शङ्का उठ्छ– यदि सर्वत्र शिव नै कर्ता हुन् कुमाले कर्ता हैन भने धर्म अधर्मको व्यवस्था नै समाप्त हुने भयो। धर्मले ऊर्ध्व गमन(स्वर्गादि लोक गमन) हुन्छ अधर्मले अधोलोक नरकादिलोक गमन हुन्छ, ज्ञानले मोक्ष हुन्छ, विपर्यय (अज्ञानले) बन्धन हुन्छ। यस रीतिले धर्माधर्मका व्यवस्था छ। यदि सर्वत्र ईश्वर नै कर्ता हो, घट बनाउँदा पनि ईश्वरको नै कर्तृत्व छ भने कुमालेको कर्तृत्व छैन भने धर्म अधर्मका अवस्था सिद्धिने नै भयो, नष्ट नै हुने भयो। धर्म गरे पनि यो धर्म परमेश्वरले नै गरेको भन्दा कोही पनि धर्मको फल पाउने भएन, यस्तै अधर्मको फल न पाइने भएपछि **'धर्मेणोर्ध्वगमनम्'** इत्यादि कथन धर्माधर्मको व्यवस्था नै समाप्त हुने भयो –

नन्वेवं कुम्भकृतोऽपि नास्ति कर्तृत्वमिति समुत्सीदेद् धर्माधर्मव्यवस्था कृतेऽपि धर्मे परमेश्वरेणेदं कृतमिति न कस्याऽपि धर्मफलभागित्वम् तथाऽधर्मेऽपि। – ईश्वरप्रत्यभिज्ञाविमर्शिनी २।४।९)

कुमालेले मैले नै घैंटो बनाउँदछु यस्तो अभिमान गर्छ, त्यसले कर्तृत्वलाई त्याग गरेर यत्किञ्चित् कर्तृत्वको अभिमान गर्छ, त्यसै हुनाले त्यसले कर्मको फल पनि त्यसै सङ्कुचित कर्ताले भोग गर्छ। कर्तृत्व असत्य अभिमानले त्यो कर्मका फलको उत्तरदायी बन्छ।

यदि युक्तिलाई आगम (प्रत्यभिज्ञाशास्त्र)लाई प्रमाण मान्नु हुन्छ भने त्यो कथन ठीकै हो, सबैको कर्ता परमशिव नै हुन् भन्ने दृढ भावना भए धर्म अधर्मको फल भोग्न पर्दैन त्यस्तो निश्चय भएको प्राणी परमशिव नै हो, त्यसको कर्तृत्वाभिमान व्यर्थ हो जस्तो धितो राख्ने व्यक्तिले धितो राखेका वस्तु आफ्नो मानेजस्तो। यदि ईश्वरको इच्छा नै यो यस्तो हो भन्ने मान्छ तब त्यो कर्ता हुँदैन र फलको भोग गर्न पनि पर्दैन। कर्तृत्वको असत्य अभिमानका कारण नै त्यो प्राणी कर्मका फलको उत्तरदायी बन्छ। कर्तृत्वको अभिमानले गर्दा नै कर्ता र फलभोक्ता भइन्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कर्ताको भेद

प्रमाता सात भनिएका छन् । सर्वप्रथम शिव, महामन्त्रेश, मन्त्रेश, मन्त्र दुई अकल (विज्ञानाकल, प्रलयाकल) सकल।

महामन्त्रेशमन्त्रेशमन्त्राः शिवपुरोगमाः ।
अकलौ सकलश्चेति शिवस्यैव विभूतयः ॥ -तन्त्रालोक १।८१

तत्त्वको भेद सात प्रकारको त्रिकशास्त्र (त्रिकदर्शन)मा परमेशले भनिएको छ । त्यसमा शिव, मन्त्रमहेश, मन्त्रेश, मन्त्र, विज्ञानकल प्रलयाकल, सकल यी सात शक्तिमान् (प्रमाता) छन् र यिनीहरूका सात नै शक्ति पनि छन् ।

त्यसमा विज्ञानाकल प्रलयाकलको विवेचन प्रथम आवश्यक छ । वास्तवमा अकल प्रमाताका दुई भेद गरिएका हुन् । जीव श्रेणी सबैभन्दा उच्च श्रेणीका प्राणी अकल हुन् । यी प्राणी शिवतत्त्व शक्तितत्त्वमा स्थित हुन्छ। कला भने क्रिया हो। कलाले नै प्राणी बन्धनमा पर्छ कलारहित हुनु नै अकल हो । यी अकल प्राणीमा परमशिवको प्रकाश रूपताको परामर्श भै राख्छ । ज्ञानलाई संवित् पनि भनिन्छ । त्यसो हुँदा यी अकल प्राणीहरू प्रकाश रूप हुनाले शुद्ध 'अहम्' आत्म स्वरूपको परामर्शले युक्त हुन्छन्। यी अकल प्राणीहरू स्थिति शिवतत्त्व र शक्तितत्त्वमा हुन्छ। ती अकल प्राणीहरू विज्ञानाकल र प्रलयाकल दुई प्रकारका हुन्छन्। विज्ञानाकल प्राणी ती हुन् जुनमा शुद्धबोध मात्रै रहन्छ, कुनै कर्तृत्व उनीमा हुँदैन । ती विज्ञानाकल प्राणी परमेश्वर स्वात्मविश्रान्ति परम स्वतन्त्रता तिनीहरूमा हुँदैन । किनभने शिवले नै आफूदेखि तिनीहरूलाई यस्ता बनाएका हुन् । उनीमा कर्तृत्व अर्थात् उत्तम स्वतन्त्र रूप कर्तृत्व हुँदैन। परमेश्वर शिवमा कर्ता रूप उत्तम स्वातन्त्र्यको बोध हुन्छ -

शुद्धबोधात्मकत्वेऽपि येषां नोत्तमकर्तृता, निर्मिता स्वात्मनो भिन्ना भर्त्रा ते कर्तृतात्ययात्। - ईश्वरप्रत्यभिज्ञा३।२।६।

येषां चिन्मात्रमेव परमार्थो न तु 'अहम्' इति स्वात्मविश्रान्त्यानन्दरूपं परमं स्वातन्त्र्यं ते परमेश्वरेण तथा निर्मिताः स्वात्मनः सकाशात् हेतुः- कर्तृताया उत्तमस्वातन्त्र्यलक्षणाया अत्ययात्- अभावात् । परमेश्वरस्य तूत्तमस्वातन्त्र्यावियुक्तबोधरूपत्वम्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ यो प्रश्न हुन सक्छ विज्ञानाकल प्रमातामा कर्तृता रूप स्वातन्त्र्य न हुनाले चैतन्यमात्र स्वरूप हुनाले भिन्न हुन् विज्ञानाकल प्रमाताहरू भनियो तिनीहरूमा परस्परमा भेद कसरी हुने, बोध रूप हुनाले देशकालको भेद उनमा नहुनाले शङ्काको उत्तरमा भनिन्छ– परमशिवको इच्छाले गर्दा उनीहरूमा परस्परमा भेद हुन्छ र उनीहरूमा ज्ञानमात्र हुनाले कर्तृत्व नहुनाले विज्ञान केवलविज्ञानाकल प्रमाता हुन् –

बोधादिलक्षणैक्येऽपि तेषामन्योन्यभिन्नता ।
तथेश्वरेच्छभेदेन ते च विज्ञानकेवलाः ॥

– ईश्वरप्रत्यभिज्ञा ३।२।७

यद्यपि विज्ञानाकल प्रमाता व्यापक नित्य ज्ञान स्वभाव भए पनि (सर्वथा ज्ञान स्वरूप भए पनि) म भेदरूपमा भासित होऊँ, यस प्रकारको ईश्वरको इच्छाले गर्दा शरीरदेखि शून्य प्रमाता पदले उत्तीर्ण भए पनि बोधत्व नित्यत्व, विभुत्व इत्यादि धर्म समानै भए पनि परस्पर भिन्नता हुन्छ । भिन्नताभासको शिवको इच्छाले ती विज्ञानाकल प्रमाताहरूमा भिन्नता हुन्छ ।

स्वतन्त्रताको हानि आफूलाई अहं रूपमा प्रकाशित जाने पनि त्यो स्वतन्त्रताको बोध न भएका विज्ञानाकल प्रमाता हुन् भने शून्यमा अर्थात् जडत्वादि अबोध रूपमा नै अथवा भनौं प्राण बुद्धिमा जुन प्रमाताहरूको म बुद्धि र बोध स्वरूप हुँ (म प्रमाण स्वरूप हुँ) यस प्रकारको चमत्कार हुनाले यिनीमा कर्तृत्व (क्रियाशक्ति) रहेको हुनाले ती प्रलयाकलप्रमाता हुन् । उनीमा कार्ममल हुन्छ, मायीयमल विकल्पित हुन्छ –

शून्याद्यबोधरूपास्तु कर्तारः प्रलयाकलाः ।
तेषां कार्मो मलोऽप्यस्ति मायीयस्तु विकल्पितः ॥

– ईश्वरप्रत्यभिज्ञा ३।२।८

प्रलयको बेलामा कर्तृत्व हुँदैन र प्रलयमा अकल भनिन्छ । प्रलय सकिए पछि मात्र कार्यकारणता आदि सित सम्बद्ध हुने उनीहरूमा आणव मल मात्रै हैन कार्ममल पनि वासना संस्काररूप धर्म अधर्म रूपमा रहन्छ । यिनीहरूको संवेद्य सुषुप्त अवस्थामा आफूदेखि भिन्न प्रमेयको ज्ञान हुन्छ, अपवेद्य सुषुप्तावस्थामा हुँदैन –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शून्ये जडत्वादबोधरूपे एव यदि वा प्राणे बुद्धौ वा येषामहमिति चमत्कारयोगात् कर्तृत्वं ते प्रलयेन कृता अकलाः, कलातत्त्वोपलक्षितकरणकार्यरहिता अबोधरूपा कर्तारश्च । प्रलयावधि हि ते तथाभूताः, उत्तरकालन्तु कार्यकारणसम्बद्धा एव भवन्ति, यतस्तेषां न केवलमुक्तरूप आणव एव मलो यावत् कार्मोऽपि वासनासंस्काररूपो धर्माधर्मात्मास्त्येव । यद्येवं भिन्नवेद्यप्रथाप्येषां स्यात्, सत्यम् संवेद्यरूपे सुषुप्ते पदेऽपवेद्ये तु न भवति । तेन मायीयो मल एषां विकल्पितो भवति ।

– ईश्वरप्रत्यभिज्ञा ३।२।८मा विमर्शिनी

हामी सांसारिक प्राणीका प्रायः चार अवस्था हुन्छन्– जाग्रदवस्था, स्वप्नावस्था, सुषुप्तावस्था, तुरीयावस्था । हामी काम गर्दा, चिन्तनादि गर्दा जाग्रदवस्था हो । सुतेर स्वप्न देखिएमा स्वप्नावस्था हो, सुतेमा स्वप्न पनि नदेखिनु सुषुप्तावस्था हो, यस सुषुप्तावस्थामा नाभिस्थानमा प्राण वायुका साथ जीवात्माको स्थिति तुरीयावस्था हो, मूलाधारमा तत्त्व तात्त्विकादि भेदलाई त्याग गरेर केवल एक आणवमलले युक्त भएर रहनु तुर्यातीत अवस्था हो । यी अवस्थाहरूको प्रत्यभिज्ञा दर्शनानुसारको विवेचन भिन्न नै छ । सम्भव भएमा त्यसको विवेचन गर्न पर्ने छ । यस प्रकरण संवेद्यसुषुप्तावस्था अपवेद्यसुषुतावस्थाको उल्लेख भएको यो संक्षिप्त विवेचन उपस्थित गरिएको हो ।

त्यहाँ एउटा शङ्का हुन्छ– धर्म अधर्मको संसारको तिनीहरूमा हुने भए पछि आफूदेखि भिन्न वेद्य (ज्ञेय)को ज्ञान तिनीहरूमा हुनु पर्ने ? उत्तरमा भन्न सकिन्छ संवेद्य सुषुप्तावस्थामा उनीहरूमा आफूदेखि वेद्यको प्रथा(ज्ञान) हुन्छ, अपवेद्य सुषुप्ति अवस्थामा हुँदैन । त्यस्तै ती प्रलयाकल प्रमाताहरूमा मायीय मल विकल्पित अवस्थामा मात्रै हुन्छ । यसरी यहाँ कार्ममलका विषय र प्रसङ्गले कार्ममलको विवेचन गरियो । मायामलको विकल्पता (पाक्षिकता) पनि भनियो । मायीयमलको प्रसङ्ग त विवेचन गरियो । आणवमल कार्ममल दुवैको अभावमा पनि मायीय मल हुन्छ त्यो कुराको विवेचन यसरी गरिएको छ –

बोधनामपि कर्तृत्वजुषां कार्ममलक्षतौ ।
भिन्नवेद्यजुषां मायामलो विद्येश्वराश्च ते ॥– ईश्वरप्रत्यभिज्ञा ३।२।९

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बोध स्वरूप नै भएका र कर्तृत्वले युक्त भएको कार्ममल क्षत (नाश) भएमा आफूदेखि भिन्न रूपमा वेद्य विषय भएकाको मायामल हुन्छ। ती विद्येश्वर (प्रमाता) हुन्। अर्थात् जुन प्रमाताले आत्मालाई चिन्मात्र (ज्ञान स्वरूपमात्र) देख्दछन् तथा चमत्कार उल्लासले 'अहम्' 'म' यस प्रकारको पनि ज्ञान गर्दछन्। ती कर्ता हुन् साथै त्यसो हुनाले ती सर्वज्ञ र सर्वकर्ता पनि हुन् र तिनीहरू नै विद्येश्वर हुन्। किन्तु शरीर करण (इन्द्रिय साधन) भुवन इत्यादि यिनीहरूको निमित्त वेद्य रूपले कार्यरूपले भासित हुन्छ, त्यसो हुनाले कपडा बुन्नेले जसरी कपडालाई आफूदेखि भिन्न देख्दछ त्यसै मायामलले युक्त विद्येश्वरहरूले पनि वेद्यलाई देख्दछन् –

ये चिन्मात्रमेवात्मतया पश्यन्ति 'अहम्' इति च चमत्कारोल्लासात् कर्तारस्तत एव सर्वज्ञाः सर्वकर्तारश्च ते विद्येश्वराः। किन्तु तनूकरणभुवनादि यदेषां वेद्यतया कार्यतया च भाति तत् कुविन्दपट्टदृष्ट्या भिन्नमेव सत्-इत्यस्ति विद्येश्वराणां मायाख्यमलयोगः।

मलस्थिति विवेचन

विद्येश्वर प्रमाताहरूमा विज्ञानाकल प्राणी हुन्। विज्ञान भएकोले उनीहरूको कला हुँदैन त्यसै हुनाले उनीहरूलाई संसारी प्राणी मानिदैन, उनीहरूले मायासम्मको मार्ग पार गरिसकेका छन्। विद्येश्वर मायादेखि माथिको तत्त्वमा स्थित हुन्छन्। यसै प्रलयाकलहरू पनि प्रलयाकलसम्मको अवधिमा कलारहित (कर्मशून्य) भएकोले केही समयसम्म असंसारी मान्नु पर्छ। जुन मायातत्त्वको अधीनमा भएका देवताहरूदेखि लिएर स्थावर जडसम्मका चौध प्रकारका प्राणीहरू शास्त्रमा परिभाषित छन् ती जम्मै भवी अर्थात् संसारी हुन् र तिनीहरूमा नै एकसाथ तीनै मल रहन्छ। त्यसमा पनि विशेष गरेर कार्ममलको नै अधिकता हुन्छ।

देवादीनाञ्च सर्वेषां भविनां त्रिविधं मलम्।
तत्राऽपि कार्ममेवैकं मुख्यं संसारकारणम्॥

– ईश्वरप्रत्यभिज्ञा ३।२।१०

चौध प्रकारका प्राणीको निर्देशन (भौतिक, सांसारिक सृष्टिको विवेचन) सांख्यकारिकामा छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टविकल्पो दैवस्तैर्यग्योनश्च पञ्चधा भवति।
मानुषश्चैकविधः समासतो भौतिकः सर्गः ॥

देवसृष्टि आठ प्रकारको ब्रह्मा, प्रजापति, इन्द्र, पितृ, गन्धर्व, यक्ष, राक्षस पिशाचको भेदले युक्त हुन्छ। तिर्यक् सृष्टि पशु, मृग, पक्षी, सरीसृप र स्थावरको भेदले पाँच प्रकारको हुन्छ। मनुष्य सृष्टि एक प्रकारको हुन्छ। देवसृष्टिमा ब्रह्मा आदि पदले त्यो त्यो लोकबासी जान्नु पर्छ। मृग पशु नै हो तथापि मृग पदले खुर भएका चौपायामा लिनुपर्छ भने पशुपदले मूसा, रुखमूसा आदि लिनु पर्छ सरीसृप भनेका सर्प, गड्यौलो, चिप्लेकिरो आदि हुन् स्थावर बोट लहरा आदि हुन्। यी जम्मै संसारी हुन् यिनीहरूमा आणव, मायीय र कार्म तीनै प्रकारको मल हुन्छन्।

प्रमा प्रमाताको सम्बन्धमा विशेष

सर्वप्रथम कुनै विषयमा विचार गर्दा प्रमा, प्रमेय, प्रमाताको (ज्ञान, ज्ञेय, ज्ञाताको) विचार आवश्यक हुन्छ। सम्पूर्ण संसार नै प्रमेय (ज्ञेय) हो ज्ञानको विषय हो, जान्नै पर्ने हो । प्रमा (ज्ञान) प्रमाता (ज्ञाता, ज्ञान गर्नेवाला)लाई नै हुन्छ। त्यसो हुँदा प्रत्यभिज्ञा दर्शनमा ३६ तत्त्व छन् भन्ने कुरा आएपछि यी ३६ तत्त्व नै प्रमेय भए। यिनीहरूमा प्रमाता कुन हुन् भन्दा प्रमाताको अन्वेषण गर्दा जड प्रमाता हुन सक्दैनभने चेतन नै प्रमाता हो भन्ने कुरा आउँछ। ती चेतन प्रमाताहरूमा कुन कुन प्रमाताहरूले कति कतिसम्म प्रमेयको प्रमा ज्ञान गर्न सक्छन् भन्दा प्रमाता सात भनिएका छन्– शिव, मन्त्रमहेश, मन्त्रेश, मन्त्र, विज्ञानाकल, प्रलयाकल सकल। यी सात प्रमाता स्थिति कहाँ छ ? भन्दा शिव प्रमाताको परमशिवतत्त्वमा मन्त्रमहेशको स्थिति शक्तितत्त्वमा, मन्त्रेशको स्थिति ईश्वरतत्त्वमा, मन्त्रप्रमाताको स्थिति सद्विद्या अथवा शुद्धविद्यामा हुन्छ। शुद्धविद्यालाई महामाया पनि भनिन्छ। यी मन्त्रप्रमाता आफूलाई शुद्धप्रकाश स्वरूप शुद्धविमर्शलाई आफ्नो स्वभाव मान्दछन् । अकल (विज्ञानाकल, प्रलयाकल) प्रमाताहरूका स्थिति सर्वथा अभेद भूमिकामा हुन्छ, परमशिवतत्त्वमा हुन्छ। सर्वथा अभेद परमशिवमा नै शक्तितत्त्वमा सृष्टिको प्रलय भएपछि प्रलयावस्थामा कर्तृत्व रहँदैन त्यसो ती प्रलयाकल प्रमातामा विशुद्धज्ञान रहन्छ कला रहँदैन त्यसो हुदा प्रलयाकल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिन्छन् र यिनको शक्तितत्त्वमा हुन्छ । सदाशिवतत्त्वमा स्थित प्राणी मन्त्रमहेश्वर भनिन्छ । यहाँ भेदको ईषद् उन्मेष हुन्छ, अधिकांश यसतत्त्वमा अभेद नै रहन्छ । सदाशिवतत्त्वमा 'अहम्'को प्राधान्य 'इदम्'को अप्राधान्य हुन्छ भन्ने कुरा पूर्वमा भनिसकिएको छ । ईश्वरतत्त्वमा 'इदम्'को अप्राधान्य हुन्छ सद्विद्यामा 'अहम्', 'इदम्' दुवैको समानता हुन्छ । मन्त्रेश अथवा मन्त्रेश्वर प्रमाताको स्थिति ईश्वरतत्त्वमा हुन्छ –

मन्त्रेश्वरादिरूपस्य तु चैतन्यराशेः स्फुटीभूतमस्मद्बहिष्करणसरणि-सम्प्राप्तभाववर्गप्रतिमविश्वं प्रतिबिम्बतया भाति । तस्य तु तत् तथाप्रथनमीश्वरतत्त्वम् । – ईश्वरप्रत्यभिज्ञाविमर्शिनी–३१।२

मन्त्रेश्वर आदिरूपमा भएको चैतन्यसमुदायको (सदाशिवतत्त्वमा) स्पष्ट भएको अस्मद् ('अहम्') आभासको बहिष्कार गरेर प्राप्त भएको भावमा रहेको विश्वप्रतिबिम्ब तुल्य भासित हुन्छ, त्यो नै त्यस प्रकार विस्तार हुनु ईश्वरतत्त्व हो । यसको आशय हो ईश्वरतत्त्वमा 'इदम्' अंशको प्राधान्य भएकोले 'इदम्'को भाव विश्व प्रपञ्च ईश्वरतत्त्वमा आएर अस्पष्ट प्रतिविम्बित हुन्छ त्यसो हुँदा मन्त्रेश्वर प्रमाताको स्थिति ईश्वरतत्त्वमा हुने भएकोले मन्त्रेश्वरको प्रमेय ईश्वर हुन् भन्न सकिन्छ । शिव र शक्तिमा भेद मानिएको छैन ।

न शिवः शक्तिरहितो न शक्तिर्व्यतिरेकिणी ।
शिवः शक्तस्तथा भावानिच्छया कर्तुमीहते ।
शक्तिशक्तिमतो भेदः शैवे जातु न वर्ण्यते ॥ – शिवदृष्टि ३।२,३

शिव शक्तिरहित कहिल्यै हुँदैन, शक्ति पनि शिवदेखि भिन्न हुन्नन् र शिव शक्तिले युक्त हुँदा समर्थ भई भावलाई इच्छानुसार अभिव्यक्त गर्छन् । शक्ति र शक्तिमान्मा शैव (प्रत्यभिज्ञा दर्शन)मा भेद वर्णन गरिदैन, भेद मानिदैन । त्यसो हुनाले परमशिव र शक्तितत्त्वका प्रमाता शिव अकल कलारहित, कर्तृत्वरहित शिव, परमशिव नै हुन् भने सदाशिवतत्त्वका प्रमाता मन्त्रमहेश्वर हुन्, ईश्वरतत्त्वका प्रमाता मन्त्रेश्वर, शुद्धविद्या अथवा सद्विद्यातत्त्वका मन्त्र प्रमाता हुन् । विज्ञानाकल प्रलयाकल सकल प्रमाताहरूको प्रमेय के हो यो विचारणीय छ । शिव प्रमाता सर्वथा अकल

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमाता हुन् किनभने उनमा कर्ता अर्थात् कर्तृत्वको सर्वथा अभाव छ। अत उनलाई शिव प्रमाता, अकल प्रमाता, परमशिव प्रमाता भने हुन्छ। प्रलयाकल, विज्ञानाकल सकल प्रमाताको विवेचन योगदर्शनको सहायताले गर्न सकिन्छ। योगीले योग (समाधि)द्वारा मोक्ष प्राप्ति गर्छ भन्ने कुरा योग दर्शनले भनेको छ। योग अर्थात् निरोध (चित्तवृत्तिको निरोध)रूप समाधि दुई प्रकारको भनिएको छ- उपायप्रत्यय र भवप्रत्यय। उपायप्रत्यय समाधि योगीहरूको हुन्छ भने भवप्रत्यय समाधि विदेह देवहरूको हुन्छ -

स खल्वयं द्विविधः (निरोधसमाधिः, उपायप्रत्ययो भवप्रत्ययश्च तत्रोपायप्रत्ययो योगिनां भवति।

भवप्रत्ययो विदेहप्रकृतिलयानाम् -(योग सूत्र १।१९)।

निरोध समाधि दुई प्रकारको छ- उपायप्रत्यय र भवप्रत्यय षाट्कौशिक (स्थूल) देहरहित देवभाव प्राप्त विदेह नामक योगसाधक उपासकहरूको जुन समाधि हुन्छ त्यो भवप्रत्यय असंप्रज्ञात समाधि भनिन्छ। किनभने ती विदेह नामक साधक संस्कारमात्र शेष चित्तद्वारा कैवल्य (मोक्ष) पदको जस्तो पदको अनुभव गर्दै त्यसपदको अनुभव जति अवधि (समय) छ, त्यो अनुभव गर्नु छ, त्यो काल समाप्त भएपछि फेरि संसारमा फर्कन्छन्। यसै गरी स्थूल शरीर रहित साधक प्रकृतिमा लीन भएका पनि कैवल्यपद (मोक्षपद)को जस्तो अनुभव गर्दै जहिलेसम्म कार्यारम्भ, अधिकार (संस्कार) वश चित्त प्रकृतिबाट पृथक् भएर पुनः संसारमा फर्कदैन तहिलेसम्म प्रकृतिमा लीन रहन्छन्।

विदेहानां देवानां भवप्रत्ययः। ते हि स्वसंस्कारमात्रोपयोगेन चित्तेन कैवल्यपदमिवानुभवन्तः स्वसंस्कारविपाकं तथाजातीयकं अतिवाहयन्ति तथा प्रकृतिलयाः साधिकारे चेतसि प्रकृतिलीने कैवल्यपदमिवानुभवन्ति यावन्न पुनरावर्तन्तेऽधिकारवशाच्चित्तमिति - (योगसूत्र व्यासभाष्य)

यसको आशय विदेह प्रमाता दुई प्रकारका हुन्छन्। प्रथम पञ्चभूत एकादश इन्द्रियरूप अनात्म पदार्थमा कुनै एकमा आत्मभावना गरेर उपासना गर्ने (अनात्मामा आत्मभावना गर्ने) यिनीहरू इन्द्रिय चिन्तक विदेह हुन्। तथा प्रकृति, महत्तत्त्व अहङ्कार तथा पञ्चतन्मात्रा रूप अनात्म पदार्थमा आत्म

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भावना गर्ने प्रकृतिलीन हुन्। यस रीतिले यिनी दुई विज्ञानाकल प्रमाता हुन् भन्न सकिन्छ, यिनीहरूको प्रमेय पञ्चभूत, एकादश इन्द्रिय र प्रकृति महत्तत्त्व अहङ्कार पञ्चतन्त्रा हुन् भन्न सकिन्छ।

यो समाधिलाई भवप्रत्ययसमाधि भनिन्छ। भव प्रत्ययको व्युत्पत्ति गर्दा –

'भवन्ति जायन्ते जन्तवोऽस्यामिति भवोऽविद्या तत्र प्रतीयन्ते उत्पद्यन्ते प्राणिनोऽनेनेति प्रत्ययः कारणम्। भवोऽविद्या प्रत्ययः कारणं यस्य वृत्ति-निरोधस्य स भवप्रत्ययः'

यस व्युत्पत्तिले अविद्याजन्य वृत्ति निरोध भवप्रत्यय भनिन्छ। देवभावमा पुगेको विदेह नामक साधकहरूको र प्रकृतिलय नामक उपासकहरूको चित्तवृत्तिनिरोधको कारण अविद्या (अल्पज्ञान) हो। यिनी प्रकृत्यादि अनात्ममा आत्मबुद्धि गर्नु नै अविद्या हो। किनभने पञ्चभूत एकादश इन्द्रिय आत्मा हैनन्। संस्कार शेषरूप निरोध समाधि दुई प्रकारको भनिएको छ भवप्रत्यय र उपायप्रत्यय। उपायप्रत्ययरूप निरोध समाधिको श्रद्धा (उत्कट इच्छा) वीर्य (उत्साह) स्मृति, समाधि, प्रज्ञा (ज्ञानको आधिक्य, उत्कृष्टता) पूर्वक जुन समाधि हुन्छ त्यो उपायप्रत्यय जन्मनिरोध समाधि हो। त्यो योगीहरूको हुन्छ –

श्रद्धावीर्यस्मृतिसमाधिप्रज्ञापूर्वक इतरेषाम्। – (योगसूत्र १।२०)

यो समाधिमा पुगेका प्राणीहरूलाई प्रलयाकल प्रमाता भन्न सकिन्छ किनभने ती प्रलयाकल पर्यन्त कर्तृत्वरहित शिवभाव दशामा रहन्छन्। वायुपुराणमा यी प्रमाताहरूको यसरी उल्लेख गरिएको छ –

दशमन्वन्तराणीह तिष्ठन्तीन्द्रिय चिन्तकाः।
भौतिकास्तु शतं पूर्णं सहस्रत्वाभिमानिकाः॥
बौद्धाः दश सहस्राणि तिष्ठन्ति विगतज्वराः।
पूर्णशतसहस्रन्तु तिष्ठन्त्यव्यक्तचिन्तकाः॥
पुरुषं निर्गुणं प्राप्य कालसंख्या न विद्यते।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जुन इन्द्रिय चिन्तक (इन्द्रियलाई नै आत्मा मानेर ध्यान गर्नेहरू) दश मन्वन्तरसम्म आफ्नो चिन्तनको विषय इन्द्रियहरूमा लीन रहेर पुनः संसारमा जन्मन्छन्। यसै गरी पञ्चभूतलाई आत्मा मान्ने चिन्तक सय मन्वन्तरसम्म, उत्कृष्ट अहङ्कार चिन्तक हजार मन्वन्तरसम्म, बौद्ध (बुद्धिलाई आत्मा मान्ने) चिन्तक दशहजार मन्वन्तरसम्म, बुद्धिमा लीन भएर अव्यक्तलाई आत्मा मान्ने चिन्तक एक लाख मन्वन्तरसम्म प्रकृतिमा लीन रहेर पुनः संसारमा आउँछन्। त्यस भन्दामाथि शुद्ध सृष्टि नै हो त्यो परमशिवको सृष्टि हो।

यस रीतिले परमशिव भावमा पुगेका शिव र शक्तिको सामीप्यमा पुगेका प्राणी सकल प्रमाता सदाशिवतत्त्वमा पुगेका, सदाशिवलाई साक्षात्कार गरेका मन्त्रमहेश्वर प्रमाता ईश्वरतत्त्वमा पुगेका प्राणी मन्त्रेश्वर प्रमाता सद्विद्यातत्त्वमा पुगेका प्राणी मन्त्र प्रमाता हुन्, त्यसपछिका प्राणी प्रलयाकल विज्ञानाकल, सकल प्रमाता हुन्। त्यसमा मायीय मलले मात्रै आवृत्त विज्ञानाकल, मायीय र आणवमलले आवृत्त प्रलयाकल हुन्। मायीय, आणव, कार्म तीन मलले आवृत्त सकलप्रमाता हुन्। यस रीतिले सप्त प्रमाताहरूको विवेचन प्रत्यभिज्ञा दर्शनमा गरिएको छ। यसरीतिले शुद्ध सृष्टि भनेको परमशिव, पराशक्ति, सदाशिव, ईश्वर र शुद्धविद्यासम्मको सृष्टिलाई शुद्ध सृष्टि भनिन्छ।

माया र मायाका पाँच कञ्चुक

तत्त्वविचारको क्रममा अवरोह क्रमले विचार गर्दा शुद्धविद्या पछिको तत्त्व माया नै हो। जस्तो पूर्वमा पनि उल्लेख गरी सकिएको छ– शक्तितत्त्वमा 'अहम्' सदाशिवतत्त्वमा 'अहम्' र 'इदम्'को र 'अहम्'को प्राधान्य 'इदम्' अप्राधान्य तथा ईश्वरतत्त्वमा पनि 'अहम्' र 'इदम्'को प्रकाश त्यसमा 'इदम्'को प्राधान्य सद्विद्यातत्त्वमा 'अहम्' र 'इदम्'को समधृततुलापुटन्यायेन समान प्रधानता हुन्छ भनिएको छ।

यो सद्विद्यासम्मको सृष्टि शुद्ध सृष्टि हो भने सद्विद्यातत्त्वपछि मायाको प्रादुर्भाव हुन्छ या मायातत्त्वबाट मायाका पाँच कञ्चुक विद्या, राग, काल, कला नियति यी पाँचको प्रादुर्भाव हुन्छ। पाँचकञ्चुकमध्ये सर्व प्रथम परिगणित विद्या अशुद्ध विद्या हुन्। यस कञ्चुकले सर्वज्ञ शिव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यत्किञ्चिज्ज्ञ (केही मात्रै जान्न अल्पज्ञ) बन्छन् । राग कञ्चुकले वेष्टित (वेरिएका) शिव सर्वदा तृप्त सदैव भरिपूर्ण भए पनि केही मात्रले सन्तुष्ट नभएर त्योभन्दा अरु पनि चाहना भएका बन्छन् । कला कञ्चुक बेरिएका शिव सदा सर्वकर्तृत्वले युक्त भए पनि यत्किञ्चित् कर्ता बन्न पुग्दछन् । काल कञ्चुकले वेष्टित शिव सदा सर्वत्र समान रूपले रही रहने म अहिले यहाँ जान्दै छु भन्ने भावले युक्त भएर कुनै एक देशमा मात्रै आफ्नो स्थिति भएको भान गर्दछन् । नियति कञ्चुकले वेष्टित भएर (बेरिएर) परमशिव सबैका स्वामी सबै सञ्चालक भए पनि भाग्यको अधीनमा भएका बन्दछन् यसलाई माथि नै उल्लेख गरिसकिएको छ। शिवलाई सङ्कुचित पार्ने माया शक्तिलाई शैव दर्शन भेदमयी दृष्टिलाई माया मानिएको छ। अर्थात् मायाले शिवको स्वरूपको तिरोधान सर्वज्ञ, सर्वकर्ता, पूर्णतृप्त, सर्वव्यापक, स्वतन्त्र शिवलाई यत्किञ्चिज्ज्ञ, यत्किञ्चित्कर्ता, रागी कुनै एक स्थानमा स्थित, भाग्याधीन बनाउने तत्त्व माया हुन् । यद्यपि मायाशक्तिले परमशिवको पतित्व, सर्वज्ञत्व सर्वकर्तृत्व सर्वव्यापकत्व आदि ऐश्वर्यभाव रोक्दछिन् तथाऽपि विद्या शक्तिले गर्दा पशुभावमा पनि यो ऐश्वर्यभाव त्यसको प्रकाश हुन्छ, किन्तु मायाशक्तिले गर्दा पाशमा पार्ने स्वतन्त्रतालाई नाश गर्ने द्रष्टा र दर्शन भेद गर्ने भए पनि विद्याशक्तिले भने त्यस ऐश्वर्यशक्तिको प्रकाश गर्छिन् । मायाशक्तिले अचित् (जड) रूप शून्य आदिमा प्रमाताको भाव उत्पन्न गरेर चिन्मयतत्त्वलाई पनि भेदको अभिमानले युक्त बनाएर शिवको स्वरूप ढाकिदिन्छिन् यी मायाशक्ति मोहिनीशक्ति हुन् –

तस्यैश्वर्यस्वभावस्य पशुभावे प्रकाशिका ।
विद्याशक्तितिरोधानकरी मायाभिधा पुनः ॥

– ईश्वरप्रत्यभिज्ञा ३।१।७

यहाँ आएर योगदर्शनको सम्प्रज्ञात समाधिमा इन्द्रिय, बुद्धि, अहङ्कार, प्रकृतिका उपासकहरूलाई आत्मा मानेर ती चिन्तकहरू केही समय ती तत्त्वमा लीन भएर पुनः संसारमा फर्कन्छन् भन्ने कुरो मिल्न जान्छ। भन्नाको आशय हो शुद्धविद्यातत्त्वका अधिष्ठाता मन्त्र परमेश्वर (अनन्तनाथ मायामा क्षोभ) उत्पन्न त्यसलाई विद्या, राग, काल, कला, नियति पाँच रूप प्रकट गर्छन् । यी पाँच मायाका परिणाम अथवा विस्तार हुन् । यिनैलाई पञ्चकञ्चुक भनिन्छ। मायाको भूमिकामा पुगेको प्रमाता मायाको प्रभावले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आफू शुद्धज्ञान स्वरूप बुझ्न छोडेर सङ्कुचित ज्ञानवान् सम्झन्छ। यसलाई शून्य भनिदिए हुन्छ। विज्ञानवादी बौद्धहरू र प्रमेयरहित केवल शुद्ध विज्ञान धारालाई शून्य नै मान्दछन् । सांख्य प्रकृतिबाट उत्पन्न बुद्धिलाई जड संसारको कारण मान्दछन्। किन्तु प्रत्यभिज्ञादर्शन ज्ञानलाई जड हैन चित् नै मान्दछ । मायाको विद्याकञ्चुकले किञ्चिज्ज्ञत्व (केही मात्रै जान्ने) कला कञ्चुकले किञ्चित् (सर्वकर्तामा) केही मात्रै कर्तृत्व उत्पन्न भन्ने कुरा ईश्वरप्रत्यभिज्ञाविमर्शिनीमा उपस्थापित गरिएको छ –

अस्य शून्यादेर्जडस्य विद्या किञ्चिज्ज्ञत्वोन्मीलनरूपा बुद्धिदर्पणसंक्रान्तं भावराशिं नीलसुखादि विविनक्ति । कला किञ्चित्कर्तृत्वोपोद्बलनमयी कार्यमुद्भावयति, किञ्चिज्जानामि, किञ्चित् करोमीति।

– (ईश्वरप्रत्यभिज्ञा विमर्शिनी ३।१।९)

काल कञ्चुकले क्रमको प्रवृत्ति गराउँदै प्रमातामा प्रभाव पार्दै त्यस अनुसार प्रमेयमा प्रसार गर्छ। जो म कृश दुब्लो थिएँ अहिले मोटो भएको छु र अझै हुनेछु (यो कालको प्रमातामा प्रभाव हो) –

तथा हि कालः क्रममासूत्रयन् प्रमातरि विजृम्भाणस्तदनुसारेण प्रमेयेऽपि प्रसरति, योऽहं कृशोऽभवं, स स्थूलो वर्ते भविष्यामि स्थूलतरः ।

– (ईश्वरप्रत्यभिज्ञाविमार्शिनी ३।१।९)

यसैगरी कला, विद्या, काल, राग, नियतिद्वारा ओतप्रोत भएर मायाद्वारा सबै ऐश्वर्य अपहृत भएर अपहृत राशि मध्यबाट केही थोरै भागमात्र दिइएको भएको मित प्रमाता (किञ्चिज्ज्ञ) हुन्छ 'यस बेला म यतिमात्र जान्दछु, यो मात्रै गर्छु, यो मात्रै राग (अभिलाषा, अनुराग) गर्छु' भन्छ –

एवं कलाविद्याकलारागनियतिभिरोतप्रोतो माययापहृतैश्वर्यसर्वस्वः सन् पुनरपि प्रतिवितीर्णतत्सर्वस्वराशिमध्यगतभागमात्र एवं भूतोऽयम् मितप्रमाता भाति इदानीमिदं किञ्चिज्जानान इदं कुर्वाणोऽत्र रक्तोऽत्रैव च यः सोऽहमिति।

– (ईश्वरप्रत्यभिज्ञाविमर्शिनी ३।१९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष र प्रकृतितत्त्व

मायासहित कला विद्या, राग, काल, नियति यी छ कञ्चुकद्वारा बेरिएको र यसरी सङ्कुचित बनेको संवित्तत्त्व ज्ञान शक्तियुक्तलाई नै पुरुषतत्त्व भनिन्छ। पुरुष र प्रकृतितत्त्व सांख्य र योग दर्शनमा पनि अभिमत छन् । पुरुषलाई शून्यको रूपमा पनि मानिन्छ बौद्ध दर्शनमा । जीव, अणु, पशुं, नर, माया, प्रमाता, पुंस्तत्त्व आदि यसैका नामान्तर हुन् । यस माया प्रमाताको एउटा सामान्य लघु आकार 'इदम्' यो रूपमा आभासित भएर प्रमेयतत्त्व बन्छ यो प्रकृतितत्त्व हो। प्रकृतितत्त्व सामान्यत 'इदम्' यो रूपमा आभासित हुन्छ 'अहम्' म रूपमा हुँदैन । यो 'इदम्' समस्त ब्रह्माण्डको सामान्य आकार हो। प्रमातादेखि भिन्न ब्रह्माण्ड 'इदम्' भिन्न नै मान्नु पर्छ।

समस्त विश्व यस 'इदम्' भित्र नै समेटिएको हुन्छ जस्तो मयूर फूल(अण्डा) भित्र मजुर प्वाँखका सबै रङ्ग समेटिएका हुन्छन् । यो प्रपञ्च विकासको अवस्थामा चेतनतत्त्व, यो पुरुष कुनै ठाउँमा शून्य कुनै ठाउँ प्राण कुनै ठाउमा अन्तःकरण (मन, बुद्धि, चित्त, अहङ्कार) कुनै ठाउँमा स्थूल शरीरलाई आफ्नो स्वरूप अर्थात् 'अहम्' ठान्दछ –

चित्तत्त्वं मायया हित्वा भिन्न एवावभाति यः ।
देहे बुद्धावथ प्राणे कल्पिते नभसीव वा ॥
प्रमातृत्वेनाऽहमिति विमर्शोऽन्यव्यपोहनात् ।
विकल्प एव स परप्रतियोग्यवभासजः ॥

– ईश्वरप्रत्यभिज्ञा १।६।४–५

चित्तत्त्व अर्थात् 'अहम्' मायाले गर्दा आफ्नो सम्पूर्णतत्त्व स्वरूपतालाई त्याग गरेर जड मानिएको तत्त्वदेखि अवभासित हुन्छ। त्यो कही स्थूल देहमा, कहिले बुद्धिमा, कहिले प्राणमा, कहिले कल्पित आकाशमा प्रमाताको रूपमा अन्यलाई पृथक् गरेर जो ज्ञान हुन्छ त्यो वास्तवमा विकल्प नै प्रतियोगीको अवभासबाट भएको हो।

'अहम्' यो अवमर्श (विमर्श) दुई प्रकारका छन् शुद्ध र मायीय । शुद्ध 'अहम्' संवित् स्वरूप विश्वदेखि अभिन्न परमशिव र विश्वको छायाले मुक्त सदाशिवमा। अशुद्ध 'अहम्' वेद्य (प्रमेय) शरीर, बुद्धि, प्राण इत्यादिमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ। शुद्ध 'अहम्' प्रत्यय विमर्शमा कुनै प्रतियोगी हुँदैनन् अर्थात् उसमा विकल्पको संभावना छैन। किन्तु शरीर प्राण देहादिमा 'अहम्' प्रत्ययको साथै 'इदम्' प्रत्यय पनि हुन सक्दछ, त्यसो हुनाले त्यो प्रतियोगी (विकल्प)सहितको 'अहम्' प्रत्यय हो।

सांख्यका र प्रत्यभिज्ञाका तत्वहरू

यसपछि पुरुष र प्रकृतिलाई लिएर सांख्यको २५ तत्त्व र प्रत्यभिज्ञाका २५ तत्त्वहरू यस प्रकार छन् –

सत्वगुण रजोगुण तमोगुण साम्यावस्था प्रकृति हो, प्रकृतिबाट महत्तत्त्वको महत्तत्त्वबाट अहङ्कारको अहङ्कारबाट पाँचतन्मात्रा पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय। कर्म र ज्ञानेन्द्रिय मन यस रीति एघार इन्द्रिय यी सोह्रतत्त्व पाँच तन्मात्रा शब्दतन्मात्रा, स्पर्शतन्मात्रा, रूपतन्मात्रा, रसतन्मात्रा, गन्धतन्मात्रा यी पाँचतन्मात्राको उत्पत्ति र पाँच तन्मात्रा पाँच स्थूल भूत अर्थात् शब्दतन्मात्राबाट आकाश, स्पर्शतन्मात्राबाट वायु, रूपतन्मात्राबाट तेज रसतन्मात्राबाट जल, गन्धतन्मात्राबाट पृथ्वीको यसरी २४ तत्त्व र पुरुषलाई पच्चीसतत्त्व भनिएको छ। पुरुष र प्रकृतिको गणना पूर्वमा भइसकेको छ। अवशिष्टको मान्यता पनि प्रत्यभिज्ञादर्शनले पनि दिएको छ –

त्रयोविंशतिधा मेयं यत्कार्यकारणात्मकम्।
तस्याविभागरूप्येकं प्रधानं मूलकारणम्॥

– ईश्वरप्रत्यभिज्ञा ३।१।१०

मेय (प्रमेय) ज्ञेयतत्त्व तेइस प्रकारका छन् ती कार्य र कारणको रूपमा छन्– प्रवृत्तिकारण महत्तत्त्व (बुद्धितत्त्व) कार्य, महत्तत्त्वकारण अहङ्कारतत्त्व कार्य, अहङ्कारतत्त्व कारण पाँचतन्मात्रा, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय एक उभयात्मक (ज्ञानेन्द्रिय र कर्मेन्द्रिय दुवै भएको) मन रूपी इन्द्रिय उत्पत्ति तथा पाँच तन्मात्राबाट पाँच महाभूतको उपत्तिसहित यस रीतिले पुरुष प्रकृतिलाई लिएर २५ तत्त्व प्रत्याभिज्ञा दर्शनले पनि स्वीकार गरेको छ। पुरुष र प्रकृतिलाई छोडेर तेइस तत्त्वको गणना पनि प्रत्यभिज्ञाले यस रीतिले गरेको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्रयोदशविधाचात्र बाह्यान्तः करणावली ।
कार्यवर्गश्च दशधा स्थूलसूक्ष्मत्वभेदतः ॥

– ईश्वरप्रत्यभिज्ञा ३।१।११

यी तेइस भेदको स्वरूप यस कारिकामा गरिएको छ । बाह्य (बाहिरी) अन्तः भित्री गरेर इन्द्रियहरू, कार्य वर्गको ज्ञान गराउने साधन, ज्ञानका साधनहरू तेह्र प्रकारको छ, कार्य वर्ग अर्थात् ज्ञेय स्थूल र सूक्ष्म । पाँच स्थूल (पृथ्वी, जल, तेज, वायु, आकाश), पाँच सूक्ष्म रूप (गन्धतन्मात्रा, रसतन्मात्रा, रूपतन्मात्रा, स्पर्शतन्मात्रा, शब्दतन्मात्रा) गरेर कार्य वर्ग (मेयवर्ग, ज्ञेयवर्ग) दश छन् भने मेय(ज्ञेय) तेइस प्रकारको भनेको छ, भने सांख्यदर्शनले पनि त्यसै गरी प्रकृतिदेखि पृथ्वीसम्म २५ तत्त्वलाई मान्यता दिएको छ –

प्रकृतेर्महांस्ततोऽहंकारस्तस्माद् गणश्च षोडशकः ।
तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्चभूतानि ॥

– सांख्यकारिका २२

पुरुषसहित प्रकृति र त्यसदेखि उत्पन्न २३ तत्त्वलाई लिएर पञ्चविंशतिगण सांख्याको तत्त्व संख्या हो । प्रत्यभिज्ञादर्शनले ३६ तत्त्व मानेको छ । यी २५ तत्त्वको सांख्यले एउटा अर्को वर्गीकरण पनि छ– प्रकृति, विकृति । प्रकृति र विकृति दुवै न प्रकृति न विकृति यसरीतिले ४ वर्गमा विभक्त गरेको छ– मूल प्रकृति प्रकृतिमात्रै हो विकृति हैन, त्यो प्रकृति कुनैबाट उत्पन्न हैन, महत्तत्त्व अहङ्कार पञ्चतन्मात्रा यी सात प्रकृति विकृति हुन्, महत्तत्त्व विकृति हो, प्रकृतिबाट उत्पन्न हुन्छ । प्रकृति पनि हो, उसले अहङ्कारको उत्पत्ति गर्छ । अहङ्कार विकृति हो । किनभने त्यो महत्तत्त्व (बुद्धि)बाट उत्पन्न हुन्छ, प्रकृति पनि हो किनभने अहङ्कारबाट नै पञ्चतन्मात्राको उत्पत्ति हुन्छ।

यसै गरी पञ्चतन्मात्राहरू विकृति हुन् । किनभने तिनीहरू अहङ्कारबाट उत्पन्न हुन्छन् । प्रकृति पनि हुन् किनभने यिनीहरूले आफ्नो आफ्नो गुणसहित आफ्नो विभिन्न तत्त्वको उत्पत्ति गर्छन् । जस्तै शब्दतन्मात्राले शब्द गुण भएको आकाश उत्पन्न गर्छ । त्यसो हुँदा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शब्दतन्मात्रा प्रकृति भयो। स्वयं शब्दतन्मात्रा अहङ्कारबाट उत्पन्न भएकोले विकृति भयो। यसै गरी शब्दगुण भएको आकाशले शब्दगुण स्पर्शगुण भएको वायुलाई उत्पन्न गर्छ त्यसो हुँदा आकाश प्रकृति भयो। त्यसै गरी शब्द र स्पर्श दुई गुणयुक्त वायुले शब्द, स्पर्श र रूप गुणले युक्त भएको तेजलाई उत्पन्न गर्छ, त्यसो हुँदा वायु प्रकृति भयो, स्वयं आफू वायु आकाशबाट उत्पन्न भएकोले विकृति भयो। यसै वायुबाट शब्द स्पर्श रूप तीन गुणले युक्त भएको तेज उत्पन्न हुन्छ, त्यसो हुँदा तेज विकृति भयो। साथै तेज वायुबाट उत्पन्न भएकोले विकृति हो। यसै गरी शब्द शब्द स्पर्श रससहित गन्ध गुणले युक्त भएकी पृथिवीलाई जलले उत्पन्न गर्छ त्यसो हुँदा जल प्रकृति र विकृति भयो पृथिवी विकृति भइन् र पृथिवीबाट सम्पूर्ण अन्न आदि उत्पन्न पृथिवी प्रकृति पनि भइन्। यसै कुरालाई सांख्यकारिकामा टीकाकार वाचस्पति मिश्रले व्याख्या गरेका छन् –

तत्र शब्दतन्मात्रादाकाशं शब्दगुणम्, शब्दतन्मात्रसहितात् स्पर्शतन्मात्राद्, वायुः शब्दस्पर्शगुणः, शब्दस्पर्शतन्मात्रसहिताद्, रूपतन्मात्रात्तेजः शब्दस्पर्शरूपगुणम्, शब्दस्पर्शरूपतन्मात्रसहिताद् रसतन्मात्रादापः (जलम्) शब्दस्पर्शरूपरसगुणाः, शब्दस्पर्शरूप रसतन्मात्रसहिताद् गन्धतन्मात्राच्छब्दस्पर्शरूपरसगन्धगुणा पृथिवी जायते इत्यर्थः। – सांख्यकारिका २२को व्याख्या।

सर्वप्रथमतत्त्व प्रकृति नै हुन् प्रकृतिको स्वरूप **प्रकरोतीति प्रकृतिः** (जसबाट सबैतत्त्वको उत्पन्न हुन्छ, सबै काम गर्ने नै प्रकृति हो। प्रकृतिलाई मूल प्रकृति भनिएको छ, उनी कुनै तत्त्वको विकृति हैनन् ।) **'मूल प्रकृतिरविकृतिः'** प्रकृतिभन्दा माथिका तत्त्व पुरुष हुन्। पुरि (शरीरे) शेते तिष्ठतीति पुरुषको शरीरमा वास गर्ने चित्तत्त्व, पुरुषका छ कञ्चुक माया, विद्या, कला, राग, काल, नियतिलाई षट्कञ्चुक भनिन्छ। यी षट्कञ्चुकले बेरिएको चित् शिवतत्त्व नै पुरुष हो। सङ्कुचित संवित् (सर्वज्ञता त्यागेर किञ्चिज्ज्ञ बन्नु) नै पुरुषतत्त्व हो। प्रत्यभिज्ञादर्शनमा कञ्चुकावृत शिवलाई जीव, अणु, पशु, नर, माया, प्रमाता आदि नाम दिइएको छ। यस माया प्रमाताको जुन सामान्य आकार 'इदम्' यसै रूपमा मात्रै अवभासित हुदा प्रमेयतत्त्व हुन्छ त्यो नै प्रकृति तत्त्व हो अर्थात् प्रकृतितत्त्वमा 'इदम्'को मात्रै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आभास हुन्छ 'अहम्'को आभास हुँदैन प्रकृतिबाट उत्पन्न अरु बुद्धि अहङ्कार आदि पनि 'इदम्' रूपमा नै भासित हुन्छन् 'अहम्' रूपमा भासित हुँदैनन् । प्रकृतिको स्वरूप (लक्षण) उपस्थापित गर्दा सांख्यसूत्रले **'सत्वरजस्तमसां साम्यावस्था प्रकृतिः'** भनेको छ । यी तीन गुणका साम्यावस्थामा सृष्टि हुँदैन । शिवको ज्ञानशक्ति सङ्कुचित सत्त्वगुण भनिन्छ । शिवको क्रियाशक्तिको सङ्कुचित रूप रजोगुण हो र शिवको मायाशक्तिको सङ्कुचित रूप तमोगुण हो –

स्वाङ्गरूपेषु भावेषु पत्युर्ज्ञानं क्रिया च या ।
मायातृतीये त एव पशोः सत्त्वं रजस्तमः ॥

– ईश्वरप्रत्यभिज्ञा ४।१।४

अभेद दृष्टिको प्रमातालाई पति भनिन्छ भने भेद दृष्टिले देख्ने प्रमातालाई पशु भनिन्छ । यहाँ यो शङ्का हुन्छ– परमशिवका ज्ञान क्रिया माया यी तीन शक्ति शिवदेखि भिन्न छैनन् । **'शक्तिशक्तिमतोर्भेदः शैवे जातु न वर्ण्यते'** पशुमा विद्यमान यी सत्त्व, रज, तम गुण पशु प्रमातादेखि प्रकृतिका गुण किन भनिए ?

ननु चैवं सति यथा परमेश्वरस्य ज्ञानक्रियामाया अव्यतिरेकिण्यः शक्तयस्तद्वत् पशोः सत्त्वरजस्तमांसि प्रसज्यन्ते, व्यतिरिक्तानि च तानि पुंस्तत्त्वाद् गण्यन्ते (प्रकृतेर्मन्यन्ते) तदेतत् कथम् ?

यसको उत्तरमा प्रत्यभिज्ञामा भनिएको छ –

भेदस्थितेः शक्तिमतः शक्तित्वं नापदिश्यते ।
एषां गुणानां करणकार्यत्वपरिणामिनाम् ॥

– ईश्वरप्रत्यभिज्ञा ४।१।५

शक्तिमान् शिवको भेद स्थितिको कारण **(एकोऽहम् बहु स्याम्)** म एकै हुँ तथापि बहु (धेरै) बनौं भन्ने शिवको आकांक्षा (इच्छाशक्ति)ले गर्दा कार्यत्वको रूपमा परिणत भएका यी तीन भेदरूपमा स्थिति (प्रकृतिमा स्थिति) हुन्छ र यी प्रकृतिका गुण भनिन्छ । यी गुण कारण पनि बन्दछन् कार्य पनि बन्दछन् । जस्तै बुद्धि कारण हो अहङ्कारको बुद्धिबाट उत्पन्न हुन्छ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साथै कार्य हो प्रकृतिको, प्रकृतिबाट बुद्धिको उत्पत्ति हुन्छ। यसै गरी ईश्वरका ज्ञान, क्रिया, माया, शक्ति भए पनि प्रकृतिका पनि कार्य हुन सक्छन्।

बुद्धितत्त्व र अहङ्कारतत्त्व

पूर्व नै भनिसकिएको हो प्रकृतिबाट महत्तत्त्वको उपत्ति महत्तत्त्वबाट अहङ्कार तत्त्वको उत्पत्ति हुन्छ। महत्तत्त्व नै बुद्धितत्त्व हो। बुद्धिको स्वरूप अध्यवसाय (निश्चय गर्नु) हो। निश्चय गर्नु क्रिया हो बुद्धि कर्मी (क्रियावान्) छ तथापि क्रिया र क्रियावान्को अभेद अभिन्नताको विवक्षा गरेर **'अध्यवसायो बुद्धिः'** भनिएको हो। बुद्धिका दुई रूप छन् सात्त्विक र तामस। सात्त्विक बुद्धिका धर्म, ज्ञान, वैराग्य, ऐश्वर्य यी चार रूप छन् तामस बुद्धिका अधर्म अज्ञान अवैराग्य अनैश्वर्य यी चार रूप छन् –

अध्यवसायो बुद्धिर्धर्मो ज्ञानं विराग ऐश्वर्यम्।
सात्त्विकमेतद् रूपं तामसमस्माद् विपर्यस्तम्॥ – सां.का.२३

'अहम्' म यस प्रकारको अभिमान (गर्व) लाई अहङ्कार भनिन्छ। जुन गृहीत (स्वीकार गरिएको) विचारित विषयमा म यहाँ मै अधिकारी हुँ, मैरै निमित्त यी विषय मदेखि भिन्न यहाँ कुनै अधिकारी छैन, त्यसै हुनाले म यहाँ छु जुन यस प्रकारको अभिमान छ, त्यो अहङ्कार हो। त्यस अहङ्कारले गर्दा नै बुद्धिले निश्चय गर्छ। यो कर्तव्य हो, अहङ्कारबाट नै पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय र उभायत्मक मन यी एघारको सृष्टि भएको हो।

अभिमानोऽहङ्कारस्तस्मात् द्विविधः प्रवर्तते सर्गः।
एकादशकश्च गणस्तन्मात्रापञ्चकश्चैव॥ – सांख्यकारिका २४

अभिमानोऽहङ्कारः। यत् खल्वालोचितं मतञ्च तत्र अहमधिकृतः शक्तः खल्वहमत्र मदर्था एवाऽमी विषयाः, मत्तो नान्योऽत्राधिकृतः कश्चिदस्ति अतोऽस्मि' इति योऽभिमानः सोऽसाधारणव्यापारत्वादहङ्कारः तमुपजीव्य हि बुद्धिरध्यवस्यति 'कर्तव्यमेतन्मया'

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अहङ्कारका दुई प्रकारका कार्यका भेद हुन्छन् । अहङ्कारले दुई प्रकारका काम गर्छ– एघारको समूहको सृष्टि गर्छ र पाँच तन्त्रमात्रका समूहको पनि सृष्टि गर्छ –

सात्विक एकादशकः प्रवर्तते वैकृतादहङ्कारात् ।
भूतादेस्तन्मात्रः स तामसः तैजसादुभयम् ॥

– सांख्यकारिका २५

सात्विक (सत्त्व गुणयुक्त) अहङ्कारबाट ११ इन्द्रिय, तामस अहङ्कारबाट पाँच तन्मात्रको गण उत्पन्न हुन्छ । ११ इन्द्रिय पाँच तन्मात्राहरू सत्त्वगुण र तमो गुणबाट उत्पन्न हुन्छन् भने रजोगुणको कार्य के हो ? यस्तो शङ्का भएमा भनिएको **'तैजसादुभयम्'** तैजस अर्थात् रजोगुणको योग इन्द्रिय र तन्मात्र दुवैको उत्पत्तिमा हुन्छ । यद्यपि रजोगुणको बेग्लै कुनै कार्य छैन तथापि सत्त्वगुण र तमोगुण स्वयम् अक्रिय छन् । उनीमा क्रियाशक्ति हुँदैन, रजोगुणमा क्रियाशक्ति हुन्छ, उत्पादनमा क्रियाशक्ति चाहिन्छ, त्यसो हुँदा रजोगुण क्रियाशक्तिले युक्त हुँदा कार्योत्पादनमा दुवै सत्त्वगुण र तमोगुणको सहायक हुन्छ ।

एकादश इन्द्रिय विवेचन

अहङ्कारबाट एघार इन्द्रियको उत्पत्ति हुन्छ भनियो । ती इन्द्रिय दुई प्रकारका हुन्छन् । ज्ञानेन्द्रिय र कर्मेन्द्रिय । बुद्धीन्द्रिय आँखा, कान, नाक, जिभ्रो र छाला हुन् । वाक्, पाणि, पाद, पायु, उपस्थ यी कर्मेन्द्रिय हुन् ।

बुद्धीन्द्रियाणि चक्षुः श्रोत्रघ्राणरसत्वगाख्यानि ।
वाक्पाणिपादपायूपस्थानि कर्मेन्द्रियाण्याहुः ॥

– सांख्याकारिका २६

इन्द्रियको लक्षण नै गर्ने हो भने **सात्त्विकाहङ्कारोपादानकत्वम् इन्द्रियत्वम्** सात्त्विक अहङ्कार जसको उपादान कारण हो त्यो इन्द्रिय हो भनिएको छ । अथवा **इन्द्रस्यात्मनश्चिह्नत्वादिन्द्रियम्** इन्द्र(आत्मा)को परिचय गराउने इन्द्रिय हुन् भनिन्छ । यी दुवै ज्ञानेन्द्रिय र कर्मेन्द्रिय आत्माका लिङ्ग (

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञापक) हुनाले इन्द्रिय हुन् । एघारौं इन्द्रिय मन हो, त्यो ज्ञानेन्द्रिय कर्मेन्द्रिय दुवै हो । त्यसै हुनाले त्यसको स्वरूप भिन्न श्लोकमा बताइएको छ –

उभयात्मकमत्र मनः संकल्पकमिन्द्रियञ्च साधर्म्यात् ।
गुणपरिणामविशेषन्नानात्वं बाह्यभेदाश्च ॥

– सांख्यकारिका २७

मन दुवै प्रकारको (कर्मेन्द्रिय र ज्ञानेन्द्रिय) हो । यो ज्ञानेन्द्रिय हो किनभने सुख दुःखको ज्ञान यसै मनद्वारा हुन्छ । साथै कर्मेन्द्रिय पनि हो किनभने मनले अनेक प्रकारका संकल्प विकल्प गरी राख्छ । एक प्रकारको मात्रै सात्त्विक अहङ्कारबाट (विविध प्रकारका) एघार इन्द्रिय कसरी हुन सक्छन् ? यसको उत्तर हो– **'गुणपरिणामविशेषान्नानात्वं बाह्यभेदाश्च'** सत्त्वगुण, रजोगुण, तमोगुणात्मक तीन गुणको नै परिणाम विशेष हुनाले यी अनेक प्रकारका इन्द्रिय उत्पन्न हुन्छन् । अहङ्कारको उत्पत्ति त्रिगुणात्मिका बुद्धिबाट भएकोले यी इन्द्रिय त्रिगुणात्मक नै छन् । यिनीहरूमा भेद छ । अथवा गुणहरूको विशिष्ट परिणाम अर्थात् धर्माधर्मात्मक अदृष्ट विशेषकारणजस्तै एकप्रकारको तामस अहङ्कारबाट अनेक प्रकार बाह्य पदार्थ पञ्चतन्मात्रा उत्पन्न हुन्छन् त्यस्तै एकै प्रकार सात्त्विक अहङ्कारबाट एघार प्रकारका इन्द्रियहरू उत्पन्न हुन्छन् । यस रीतिले इन्द्रिय एघार भनियो, किन्तु अहङ्कार र बुद्धिलाई पनि करण (अन्तः करण, इन्द्रिय) नै मानेका खण्डमा करण इन्द्रिय तेह्रौं प्रकार भनिन्छ –

करणं त्रयोदशविधं तदाहरणधारणप्रकाशकरम् ।
कार्यञ्च तस्य दशधाऽहार्यं धार्यं प्रकाश्यञ्च ॥ - सां. का. ३२

एघार इन्द्रिय बुद्धि र अहङ्कार यी तेह्र प्रकारका कारण (साधन, इन्द्रियहरू) छन् । यिनीहरूका कार्य, आहार्य, धार्य, प्रकाश्य दश प्रकारका छन् अर्थात् कर्मेन्द्रिय वाक्, हस्त, पाद, उपस्थ, त्वक् यी आफ्नो विषयको आहरण ग्रहण गर्छन् किनभने यिनी विषयको आर्जन ग्रहण गर्ने काम गर्छन् । वाक् शब्दको, हस्तले अर्थको, पादले गमनको, उपस्थले त्यागको, त्वक्ले स्पर्शानुभवको कार्य गर्छ । ज्ञानेन्द्रिय विषयको प्रकाश गर्छन् । नेत्रले रूपको प्रकाश गर्छ, नासिकाले गन्धको प्रकाश गर्छ, त्वक्ले स्पर्शको प्रकाश गर्छ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रसनाले रसको प्रकाश गर्छ, कानले शब्दको प्रकाश गर्छ। बुद्धि, अहङ्कार, मन यी तीन आफ्नो निश्चयादि व्यापारबाट देहीको उपकार गर्छन्।

बाह्य इन्द्रिय र अन्तःकरण तेह्र प्रकारका छन्। स्थूल, सूक्ष्मको भेदले कार्यवर्ग (पञ्च महाभूत र पाँचतन्मात्रको भेदले) दश प्रकारको भन्ने कुरा ईश्वरप्रत्यभिज्ञाले भनेको छ –

त्रयोदशविधा चात्र बाह्यान्तःकरणावली।
कार्यवर्गश्च दशधा स्थूलसूक्ष्मत्वभेदतः॥ - ई. प्र. ३।१।११

कार्यवर्गो दशधा (कार्य १० प्रकारको छ) भनेर विमर्शिनी भनिएको छ- **स्थूलं कार्यं पृथिवी, आपः, तेजो वायुः नभ इति पञ्च भूतानि। सूक्ष्ममेषामेव रूपं गन्धो रसो रूपं स्पर्शः शब्द इति।** भन्नुको आशय गन्धतन्मात्रा, रसतन्मात्रा, रूपतन्मात्रा, स्पर्शतन्मात्रा र शब्दतन्मात्रै हो। यिनीहरूलाई एक एक गुण आकाशादि हुन् अथवा एक एक गुणको वृद्धि गर्दै पृथ्वी रूपरसगन्धस्पर्शशब्द पाँचौ गुणले युक्त छन् भन्ने आशय हो। त्यसो हुँदा शब्द गुण भएको आकाश हो, शब्द र स्पर्श गुण भएको वायु हो, शब्द स्पर्श रूप भएको तेज हो, शब्द स्पर्श रूप, रस भएको जल हो, शब्द, स्पर्श, रूप, रस गन्ध भएकी पृथिवी हुन् भन्ने कुरा आउँछ। यी पाँचको सूक्ष्म रूप तन्मात्रलाई न्याय वैशेषिकले परमाणु नाम दिएको छ। यस प्रकार परमशिवतत्त्वदेखि पृथिवी पर्यन्त ३६ तत्त्वको विवेचन प्रत्यभिज्ञाले गरेको छ भने पुरुषदेखि पृथिवी पर्यन्त २५ तत्त्वको विवेचन सांख्यले गरेको छ। वैशेषिकले सात नै पदार्थ भनेको छ न्यायले सोह्र पदार्थ भनेको छ। यो प्रायः दर्शनभेद हो। योग दर्शनले सांख्य दर्शनका २५ तत्त्वलाई जस्ताको त्यस्तै स्वीकार गर्दै ईश्वरलाई छब्बीसौं तत्त्व मानेको छ। वास्तवमा प्रत्यभिज्ञादर्शन नै पूर्णदर्शन हो, यस दर्शनले भनेको कुरा मानेर साधना गरेमा परमशिवको अनुग्रह प्राप्त हुन्छ यसमा सन्देह छैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अध्वा मार्गलाई भनिन्छ। शिवलाई चिन्न सकिने बाटोलाई शैव दर्शनमा अध्वा भनिन्छ। हामी शैवशास्त्रको अध्ययनद्वारा शिवभावलाई जान्न सक्छौं। शास्त्रका मुख्य दुई तत्त्व छन् शब्द र अर्थ। शब्द र अर्थको परस्परमा अभिन्न सम्बन्ध छ, अर्थ नभएको शब्दको कुनै महत्त्व हुँदैन, शब्दद्वारा नै अर्थको अभिव्यक्ति हुन्छ, त्यसै हुनाले महाकवि कालिदासले रघुवंशको प्रारम्भ मङ्गलश्लोकमा भनेका छन् -

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ॥

शब्द र अर्थको नित्य सम्बन्ध छ भन्ने आशय हो। शैव दर्शनमा शब्दको विचार गर्दा वर्ण, पद, मन्त्र यी तीन भेद र अर्थको विचार गर्दा कला, तत्त्व, भुवन यी तीन भेद गनिएका छन। यी दुई त्रिकमा शब्दको त्रिकलाई कालाध्वा अर्थको त्रिकलाई देशाध्वा भनिन्छ। यी छको धारणालाई षड्ध्व धारणा भनिन्छ। यी छको पनि स्थूल सूक्ष्म भेद दुई भेद मानेमा अर्थात् स्थूलवर्ण सूक्ष्मवर्ण, स्थूलपद सूक्ष्मपद, स्थूलमन्त्र सूक्ष्ममन्त्र, शब्दाध्वाका छ भेद र अर्थका तीन भेद कलातत्व, भुवनकला, स्थूलकला, सूक्ष्मकला, स्थूलभुवन, सूक्ष्मभुवन गरेर छ भेद मानेमा देशाध्वाका पनि छ भेद हुन्। शब्दको उच्चारणमा समयको अपेक्षा, ह्रस्ववर्ण एकमात्रिक दीर्घवर्ण द्विमात्रिक प्लुतवर्ण त्रिमात्रिक हुन्छ अर्थात् ह्रस्ववर्णको उच्चारण गर्दा जति समय लाग्छ त्यो द्विगुण दीर्घमा ह्रस्वको उच्चारण लाग्ने काल त्रिगुण समय प्लुतमा लाग्छ। वर्णको समूह पद, पदको समूह मन्त्र भएकोले यी सबैमा काल समय त लाग्ने हुनाले यसलाई कालाध्वा भनिएको हो। कालको सूक्ष्म अंशलाई संस्कृतमा क्षण भनिन्छ। कालिक व्यवहार क्रममा आश्रित हुन्छ। लौकिक क्रियामा क्रम हुन्छ कुनै पनि एकचोटि हुन सक्दैन क्रमले हुन्छ किन्तु यो नियम लौकिक क्रियामा हुन्छ भगवान् परमशिवका क्रियामा क्रमको सिद्धान्त लाग्दैन -

सक्रमत्वञ्च लौकिक्याः क्रियायाः कालशक्तितः।
घटते नतु शाश्वत्याः प्राभव्याः स्यात् प्रभोरिव॥

- ईश्वरप्रत्यभिज्ञा २।१।२

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यहाँ मुख्य विचारणीय विषय देशाध्वा र कालाध्वाको हो। पदार्थको आफ्नो रूपमा मूर्ति भनिन्छ, मूर्त्तिको विचित्रताले जस्तै घर भन्नु अर्को हो। आँगन भन्नु अर्को हो, घर एउटा स्थान हो, आँगन भन्नु अर्को स्थान हो। दुवै भिन्न स्थानमा हुन्छन्। उनीहरू मूर्त्ति र स्वरूप पनि भिन्नै हुन्छ र बजार भन्नु पनि भिन्नै हो त्यसको विचित्रताले आभासित (देखिएको) नै देशको रूपले दूर नजिकको रूपले यस मूर्त्ति (स्वरूप)को अभेदले भगवान् शिवले देशाध्वा प्रकट गर्नु हुन्छ भने त्यसै उत्पन्न बालक हो। जन्मक्रियाको आभास हुन्छ, बढछ, किशोर हुन्छ, युवा हुन्छ, पुनः घट्न थाल्छ प्रौढ हुन्छ, वृद्ध हुन्छ, यस प्रकार थौरै व्यक्ति त्यो नै भए पनि उसको रहनु आदि क्रिया परिवर्तन हुन्छ, त्यो परिवर्तन कालले गर्दा भएको हो भगवान् कालाध्वाद्वारा गर्नु हुन्छ–

मूर्तिवैचित्र्यतो देशक्रममाभासयत्यसौ।
क्रिया वैचित्र्यनिर्भासात् कालक्रममपीश्वरः ॥

– ईश्वरप्रत्यभिज्ञा २।१।५

पदार्थस्य स्वं रूपं मूर्तिः तस्या यद् वैचित्र्यं विभेदः तद्यथा गृहमिति अन्यत् स्वरूपं प्राङ्गणमिति अन्यत् विपणिरिति अन्यत् अरण्यमिति तदितरत् तस्माद् वैचित्र्याद् भास्यमानाद् देशरूपो दूरादूरवितत्वावितततत्वादिः क्रमो भगवता अवभास्यते। यदा तु गाढप्रत्यभिज्ञाप्रकाशबलात्। एकस्यैव वस्तुना आत्मभेदाभावाद् वितत्वाद्यनभासेऽपि स्वरूपे तदभासः सदसत्त्वाभ्यां भेदे सति विमर्शैक्येऽपि षड्भावविकारतया क्रमस्थित एवं स च कालरूपस्तथा चासौ जायते इति जन्मक्रियाभासस्तथास्ति विपरिणमते विवर्धतेऽपक्षीयते विनश्यतीति सत्तादिक्रियाणां प्रकाश इत्येष....... कालक्रमः।

काल (समय)का छ विभाग गर्न सकिन्छ। उदाहरणको रूपमा कुनै व्यक्ति जन्मन्छ 'जायते' यो उत्पत्ति काल भयो 'अस्ति' उत्पत्तिपछि अस्तित्वकाल आयो त्यो बालक बढ्छ 'वर्द्धते' अस्तित्व पछि वृद्धिकाल आयो तरुण भयो, त्यो वृद्धिकाल हो। विपरिणमते त्यसपछि प्रौढ भयो वृद्ध भयो 'अपक्षीयते' क्षीण भयो अन्तमा मऱ्यो 'नश्यति' यी छ भाव विकार क्रियाका परिणाम अनुभूत नै छ। यसैलाई कालाध्वा भनिन्छ। कालाध्वाको अभिव्यक्ति वर्ण, पद, मन्त्रद्वारा हुन्छ भने देशाध्वाको अभिव्यक्ति (ज्ञान, अस्तित्व) कला, तत्त्व, भुवन यी तीनले हुन्छ। कालको विवेचन पूर्व पनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भैसकेको छ । कलातत्त्व पाँच प्रकारको मानिएको छ । निवृत्तिकला, प्रतिष्ठाकला, विद्याकला, शान्तकला, शान्तातीतकला, शान्तातीकलामा सृष्टिको प्रारम्भावस्था हुन्छ, यसमा शिव र शक्तिको मात्रै अस्तित्व हुन्छ द्वितीय शान्ताकलामा सृष्टि केही विस्तार हुन्छ, यसमा तीन तत्त्वको अभिव्यक्ति हुन्छ सदाशिवतत्त्व, ईश्वरतत्त्व, शुद्धविद्यातत्त्व। तृतीय विद्याकला हो यसमा पुरुषतत्त्वदेखि माया, मायाका पाँच कञ्चुक (कला, विद्या, राग, काल, नियति) यी साततत्त्व हुन्छन् । चौथो प्रतिष्ठा कला हो यसमा प्रकृतितत्त्वदेखि लिएर जलतत्त्वसम्म २३ तत्त्व हुन्छन्। यसैमा ५६ भुवन पनि पर्छन् । पाँचौ निवृत्तिला हो यसमा अन्तिम सृष्टि पृथ्वी पर्छिन् । पृथ्वी पछि कुनै नवीन सृष्टि छैन त्यसैले निवृत्तिकला भनिएको हो । यसैमा १६ भुवन पनि मानिन्छन्।

वर्ण, पद, मन्त्रको विचारमा वर्णद्वारा पद बन्छ, पदको समुदाय नै मन्त्र हो। यी वर्ण, पद, मन्त्रको उच्चारणमा कालको भेद प्रकट हुन्छ, त्यसैले यसलाई कालाध्वा भनिएको हो। यो सम्पूर्ण प्रपञ्च अर्थ हो। हामी उच्चारण गर्छौं, पृथ्वी यो पद हो, यसको अर्थ यो हाम्रो वासस्थान भूमण्डल हो । भूमण्डल देश हुनाले यसलाई देशाध्वा मान्नु पर्छ । आफ्नो स्वरूपको विचित्रताले देशक्रम देशाध्वा ईश्वरले आभासित गर्छन् भन्ने ईश्वर प्रत्यभिज्ञाको कथन छ। स्वरूपको विविधता उदाहरण पूर्वमा नै उपस्थापित गरिसकिएको छ। ईश्वर प्रत्यभिज्ञाको कथन पुनः उपस्थापित गरौं –

मूर्तिवैचित्र्यतादेशक्रममाभासयत्यसौ।
क्रियावैचित्र्यनिर्भासात् कालक्रममपीश्वरः ॥

मूर्तिको वैचित्र्यले परमशिव देशक्रम अर्थात् देशाध्वालाई आभासित गर्छन् । वर्ण, पद, मन्त्रले तीन प्रकारको कालाध्वामा स्थिति छ भन्ने कुरा तन्त्रालोकमा उपस्थापित गरिएको छ।

परमशिवको क्रियाशक्तिमा कालाध्वाको स्थिति छ, त्यो पूर्वभागमा हुन्छ, उत्तरभागमा मूर्तिवैचित्र्य रूप देशाध्वा हुन्छ। त्यहाँ वर्णाध्वा, मन्त्राध्वा, पदाध्वाको स्थिति कालाध्वामा हुन्छ, ती स्थूल र सूक्ष्म हुन्छन् । देशाध्वाको स्थिति विभाग तत्त्व, पुर, कलाको रूपमा हुन्छ । यो भविष्यमा त्यसको अवसरमा वर्णन गरिने छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शैव परिभाषाले षड्ध्वाको विवरण यस रीतिले उपस्थापित गरेको छ–

अध्वा च मन्त्रपदवर्णभुवनतत्त्वकलाभेदेन षड्विधः । तत्र उत्तरोत्तरः पूर्वपूर्वव्यापकः । मन्त्रा एकादश, पदान्येकाशीतिर्वर्गाः पञ्चाशद् भुवनानि चतुर्विंशत्यधिकद्विशतसंख्यानि तत्त्वानि षट्त्रिंशत्, कलाः पञ्च ।

षड्ध्वाको सम्बन्धमा विशेष

अध्वाको आशय मार्ग हो । बाटो कुनै स्थानमा पुग्ने साधन हो । परम गन्तव्य स्थान परमशिव नै हुन् । शिवतत्त्वको ज्ञान भएपछि त्यहाँ जाने मार्गको उपयोग हुन्छ । ज्ञानको मार्ग वास्तवमा शब्द र अर्थ नै हुन् । शब्द सुनेपछि यसको अर्थको जिज्ञासा हुन्छ । शब्दका अवयव तीन छन्, वर्ण (अक्षर) पद (अक्षर समुदाय) मन्त्र (वाक्य, पदसमुदाय) । प्रत्यभिज्ञा दर्शनानुसार छत्तीसहरूका पाँचकला हुन्छन् यो पूर्वोक्त विवेचनमा आइसकेको छ । यी पाँचकलामा प्रत्येक कलामा अनेक भुवनहरूको अस्तित्व छ। पार्थिव अण्ड (पृथिवी) निवृत्तिककला हो यसमा १६ भुवनको स्थिति तन्त्रसारले मानेको छ –

इति षोडशपुरमेतत् पार्थिवाण्डनिवृत्तिकला

– (तन्त्रसार आन्हिक ७ पृष्ठ २४१)

किन्तु शैव परिभाषाले निवृत्तिकलामा एकमात्र पृथिवीतत्त्व हो र त्यहाँ कालाग्नि आदि १०८ भुवन छन्। त्यसमा ब्रह्माण्डरूपी कटाहमा ६ पूर्व अग्नेय दक्षिण, नैऋत्य, पश्चिम, वायव्य, उत्तर, ईशान, ऊर्ध्व र अध आदि दश दिशामा प्रत्येक दिशामा दश, ऊर्ध्वमा दुई यस रीति १०८ भुवन भनेको छ। –

निवृत्तिकलायां पृथिव्यां तत्त्वमेकम्, कालाग्न्यादीनि अष्टोशतं भुवनानि तन्त्र ब्रह्माण्डकारणेषु मध्ये षट्प्राच्यादिषु दशसु दिक्षु दश दश तदेवमष्टेत्तरशतं भवुनानि। – (शैव परिभाषा ५ परिच्छेद पृष्ठ १३७)

प्रतिष्ठाकलामा २३ तत्त्व हुन्छन् यो पूर्वमा पनि उल्लेख छ ती जसदेखि प्रकृतिसम्म हुन्। त्यहाँ ५६ भुवन छन्।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिष्ठाकलायां त्रयोविंशतितत्त्वानि तानि च जलादितः प्रकृत्यन्तानि। षट्पञ्चशद् भुवनानि। – (शैवपरिभाषा पृष्ठ १३७)।

विद्याकलामा तत्त्व सात छन् पुरुष मायाका ५ कञ्चुक र माया। त्यहाँ २७ भुवन छन्। विद्याकलामा तत्त्व सात छन्।

विद्याकलायां तत्त्वानि सप्त तानि च पुरुषादिमायान्तानि।
भुवनानि सप्तविंशतिः। – (शैवपरिभाषा पृष्ठ १३७)

शान्तिकलामा तीन तत्त्व छन्– शुद्धविद्या, ईश्वर, सदाशिव। त्यहाँ भुवन १८ छन्।

शान्तिकलायां तत्त्वानि त्रीणि तानि (शुद्ध) विद्यादीनि सदाशिवान्तानि भुवान्यष्यदश।

यसैगरी शान्त्यतीतकला दुई तत्त्व शक्ति र शिव छन्। त्यहाँ १५ भुवन छन्। **शान्त्यतीतकलायां शक्तिः शिवश्च तत्त्वे भुवनानि पञ्चदश।**

यस रीति कालाध्वा र देशाध्वाको विचार गर्दा प्रत्यभिज्ञादर्शनले प्रतिपादित गरेका ३६ तत्त्वको पूर्ण विवेचन भएकोले षडध्वविमर्श शिवभावको ज्ञानको निमित्त यी दुई अध्व उपयुक्त भएको र कालाध्वाको वर्ण, मन्त्र, पद यो त्रिक र देशाध्वाको कला, तत्त्व, भुवनको विवेचन परमशिवतत्त्वसम्म पुग्ने मार्ग हुन् भन्ने कुरा सिद्ध हुन्छ। यो सिद्धान्त देशाध्वा र कालाध्वाको उल्लेख ईश्वरप्रत्यभिज्ञामा क्रियाधिकार द्वितीय आह्निकमा पनि सङ्केत रूपमा आएको छ।

त्यो परम आन्तर शिवतत्त्व एक मात्रै छ, त्यसलाई जान्ने अर्को दोस्रो कोही छैन भने पनि आभासको भेदले **एकोऽहं बहु स्याम्** म एक नै हुँ तर धेरै भै जाऊँ भन्ने स्वतन्त्र इच्छाशक्ति अनेक बनेर इन्द्रियद्वारा वेद्य (जान्न सकिने) बनेर देश र कालले गर्दा अनेक बन्न जान्छ। ती कालाध्वा र देशाध्वा शब्द र अर्थका बोधक हुन् शब्दको उच्चारणमा काल लाग्छ त्यो सूक्ष्मकालको अनुभूति महाकालले गराउँछ भन्ने कालाध्वाले देशाध्वा अर्थात् तत्त्व भुवन र कलालाई बुझाउँछ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपाय विमर्श (समावेश विवेचन)

अध्वा अर्थात् मार्ग निर्देशनपछि उपाय पनि बताउनु पर्छ। त्यो बाटो कसरी समात्ने ? कसरी पहिल्याउँने ? परमशिव इच्छा, ज्ञान, क्रिया, निग्रह र अनुग्रहशक्ति सम्पन्न छ। ती परमेश्वर स्वप्रकाशरूप स्वात्मा नै हुन्। त्यसो हुँदा अर्कैले प्रकाशित हुने भए उपायको आवश्यकता साथैं शिव स्वात्मा, सबैका आत्मा नै हुन्, कर्ता र ज्ञाता पनि । त्यसो भएपछि शिवतत्त्व ज्ञान निमित्त शिवतत्त्व प्राप्तिको निमित्त विमर्शको के आवश्यकता त्यसै हुनाले नै ईश्वरप्रत्यभिज्ञाको प्रारम्भमा नै भनिएको छ –

कर्तरि ज्ञातरि स्वात्मन्यादिसिद्धे महेश्वरे।
अजडात्मा निषेधं वा सिद्धिं वा विदधीत कः ॥

– ईश्वरप्रत्यभिज्ञा १।२

कर्ता काम गर्नेलाई भनिन्छ, यसले क्रियाशक्तिलाई बुझाउछ, ज्ञाता जान्नेवालालाई भनिन्छ, यसले ज्ञानशक्तिलाई बुझाउँछ । स्वात्माले इच्छाशक्तिलाई बुझाउँछ, अजडात्मा शब्दले चिच्छक्तिलाई बुझाउँछ। यो परमशिव जड छैन, चित् हो, त्यो आत्म स्वरूप नै भएकोले त्यसैलाई कुनै उपायको आवश्यकता छैन तथापि –

मोहवशादस्मिन् दृष्टेऽप्यनुपलक्षिते।
शक्त्याविष्करणेनेयं प्रत्यभिज्ञोपदिश्यते ॥

त्यो ईश्वर सर्वकर्ता, सर्वज्ञ नित्यतृप्त त्यो आत्मा प्रकाश स्वरूप हुनाले स्वयं नै विश्व रूपमा प्रकाशित भइराखेकोले त्यसलाई सिद्ध गर्न पर्दैन, स्वतः सिद्ध छ। तथापि सबैलाई मोहमा पार्ने ईश्वर हुन्। उनैको वश अर्थात् सामर्थ्य मायाशक्तिले गर्दा प्रकाश स्वरूप भएको दृष्ट प्रत्यक्ष ज्ञात भए पनि आफैंमा अप्रकाशले गर्दा अनुपलक्षित अदृष्ट सर्वथा हृदयङ्गम भाव न पाएको जस्तो पूर्णरीतिले नजानिएको जस्तो भएको यो प्रत्यभिज्ञाद्वारा ती परमशिवमा ज्ञानशक्ति, क्रियाशक्तिको आविष्कारद्वारा प्रत्यभिज्ञा गराइन्छं। परमशिवको साक्षात्कार गराइन्छ।

कुनै उत्तम अधिकारीलाई शिवभावको समावेश इच्छाशक्तिको प्रयोग न गरे पनि स्वतः नै हुन जान्छ। गुरुले त्यस अधिकारीलाई 'शुद्धोऽसि,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धोऽसि, निरञ्जनोऽसि संसारमायापरिवर्जितोऽसि' तिमी शुद्ध, बुद्ध, मुक्त परमशिव नै हौ, प्रकाश स्वरूप नै हौ, तिमीलाई प्रकाशित गर्न अर्को प्रकाश आवश्यकता छैन, तिम्रो आफ्नै स्वभावले परिपूर्ण परमेश्वर हौं, तिम्रो परमेश्वरता आफ्नै प्रकाशले प्रकाशित छ, अतः तिमीलाई उपायको आवश्यकता छैन। यस्तो गुरूपदेश रूप अनुग्रहले शिवभाव समावेश अनुभव गर्छ। त्यस्ता जनलाई संसारको व्यवहार गर्दागर्दै पनि शिवभाव विमर्शको चमत्कार सदैव भइराख्दछ। यस प्रकारको समावेशलाई अनुपाय समावेश भनिन्छ। यस विषयलाई तन्त्रसारमा पनि अभिनवगुप्तले उल्लेख गरेका छन् -

यदा खलु दृढशक्तिपातसिद्धः स्वयमेवेत्थं विवेचयति सकृदेव गुरुवचनमवधार्य तदा पुनरुपायरहितो नित्योदित अस्य समावेशः।

- (तन्त्रसार २)

भगवान् परमशिव दृढशक्तिपातले युक्त प्रारम्भ साधक 'तिमी स्वयं शिव हौ' यस प्रकार एकवार मात्रै गुरुवचन सुनेपछि साधकले आफूलाई शिवस्वरूप मान्न थाल्छ। जब स्वप्रकाश रूप परमेश्वर नै मेरो आत्मा हो यस्तो दृढ भावना भएपछि कुनै उपायको आवश्यकता पर्दैन।

अनुपाय समावेश युक्त साधकको भावना यस प्रकारको हुन्छ- त्यो ममा नै सबै विश्व प्रतिबिम्बित छ, यस प्रकारको दृढता पूर्वक विवेचन साधकको सनातनदेव परमशिवको समावेश निरुपाय नै हुन्छ, त्यसलाई मन्त्र, पूजा, ध्यान आदि विधि र निषेधको कुनै नियन्त्रण हुँदैन। आचार्य अभिनव गुप्तले तन्त्रालोकमा टीकाकार जयरथले पनि भनेका छन् -

उपायैर्न शिवो भाति भान्ति ते तत्प्रसादतः
स एवाऽहं स्वप्रकाशो भासे विश्वस्वरूपकः॥

इत्याकर्ण्य गुरोर्वाक्यं सकृत् केचन निश्चिता।
विना भूयोऽनुसन्धानं भान्ति संविन्मयाः स्थिताः। -तन्त्रालोक

यसको भाव हो- उपायद्वारा शिव प्रकाशित हुँदैनन् उनी साधकहरूका साधनाले हैन, उनै शिवको प्रसादले शोभित हुन्छन्। अनुग्रह शक्तिको साधकमा पात भएपछि साधक 'म नै स्वप्रकाश हुँ र मनै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विश्वरूपले प्रकाशित हुदैछु' यस प्रकारको गुरुको वाक्य एकवारमात्रै सुनेर पुनः केही अनुसन्धान न गरीकन संविन्मय बनेर स्थित हुन्छन्।

शांभवोपाय (शांभव समावेश)

जुन साधकको अनुपाय समावेशको स्थिति छैन, त्यसको निमित्त शाम्भवोपायको निर्देश छ। यसैलाई भैरवोपाय पनि भनिन्छ। भैरव शिवको नै नाम हो। शाम्भवोपायको स्वरूप मालिनी विजयोत्तरतन्त्रमा यस प्रकारको बताइएको छ –

अकिञ्चिच्चिन्तकस्यैव गुरुणा प्रतिबोधतः।
जायते यः समावेशः शाम्भवोऽसावुदाहृतः॥

– मालिनीविजयोत्तरतन्त्र २।२३

कुनै चिन्तकरहित भएको गुरुले जगाई दिएपछि जो समावेश हुन्छ त्यो शाम्भव समावेश हो। विज्ञान भैरव ग्रन्थमा शाम्भवोपाय अथवा शैवावेशलाई भैरवोपायको रूपमा प्रस्तुत गरिएको छ। त्यहाँ उल्लेख गरिएको छ –

निराधारं मनः कृत्वा विकल्पान्न विकल्पयेत्।
तदात्मपरमात्मत्वे भैरवो मृगलोचने॥

– विज्ञानभैरवधारणा ८३

यसको आशय हो– हे मृगलोचने बाह्य र आभ्यन्तर र भित्री आलम्बन त्याग गरेर मनलाई निराधार बनाएर अरु विकल्प विषयको चिन्तन त्याग गरेर केवल आत्मा र परमात्माको जीवात्माको चिन्तन भैरव समावेश हो। तन्त्रसारमा भने शाम्भवोपायको उल्लेख यसरीतिले छ –

अथ शाम्भवोपायः। यदेतत् प्रकाशरूपं शिवतत्त्वमुक्तं तन्त्राखण्डले यदा प्रवेष्टुं न शक्नोति तदा स्वातन्त्र्यशक्तिमेवाधिकां पश्यन् निर्विकल्पकमेव भैरवसमावेशमनुभवति। – तन्त्रसार तृतीयाह्निक

जब शाम्भव उपाय भनिन्छ, जुन यो प्रकाश स्वरूप शिवतत्त्व भनिएको छ, त्यस अखण्ड मण्डलमा साधक जब प्रवेश गर्न सक्दैन तब स्वातन्त्र्य शक्तिलाई नै अधिक देखेर निर्विकल्प भैरव समावेशको अनुभव गर्छ त्यो नै शाम्भवोपाय हो।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाक्तोपाय (शाक्त समावेश)

विकल्प ज्ञान (एक विषयमा दुई प्रकारको ज्ञान) बन्धन कारक हो। जस्तै यो ठुटो हो कि पुरुष हो यस प्रकारको ज्ञान विकल्प ज्ञान भनिन्छ। साधक विकल्प ज्ञान शिव स्वरूपमा समावेशको निमित्त क्रमशः विकल्पको संस्कार गर्दै जान्छ र कुतर्कको त्यागपूर्वक सत्तर्क सदामय सद्‌गुरुको उपदेश ग्रहण गरेर प्रथम विकल्प विरोधी द्वितीय विकल्पले संसारको हेतुको विकल्पलाई दलन गर्छ, त्यो अभ्युदयको हेतु हो। यसलाई शाक्तोपाय भनिन्छ –

तत्र यदा विकल्पं क्रमेण संस्कुरुते समनन्तरोक्तस्वरूपप्रवेशाय तदा भावनाक्रमस्य सत्तर्कसदागमसद्‌गुरूपदेशपूर्वकस्य अस्ति उपयोगः। तथाहि विकल्पबलाद् एव जन्तवो बद्धमात्मानमभिमन्यन्ते सोऽभिमानः संसारप्रतिबन्धहेतुरतः प्रतिद्वन्द्विरूपो विकल्प उदितः संसारहेतुं विकल्पं दलयतीति अभ्युदयहेतुः। – (तन्त्रसार चतुर्थ आह्निकम्)

मालिनीविजयोत्तरतन्त्रले शाक्तोपायको स्वरूप उपस्थापित गर्दै भनेको छ– उच्चारले रहित वस्तु (शिवतत्त्व)को चित्त मात्रै विचार गर्दै जुन समावेश प्राप्त गरिन्छ त्यो शाक्तोपाय अथवा शाक्त समावेश भनिन्छ। शिवतत्त्व यदि वाणीले वर्णन गर्न सकिने भयो भने त्यो **महतो महीयान्** नभएर लघु हुन जान्छ, परमशिवतत्त्वको मनले अनुभव मात्रै गर्न सकिन्छ, वाणीले वर्णन गर्न सकिदैन, त्यसो हुँदा मनले चित्तले शिवतत्त्वको चिन्तन गर्नु शाक्तोपाय हो।

उच्चाररहितं वस्तु चेतसैव विचिन्तयन्।
यं समावेशमाप्नोति शाक्तः सोऽत्राभिधीयते॥

- मालिनीविजयोत्तरतन्त्र २।२२

लाटाले गुलियो वस्तु खायो भने त्यसको आफूमा अनुभव गर्न त सक्छ तर वर्णन गर्न सक्दैन त्यस्तो शाक्तोपाय प्राप्त गरेको साधकले त्यसको अनुभव गर्छ वर्णन गर्न सक्दैन।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आणवोपाय (सदाशिव समावेश)

जुन साधकहरूको चेतनामा मलको अधिकताले गर्दा उनीहरू शाक्त उपायको आश्रय लिन सक्दैनन्, तिनीहरूको निमित्त आणवोपाय शिवशास्त्रमा बताइएको छ। आणवोपायलाई आणव क्रियायोग, क्रियोपाय अथवा भेदोपाय पनि भनिन्छ । उपायहरूको विवेचनामा अनुपाय, शाम्भवोपाय, शाक्तोपायलाई अभेदोपाय भन्न सकिन्छ भने आणवोपायलाई भेदोपाय भन्न सकिन्छ। अनुपायमा चित्तको आलम्बन कुनै हुँदैन भने भगवान् परमशिवको शक्तिले सर्वथा परमशिवावेश प्राप्ति हुन्छ भने शाम्भवोपायमा पनि चित्तको कुनै आलम्बन त हुँदैन, किन्तु जुनमा चित्त स्थिर गर्ने त्यो उपाय पनि निरालम्बन नै हुन्छ, त्यसमा नै चित्तको लय हुन्छ। शाक्तोपायमा चित्तको निर्मलीकरण हुन्छ। शाक्तोपायमा पनि चित्तको केही काम हुन्छ, किन्तु त्यसको आलम्बन आत्मा परमशिव नै हुन्छ किनभने त्यसमा आत्माको शिवतत्त्वको अनेक प्रकारले वास्तविक स्वभावको नै विमर्श गरिन्छ। आणव उपायमा भने चित्तलाई आत्मादेखि भिन्न वस्तुमा स्थिर गरेर भावनाद्वारा ती वस्तुलाई आत्मा वा शिवरूपमा बुझ्ने, देख्ने, अनुभव गर्ने अभ्यास गरिन्छ। त्यसै हुनाले त्यस आणवोपायलाई भेदोपाय भनिन्छ।

स्वात्मादेखि भिन्न अर्को शाक्तोपायदेखि भिन्न उपायलाई साधकले ग्रहण गर्छ अर्थात् बुद्धि, प्राण, देह, घट इत्यादिलाई विषय बनाएर चित्तको वृत्ति त्यतातिर स्थिर गर्दै यी परिमित वस्तुलाई समावेशको उपायको रूपमा ग्रहण गर्छ। ती परिमित ध्येय वस्तु अणु रूप हुनाले त्यो साधक पनि अणुतालाई प्राप्त भएर आणवज्ञान आविर्भाव गर्छ –

आणवोपायः .... यदा तूपायान्तरमसौ स्वसंस्कारार्थं विकल्पोऽपेक्ष्यते तदा बुद्धिप्राणदेहघटादिकान् परिमितरूपानुपायत्वेन गृह्णन्नणुत्वं प्राप्त आणवज्ञानमाविर्भावयति।

– तन्त्रसार ५

मालिनी विजयोत्तरतन्त्र(२।२१)ले आणव उपायको रूप यसप्रकार उपस्थापित गरेको छ –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उच्चारकरणध्यानवर्णस्थानप्रकल्पनैः ।
यो भवेत् स समावेशः सम्यगाणव उच्यते ॥

उच्चार, करण, ध्यान, वर्ण, स्थान, प्रकल्पनद्वारा जुन समावेश हुन्छ त्यो आणव उपाय हो ।

उच्चारः–

शैव दर्शन विशेष गरेर प्रत्यभिज्ञा दर्शनका विशेषज्ञ अभिगुप्ताचार्यले आणवोपायको उल्लेख तन्त्रालोकको पञ्चम आह्निकमा गरेका छन् । आह्निकका मङ्गलाचरणमा नै उनले उच्चारको उल्लेख गरेका छन् साथैं स्वस्थानको पनि –

यो नाम घोरनिनदोच्चारवशाद्भीषयत्यशेषजगत् ।
स्वस्थानध्यानरतः स जयत्यपराजितो रुद्रः ॥

आफ्नो घोरनादको उच्चारले जुन रुद्र (शिव)ले सम्पूर्ण जगत्लाई भयभीत गराउँछ र आफ्नो स्थानको ध्यानमा लागिरहेका अपराजित रुद्रको जय होस् । त्यसपछि उनको कथन छ –

आणवेन विधिना परमधाम प्रेप्सतामथ निरूपयत एतत् ।

अणुसम्बन्धी उच्चार आदि विधिद्वारा आणवोपायको लक्षण निरूपण गरिन्छ । यद्यपि निश्चयको निमित्त परमशिवतत्त्व प्राप्ति शिवसमावेशको निमित्त ध्यानादि अनेक उपाय छन् । दूर अन्तिकको भेदले युक्त ती भेदमध्ये आणव उपाय पनि हो –

निश्चयो बहुधा चैष तन्त्रोपायाश्च भेदिनः ।
अणुशब्देन ते चोक्ता दूरान्तिकविभेदतः ॥ – तन्त्रालोक ५।६

प्रमाताले उपायद्वारा प्रमेयको ज्ञान गर्छ, प्रमाताहरूको पनि भेद हुन्छ । देह, प्राण, बुद्धिमा प्रमाताको आरोप गरेर देह प्रमाता, प्राण प्रमाता, बुद्धि प्रमाताको योजना गरिन्छ –

तत्र बुद्धौ तथा प्राणे देहे चाऽपि प्रमातरि ।
अपारमार्थिकेऽप्यस्मिन् परमार्थः प्रकाशते ॥ – तन्त्रालोक ५।७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि, प्राण, देह, जड हुन् ती प्रमाता हुन सक्दैनन्। तापनि त्रैशिरस शास्त्रमा चन्द्रार्धमौलि आधाचन्द्रमालाई शिरमा धारण गर्ने जीव शिवको शक्ति हो, यो शिवको शक्ति सर्वत्र छ र स्वरूपको ज्ञानको उन्मीलन गर्छ।

उक्तं त्रैशिरसे चैतद् देव्यै चन्द्रार्धमौलिना।
जीवः शक्तिः शिवस्यैव सर्वत्रैव स्थिताऽपि सा॥

– तन्त्रालोक ५।९

स्वरूपप्रत्यये रूढा ज्ञानस्योन्मीलनात् परा।

– तन्त्रालोक ५।१०

जीव शिवशक्तिको निस्फुरण हो, विस्तार हो। यद्यपि घट, प्राण, जड मानिन्छन् तथापि शिवको आफ्नै कर्तृत्व त्यहाँ पनि हुने हुनाले त्यहाँ पनि शक्ति स्थित छ। सबैमा चित्को स्थिति जानेर प्राण आदिमा जडता भागलाई तिरोहित गरेर चैतन्य स्वीकार गरेर अद्वैत स्थापना गर्नु पर्छ –

तस्य चिद्रूपतां सत्यां स्वातन्त्र्योल्लासकारणात्।
पश्यञ्जडात्मताभागं तिरोधायाद्वयो भवेत्॥

-तन्त्रालोक ५।११

जडको चिद्रूपता भएपछि परमशिव स्वातन्त्र्यको उल्लासले गर्दा जड मानिएका तत्त्वमा पनि तिनी जडात्मताको भावलाई तिरोधान गर्दा अद्वैतको स्थिति हुन्छ। त्यसो हुदा बुद्धि, प्राण, शरीर पनि प्रमाता नै हुन् भन्नै पर्ने हुन्छ। बुद्धि, प्राण र शरीर रूप प्रमातामा बुद्धि ध्यान तथा प्राण उच्चारणात्मक हुन् –

बुद्धिप्राणशरीरेषु पारमैश्वर्यमञ्जसा।
विकल्प्यं शून्यरूपे न प्रमातरि विकल्पनम्।
बुद्धिर्ध्यानमयी तत्र प्राण उच्चारणात्मकः॥ –तन्त्रालोक ५।१७

अर्थात् बुद्धि अनुसन्धान प्रधान हुन्छ र त्यसलाई ध्यानमयी भनिएको हो। बुद्धिमा उच्चारणात्मक प्राणको सञ्चार हुन्छ। प्राण पाँच प्रकारको प्राण, अपान, व्यान, समान र उदान मानिएको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अभिनवगुप्तको कथन छ– शिव स्वातन्त्र्य, गुरु ज्ञान रूप छन् तथा पाँच शक्तिले पूर्ण छन्, ती पाँच शक्ति चित्, आनन्द, इच्छा, ज्ञान, क्रिया हुन । उनले आनन्द शक्तिको विवेचन सात प्रकारले गरेका छन्– निजानन्द, निरानन्द, परानन्द, ब्रह्मानन्द, महानन्द, चिदानन्द, जगदानन्द । प्राण धारणको प्रकार भेदले यी आनन्दका भेद अभिव्यक्त हुन्छन् । पुरुषतत्त्व पाँच प्राणहरूको मापनद्वारा विश्रान्तिको अभ्यास विज्ञानानन्दादि आनन्दहरूको अनुभूति हुन्छ । त्यसमा कुनै एक मात्र प्रमातृतत्त्वमा विश्रान्ति धारणा, ध्यान, समाधि यी तीनको समाहार संयमद्वारा जुन आनन्दको अभिव्यक्तिको हुन्छ। त्यो निजानन्द हो –

निजानन्दे प्रमात्रंशमात्रे हृदि पुरा स्थितः । – तन्त्रालोक ४४

शून्यवादी बौद्धले आत्मालाई शून्य मानेको हुनाले उनीहरू निरानन्दवादी हुन् । किन्तु स्वच्छन्दतन्त्रले शून्यवादलाई वस्तुतः त्यो शून्यवाद हैन, किनभने त्यसले चित्तत्त्वको प्रतिपादन गरेकोले अशून्यवाद हो, यतः शून्यको अर्थ हो अभाव (केही न हुनु नै शून्य हो) । अभाव शब्दको व्युत्पत्तिलभ्य अर्थ हो **'न विद्यते भावः सर्वः प्रमेयादिप्रपञ्चो यत्र सोऽभावः'** प्रपञ्चको चित्तत्त्व परम शिवमा नै हुन्छ, त्यंसो हुदा त्यो शून्यवाद हैन –

अशून्यशून्यमित्युक्त शून्यञ्चाभाव उच्यते ।
अभावः स समुद्दिष्ये यत्र भावाः क्षयं गताः ॥

– स्वच्छन्दतन्त्र ४।२९२।२९३

यदेतच्छून्यमित्युक्तं तद् वस्तुतोऽशून्यं चिदानन्दघनपरमशिवतत्त्वम् । अत्र हेतुः– शून्यमिति । चोऽप्यर्थे । यस्मात् शून्यमभाव उच्यते । अभावश्च न विद्यते भावः सर्वः प्रमेयादिप्रपञ्चो यत्रेति व्युत्पत्या इह चित्तत्त्वमेवोद्दिष्टम् । तस्मादशून्यमेव शून्यमिति युक्तमुक्तम् । (त्यहाँ नै क्षेमराजको उद्योत टीका)

परानन्द तेस्रो आनन्द हो । प्राण (वायु)को उदय भएपछि त्यसैको प्रमेयताको मिश्र अपान (वायु)द्वारा अनन्त प्रमेय अंशको पूरण गरेर प्राण र अपानमा विश्रान्ति धारणा, ध्यान, समाधिको संयमले जुन आनन्दको अभिव्यक्ति हुन्छ, यस अवस्थामा अपान वायुराशिको त्यो परानन्द हो –

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणोदये प्रमेये तु परानन्दं विभावयेत्।
तत्रानन्तप्रमेयांशपूरणापाननिर्वृतः ॥
परानन्दगतस्तिष्ठेदपानशशिशोभितः ॥ - तन्त्रालोक

चतुर्थ आनन्द ब्रह्मानन्द हो। प्रमेय पदार्थ अनन्त छन्। ती प्रकारमात्र अनन्त प्रमेय (पदार्थ)हरूको संघट्ट (समुदाय)लाई समान वायुको आश्रय लिएर ध्यान, धारणा, समाधिको संयमद्वारा जुन आनन्दको अभिव्यक्ति हुन्छ त्यो ब्रह्मानन्द हो –

ततोऽनन्तस्फुरन्मेय संघट्टैकान्तनिर्वृतः।
समानभूमिमागत्य ब्रह्मानन्दमयो भवेत्॥ - तन्त्रालोक ५।४७

पञ्चम महानन्द हो। साधक प्रमाण प्रमेयको समुदायलाई आत्म स्वरूपमा नै विलीन गर्दै (प्रमाण प्रमेयलाई स्वात्मामा नै लीन गरेर) उदान नामक वायुको आश्रय लिएर ध्यान धारणा समाधिको संघट्ट रूप संमयमा आरूढ भएपछिको आनन्द महानन्द भनिन्छ।

षष्ठ आनन्द चिदानन्द हो। महानन्दपछि उपाधि (विशेषण)रहित असीम (आनन्द) व्याप्ति (विस्तार) भएको जडताको लेशले पनि रहित भएको व्यान नाम वायुको आश्रय लिएर धारणा ध्यान समाधिको संघट्ट रूप संयमको आश्रय लिएर संयम गर्दा जुन आनन्दको अभिव्यक्ति हुन्छ त्यो चिदानन्द हो।

सप्तम आनन्द जगदानन्द हो। यी छ आनन्दको भूमिको अनुभव पश्चात् जब साधक प्राणशक्तिहरू पूर्णरूपले परिचय प्राप्त गरी सक्छ त्यसपछि जुन असीमित जहाँ कुनै आघात हैन, कुनै रोकावट छैन, यस्तो संवित्तिले युक्त भएको त्यस्तो संवित्ति अमृत पूर्ण भएको र जहाँ पुगेपछि भावनाको पनि आवश्यकता रहँदैन व्यान नामक वायुको पनि आश्रय नलिएको जो आनन्दको अभिव्यक्ति हुन्छ त्यो जगदानन्द हो।

यत्र कोऽपि व्यवच्छेदो नास्ति यद् विश्वतः स्फुरत्।
यदनाहतसंवित्तिः परमामृतबृंहितम्।
यत्रास्ति भावनादीनां न मुख्या काऽपि संगतिः।
तदेव जगदानन्दमभ्यस्यं शंभुरूचिवान्॥ - तन्त्रालोक ५।५०-५१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरुपाधिर्महाव्यप्तिर्व्यानाख्योपाधिवर्जिता ।
तदा खलु चिदानन्दो यो जडानुपबृंहितः ॥ – तन्त्रालोक ५।४९

यस प्रकारले निजानन्ददेखि जगदानन्दका सम्मका सात आनन्दमा विश्रान्तिलाई शैवी साधनामा उच्चार योग वा प्राणयोग भनिन्छ र यो आणवोपायको एक भाग उच्चारको विवेचन हो।

उच्चारको सम्बन्धमा विशेष

अभिनवगुप्तले उच्चारको विवेचन तन्त्रालोकमा गरेका छन्, त्यो केही विस्तृत छ। तन्त्रसारमा पनि उच्चारको संक्षिप्त विवेचन उपस्थापन गरिएको छ –

शब्दको उच्चारण गर्ने इच्छा राख्ने व्यक्तिको इच्छा शक्तिले गर्दा त्यसका जीवात्मा प्रथम बुद्धिसित सम्बद्ध भएर उच्चारण गर्नको निमित्त मनलाई नियुक्त गर्छ । मनले कायाग्नि(जठाराग्नि)लाई आहत गर्छ (परिचालित गर्छ)। जठराग्निको तापले शरीरस्थ प्राण वायु माथि उठ्छ। आगो बलेको ठाउँको वायु माथि उठेपछि त्यो वायुले रिक्त भएको ठाउँमा चारैतिरको वायुरिक्त भएको स्थानलाई पूर्ण गर्न चारैतिरबाट तीव्र वेगसित आउँछ। त्यसै हुनाले आगो लागेको ठाउँमा हुरी बतास आउछ। शरीरमा स्थित वायुका पाँच प्रकार हुन्छन्। प्राण वायुको स्थिति हृदयमा हुन्छ, अपान वायुको स्थिति गुदा स्थानमा हुन्छ, उदानको कण्ठमा हुन्छ, व्यान वायुको स्थिति सम्पूर्ण शरीरमा हुन्छ, समान वायुको स्थिति नाभि स्थानमा हुन्छ। उच्चारण गर्दा आत्मा बुद्धिसित संयुक्त भएर अर्थको भन्ने इच्छा गर्दा मनलाई यस्ता कार्य लाउँछ। मनले शरीरस्थ अग्निलाई आहत गर्छ, प्रज्वालित गर्छ, त्यस अग्निले शरीरस्थ वायुलाई ऊर्ध्वतिर प्रेरित गर्छ यो वायु वर्ण उच्चारण गर्न उपयुक्त शरीरका कण्ठ, तालु, मूर्द्धा, दन्त आदि स्थानमा गएर ती स्थानबाट अभिव्यक्त हुँदै प्रकट गर्छ । यो उच्चारणको प्रक्रिया हो । तन्त्रसारको आशय हो।

देह, मन, बुद्धि आदि अचेतन हुन् वास्तवमा चैतन्य आत्मा नै हो। आत्मा उच्चारण गर्नलाई प्राणलाई प्रेरित गर्छ। प्राण उच्चारण गर्ने इच्छाले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सर्व हृदयमा नै जो शून्य छ त्यसमा विश्राम गर्छ। त्यसपछि अपान वायुरूपी चन्द्रमाको पूर्ण सर्वात्मताको दर्शन गर्छ। त्यसपछि अन्य निरपेक्ष बन्छ। त्यसपछि समानवायुको उदय संघट्ट विश्रान्तिको अनुभव गर्छ। त्यसपछि उदान वायुको उदय भए माता(प्रमाता) प्रमेय कलनाले ग्रास गर्छ। प्रमाता मेय भाव अभिव्यक्त हुन्छ। यस अग्निको पनि प्रशम (शान्ति) भएपछि व्यान वायुको उदय भएपछि सर्वावच्छेदरहित हुन्छ।

अथ उच्चारः-

तत्र प्राणमुच्चिचारयिषुः पूर्वं हृदये एव शून्ये विश्राम्यति। ततो बाह्ये प्राणोदयात्। ततोऽपि बाह्यं प्रति अपानचन्द्रापूरणेन सर्वात्मतां पश्यति, ततोऽन्यनिराकङ्क्षो भवति। ततः समानोदयात् सङ्घट्टविश्रान्तिमनुभवति तत उदान वह्न्युदये मातृमेयादिकलना ग्रसते। तद्ग्रासकवह्निप्रशमे व्यानोदये सर्वावच्छेदबन्ध्यः स्फुरति। – तन्त्रसार ५

यस रीतिले शून्यदेखि व्यान सीमासम्म जुन यी विश्रान्ति हुन् उनीहरूले निजानन्द, निरानन्द, परानन्द, ब्रह्मानन्द, महानन्द, चिदानन्द यी छ आनन्द भूमिको उपदेश गरिएको हो। यी सबै एक अनुसन्धाता गर्ने भावना उदय अस्तले रहित अन्तरमा नै विश्राम गर्ने परमार्थ रूप जगदानन्द हो –

एवं शून्यात् प्रभृति व्यानान्तं या एता विश्रान्तयो य एव निजानन्दो निरानन्दः परानन्दो ब्रह्मानन्दो महानन्दश्चिदानन्द इति षट् आनन्दभूमयः उपदिष्टाः, यासामेकः, अनुसन्धाता उदयास्तमयविहीनः अन्तर्विश्रान्तिपरविहीनः रूपो जगदानन्दः परमार्थः। – (तन्त्रसार ५)

करण योग

शैवी साधनाको देहधारणालाई करणयोग भनिन्छ। यो योग आणवोपायमा अवरोह क्रममा तृतीय स्तरको हो। धारणा यसमा साधक आफ्नो शरीरमा तथा शरीरका भिन्ननाडी चक्रमा समस्त ब्रह्माण्डको भावना गर्दै तथा फलस्वरूप आफ्नै आत्मारूपी परमेश्वरको ऐश्वर्यको रूपमा सर्वव्यापक भावमा अन्ततः तिनीहरूलाई स्वात्म परमेश्वरको रूपमा नै देख्छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्राह्य, ग्राहक, चित्, व्याप्ति, त्याग, आक्षेप र निवेशनको भेदले करण सात प्रकारको हुन्छ । बोधपूर्वक अभ्यास नै करण हो । बोध्यको गौणता बोधको प्राधान्य भएपछि म को हुँ जसको यो विश्व र ऐश्वर्य हो यसको बोध छँदाछँदै पनि विश्वात्मकता पनि रहिरहन्छ –

ग्राह्यग्राहकचिद्व्याप्तित्यागाक्षेपनिवेशनैः ।
करणं सप्तधा प्राहुरभ्यासं बोधपूर्वकम् ।
तत्र व्यष्टिपूर्वमाक्षेपं कारणं स्वप्रतिष्ठता ॥ – तन्त्रालोक ५।१३

तद्धि कारणम् –

सर्वो ममायं विभव इत्येवं परिजानतः ।
विश्वात्मनो विकल्पानां प्रसरेऽपि महेशता ॥

- ईश्वरप्रत्यभिज्ञा ४।१।१२

॥ इति शुभम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यभिज्ञाहृदयम्

मूल सूत्रपाठ

संख्या	सूत्र	पृष्ठ
१.	चितिः स्वतन्त्रा विश्वसिद्धिहेतुः	५२
२.	स्वेच्छया स्वभित्तौ विश्वमुन्मीलयति	५६
३.	तन्नाना अनुरूपग्राह्यग्राहकभेदात्	५७
४.	चितिसंकोचात्मा चेतनोऽपि संकुचितविश्वमयः	५९
५.	चितिरेव चेतनपदादवरूढा चेत्यसंकोचिनी चित्तम्	६२
६.	तन्मयो मायाप्रमाता	६४
७.	स चैको द्विरूपस्त्रिमयश्चतुरात्मा सप्तपञ्चकस्वभावः	६५
८.	तद्भूमिकाः सर्वदर्शनस्थितयः	६७
९.	चिद्वत्तच्छक्तिसंकोचाद् मलावृतः संसारी	७१
१०.	तथापि तद्वत् पञ्चकृत्यानि करोति	७३
११.	आभासनरक्तिविमर्शनबीजावस्थापनविलापनतस्तानि	७५
१२.	तदपरिज्ञाने स्वशक्तिभिर्व्यामोहितता संसारित्वम्	७६
१३.	तत्परिज्ञाने चित्तमेव अन्तर्मुखीभावेन चेतनपदाध्यारोहाच्चितिः	८२
१४.	चितिवह्निरवरोहपदे छन्नोऽपि मात्रया मेयेन्धनं प्लुष्यति	८३
१५.	बललाभे विश्वमात्मसात्करोति	८४
१६.	चिदानन्दलाभे देहादिषु चेत्यमानेष्वपि चिदैकात्म्यप्रतिपत्तिदार्ढ्यं जीवन्मुक्तिः	८६
१७.	मध्यविकासाच्चिदानन्दलाभः	८७

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

१८.	विकल्पक्षयशक्तिसंकोचविकासवाहच्छेदाद्यन्तकोटि-निभालनादय इहोपायाः	८८
१९.	समाधिसंस्कारवति व्युत्थाने भूयो भूय-श्चिदैक्यामर्शान्नित्योदितसमाधिलाभः	९६
२०.	तदा प्रकाशानन्दसारमहामन्त्रवीर्यात्मकपूर्णाहन्तावेशात् सदा सर्वसर्गसंहारकारिनिजसंविद्देवताचक्रेश्वरताप्राप्तिर्भवतीति शिवम्	९८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तकमा उद्धृतश्लोकानुक्रमणिका

श्लोक	पृष्ठ
अख्यातिर्यदि न ख्याति ...	६१
अज्ञानाच्छङ्कते लोकः ...	७७
अत एव तु ये केचित् ...	६४
अनच्कककृतायति ...	९३
इति वा यस्य संवित्तिः ...	८७
एकाग्रोऽहि बहिर्वृत्ति ...	९१
गीतादिविषयास्वादा...	९५
ग्राह्यग्राहकसंवित्तिः ...	५५
चित्तं चिदिति विजानीयात् ...	६३
जग्धिपानकृतोल्लास ...	९५
त आत्मोपासकाः शैवं ...	७०
तदाक्रम्य बलं मन्त्राः ...	८४
तदेवं व्यवहारेऽपि ...	७४
तेन शब्दार्थचिन्तासु ...	६१
त्रिशिरोभैरवः साक्षात् ...	६०
देहप्राणसुखादिभिः ...	१०५
पराञ्चि खानि व्यतृणत् ...	९१
पूर्णावच्छिन्नमात्रान्तः...	८०
प्रकाशस्यात्मविश्रान्ति...	१००
प्रमाता च प्रमाणं च ...	५४
बुद्धितत्त्वे स्थिता बौद्धा ...	६८
भ्रमयत्येव तान् माया ...	७०
मध्ये बोधसुधाब्धि...	१०५
मायाशक्त्या विभोः सैव ...	१०२
यथा तथा यत्र तत्र...	९४
यत्र यत्र मनस्तुष्टिः ...	९५
यदा त्वेकत्र संरूढः ...	१०३
यदा क्षोभः प्रलीयेत ...	८९
या चैषा प्रतिभा तत्तत् ...	१०२
येषां वृत्तश्शाङ्करश्शक्तिपातो ...	१०५
वर्तन्ते जन्तवोऽशेषा ...	८४
वह्नेर्विषस्य मध्ये तु ...	९२
विग्रहो विग्रही चैव...	६०
विहाय सकलाः क्रिया ...	९०
वैष्णवाद्यास्तु ये केचिद् ...	७०
समाधिवज्रेणाप्यन्यैः ...	७५
सर्वदेवमयः कायः ...	६०
सर्वो ममायं विभव ...	७८
सृष्टिसंहारकर्तारं ...	७३
स्थितैस्त्वदनुभावतः ...	९०
स्वतन्त्रश्चितिचक्राणां ...	१०४
स्वपदा स्वशिरश्छायां ...	५४
स्वाङ्गरूपेषु भावेषु ...	६४
हृद्याकाशे निलीनाक्षः ...	९४

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

... प्रत्यभिज्ञाशास्त्रले ... समस्त भारतवर्ष र त्यसभन्दा बाहिर पनि जहाँ जहाँ शिवशास्त्रका मान्यताको प्रभाव रहेको छ, सबै विचार क्षेत्रलाई आलोकित गरेको छ !

प्रा. विद्यानाथ उपाध्याय



...परमशिव (चिति) देखि भिन्न... विश्वप्रपञ्च ... सर्वथा मिथ्या नभएर ... उनैको स्वातन्त्र्यको अभिव्यक्ति ... हो । विश्व नै शिवमय !

स्व. दुर्गाप्रसाद दवाडी



... गृहस्थका लागि अत्यावश्यक ... प्रवृत्तिमार्गमा ... जीवन सञ्चालन गर्न प्रत्यभिज्ञादर्शनले सहयोग पुऱ्याउने कुरा निर्विवाद छ !

डा. जगदीश शर्मा



... शैवाद्वैतदर्शनले... विश्वोत्तीर्ण बन्दै ... विश्वमय जीवन जिउनुलाई आदर्श मानेको छ । तत्त्वगत विश्लेषण ... प्रत्यभिज्ञादर्शनको सर्वोत्कर्ष तहमा प्रतिष्ठित बन्नपुगेको छ !

सहप्रा. भीमप्रसाद कण्डेल

Prof. Madhav Prasad Lamichhane Collection

CC-0. In Public Domain. Digitization by eGangotri

सद्यश्छिन्नशिरः कृपाणमभयं हस्तैर्वरं बिभ्रतीं घोरास्यां शिरसा स्रजं सुललितामुन्मुक्तकेशावलिम् ।
सृक्कासृक्प्रवहां श्मशाननिलयां श्रुत्योः शवालङ्कृतिं श्यामाङ्गीं कृतमेखलां शवकरैर्देवीं भजे कालिकाम् ॥

Jangamwadi Math Collection